**सम्पादकीय**
महान् नेता : मार्गदर्शक सिद्धान्त २
**पाठकमञ्च** ३
**प्रतिक्रिया**
खोज्दै जाँदा गाँजीपुरमा शव भेटियो – **हरि सापकोटा** ४
**आवरण**
सहमतीय राजनीतिको पुनःस्थापनाः सङ्कटको निकास – **ईश्वर पोखरेल** ५
**दस्तावेज**
जतिसुकै ठूला समस्या संवादबाटै समाधान हुनसक्छन् – **झलनाथ खनाल** ८
**मदन भण्डारी/जबज विशेष**
जनताको बहुदलीय जनवाद र राष्ट्रिय राजनीतिमा यसको भूमिका – **केपी शर्मा ओली** १०
कमरेड मदन भण्डारीको वैचारिक विकास – **मुकुन्द न्यौपाने** १५
मार्क्सवादी दर्शनको प्रयोगमा मदनको योगदान – **बेदुराम भुसाल** २०
जनताको बहुदलीय जनवाद : प्रयोगको अग्निपरीक्षा – **वासुदेव अधिकारी** २५
**विश्वपरिवेश**
ल्याटिन अमेरिकामा वाम सरकारहरू – **उमेश उपाध्याय** २८
**संस्मरण**
कमरेड नेत्रलालको साथका केही कुराहरू – **मदन भण्डारी** ३०
**अनुभूति**
आठ वर्षको सहयात्रा – **ईश्वरी लामिछाने** ३३
कालजयी भाषणहरूको अभिलेख – **किरण साय्मि** ३६
कमरेड आश्रितको हुलाक टिकट ३७
**महिला**
जबजको मार्गनिर्देश र महिला मुक्ति – **कमला पराजुली** ३८
**साहित्य/संस्कृति**
'छात्रप्रभा'का प्रधानसम्पादक – **जगन्नाथ आचार्य** ३९
**शब्द-शब्द** ४१
**विशेष अन्तर्वार्ता**
सिद्धान्त सही छ तर लागू हुन सकेको छैन – **स्वामी महीधराचार्य** ४२
**गठन/पुनःगठन**
जिल्ला अधिवेशन जारी ४७
लुम्बिनी अञ्चलमा नयाँ क्षेत्रीय नेतृत्व ४७
आन्तरिक विवादको समाधान ५०
विभाग र अञ्चलमा नयाँ जिम्मेवारी ५०
**मोफसल**
बाजुरामा सुरो र दह्रो कम्युनिस्ट आन्दोलन – **दयालबहादुर शाही** ५१
**माओवादी ज्यादती**
युद्धको राजनीतिले झन् पछाडि पारेको पीडा – **चित्रसिंह गाउँले** ५५
**जिल्ला नेतृत्व**
गुरुप्रसाद बुर्लाकोटी, अध्यक्ष- धादिङ ५९
**समाचार**
उपाध्यक्ष कमरेडलाई आत्मालोचना गर्न निर्देशन ६१
**अतिथि कलम/प्रेरक घटना**
४ जेठ २०६४ को प्रतिनिधिसभा घोषणा – **सुवासचन्द्र नेम्वाङ** ६२

# महान् नेताः मार्गदर्शक सिद्धान्त

*हरेक वर्ष जेठ तीन गते नेकपा (एमाले)को जीवनमा नमिठो पीडा बल्भाउँदै आउँछ । ०५० सालको त्यो दिन त्यस्तो दुःखद् दिन थियो, जसले कम्युनिस्ट पार्टी निर्माणका दुई स्तम्भ- वैचारिक धरोहर र सङ्गठनात्मक आधारका प्रतीकका रूपमा रहेका प्रिय कमरेडहरू मदन भण्डारी र जीवराज आश्रितलाई हामीमाभ्रबाट खोसेर लग्यो ।*

*दुःखद् दासढुङ्गा त्रासदीयता १७ वर्ष बितिसकेका छन् । यस अवधिमा नेकपा (एमाले)ले मात्र होइन, आम नेपाली जनता र सिङ्गो नेपाल राष्ट्रले पटकपटक मदन भण्डारीको अभाव महसुस गरेका छन् । विशेष गरेर जब राष्ट्रले सङ्कट अनुभूत गर्छ, जब जनताले परिवर्तनका लागि मार्गद्रष्टाको खाँचो महसुस गर्छन् र जबजब आन्दोलनले अप्रत्यासित चुनौतीको सामना गर्छ, त्यतिबेला उहाँको अभाव निकै टड्कारो गरी खट्किने गरेको छ । यो अनुभूतिमा सानो अंश भावुकताको पनि होला । तर, त्यो साँच्चै नै अपूरणीय क्षति थियो र आज पनि कम्युनिस्ट आन्दोलन, नेपाली जनता र नेपाल राष्ट्रले त्यस अभावको मूल्य चुकाइरहेको छ ।*

*मदन भण्डारीले मार्क्सवादको गहिरो ज्ञान, त्यसलाई सिर्जनात्मक ढङ्गले ग्रहण गर्ने सामर्थ्य र नेपाली समाजका धरातलीय विशिष्टताको सही विश्लेषणका आधारमा नेपाली क्रान्तिका मौलिक सिद्धान्तहरूको विकास गर्नुभयो । अध्ययन, विश्लेषण र कार्यान्वयनको संयोजनबाट मात्रै कुनै पनि नेता सिद्धान्तकार बन्नसक्छ, नयाँ विचारको प्रतिपादक बन्नसक्छ । कमरेड मदन भण्डारीको अगुवाइमा नेकपा (एमाले)ले विसर्जनवादी हमला र जडसूत्रवादी यान्त्रिकताको आग्रहबाट मार्क्सवादको रक्षा गऱ्यो । जनताको बहुदलीय जनवाद नेपाली समाजमा मार्क्सवादको सिर्जनात्मक प्रयोगको क्रममा विकसित सिद्धान्त हो । वैज्ञानिक सिद्धान्तका रूपमा यसको रक्षा, प्रयोग र विकासको प्रक्रिया निरन्तर जारी रहन्छ । हामीवरिपरिको परिवेश, हाम्रो सामाजिक संरचना, जनताको चेतना र आन्दोलनका आयामहरू नित्य परिवर्तनशील छन् र तिनले निरन्तर नयाँ प्रश्नहरू जन्माइरहन्छन् । यी प्रश्नको वैज्ञानिक जवाफ खोजिइरहनु पर्छ । तर, कमरेड मदन भण्डारीले हामीलाई अगाडि बढ्नका लागि स्पष्ट मार्गदर्शन गर्नुभएको छ र जबज आज नेकपा (एमाले)को मात्रै होइन, सिङ्गै मुलुकको प्रतिनिधि विचारका रूपमा स्थापित हुँदै गएको छ ।*

*यति सुविचारित, सुव्यवस्थित र समय परीक्षित विचार हुँदाहुँदै पनि नेकपा (एमाले)को सङ्गठनात्मक आधार र राष्ट्रिय राजनीतिमा प्रभावशाली भूमिकामा सङ्कुचन भने पार्टीका आम सदस्यहरूका निम्ति चिन्ताको विषय रहँदै आएको छ । मदनको निधनको केही समयपश्चात् सुरु भएका विभिन्न प्रवृत्तिगत विचलनहरूबाट आजसम्म पनि पार्टीलाई मुक्त गर्न नसक्नु हाम्रा निम्ति ठूलो चुनौतीको विषय बनेको छ । आज उग्रवामपन्थता जसरी नेपाली कम्युनिस्ट आन्दोलन र समग्र राष्ट्रिय राजनीतिमै हाँकका रूपमा अगाडि आएको छ, यसका पछाडि कहीँ न कहीँ हाम्रा आफ्नै कमजोरीले पनि काम गरेका छन् भन्ने सच्चाइलाई हामीले अनुभूत गर्नैपर्छ । कमरेड मदन भण्डारीको प्रेरणा र जबजको निरन्तर मार्गदर्शन तथा आत्मसातीकरणबाट मात्रै यी कमजोरीलाई न्यून गर्न सकिन्छ ।*

*०४६ सालको आन्दोलनको सफलतामा गणेशमान सिंहसँग मिलेर कमरेड मदन भण्डारीले अगुवाइ गर्नुभएको वामपन्थी र प्रजातान्त्रिक शक्तिको सहकार्यले निर्णायक भूमिका खेलेको थियो । त्यसपछिको सङ्क्रमणकाललाई निष्कर्षमा पुऱ्याउन पनि कमरेड मदन भण्डारीको अविस्मरणीय भूमिका थियो, जहाँ उहाँले आन्दोलनका उपलब्धिको रक्षा र आन्दोलनको निरन्तरताको बीचमा सुन्दर संयोजन गर्नुभएको थियो । सङ्क्रमणकालको अर्को अत्यन्त जोखिमपूर्ण, असहज र नाजुक मोडबाट गुज्रिरहेको नेपाली समाजले मदन भण्डारीजस्ता युगद्रष्टा, अविचलित, निष्ठावान् र लोकप्रिय जननेताको खोजी गरिरहेको छ । दुर्भाग्यबस, आज नेपाली लोकतान्त्रिक आन्दोलन एकीकृत माओवादीका अतिवादी, अपरिपक्व र प्रयोगवादी सोचको सिकार भइरहेको छ र कतिपय दल त्यसमा प्रतिक्रिया मात्र जनाएर दायित्व पूरा भएको अनुभूत गरिरहेका छन् । फलतः आन्दोलनका उपलब्धिलाई रक्षा गर्ने र उग्रवामपन्थता तथा यथास्थितिवादको घेराबाट यसलाई अगाडि बढाउने काम सङ्कटमा परेको छ ।*

*दासढुङ्गा त्रासदीमा कमरेड मदन भण्डारीसँगै कमरेड जीवराज आश्रितको देहावसान हाम्रो पार्टीका निम्ति पूर्ताल हुनै नसक्ने अर्को क्षति थियो । एउटा सामान्य परिवारबाट हुर्केर नेपाल कम्युनिस्ट पार्टीको नेतृत्व तहमा स्थापित हुनुभएका कमरेड आश्रित त्यस्तो सङ्गठनात्मक सामर्थ्य भएको व्यक्तित्व हुनुहुन्थ्यो, जसमा कार्यकर्तालाई चिन्ने, हुर्काउने, दीक्षित गर्ने र संरक्षण गर्ने अथाह क्षमता थियो । उहाँले तयार गर्नुभएका हजारौं कार्यकर्ता आज आन्दोलनको अग्रिम मोर्चामा छन् । सादगी, निष्ठा र अनुशासनको पर्याय बन्नुभएका कमरेड आश्रितमा त्यस्तो नैतिक बल थियो, जसले उहाँलाई पार्टीभित्रका कुनै पनि अराजक, गुटबन्दीपूर्ण र जालीभ्रेली प्रवृत्तिलाई नियन्त्रण गर्न औंला ठड्याउने र कारबाहीका निम्ति निर्ममतापूर्वक प्रस्तुत हुन सक्षम बनाउँथ्यो । पार्टीभित्र बेला-बेला देखापर्ने अराजकता, बेथिति र दण्डहीनता तथा सङ्गठनको असरल्ल स्थितिमा सधैं हामीलाई उहाँजस्तो कुशल सङ्गठकको अभाव निरन्तर खट्किने गर्छ ।*

*आन्दोलनले जन्माएका उहाँजस्ता नेताहरूले इतिहासलाई नयाँ मोड दिन्छन् । नेपाली क्रान्तिको मौलिक सिद्धान्तका रूपमा जबजको प्रतिपादन, यसलाई संवाहन गर्ने व्यापक जनाधार र बलियो सङ्गठनात्मक सञ्जालयुक्त पार्टीको निर्माण र निरङ्कुशतन्त्रको अन्त्यसँगै लोकतान्त्रिक समाज निर्माणका आधारशीलाजस्ता विरासत हामीले उहाँहरूजस्ता अग्रजबाट*

*प्राप्त गरेका छौं । १७ औं स्मृति दिवसको यस अवसरमा यस विरासतलाई नयाँ सन्दर्भमा अगाडि बढाउन सकियो भने मात्र उहाँहरूप्रति सच्चा सम्मान र श्रद्धाञ्जलि दिनुको सार्थकता स्थापित हुनेछ ।*
*विशेष सामग्रीसहित नवयुगको यो अङ्क महान् नेताहरूको योगदानमा समर्पित छ ।*

# अनुशासनहीनताको अन्त्य गरौं

अनुशासनहीनता र मनपरीलाई नियन्त्रण गर्नसक्दा नै पार्टीलाई सही हिसाबले नेतृत्व गर्दै गुटफुटबाट जोगाउन सकिन्छ । तर, त्यो परम्परामा अघि नबढ्दा नेपालका कम्युनिस्ट पार्टीहरू टुक्राटुक्रा भएको देखिन्छ । अनुशासनहीनताले गुटलाई प्रश्रय दिन्छ, गुटले पार्टीलाई फुटको दिशामा पुर्‍याउँछ । कम्युनिस्ट पार्टीमा लागेका हामी कार्यकर्तालाई यो कुरा थाहा छ । तर, हाम्रो पार्टी नेकपा (एमाले) त्यही अवस्थामा पुगेको हो कि भन्ने चिन्ता बढेको छ ।

पार्टीमा अनुशासनहीनता मौलाएको हामीले धेरै अगाडिदेखि देखिरहेका छौं । यदि कसैले पार्टी पद्धति, विधान र मान्यताको खिलाफमा गएर काम गर्छ भने त्यसलाई तत्कालै निर्ममतापूर्वक रोक्नुपर्छ । त्यसो गर्न सकिएन भन समस्या अझै मौलाउँछ र अरूहरू पनि त्यही बाटोमा अघि बढ्छन् । हाल हाम्रो पार्टीमा त्यही भइरहेको छ, जुन नहुनुपर्ने हो । कुनै समस्याको पनि सही समाधानका लागि चुरोमा पुग्नुपर्छ । त्यसैले यसको पनि चुरो खोतल्नै पर्छ । अगाडि जो आयो उसलाई कारबाही गर्दै जाने नियतिले समस्या झन् बढाउँदै लैजान्छ ।

हाल पार्टीमा केही नेताले अनुशासनविपरीत काम गरेका निकै चर्चापरिचर्चा हुने गरेको छ । अनुशासनहीन काम गर्ने जोकोहीलाई छोड्नुहुँदैन तर समस्याको रुख नै बनिसकेको अवस्थामा हाँगाबिँगा छिमलेर मात्र समाधान हुँदैन । मूल रुखकै उपचार भएन भने हाँगाबिँगा पुनः पलाउँछन्, झाँगिन्छन् र पार्टीलाई नै समाप्तिको दिशातर्फ लैजान्छन् ।

हाम्रो पार्टी त्यसै पहिलो शक्तिबाट तेस्रोमा सीमित हुनुपरेको हैन । बाहिर भाषण गर्दा जतिसुकै माओवादीले धाँधली गरेकाले चुनावमा पछि पर्नुपरेको भने पनि यसको मूल कारण पार्टीभित्रको आन्तरिक कारण नै रहेको छ । माओवादीको कारणले नै एमाले पछि परेको भन्ने विश्लेषण सही भएको भए त एमाले दोस्रो शक्ति बन्नुपर्थ्यो । तर, त्यसो हुन सकेन । त्यसकारण एमालेको यो स्थितिको कारण माओवादी नभएर अनुशासनहीनता नै हो । त्यसकारण हालका घटनालाई मात्र हैन, इतिहासका प्रवृत्तिलाई समेत केलाएर अगाडि बढ्नुपर्छ । किनभने बूढी मरीभन्दा पनि काल पल्किरह्यो भन्ने चिन्ता महत्वपूर्ण हो ।

पार्टीमा गलत प्रवृत्तिलाई सधैं नै निर्मूल पार्नुपर्छ वा सच्याउनुपर्छ । यो काम गर्न ढिलो भइसकेको छ । तर, ढिलो भयो भन्नुको अर्थ अब काम नै नगर्नु भन्ने होइन । गर्नुपर्ने काम त अविलम्ब गर्न जरुरी छ । इतिहासका पानापाना पल्टाएर पार्टी हितविपरीत र अनुशासनहीन काम गर्नेहरूलाई कारबाही गर्नैपर्छ । यो गुट विशेषको भनेर कसैलाई काखा र कसैलाई पाखा गरियो भने पार्टी धराशायी भएको हेर्न धेरै दिन कुर्नुपर्ने छैन ।

**– माधव बराल, महोत्तरी ।**

# नेताहरू एकजुट बन्नुहोस् !

यतिबेला नेकपा (एमाले) इतिहासको निकै ठूलो अग्निपरीक्षामा सामेल छ । राजकीय जिम्मेवारी र हैसियतका हिसाबले पार्टी निर्णायक स्थितिमा छ । किनभने प्रधानमन्त्री, संविधानसभाका अध्यक्ष, अर्थमन्त्री, गृहमन्त्री, रक्षामन्त्री, शान्ति तथा पुनःनिर्माणमन्त्री, सामान्य प्रशासनमन्त्री र सञ्चारमन्त्रीजस्ता महत्वपूर्ण जिम्मेवारी सम्हालिरहेको अवस्थाका कारण आमजनतामा नेकपा (एमाले)ले जे चाहन्छ, त्यो गर्नसक्छ भन्ने बुझाइ विद्यमान रहेको पाइन्छ । तर, यसप्रकारको हैसियतलाई पार्टी र जनताको हितमा काम गर्न सदुपयोग गर्न सकेको पाइँदैन । पार्टी र सरकार दुवैका बीच समन्वय भन्दा पनि समस्या देखिन्छ । फलतः त्यसको प्रभाव दुवैको कार्यसम्पादनमा परिरहेको छ । यस स्थितिमा पार्टीको मुख्य नेतृत्व तहमा अर्थात् कम्तीमा स्थायी कमिटी तहमा एकताबद्ध र कमरेडली हार्दिकता एवम् सामूहिक भावनाको विकास गर्नुपर्ने जरुरत छ । यही स्थितिमा रहने हो भने पार्टीले खासै प्रगति गर्न सक्दैन । तसर्थ, नेताहरू एकजुट हुनुहोस् । तब मात्रै जनता र कार्यकर्ताले पार्टीलाई विश्वास र भरोसा गर्ने अवस्था बन्नेछ । आपसी विवाद गरेर पार्टीलाई विवादको भुमरीमा धकेल्नेबाहेक कुनै उपलब्धि हासिल हुनेछैन ।

**– दीपेन्द्र श्रेष्ठ**

**टोखा, काठमाडौं ।**

# खोज्दै जाँदा गाँजीपुरमा शव भेटियो !

## ❒ हरि सापकोटा

०५० जेठ २ गते नेकपा (एमाले) कास्की जिल्ला अधिवेशनको उद्घाटन र सम्बोधन गरी जेठ ४ गते चितवनको चैनपुर ज्यामिरेमा अनेमसङ्घद्वारा आयोजित महिला कार्यकर्ता भेलालाई सम्बोधन गर्न आउँदै गर्दा ०५० जेठ ३ गते ५:३५ बजे चितवन जिल्ला कविलास गाविसको दासढुङ्गामा अपराधी हत्याराहरूले षड्यन्त्रपूर्वक गाडी दुर्घटनाबाट उहाँहरूको हत्या गराएका थिए। हत्याकाण्डको सूत्रधार अपराधी ड्राइभर अमर लामाले अपराध लुकाउन नसकेर बेलुका ६:१९ बजेतिर पार्टीका तत्कालीन चितवन जिल्ला सचिव कमरेड विजय सुवेदीलाई सूचना गऱ्यो। घटनाको सूचना पाएपछि उहाँले पार्टी केन्द्रीय कार्यालयमा जानकारी गराउनुभयो। त्यसपछि रेडियो, टेलिभिजनजस्ता सञ्चारमाध्यमहरूमार्फत घटनाको सूचना सनसनीपूर्ण रूपमा देशव्यापी फैलियो। सुरुमा घटनाबारे मानिसहरूलाई पत्याउनै गाह्रो भयो। जतिसुकै हृदयविदारक भए पनि यथार्थलाई सामना गर्नै पर्दोरहेछ। यस घटनाले पार्टी नेता, कार्यकर्ता र आमजनतालाई ज्यादै दुःखित, व्यथित र संवेदनशील बनायो। ३ गते छ-सात बजेदेखि नै पार्टी कार्यकर्ताहरू नारायणगढ र घटनास्थल दासढुङ्गामा दुःख, चिन्ता र व्यग्रताका साथ जम्मा भइरहेका थिए। घटनाको सूचना पाएको तुरुन्तैदेखि प्रशासनिक निकायहरूसमेतको परिचालन गरी खोजी र उद्धार कार्य प्रारम्भ गरिएको थियो।

उद्धार कार्य अघि बढाउने सिलसिलामा जेठ चार गते बिहान आठ बजेतिरै दुर्घटनाग्रस्त गाडी त्रिशुली नदीबाट बाहिर निकालिएको थियो। गाडीको हुटले च्यापिएको अवस्थामा कमरेड जीवराज आश्रितको सब भेटियो तर कमरेड मदन भण्डारी भेटिनुभएन। त्यतिबेलै उहाँ त पौडी खेल्न पनि सिपालु भएकाले पौडी खेलेरै पो कतै निस्कनुभयो कि ? भन्ने खालका चर्चा, परिचर्चा र आशङ्काहरू पनि चलिरहे। त्यो दिनभर खोजी कार्य जारी रह्यो र देशभरिबाट नेता कार्यकर्ताहरू घटनास्थलतर्फ आउनेक्रम पनि जारी नै रह्यो। बेलुका नारायणगढमा कमरेड शैलेन्द्र पियाको घरमा नेतृत्वदायी कमरेडहरूबीच अनौपचारिक बैठक बसी भोलिपल्ट जेठ ५ गते गरिने खोजी कार्यको मोटामोटी योजना बनाउने काम गरियो।

योजनाअनुसार शारदानगर टाउनका कालीदास श्रेष्ठ र म गुञ्जननगरको गाँजीपुरमा नदीको गहिरो पानीमा डुबेर खोजी कार्य गर्नसक्ने गोताखोरहरू छन् भन्ने सूचना पाएको हुनाले जेठ ५ गते बिहान सबेरै एउटा गाडीको व्यवस्था गरेर त्यतातिर लाग्यौं।

कालीदासजीको घर शारदानगर टाउनको चोकमा भएकाले हामी करिब १५ मिनेट त्यहाँ रोकियौं। त्यति नै बेला केही स्थानीय व्यक्तिहरूले गाँजीपुर भएर बगिरहेको नारायणी नदीको पारि किनारमा एकजना अपरिचित व्यक्तिको शव पल्टिरहेको जानकारी गराए। अब हाम्रो योजनाभित्र यो शव पहिचान (सनाखत) गर्ने काम पनि पऱ्यो। गाँजीपुर भएर बगिरहेको नारायणी नदीको वारि किनारामा नेपाली सेनाको पोस्ट रहेको थियो। हामी त्यहीं पुग्यौं, पोस्ट इन्चार्ज गोपाल मिश्रसँग कुरा गऱ्यौं र उनीहरूकै डुङ्गामा शवको सूचना दिने र शव रहेको स्थान देखेका स्थानीय भाइहरूलाई लिएर शव लडिरहेको ठाउँमा पुग्यौं। मैले राम्ररी नियालेर शवलाई हेरें, आफ्ना आदरणीय तथा प्रिय नेताको मृत शरीर नचिन्ने कुरै भएन। यसरी बिहान करिब आठबजे शव सनाखत भइसकेपछि डुङ्गामा राखेर नदीको वारि किनारमा ल्याई नेपाली सेनाको पोस्टलाई रेखदेखको जिम्मा दिइयो। त्यो बेलासम्म मोबाइल फोनको सुविधा त थिएन नै, ल्यान्डलाइन फोनको पनि गाउँगाउँसम्म सुविधा थिएन। त्यसो हुँदा सूचनाका लागि हामी गाडी लिएरै भरतपुर हुँदै घटनास्थल दासढुङ्गा फर्क्यौं।

दासढुङ्गा आई पार्टीका नेता कमरेडहरूलाई जानकारी गराएपछि खोजी कार्यमा व्यग्रतापूर्वक जुटिरहेका पार्टी नेता, कार्यकर्ता र समर्थक-शुभचिन्तक जनसमुदाय सम्पूर्णको ध्यान अब गाँजीपुरतिर केन्द्रित भयो। एक-डेढ घण्टाभित्रै गाँजीपुरमा जनसमुदायको ठूलो भेल उर्ल्यो। मदन भण्डारीको शव देखेपछि थुप्रै महिला कमरेडहरू डाँको छोडेर रुन थाल्नुभयो, धेरै पुरुष कमरेडहरूका पनि आँखामा आँशु डब्डबाए। वातावरण अत्यन्तै शोकविह्वल बन्यो। त्यस्तै अवस्थामा कमरेड मदन भण्डारीको शव आइसबक्समा राखियो। त्यहाँ छोटो शोकसभा राखियो। उहाँप्रति श्रद्धाञ्जलि अर्पण गरियो। एक बजे शवलाई भरतपुर ल्याई गेस्टहाउस अगाडिको प्राङ्गणमा राखी जनसमुदायलाई श्रद्धाञ्जलिको अवसर दिइयो। त्यसको करिब डेढ घण्टापछि २:३० बजे हेलिकोप्टरद्वारा उहाँको मृत शरीर काठमाडौं ल्याइयो।

अप्रत्याशित र अकल्पनीय मृत्युवरण गर्नुभएका कमरेडहरूलाई श्रद्धाञ्जलि दिने तथा उहाँहरूको शव हेर्न व्याकुल देशबासीहरूको मनोकाङ्क्षालाई दृष्टिगत गरी जेठ ४ गतेदेखि जीवराज आश्रितको र ५ देखि मदन भण्डारीको शव काठमाडौंको दशरथ रङ्गशालामा राखियो। ४ गतेदेखि ८ गते दिउँसोसम्म लाखौंलाख देशबासीहरू उहाँको अन्तिम श्रद्धाञ्जलिमा सामेल भए। त्यसै दिन गरिएको शवयात्रा र आर्यघाटको दाहसंस्कारमा नेपालको इतिहासमा त्यतिबेलासम्मको सबैभन्दा ठूलो मानवसागर उर्लेको थियो। सायद त्यसपछि पनि त्यति धेरै मानिस कसैका पनि शवयात्रामा सामेल भएका छैनन्।

आदरणीय नेताको शोकमा सिङ्गो मुलुक नै भावविह्वल भएको थियो, धुरुधुरु रोइरहेको थियो र अपूरणीय क्षतिको महसुस गरेको थियो। उहाँहरू विशेषतः जननेता कमरेड मदन भण्डारी बितेको समय जतिजति गुज्रँदै छ, त्यतित्यति उहाँको अभाव र रिक्तता खट्किरहेको छ। १७ औं स्मृति दिवसका अवसरमा मदन-आश्रितलाई पुनः भावपूर्ण श्रद्धाञ्जलि ! ❒

# सहमतीय राजनीतिको पुनःस्थापना : सङ्कटको निकास

❑ ईश्वर पोखरेल

खासगरी संविधानसभा निर्वाचनपछि, मुलुकका राजनीतिक दलहरू एउटा विडम्बनापूर्ण अवस्थाका पात्रका रूपमा देखिए । बोली र भाषणमार्फत व्यक्त गरिने प्रतिबद्धता र औपचारिक मिटिङ-बैठक तथा भेला-भेटघाटमा सबैले सँधैं सहमतिय राजनीतिको कुरा गर्ने तर व्यवहार र कतिपय निर्णयहरूमा भने त्यसको ठिक विपरीत गर्ने कुरा हुँदै र देखिँदै आएको छ । राजनीतिक पार्टीहरूका यसबीचका कतिपय बोली-व्यवहारलाई एक ठाउँमा जम्मा गरेर हेर्ने हो भने यस्तै चित्र देखिन्छ ।

तर, जतिसुकै विरोधाभासपूर्ण र विडम्बनापूर्ण देखिए पनि एउटा सकारात्मक कुरा मान्नुपर्छ, सहमतिको राजनीतिक यात्रालाई भने अपरिहार्य मानिरहेका छन्, प्रायः सबै राजनीतिक दलहरूले । कतिपय बेला एकअर्काका विरुद्ध अत्यन्त अमैत्रीपूर्ण र 'शत्रुवत' लाग्ने किसिमले प्रस्तुत भइरहँदा पनि सहमतिको राजनीतिक यात्राको अपरिहार्यताबारे भने उनीहरूले लगभग समान किसिमले बोल्ने गरेका छन् । र, सायद यही स्थितिले गर्दा अहिले सहमतिय राजनीतिको पुनःस्थापनाको सम्भावना आशलाग्दो किसिमले बढेर गएको छ । विमतिहरू, अर्घेल्याइँपूर्ण अडान र आरोपहरू, आत्मकेन्द्रित अभिव्यक्ति र निर्णय-निष्कर्षहरूका कारण सिर्जित दूरी अब साँघुरिँदै जान्छ र विगतको '१२ बुँदे' समझदारीभन्दा पनि उन्नत समझदारीमा मुलुकले चाहेको शान्ति र अग्रगामी नयाँ संविधान निर्माण सुनिश्चित गर्ने उन्नतस्तरको समझदारीमा राजनीतिक दलहरू पुग्छन् भन्ने आशाका किरणहरू राजनीतिको क्षितिजमा देखिँदै गरेको कुरालाई एक हदसम्म विश्वास गर्न सकिन्छ ।

**१. संविधानसभा निर्वाचनको म्यान्डेट**

२०६५ सालमा सम्पन्न संविधानसभाको निर्वाचन नेपालको राजनीतिक इतिहासमा एकैपटक धेरै अर्थ र सन्देश प्रवाह गर्ने ऐतिहासिक घटना थियो । बाह्र वर्षदेखि हिंसात्मक विद्रोहका कारण नराम्ररी आक्रान्त बनेको सिङ्गो मुलुक र आमनेपाली जनता शान्ति चाहन्थे । स्वभावैले, उनीहरूको शान्तिको चाहना, लोकतन्त्र र अग्रगामी परिवर्तनको चाहनासित अन्योन्याश्रित रूपमा गाँसिएको थियो । यिनै कुराबाट अभिप्रेरित भएर मूलधारका राजनीतिक दलहरू संविधानसभाको निर्वाचनमा होमिएका थिए । नेकपा (एमाले) त अरू पार्टीहरूको तुलनामा विशेष अभिप्रेरित रह्यो भन्ने कुरा जगजाहेर छ । युगान्तकारी परिवर्तनस्वरूप उद्घोष गरिएका ऐतिहासिक उपलब्धिहरूलाई जति सकिन्छ चाँडो संस्थागत गरिहाल्नुपर्छ भन्ने एक किसिमको हुट्हुटी लिएर संविधानसभाको निर्वाचनमा जाने फैसला गरिरहँदा यो चुनाव विगतका अरू कुनै पनि चुनावजस्तो होइन, हिंसात्मक विद्रोहको पीडाबाट मुलुकलाई छुट्कारा दिलाउने सङ्क्रमणकालीन र ऐतिहासिक महत्वको चुनाव हो भन्ने कुरालाई समेत व्यवहारतः ख्याल गर्न नसकेको देखिन्छ । विद्रोही पक्षका हतियार र समानान्तर सैन्यसंरचनाको व्यवस्थापन नगरी, अर्धसैनिक गतिविधिहरू निर्विघ्न रूपले जारी रहिरहन दिएर, १२ वर्षदेखि जारी हिंसात्मक विद्रोहका कारण अत्यन्त आक्रान्त सामाजिक मनोविज्ञानको पक्षलाई ख्यालै नगरी प्रचलित निर्वाचनकै तहमा बुझ्दै संविधानसभाको निर्वाचनमा सहभागी बन्ने कुरा त्यसबेला मूलधारका राजनीतिक दलहरूका लागि जोखिमपूर्ण त थियो नै, साथै बुद्धिहीन र हास्यास्पदसमेत थियो । जेहोस्, जे हुनु अत्यन्त विडम्बनापूर्ण थियो, त्यही भयो । निर्वाचनको परिणाम आएपछि राजनीतिक दलहरू झस्कन त झस्के तर त्यसबेला धेरै ढिलो भइसकेको थियो । अब उनीहरूका अगाडि राजनीतिक स्थायित्व र शान्तिका लागि उक्त परिणामलाई स्वीकार गर्दै अगाडि बढ्नुको अर्को कुनै विकल्प थिएन र हुन सक्दैन थियो । स्थायित्व र शान्तिका लागि राजनीतिक सहमतिका साथ अगाडि बढ्नु, यो अभियानमा पूर्ण निष्ठा, सक्रियता र पहलकदमीका साथ अगाडि बढ्नुको अर्को कुनै विकल्प पनि थिएन । विद्रोही शक्ति माओवादीले निर्वाचनबाट वैधानिकता पाए पनि विश्वसनीयता नपाइसकेको त्यो अवस्थामा राष्ट्रिय सहमतिको राजनीतिक यात्रामा कुशलता र योग्यताका साथ उसलाई समेत साथमा लिएर हिँड्नैपर्ने परिस्थिति आइपरेको थियो । भन्ने हो भने संविधानसभाको सार्वजनिक गरिएको परिणामले कुनै एउटा दललाई बहुमत नदिनुले यही बाध्यतालाई देखाइरहेको थियो । 'विगतमा जे भो भो, अब भविष्यका लागि पार्टीहरू आपसमा सहमति कायम गर, मिलेर अगाडि बढ, आपसमा विमतिहरू भए पनि विमतिहरूका बीचमा सहमतिको खोजी गर ! यसैबाट निर्देशित हुँदै शान्ति र संविधानका लागि एकताबद्ध हुँदै अगाडि बढ !', शान्तिपूर्ण जनक्रान्तिको

स्वरूप लिएको ०६२/०६३ को ऐतिहासिक जनआन्दोलनमा उद्घोष गरिएका उपलब्धिहरू र संविधानसभा निर्वाचनको परिणामले राजनीतिक दलहरूलाई यही निर्देशन गरेको थियो । भन्न सकिन्छ, जनताको म्यान्डेट यही थियो, 'राजनीतिक दलहरूले विमतिका बीच पनि सहमति खोजेर अगाडि बढ्नुपर्छ ।' सहमतिका साथ अगाडि बढेर मात्र शान्ति र संविधानको कार्यसूचीलाई पूरा गर्न सकिन्छ । वास्तवमा सहमतिको राजनीति नेपाली समाजको विशेषतामा आधारित, नेपालको राजनीतिक आन्दोलन र राजनीतिक पार्टीहरूको इतिहासले दिएको शिक्षामा आधारित, उग्रवामपन्थी अतिवाद तथा दक्षिणपन्थी यथास्थितिवादका कारण मुलुकले भोग्नुपरेको ठहराव, गतिरोध, मुठभेड र सङ्कटबाट मुलुकलाई बचाउनुपर्ने राष्ट्रिय आवश्यकतामा आधारित तथा अहिले सिङ्गो राष्ट्र र आमजनताका प्रथम महत्वका कार्यसूची शान्ति र संविधानमा अर्जुनदृष्टि दिनुपर्ने आवश्यकता छ, जसलाई बिनाराजनीतिक सहमति पूरा गर्न नसकिने भएका कारण यो विषय अपरिहार्य राष्ट्रिय राजनीतिक विषय बनेको हो । संविधानसभा निर्वाचनको म्यान्डेटलाई यिनै पृष्ठभूमिमा औचित्यपूर्ण रहेको बुझ्नुपर्छ ।

**२. उल्टो यात्रा : गणितीय अभ्यास**

विशिष्ट राजनीतिक पृष्ठभूमि र विशेषतामा प्रारम्भ भएको (गरिएको) सहमतिको राजनीतिक यात्रा अदूरदर्शी, अल्पदृष्टि, आत्मकेन्द्रित, दलीय स्वार्थ, अतिवाद प्रभावित मानसिकता तथा उत्तेजना, आवेश आदिका कारण अप्ठ्यारोमा पर्दै गयो । परिवर्तनको अभियानमा सहयात्री बनेका राजनीतिक दलहरू एकअर्काका विरुद्धमा उभिने र छलछाम गर्ने मानसिकतामा देखा पर्नथाले । यसैअनुसारका व्यवहारहरू प्रकट हुनथाले । सहमतिको राजनीतिको ठाउँमा झण्डै निषेधको राजनीतिको प्रदूषित हावा चल्नथाल्यो । यसरी, सहमतिय राजनीतिको आवश्यकताको कुरो पनि प्राथमिकताका साथ गर्ने तर विमतिहरूका एकपछि अर्को शृङ्खलाहरू पनि खडा गर्दै जाने यस्तो विसङ्गत र विडम्बनापूर्ण राजनीतिक अभ्यास यसबीचमा बढ्दै गए । वास्तवमा अहिले विकसित राजनीतिक अविश्वास र सङ्कटलाई यही पृष्ठभूमिमा बुझ्नुपर्दछ । आज राजनीतिमा देखापरेको अविश्वास र सङ्कटबाट मुलुकलाई मुक्त गर्न चाहने हो भने विगतमा आफैंले प्रारम्भ गरेको उल्टो यात्रालाई फर्केर हेर्नुपर्दछ, हेर्न सक्नुपर्दछ । विगतमा आफैंले मुलुकमा शान्ति र संविधानका लागि सहमतिय प्रणालीलाई अपरिहार्य ठान्ने र यही निष्कर्षका आधारमा संविधानमा समेत त्यसको व्यवस्था गर्ने तर त्यसको केही समय बित्न नपाउँदै सत्ताकेन्द्रित भएर त्यो संवैधानिक व्यवस्थालाई संशोधन गरी बहुमतीय प्रणालीमा जाने राजनीतिक दलहरूको निर्णय अदूरदर्शी र सङ्कट निम्त्याउने प्रमुख कारण थियो । अहिलेको यो विशिष्ट, तरल र संवेदनशील अवस्थालाई ख्याल नगरी तत्कालीन सत्ताकेन्द्रित विश्लेषण र निष्कर्षमा आधारित बहुमतीय प्रणालीमा जाने, आफ्नै तुलनात्मक रूपमा दूरदृष्टियुक्त पूर्वनिर्णयविपरीत जाने, 'सत्ताकेन्द्रित' सोचमा आधारित भएर संविधानमा परिवर्तन गर्ने कुराले यो सङ्कटको औपचारिक प्रारम्भ गरेको थियो ।

सहमतिको सट्टा बहुमतीय प्रणालीमा जाने कुरामा सबै दल अस्वाभाविक रूपमा एक ठाउँमा आइपुगेका हुन् । कोही कुनै तर्कका आधारमा त्यस ठाउँमा पुगेका हुन सक्छन् । तर, सबै (प्रमुख राजनीतिक दलहरू) संयुक्त रूपमै उक्त निष्कर्षमा पुगेका हुन् । के कुरा स्वीकार गर्नैपर्छ भने सत्ताकेन्द्रित भएर नै दलहरू त्यस ठाउँमा पुगेका थिए । त्यसपछि नै गणितीय खेलको सिलसिला औपचारिक रूपमा प्रारम्भ भयो । यो सिलसिला केबल सरकार, व्यवस्थापिका-संसद्भित्रका काममा मात्र होइन, संविधानसभाभित्र संविधान निर्माणका सिलसिलामा पनि देखापर्दै गयो । नयाँ संविधान सहमतिको दस्तावेज हो भन्ने कुरालाई बिर्सँदै त्यहाँ पनि अल्पमत-बहुमतको मान्यताबाट निर्देशित हुँदै अगाडि बढ्न चाहने चिन्तन र व्यवहार बलशाली बन्दै गए ।

**३. अनिश्चितकालीन आमहड्ताल : एक्लो विजयको असफल प्रयास**

पछिल्लो कालमा राजनीतिक दलहरू सहमति प्राप्त गर्ने अभियानमा विशेषै किसिमले लाग्दै आएका छन् । उनीहरूले आयोजना गरेका दिनरातका र किसिम-किसिमका बैठकहरूले यही कुरालाई सङ्केत गरेको थियो । यसै क्रममा पनि शक्ति प्रदर्शन र आफ्नो विशेष वर्चस्वको चाहना प्रकट नभएका होइनन् । तर पनि, राष्ट्रिय सहमति निर्माण गर्ने र राष्ट्रिय सहमतिको सरकार गठन गर्ने कुरामा सबैको ध्यान केन्द्रित भई नै रहेको थियो । राष्ट्रिय सहमति कायम नहुने हो भने सबैका साझा र केन्द्रीय महत्वका 'शान्ति र संविधान'का कार्यसूचीहरू पूरा हुन सक्तैनन् भन्ने निष्कर्षमा सबै नयाँ स्तरमा पुगिरहेका थिए । नेकपा (एमाले)ले त आफ्नो केन्द्रीय कमिटीको तेस्रो बैठकमार्फत यस सम्बन्धमा आफ्नो विशेष प्रस्ताव नै पारित गऱ्यो । त्यही प्रस्तावका आधारमा परिचालित हुने ठोस योजनाका साथ एमालेले आफूलाई अघि साऱ्यो । वास्तवमा एमालेको उक्त विशेष प्रस्ताव राष्ट्रिय सहमति कायम गर्ने सन्दर्भमा एउटा महत्वपूर्ण घोषणा पनि थियो ।

ठिक यसैबेला एनेकपा (माओवादी)का तर्फबाट 'अनिश्चितकालीन आमराजनीतिक हड्ताल'को घोषणा गरियो । शान्ति र संविधानको घोषणा गरिए पनि माधव नेपालको नेतृत्वमा विधिसम्मत रूपमा गठित संयुक्त सरकारलाई

अपदस्त गर्ने र आफ्नो नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन गर्ने एकमात्र उद्देश्यका साथ यो आमहड्तालको आह्वान गरिएको थियो । सारमा सहमतिको राजनीतिक यात्रालाई नयाँ स्तरमा अगाडि बढाउने उद्देश्यबाट नभई 'सत्ताकब्जा'को योजना र उद्देश्यबाट यो आमहड्तालको आह्वान गरिएको थियो । सहमतीय, संवैधानिक र संस्थागत तरिकाबाट होइन, जबर्जस्ती सडकबाट सत्ताकब्जा गर्ने राजनीतिक योजनाका साथ उक्त आमहड्तालको घोषणा गरिएको थियो । 'विद्रोह' र विद्रोहपछिको 'कब्जा'का लागि गरिने तमाम तामझामसहित यसलाई अघि बढाइएको थियो । माओवादीले जित्ने र अरू सबैले उसका अगाडि घुँडा टेक्नुपर्ने बाध्यता सिर्जना गर्न खोजिँदै थियो । सिङ्गै मुलुकलाई बन्दी बनाउने र सबैले माओवादीका अगाडि घुँडाटेक्नु पर्नेजस्तो वातावरण बनाइँदै थियो । कस्तो विडम्बना ! एकातिर मुलुकले र आमनागरिकले सहमतिको माग गरिरहेका थिए, अर्कातिर माओवादी भने एकदलीय अधिनायकवादी सोचका साथ र एक्लै विजयी बन्ने मानसिकताका साथ अघि बढ्न खोजिरहेको थियो । सडकको आन्दोलनबाट घुँडा टेकाउने, आन्दोलनको बलबाट सत्ताकब्जा गर्ने माओवादीको मनसुवालाई आमनागरिकले बुझ्न बेर लागेन । यस्तो दुःखद् र सङ्कटपूर्ण परिस्थितिको सामना गर्न अन्य तमाम राजनीतिक दलहरू मात्र होइन, अनेक तह र तप्काका नागरिकहरूसमेत विरोधमा उठ्नथाले । जनस्तरमा प्रतिवादको सिलसिला सुरु गरियो र अन्त्यमा आमअवज्ञाको जबर्जस्त प्रारम्भसमेत गरियो । अन्तर्राष्ट्रिय जगत्ले समेत माओवादीहरूको यस किसिमको अविवेकी, अप्रजातान्त्रिक र असंवैधानिक कदमप्रति स्पष्ट विमति जनाए । सत्तालाई घेरामा पारी 'सत्ताकब्जा' गर्ने योजनाका साथ अनिश्चितकालीन आमहड्तालमा उत्रिएको माओवादी आफैं नराम्रो घेराबन्दीमा परेपछि आमहड्ताल फिर्ता लिन बाध्य भयो । वास्तवमा माओवादीको आमहड्ताल फिर्ता नेपाली जनताका लागि ठूलो राहतको विषय बन्यो । यो माओवादी अधिनायकवाद र सत्ताकब्जाको उसको निर्विघ्न अभियानमा एउटा ठूलो धक्का थियो । सहमतीय राजनीतिको राष्ट्रिय आवश्यकताविपरीत एक्लो विजयी बन्ने माओवादी प्रयासको असफलता बनेर आएको थियो, उसद्वारा घोषित 'अनिश्चितकालीन आमहड्ताल !' यो असफलता सहमतीय राजनीतिको विपरीत जान चाहने उद्दण्ड चाहनाको पराजय बन्यो ।

**४. निर्मम समीक्षा : प्याकेजमा सहमति**

यतिबेला अनेक आरोहअवरोह पार गर्दै राजनीतिक प्रक्रिया अगाडि बढिरहेको छ । अपरिहार्य रहेको सहमतिको राजनीतिक यात्रा पुनः उन्नत चेतना र नयाँ समझदारीका साथ अगाडि बढ्ने सम्भावना देखिँदै छ । तर, सहमति जति जरुरी छ, त्यसभन्दा बढी निर्मम आत्मसमीक्षाको जरुरी छ । वस्तुनिष्ठ किसिमले आत्मसमीक्षा गर्न नसक्ने हो भने नयाँ जगमा सहमति कायम गर्न स्वभावैले कठिन हुन्छ वा सकिँदैन ।

विगतको समीक्षा गरिरहँदा पनि द्वन्द्ववादी हुन जरुरी छ । यसबीचमा सहमतिको राजनीतिक यात्राको क्रममा ऐतिहासिक तथा दूरगामी महत्वका कामहरू पनि भएका छन् । निरङ्कुशतन्त्रलाई पराजित गर्ने, हिंसा-प्रतिहिंसाको शृङ्खलालाई अन्त्य गर्दै दिगो शान्तिको आधार तयार गर्ने, संविधानसभाको ऐतिहासिक निर्वाचन सम्पन्न गर्ने, समावेशी र प्रतिनिधिमूलक संविधानसभा गठन गर्ने, राजतन्त्रलाई समाप्त पार्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नेजस्ता महत्वपूर्ण उपलब्धिहरू प्राप्त भएका छन् । महिला, दलित, आदिवासी, जनजातिलगायत उत्पीडनमा परेका समुदायका हितमा महत्वपूर्ण कदमहरू चालिएका छन् । तर, यी उपलब्धिहरू भए पनि यसबीच गम्भीर कमजोरीहरू पनि देखिएका छन् । प्रतिबद्धता व्यक्त गरिएअनुसार शान्ति प्रक्रिया निष्कर्षमा पुग्नसकेको छैन, घोषित मितिमा संविधान जारी हुन नसक्ने अवस्था आई नै सक्यो । स्पष्टै छ, राजनीतिक दलहरूबीचको सहमतिको यात्रा उन्नत किसिमले अगाडि बढ्न नसक्ता नै यी महत्वपूर्ण कार्यसूची पूरा हुन नसकेका हुन् । प्रतिबद्धता व्यक्त गरिएको भए पनि 'सत्य निरूपण तथा मेलमिलाप आयोग', 'द्वन्द्वकालमा बेपत्ता पारिएका नागरिकहरूको छानबिन गर्ने आयोग' तथा 'उच्चस्तरीय राज्य पुनःसंरचना आयोग'जस्ता शान्ति र संविधानसित गाँसिएका महत्वूर्ण संयन्त्रहरू गठन हुन सकेनन् । द्वन्द्वकालमा कब्जा गरिएका सम्पत्तिहरू फिर्ता गराउने काम हुन सकेन । द्वन्द्वकालमा विस्थापितहरूलाई अझै पनि आफ्ना गाउँबस्तीमा फर्काउन सकिएको छैन, भयरहित वातावरणमा राजनीतिक गतिविधिहरू गर्न पाउने परिस्थिति अझै सिर्जना हुन सकेको छैन । सर्वोपरी रूपमा, विगतमा छ महिनाभित्र माओवादी सेनाका लडाकुहरूको व्यवस्थापन गर्ने भनिए पनि त्यो काम सम्पन्न हुन सकेको छैन । राजनीतिक दलहरूले शान्ति र संविधानका लागि राजनीतिक सहमतिका साथ अगाडि बढ्ने कुरा गरिरहेका बेला विगतका कामका बारेमा वस्तुनिष्ठ समीक्षाका लागि तयार रहनै पर्छ ।

आज शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने कुरा गरिरहेको बेला यससित गाँसिएका विषयमा राजनीतिक दलहरू स्पष्ट नबन्ने हो भने र ती विषयमा साझा निष्कर्षमा नपुग्ने हो भने सहमति फेरि पनि कायम हुन सक्दैन । माओवादी सेनाका लडाकुहरूको व्यवस्थापन (पुनर्स्थापना र समायोजन)को कुरा टुङ्ग्याउनैपर्छ, द्वैध सैन्यसंरचनाको

अन्त्य हुनैपर्छ र माओवादी पार्टीलाई पूर्ण रूपले नागरिक पार्टीमा बदल्नै पर्छ । यी काम सम्पन्न गरेर मात्र लोकतान्त्रिक संविधान बन्नसक्छ । समीक्षा र नयाँ सङ्कल्प पूरा गर्न यी कामहरू गरिनै पर्छ । त्यसैले सहमतिको अपरिहार्यता छ भन्ने सबैले त्यसका अहिलेका आधारहरूमा टेक्नै पर्छ ।

सहमतिको कुरा गर्दा सहमतिका साथ सत्तासाझेदारीको पनि कुरा आउँछ । सरकार वा प्रधानमन्त्रीको कुरालाई प्रमुख विषय बनाउनुहुन्न । विषय आधारित भएर सहमतिको ठोस आधार खोजिनुपर्छ । राष्ट्रिय सहमतिका लागि जुनसुकै सहमतिमा जान पनि तयार रहनुपर्छ । आजको सहमतिको आधार सरकारमा को जाने, को रहने/नरहने, प्रधानमन्त्री को रहने/नरहने भन्ने कुरा भन्दा पनि यतिबेलाका सिङ्गो राष्ट्रका साझा सरोकारका मुद्दामा सहमति हुनुपर्छ । अहिले जसरी सरकारमा, प्रधानमन्त्री पदमा बहसलाई केन्द्रित गर्न खोजिँदै छ, त्यो उपयुक्त होइन । नेकपा (एमाले)ले राष्ट्रिय सहमतिका लागि राष्ट्रिय सहमतिको सरकारका लागि आफू सधैं तयार रहेको, आफू बाधक नबन्ने कुरा गर्दा सबै राजनीतिक दलहरूमा यस किसिमको लचकता आवश्यक छ । यी सबै विषयलाई प्याकेजमा समाधान गरेर मात्र नयाँ स्तरको सहमति कायम गर्न सकिन्छ ।

**५. विमतिका बीचमा सहमति नै सङ्कटको निकास**

अहिले सहमति र सहमतीय प्रणालीको आवश्यकताका विषयमा सबै ठाउँमा कुराहरू चलिरहेका छन् । तर, यो सहमतिलाई कसरी बुझ्ने ? यो सहमति भनेको विमतिहरूका बीचमा सहमति नै हो । अर्थात्, विभिन्न राजनीतिक दहरूका बीचमा सिद्धान्त, नीति, कार्यक्रमिक प्रतिबद्धता, कार्यशैली तथा कतिपय आचरणगत विषयहरूमा भिन्नता र मतभेदहरू हुन सक्छन् । यी मतभेद र भिन्नताहरू हुँदाहुँदै पन तात्कालीन साझा मुद्दाहरूमा संयुक्त भएर अर्थात् मिलेर अगाडि बढ्नुपर्ने आवश्यकतालाई बोध गर्नु, त्यसअनुरूप आचरण र व्यवहारलाई सङ्गठित गर्नु र लक्षित उद्देश्यलाई पूरा गर्नु नै सहमति हो । सहमति कुनै सुन्दर शब्दावलीको केवल सुखद् प्रयोग मात्र होइन, यो तात्कालीन विषयकेन्द्रित उद्देश्य प्राप्तिका लागि सहयात्रा हो । निरङ्कुश राजतन्त्रको अन्त्य, शान्ति स्थापना र आर्थिक-सामाजिक रूपान्तरणका लागि नेपालका राजनीतिक दलहरूबीच सहमतिको राजनीतिक यात्राको पछिल्लो समयमा औपचारिक प्रारम्भ भएको हो । राजनीतिक दलहरूका बीच आपसमा धेरै भिन्नता रहेका भए पनि यी मुद्दाहरूमा उनीहरू सहयात्राका लागि एकताबद्ध भएका हुन् र यी उद्देश्य प्राप्त नहुञ्जेल सहमतिको यो यात्रा जारी रहने प्रतिबद्धता पनि व्यक्त गरेका हुन् । अहिले पनि सहमतिको कुरा गरिरहँदा यिनै तात्कालिक विषयहरूमा आधारित सहमति भन्ने बुझ्नुपर्छ । स्पष्ट हो, यतिबेला मुलुकलाई राजनीतिक हिसाबले पछाडि फर्काउन चाहनेहरूसित, शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन नचाहनेहरूसित र मुलुकलाई अग्रगामी परिवर्तन होइन, यथास्थितिमा राख्न चाहनेहरूसित सहमति हुन सक्दैन । त्यसैले अहिले राजनीतिक सहमतिको कुरा गरिरहँदा यी विषयहरूमा राजनीतिक दलहरू कस्ता सोचाइ र मान्यता राख्छन्, यी विषयप्रतिको प्रतिबद्धता कस्तो छ भन्ने कुराले नै निर्णायक अर्थ राख्छन् ।

राजनीतिक सहमतिको कुरा गरिरहँदा नेपालको सामाजिक-राजनीतिक विशेषतामा आधारित अनिवार्य निष्कर्षको रूपमा पनि यसलाई बुझ्नुपर्छ । अल्पसंख्यकहरूको मुलुकको रूपमा परिचित नेपाल अथवा यस्तो सामाजिक विशेषता र विशिष्टता बोकेको नेपालको राजनीति सहमतिका आधारमा मात्र अगाडि बढाउनु मुलुक र जनताका लागि श्रेयस्कर र लाभकारी हुन्छ । बेलाबेलामा प्रकट हुने अतिवादका अवाञ्छित प्रभावबाट मुलुकलाई मुक्त राख्न पनि सहमति आवश्यक छ । र, सर्वोपरी रूपमा यतिबेलाका साझा कार्यसूची (शान्ति र संविधान) पूरा गर्न पनि सहमति नै चाहिन्छ । कुनै एक पक्षलाई पन्छाएर यी कार्यसूचीहरू पूरा हुन सम्भव छैन । यी सबै कारणले राष्ट्रिय सहमति अपरिहार्य बनेको हो । यसै सन्दर्भमा सहमतिलाई प्रतिकूल पार्ने, तोड्ने चिन्तन- प्रवृत्ति र व्यवहारहरूलाई अस्वीकार गरिनुपर्छ ।

ठोस रूपमा भन्नुपर्दा, माओवादीका पूर्वलडाकुहरूको व्यवस्थापन, उनीहरूका अर्धसैनिक संरचनाहरूको समाप्ति, द्वन्द्वकालमा कब्जा गरिएको सम्पत्ति फिर्ता यतिबेला राजनीतिक दलहरूबीच सहमतिका मुख्य आधार हुन् । यस्तै, घोषणा गरिने नयाँ संविधान कुनै एउटा राजनीतिक दलको घोषणापत्र नभई जनअभिमतका आधारमा सहमतिको दस्तावेज बनाउनुपर्ने कुरामा सहमति नै राजनीतिक सहमतिको मुख्य आधार हो । यसरी कायम गरिने सहमति नै यतिबेलाको राजनीतिक सहमति हो । यो सहमति, फेरि पनि राजनीतिक दलहरूबीच विमतिहरूका बीचमा सहमति नै हो । र, अहिले मुलुकले भोगिरहेको सङ्कट समाधानको एकमात्र भरोसालाग्दो आधार हो । नेकपा (एमाले)को केन्द्रीय कमिटीको तेस्रो बैठकले पारित गरेको 'विशेष प्रस्ताव' राष्ट्रिय सहमतिका लागि अगाडि सारेको एउटा उन्नत र जिम्मेवार प्रस्ताव पनि हो ।

राष्ट्रिय सहमति सङ्कट समाधानको एकमात्र आधार हो ।

❒

# जतिसुकै ठूला समस्याको संवादबाटै समाधान हुनसक्छ

**❒ झलनाथ खनाल**

*(२३ वैशाख २०६७ मा केन्द्रीय कार्यालय, मदननगर, बल्खुमा आयोजित पत्रकार सम्मेलनमा पार्टी अध्यक्ष कमरेड झलनाथ खनालद्वारा हस्ताक्षरित विशेष वक्तव्यको पूर्ण पाठः)*

१. एकीकृत नेकपा (माओवादी)द्वारा सञ्चालित अनिश्चितकालीन आमहड्ताल लम्बिँदै जाँदा आमजनताको जीवन कष्टकर र सिङ्गो राष्ट्रको अवस्था जटिल बन्दै गएको छ। अत्यावश्यक वस्तुहरूको अभाव, आकासिँदो महँगी, दूध, फलफूल, तरकारीलगायतका उत्पादन बिक्री गर्न नपाउँदा किसानले भोग्नुपरेको नोक्सानी, अस्पतालसम्म पुग्न नपाउने बिमारीहरूको पीडा, रोजगारी गुमाउनुपर्दा श्रमिकहरूको दैनिक जीवनमा परेको असर, परीक्षा अवरुद्ध भएका कारण लाखौं विद्यार्थीहरूको अनिश्चित भविष्यजस्ता गंभीर सामाजिक समस्या उत्पन्न भएका छन्। त्यसै पनि सङ्कटग्रस्त अर्थतन्त्र आमहड्तालका कारण झन् ज्यादा थिलोथिलो हुनपुगेको छ। यसबीच, पर्यटकहरूले भोग्नुपरेको समस्याले 'पर्यटन वर्ष- २०११' लगायत पर्यटन उद्योगको भविष्यमाथि नै नकारात्मक असर पारेको छ। एउटा दलविशेषको हठ र गैरजिम्मेवार व्यवहारका कारण राष्ट्र र जनताले भोग्नुपरेको यो कष्टप्रति नेकपा (एमाले) गहिरो चिन्ता र सरोकार प्रकट गर्दछ।

२. शान्ति, संविधान र सामाजिक-आर्थिक रूपान्तरण यतिबेलाका मुख्य राष्ट्रिय अभिभारा हुन्। यसका लागि मुख्य राजनीतिक दलहरूबीच राष्ट्रिय सहमति अनिवार्य पूर्वसर्त हो भन्ने हाम्रो पार्टीको मान्यता रहँदै आएको छ। संविधानसभा निर्वाचनपछि माओवादीको दम्भ र निषेधकारी सोचका कारण खल्बलिएको सहमतिको प्रक्रिया पुनःस्थापित हुनसकेको छैन। दलहरूबीच विद्यमान असहमतिको नकारात्मक प्रभाव शान्ति प्रक्रिया र संविधान निर्माणमा परिरहेको छ। निर्धारित समयमा संविधान निर्माण हुन नसक्ने स्थितिले मुलुक संवैधानिक रिक्ततातिर धकेलिने र यसको लाभ अतिवादी तत्वले लिने खतरा बढेको छ। मुलुक फेरि द्वन्द्वको दुश्चक्रमा फस्ने र अबको द्वन्द्व झन् बढी भयावह हुने आशङ्काले जनता सन्त्रस्त छन्। त्यसैले विश्वसनीय कार्यतालिकासहित शान्ति प्रक्रियालाई पूर्णता दिने, अत्यावश्यक पर्ने समयावधि थप गरेर भए पनि संविधानसभाबाटै नयाँ संविधान निर्माणको सुनिश्चितता गर्ने र ठोस प्रतिबद्धताका साथ सामाजिक-आर्थिक रूपान्तरणको कामलाई तीव्रता दिने गरी नयाँ राष्ट्रिय सहमति निर्माण गर्न तत्काल सार्थक पहल थालिनुपर्छ। यी कामहरू पूरा हुने कुराको भरपर्दो आधार तयार भएमा नेकपा (एमाले) राष्ट्रिय सहमतिको सरकारलगायत सबै विषयमा खुला छलफल गर्न तयार छ भन्ने पार्टीको पूर्वनिर्णयमा म पुनः जोड दिन चाहन्छु।

३. एकीकृत नेकपा (माओवादी)को नेतृत्वमा बनेको सरकार राष्ट्रिय सहमति निर्माण गर्न असफल भएपछिको विशिष्ट स्थितिमा हाम्रो पार्टीका वरिष्ठ नेता कमरेड माधवकुमार नेपालको नेतृत्वमा यो सरकार विधिसम्मत ढङ्गले र संसद्का अत्यधिक दल तथा सदस्यहरूको समर्थनमा गठन भएको हो। सरकारले प्रारम्भदेखि नै शान्ति प्रक्रिया र संविधान निर्माणलाई मुख्य लक्ष्य बनाएर राष्ट्रिय सहमति निर्माणका निम्ति गरेको निरन्तरको प्रयत्न सर्वविदितै छ। तर, यो सरकारको वैधतामाथि नै चुनौती दिंदै आफ्नै नेतृत्वमा सरकार नबनुन्जेल संविधान निर्माण र शान्ति प्रक्रियामा सहयोग नगर्ने हठका कारण शान्ति प्रक्रिया र संविधान निर्माणको अभिभारा पूरा हुन सकेन। माओवादी हठ गलत भए पनि शान्ति र संविधान निर्माणको मुख्य लक्ष्य प्राप्तिका निम्ति राष्ट्रिय सहमतिको सरकारलगायत सबै विषयमा नयाँ सहमति बनाएर अगाडि बढ्न सकिने निर्णय हामीले गरेका हौं। तर, सहमति निर्माणका लागि ठोस पहल गर्नुको साटो यसबीचमा एकीकृत माओवादीले 'निर्णायक सङ्घर्ष'का नाममा अनिश्चितकालीन आमहडतालको घोषणा गरेपछि स्थिति असहज बनेको छ। सार्थक संवादको प्रक्रिया अवरुद्ध गरेर सडकबाट छिनोफानो गर्ने बाटो लिएर कसरी राष्ट्रिय सहमति जुट्नसक्छ ? हामी आफैले हस्ताक्षर गरेको अन्तरिम संविधानलाई अर्थहीन तुल्याउँदै सडकबाटै सरकार गठन र विघटनको प्रक्रिया सुरु गर्ने हो भने विधिको शासन भन्नुको अर्थ के रहन्छ ? यसबाट भोलि भिडको निर्देशनमा संविधानका धारा उपधारा लेख्न बाध्य हुनुपर्ने परिस्थितिलाई हामी कसरी न्यून गर्नसक्छौं ? त्यसैले नेकपा (एमाले) सहमतिका नयाँ आधार तयार भएको स्थितिमा राष्ट्रिय सहमतिको सरकार बनाउन तयार छ। यही प्रतिबद्धतालाई आधार मानेर जनतामा परिरहेको अकल्पनीय कष्टप्रति संवेदनशील भई सहमतिका निम्ति लचिलो भएर प्रस्तुत हुन र आमहड्तालको कार्यक्रम फिर्ता लिन एकीकृत नेकपा (माओवादी) लाई हार्दिक आग्रह गर्दछु।

४. सुरुका केही दिन शान्तिपूर्ण र संयमित रहेको आन्दोलन विस्तारै अमर्यादित, उग्र र हिंसात्मक बन्दै गएको कुराप्रति हामी चिन्तित छौं। आमहड्तालगायत शान्तिपूर्ण आन्दोलनका विविध रूप प्रयोग गर्नु संविधानप्रदत्त अधिकार नै भए पनि कुनै पनि दलबाट बजार, उद्योगधन्दा, व्यवसाय र मानवीय सेवाका कार्यालयसमेत बन्द गर्न जबर्जस्ती गर्नु र त्यसो गर्न नमान्नेमाथि धम्की, कुटपीट र आक्रमण गरिनु अलोकतान्त्रिक र अधिनायकवादी तरिका हो। सडकमा हाम्रो पार्टीका केही सम्मानित नेता कमरेडहरूको नामै लिईकन गरिएको अमर्यादित टिप्पणी र भौतिक कारबाहीको धम्कीप्रति म निन्दा एवम् भर्त्सना गर्दछु। आन्दोलनका नाममा भइरहेका जबर्जस्ती चन्दा र जिन्सी असुली, कार्यक्रममा भाग लिन बाध्य पार्ने र घर फर्कन चाहनेलाई पनि रोक्ने तरिकाले सर्वत्र असन्तुष्टि बढ्न लागेको छ। यसले स्थिति विस्तारै नियन्त्रणबाहिर जानसक्ने खतरालाई ध्यानमा राखेर अविलम्ब आमहड्ताल अन्त्य गर्न, जिम्मेवारीबोधका साथ वार्तामा सहभागी हुन र वार्ताकै माध्यमबाट सहमतिमा पुग्न हामी एकीकृत नेकपा (माओवादी) को गम्भीरतापूर्वक ध्यानाकर्षण गर्दछौं। र, आफ्ना कार्यकर्ताहरूलाई संयमित र जिम्मेवार बनाउन सबै राजनीतिक दलहरूलाई विशेष आग्रह गर्दछु।

५. वार्ता र संवादबाटै समस्याको समाधान खोज्ने हाम्रो पटक-पटकको प्रयत्न सडकबाटै सरकार परिवर्तन गर्ने र आफ्नो नेतृत्वमा सरकार बनाउने कुरालाई पूर्वशर्त बनाउने माओवादी हठका कारण नै निष्कर्षमा पुग्न सकेको छैन। वार्तामा समयतालिका निर्धारित गरेर निश्चित समयभित्र माओवादी लडाकुहरू राज्यको मातहत आउने र माओवादी पार्टीसँग उनीहरूको सम्बन्धविच्छेद हुने, कब्जा घरजग्गा फिर्ता गर्ने, वाईसीएलको अर्धसैनिक संरचनाको विघटन गर्ने, बेपत्ता नागरिक छानबिन, सत्यनिरूपण र मेलमिलाप तथा उच्चस्तरीय राज्य पुनःसंरचना आयोगको गठन गर्ने तथा जेठ १४ पछिको संवैधानिक रिक्ततालाई संबोधन गर्ने विषयलाई प्याकेजमै समाधान खोज्न प्रस्ताव गरिएको छ। यी काम पूरा भएको र शान्ति र संविधानको सुनिश्चितताको ठोस खाका अगाडि आएको स्थितिमा प्रधानमन्त्रीले आफू सहयोग गर्न तयार रहेको कुरा सार्वजनिक गरिसक्नुभएको छ। तर, यी विषयहरूमा ठोस प्रतिबद्धता र विश्वासको आधार निर्माण नगरी सडकबाट सरकार परिवर्तन गर्ने माओवादीको एकोहोरो हठले वार्ताबाट समाधान खोज्ने जनचाहनामै प्रश्नचिह्न उत्पन्न भएको छ। नेकपा (एमाले) पुनः एकपटक यस्तो हठ परित्याग गर्न, सडकलाई अराजकता र मुठभेडको थलो बन्न नदिन र वार्ताबाटै समस्याको समाधान खोज्न जिम्मेवार ढङ्गले प्रस्तुत हुन माओवादीसमक्ष आग्रह गर्दछ।

६. पार्टी केन्द्रीय कमिटीले राष्ट्रिय सहमतिको विशेष प्रस्ताव अगाडि सारेर त्यसलाई लागू गर्न सार्थक संवाद गरिरहेको बेला पार्टीका उपाध्यक्ष कमरेड वामदेव गौतमको नेतृत्वमा सार्वजनिक भएको ज्ञापनपत्रले पार्टी पङ्क्तिमा चिन्ता र आशङ्का उत्पन्न गराएकोप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। यस प्रकरणमा नाम उल्लेख गरिएका अधिकांश कमरेडहरूले आफूलाई कुनै जानकारी नै नभएको र यस्तो तरिकाप्रति आफ्नो कुनै सहमति नरहेको कुरा व्यक्त गरिसक्नुभएको छ। कमरेड वामदेव गौतमको अगुवाइमा भएको उक्त काम नैतिक, वैधानिक र राजनीतिक हरेक दृष्टिले गलत रहेको र यो अनुचित भएको ठहर गर्दै पार्टीको केन्द्रीय अनुशासन आयोगले कारबाहीको निम्ति प्रक्रिया अगाडि बढाइसकेको कुरा जानकारी गराउँदछु। यस सम्बन्धमा कुनै भ्रममा नपर्न, यस्ता कुनै क्रियाकलाप नगर्न/नगराउन र आपसमा आरोप प्रत्यारोप नगर्नसमेत आम पार्टीपङ्क्तिलाई म निर्देशित गर्दछु।

७. हिजो साँझ मकवानपुरको लोथरमा हाम्रो पार्टीसम्बद्ध युवासङ्घका मनहरी गाउँ कमिटी सदस्य कमरेड सुदीप कार्कीमाथि एकीकृत माओवादीका कार्यकर्ताले साङ्घातिक आक्रमण गरी कायरतापूर्वक हत्या गरेका छन्। म पार्टी केन्द्रीय कमिटीको तर्फबाट उक्त घटनाको निन्दा एवम् भर्त्सना गर्दछु। साथै, हत्यारा पत्ता लगाई कारबाही गर्न माग गर्दै दिवङ्गत कमरेडप्रति हार्दिक श्रद्धाञ्जलि र शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछु।

८. आमहड्तालको नाममा विभिन्न राजनीतिक पार्टीका नेताहरूको घर, नागरिकका व्यक्तिगत पसल, रेस्टुरेन्ट तथा सार्वजनिक कार्यालयहरूमा तोडफोड र आगजनी गर्नेजस्ता घटनाहरूको निन्दा गर्दै अविलम्ब त्यसप्रकारका क्रियाकलाप रोक्न एकीकृत नेकपा (माओवादी) नेतृत्वको ध्यानाकर्षण गराउँदछु।

९. शान्ति प्रक्रिया र संविधान निर्माणको एजेन्डा सङ्कटमा परेको र मुलुकमा अराजकता, अन्योल र मुठभेडको आशङ्का बढिरहेको यस प्रतिकूल परिस्थितिमा म सम्पूर्ण पार्टीपङ्क्तिलाई एकताबद्ध हुन र पार्टीको नियमित काममा क्रियाशील ढङ्गले लागिरहन अपिल गर्दछु। प्रतिकूल अवस्थामा जनतालाई परेको पीरमर्कामा सम्भव सहयोग पुऱ्याउन सिङ्गो पार्टीपङ्क्तिलाई परिचालित हुन आग्रह गर्दछु। यस सन्दर्भमा युथफोर्सलगायत हाम्रो पार्टीसम्बद्ध जनसङ्गठनहरूको नाम लिएर भौतिक आक्रमणसहितको प्रतिकारमा उत्रिएको भन्ने दुस्प्रचारको खण्डन गर्दै मुठभेड या थप समस्या निम्त्याउने कुनै पनि काम नगर्ने हाम्रो पार्टीको स्पष्ट नीति रहेको कुरामा जोड दिन चाहन्छु। समस्याको समाधान वार्ताबाटै गरिनुपर्छ भन्ने हाम्रो मान्यता र वार्ताबाटै समाधान निस्कन्छ भन्ने विश्वाससमेत पुनः दोहोऱ्याउन चाहन्छु।

१०. हाम्रो पार्टी यो मुलुककमा जतिसुकै ठूला समस्याहरू पनि वार्ता र संवादबाट नै समाधान हुनसक्छन् भन्ने कुरामा विश्वास गर्दछ। अहिले पनि हामीहरू संवादको प्रक्रियामा नै छौं। हामीहरू यस प्रक्रियालाई अविलम्ब पूरा गरेर मुलुकलाई राष्ट्रिय सहमतिको बाटोमा अग्रसर गराउन कृतसंकल्पित छौं। वार्ता प्रक्रियामा महत्वपूर्ण र सकारात्मक प्रगति भैरहेको कुरा पनि यहाँहरूलाई जानकारी गराउन चाहन्छु। मुलुकलाई सहमतिको साझा बिन्दुमा पुऱ्याउन राजनीतिक दलहरू र सरकारको महत्वपूर्ण भूमिका रहन्छ नै, साथै जनसमुदायको पनि यसमा महत्वपूर्ण योगदान

रहने निश्चित छ। त्यसैले वर्तमान परिस्थितिमा जतिसुकै दुःखकष्टको सामना गर्नुपरे पनि सहमतिको बिन्दुमा मुलुकलाई पुऱ्याउन तपाईंहरू सबैको योगदान महत्वपूर्ण हुनेछ। तसर्थ, शान्त र धैर्यवान भएर यस प्रक्रियालाई अघि बढाउने काममा लागिपर्न म सम्पूर्ण जनसमुदायमा पनि हार्दिक अपिल गर्दछु।

❒

# जनताको बहुदलीय जनवाद र राष्ट्रिय राजनीतिमा यसको भूमिका

## ❒ केपी शर्मा ओली

**सिद्धान्तका रूपमा जबज**

जनताको बहुदलीय जनवाद (जबज)ले वर्तमान नेपाली राजनीतिलाई अगाडि बढाउन नेतृत्वदायी भूमिका खेलेको मात्र होइन, यसले समग्रमा राजनीतिलाई मार्गदर्शनसमेत गरिरहेको छ। यद्यपि, राजनीति सबै नीतिहरुको मूल नीति हो तर जबजले राजनीतिक क्षेत्रमा मात्रै मार्गदर्शन गरिरहेको छैन। यसले समग्र सामाजिक-आर्थिक व्यवस्था, समग्र सामाजिक क्रियाकलापहरु, संस्कृतिका पक्षहरुसमेतलाई व्यवस्थित गर्दै समाजलाई कुन दिशामा अगाडि बढाउने अर्थात् समग्र सामाजिक क्षेत्र-परिवेशलाई वैज्ञानिक, आधुनिक, समतामूलक, न्यायसङ्गत, अग्रगामी र जनमुखी दिशामा कसरी अगाडि बढाउने भन्ने विषयमा समेत ध्यान दिन्छ। यी व्यापक विषयलाई आफ्नो कार्यक्षेत्र बनाउँछ र कुनै पनि क्षेत्रबाट आफूलाई पृथक राख्दैन। राजनीतिक प्रणाली, शासन व्यवस्था, सामाजिक न्याय र समानतासहितको सामाजिक व्यवस्था, आर्थिक न्याय र समृद्धि, राजनीतिक स्वतन्त्रता र हक तथा त्यसभन्दा परका वातावरण, मानवअधिकारजस्ता क्षेत्रहरु, अन्तर्राष्ट्रिय सम्बन्धका प्रश्न अर्थात् राष्ट्रियता, लोकतन्त्र र जनताको जीवनसँग सम्बन्धित यावत् पक्षहरुमा जबजले ध्यान दिन्छ। समाजको समग्र क्षेत्रको उन्नति-प्रगतिलाई सामाजिक परिवर्तन ठान्ने हुनाले जबजले यी सबै क्षेत्रहरुलाई प्रभावित गर्दछ र नेतृत्व गर्दछ।

जबजका थुप्रै पक्षहरु छन्। यसमा नवीनता छ, विशिष्टता छ, व्यापकता र उचाइ छ। कतिपय मानिसहरुले कुनै समयमा कहींकतै कसैले यस्तै विषय उठाइसकेको हुनाले जनताको बहुदलीय जनवाद नयाँ होइन या फेरि अर्को विषय त्यसै गरेर अर्को समयमा अर्को ठाउँमा कसैले उठाएको हुनाले यसमा कुनै नयाँ कुरा छैन भन्ने तर्क गर्छन्। राजनीतिक समताको कुरा त पहिल्यैदेखि उठेको हो, बहुदलीय प्रणाली पनि उठिसकेकै विषय हो, बहुलवादी समाजको चर्चा पनि पहिलेदेखि उठेकै हो। यी विषय जबजले ल्याएको होइन, यसमा नवीनता छैन भन्नखोज्नेहरु यसअघि नै छन्। यसका आलोचकहरुले त्यस ढङ्गले कुरा उठाउने गर्दछन्। तर आंशिक रुपले कुरा उठाउनु, एउटा क्षेत्रविशेषको कुरा उठाउनु यौटा विषय हो भने समग्रमा, प्रणालीको रूपमा, सिद्धान्तको रूपमा विषय प्रस्तुत गर्नु बेग्लै हो।

प्रजापरिषद् बन्दा नामैले, कामैले, कार्यक्रम, लक्ष्य र विचारका आधारमा त्यो तानाशाहीविरुद्धमा थियो। तर, आजको लोकतान्त्रिक गणतन्त्रको उचाइमा त्यतिबेलाको अवधारणा थिएन। त्यतिखेर सुधार र समृद्धिका कुरा उठाइएका थिए तर आर्थिक न्यायसहितको समृद्धिको कुरा, त्यसलाई राजनीतिक स्वतन्त्रता, सामाजिक न्याय, समानता र आर्थिक न्यायसमेत जोडेर सबै कुरालाई एउटा वैज्ञानिक, आधुनिक न्याय र समानतामा आधारित, समुन्नत र व्यवस्थित सिद्धान्तका रुपमा अगाडि सार्नसकेको अवस्था थिएन।

जबजको विशेषता के हो भने त्यसले जुनसुकै राजनीतिक विचार वा प्रणालीका पनि नराम्रा कुराहरु, ती चाहे आफ्नै या आफूनिकट ठानिएका हुन्, तिनीहरुलाई पनि निर्ममता साथ हटाउने, अस्वीकार गर्ने र सच्याउने काम गऱ्यो। मानवजातिले सामाजिक परिवर्तन, रुपान्तरण र व्यवस्थापनको सन्दर्भमा विभिन्न समयमा विभिन्न ठाउँमा गरेका विभिन्न प्रकारका प्रयोगहरु र तिनका परिणामका सकारात्मक पक्षलाई अपनायो। राम्रा देखिएका कुराहरु विपक्षीकै भए पनि त्यसलाई बिनाहिच्किचाहट मानवजातिले प्राप्त गरेका उपलब्धि हुन् भनेर आत्मसमाहित गऱ्यो। राजनीतिलाई निःतान्त

राजनीतिक क्षेत्र, राजनीतिक क्रियाकलाप, पार्टी खोल्ने र चलाउनेजस्तो साँघुरो घेरामा सीमित राखेन। मानवजातिले अनुसन्धान, प्रयोग र परीक्षण गरेका, त्यसक्रममा प्राप्त गरेका उपलब्धिहरु, विज्ञानप्रविधिको क्षेत्रमा भएका विभिन्न खोज अनुसन्धानहरुलाई आत्मसात गर्ने र सोझै राजनीतिसँग सम्बन्धित नदेखिने वातावरणजस्ता प्रश्नहरू, मानवअधिकार, समाजको पछाडि परेको हिस्सालाई अगाडि बढाउने सन्दर्भमा सामाजिक सुरक्षाका प्रश्नहरु, महिला सुरक्षा, समानता, हकअधिकार सशक्तीकरणका गर्ने कुराहरु, बालबालिकाका निम्ति विशेष हेरविचार, उनीहरुको उचित सुरक्षा, हेरचाह, शिक्षा, स्वास्थ्य आदिका पक्ष, समाजमा ओझेलमा परेका अपहेलित, विकलाङ्ग, अपाङ्ग, दृष्टिविहीनजस्ता समुदायका बाँच्न पाउने, उन्नति-प्रगति गर्न पाउने, सुरक्षा पाउने अधिकारजस्ता यावत् पक्षहरुलाई ध्यानमा राखेर समग्र समाजको परिवर्तनको सन्दर्भ जबजले समेट्छ। यो नै जबजको समग्रताको पक्ष हो, वैज्ञानिकताको पक्ष हो।

पुँजीवादी प्रणालीले राजनीतिक अधिकार र व्यक्तिगत स्वतन्त्रताको पक्षमा बढी वकालत गर्‍यो। तर उसले सामाजिक न्याय, आर्थिक समानता र स्वतन्त्रता, व्यक्तिको बाँच्न पाउने हक, उसको वास्तविक मानवअधिकार अर्थात् उसले खान, लाउन, बस्न र सम्मानपूर्ण ढङ्गले बाँच्नका लागि शिक्षा, स्वास्थ्य र जिविकोपार्जनका लागि अवसरजस्ता विषयहरूमा ध्यान दिएन। जबजले लोकतन्त्रको नाममा पुँजीवादी प्रणालीभित्र रहेको कमीलाई स्वीकारेन। यसले लोकतन्त्रलाई पूर्णता दिनुपर्छ भन्यो।

त्यसै गरेर कम्युनिस्ट आन्दोलनभित्र सामाजिक न्याय र आर्थिक समानताका पक्षमा जोड त दिइयो तर राजनीतिक प्रतिस्पर्धा वा राजनीतिक स्वतन्त्रताजस्ता पक्षहरुमा त्यहाँ न्यूनता खड्क्यो। जनताको बहुदलीय जनवादले समाजवादका नाउँमा यस्ता कमीलाई स्वीकारेन। अर्थात् जबजले लोकतन्त्रको नाउँमा राजनीतिक स्वतन्त्रतालाई मात्रै जोड दिने आंशिकता वा अपूर्णतालाई पनि मानेन र समाजवाद र समानताका नाममा राजनीतिक स्वतन्त्रताको न्यूनता रहेको स्थितिलाई पनि स्वीकारेन। जबज एउटा परिपूर्ण र सर्वकालिक मार्गदर्शक सिद्धान्त हो।

**क्रान्तिकारी लोकतान्त्रिक सिद्धान्तका रूपमा जबज**

दाहिनेतिर भएका कतिपय व्यक्ति जबज विश्वेश्वरप्रसाद कोइरालाले अघि सारेको प्रजातान्त्रिक समाजवादभन्दा पर छैन भन्छन् भने देब्रेतिर भएकाहरु यो वर्गसमन्वय गर्ने खालको सिद्धान्त हो भनेर भन्छन्। कतिपय मानिसहरुले ठिक ढङ्गले नबुझेर अथवा यसप्रति आग्रह राखेर यस्तो टिप्पणी गर्छन्। कतिपय व्यक्तिहरू आफूले आस्था राखेको कुनै एउटा वाद या विचारलाई श्रेष्ठ ठहर्‍याउने क्रममा जबजलाई अस्वीकार गर्ने कुनै तर्क नभएपछि जबज फलानाको सोच-विचारसँग निकट छ वा त्यसैका मातहतमा छ भन्ने हिसाबले पनि प्रस्तुत हुन्छन्। तर, सच्चाइ त्यस्तो होइन। पुँजीवादका नाममा वा समाजवादका नाममा गरिएका प्रयोगहरु, चिन्तन, खोजका कमीबाट जबजले शिक्षा लिने काम गरेको छ र क्रान्तिका सिद्धान्तलाई पूर्णतामा पुर्‍याउने काम गरेको छ । यति मात्र होइन, आर्थिक, वातावरणीय र मानवअधिकार आन्दोलन, सामाजिक न्यायका विभिन्न क्षेत्रका आन्दोलन, जाति, भाषा, धर्म, संस्कृति, लैङ्गिक समुदाय, क्षेत्रबीचमा रहेका असमानता र भेदभावका प्रश्नहरुलाई सम्बोधन गर्ने भन्ने विषयसमेत यसले समेटेको छ।

नेपालको कम्युनिस्ट र लोकतान्त्रिक आन्दोलनका अघिल्लो पुस्ताका नेताहरु पुष्पलाल र बीपीले लोकतन्त्र, क्रान्ति र सामाजिक-आर्थिक सुधारका पक्षमा महत्वपूर्ण कुराहरु उठाउनुभएको छ। तर जबज जसरी परिपूर्णतामा, आधुनिक, वैज्ञानिक सिद्धान्तका रुपमा यसअगाडिका मान्यताहरू व्यवस्थित हुनसकेका थिएनन्। त्यो उचाइमा उठ्न सकेका थिएनन्। यो उहाँहरूको कमीका कारण भएको थिएन। तात्कालीन समयका सीमाका कारण त्यसो हुनु स्वाभाविकै थियो। उहाँहरु जुनजुन ठाउँमा संलग्न हनुभो, सम्बन्धित रहनुभो र योगदान गर्नुभो त्यो महत्वपूर्ण छ तर त्यतिबेलाको आन्दोलनका सीमाहरू छन्। तात्कालीन समयको सीमा र त्यतिबेलासम्मका प्रयोग तथा परीक्षणका अनुभवहरुले आजको उचाइमा आउनु, सिद्धान्तलाई यो पूर्णतामा विकास गर्नु सम्भव थिएन। जबजका प्रतिवादीहरू अर्थात् *सोसिअल डेमोक्रेसीले* उठाएका विषयहरु, *युरो कम्युनिज्म*ले उठाएका विषयहरु अथवा कुनै समयमा *रोजा लक्जेमवर्ग* वा अरु कुनै विद्वान्, चिन्तक, आफ्नो समयको क्रान्तिकारीमध्ये कसैले उठाएका कुरा आफ्नो ठाउँमा आंशिक रूपमा सही हुन सक्दछन् या संशोधनवादी भनेर आरोपित मान्छेले उठाएका कुरा पनि पूर्ण रूपले गलत नहुन सक्छन्। आज पनि विभिन्न समतावादी आन्दोलन, आर्थिक आन्दोलनहरु, वर्ग, क्षेत्र, भाषा, धर्म र अनेक नाममा सामाजिक आन्दोलन उठेका छन् र आंशिक रुपमा तिनका माग सही पनि छन्। तर, समग्रतामा जोड्ने अर्थात् तिनलाई राष्ट्रिय सन्दर्भमा जोड्ने, राष्ट्रको अग्रगामी परिवर्तनसँग जोड्ने, राष्ट्रिय एकतासँग आबद्ध गरेर ती मागहरु उठाउने, अगाडि बढाउने, सम्बोधन गर्ने र तिनलाई समग्र राष्ट्रिय परिवर्तन र व्यवस्थासँग जोड्ने कुरामा चाहिँ जबज मात्रै सही छ। एउटा खण्ड, अंश, वर्ग, समुदाय वा तप्काको रुपमा कुरा उठेको कुराले समग्रतालाई वेष्ठित गर्न सक्दैन। सङ्घर्षका रुपहरुको सन्दर्भमा पनि जबज क्षणिक आवेश, उत्तेजना, लहडबाजी, तात्कालिक परिस्थितिको आधारमा मात्रै नीतिनिर्माण गरेर चल्ने, अहिलेको आवश्यकतालाई हेरेर त्यही आवश्यकता नै सबैथोक हो भनेर चल्ने, अहिलेको परिस्थितिले जुन कुराका लागि अनुमति दिन्छ, त्यही कुरा नै सर्वकालिक हो, सार्वभौम हो भनेर सोच्ने काम गर्दैन। परिवर्तनको सन्दर्भमा, रुपान्तरणको व्यवस्थापनको सम्बन्धमा, परिस्थिति कस्तो छ, शक्तिसन्तुलन कस्तो छ, उपलब्धता के छ, जनता चेतनाको स्तर कस्तो छ, राष्ट्र र अन्तर्राष्ट्रिय अवस्था कस्तो छ जस्ता सबै कुरा हेरेर आफ्ना नीति, बाटो र दिशा तय गर्दछ ।

कतिपय मानिसहरुले प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था नै जबज हो भनेर ठान्दछन् । त्यो पनि हो तर जबज त्यति मात्र होइन । बहुदलीय प्रतिस्पर्धालाई मात्रै जबज हो भन्ने ठानियो भने हामीले आफूमाथि लागेको बुर्जुवा, संशोधनवादी भन्ने आरोपलाई पुष्टि गर्न पुग्नेछौं, त्यतिमै सीमित हुनेछौं । त्यस्तै, यतिबेला संवैधानिक र कानुनी बाटाहरु उपलब्ध छन् । यतिबेला राजतन्त्र छैन, गणतन्त्र छ । यतिबेला तानाशाही होइन, लोकतन्त्र छ । यसलाई व्यवस्थित गर्नुपर्ने र मूर्तरुप दिनुपर्ने अवस्था छ । यतिबेला यी कुराहरु छन् तर यी कुराहरु फेरि सर्वकालिक होइनन् ।

**परिवर्तनको बाटोका सम्बन्धमा जबजका मान्यता**

जतिबेला दुनियाँमा उपनिवेशवाद थियो, राष्ट्रिय स्वाधीनताका लागि भएका स्वतन्त्रताका आन्दोलनहरु शान्तिपूर्ण र गैरशान्तिपूर्ण दुवै रूपमा चलेका थिए । तर, आन्दोलनमा वैदेशिक हस्तक्षेप र दमन थियो भने उक्त हस्तक्षेप सेनाबिनाको सैद्धान्तिक हस्तक्षेप मात्रै थिएन । चीनमा जापानको सेनासहितको उपस्थिति थियो भने चीनले कुनै शान्तियात्रा गरेर, पुराण लगाएर र 'ओम शान्ति' मन्त्रोच्चारण गरेर जापान फर्किदैनथ्यो । उसले दुईवटा कुराहरु खोज्यो, कि अनवरत शासन कि फासिस्ट दमन । जनता र राष्ट्रलाई राष्ट्रिय अधिकार चाहिन्थ्यो । त्यस मागलाई जब हिंसात्मक ढङ्गले दमन गरियो त्यतिबेला त्यसको प्रतिरोध र राष्ट्रिय स्वाधीनताको लडाइँ उचित मात्र होइन, आवश्यक नै थियो । त्यहाँ जापानलाई मान्नुपर्दछ, उसको विरोध गर्न पाइन्न भन्ने जापानले दिएको कानुन थियो, चिनियाँ जनताले बनाएको कानुन थिएन । त्यही कानुन र संविधान मानेर चल्नु सम्भव थिएन, शान्तिपूर्ण बाटा र विधिहरु मानेर चल्नु सम्भव थिएन । त्यस्तो अवस्थामा राष्ट्रिय स्वाधीनताका निम्ति त्यहाँको सङ्घर्ष जायज थियो ।

भारतमा ब्रिटिस उपनिवेश थियो । पादरीहरु मात्र आएका थिएनन्, त्यहाँ सेनासहितको बेलायती साम्राज्य आएको थियो । र, सेनासहितको उपस्थिति कुनै आग्रह र शान्तियाचनाबाट हट्नु सम्भव थिएन । बेलायतले भारतमा शासन कायम गर्दै साधनस्रोतलाई शोषण गर्न चाहन्थ्यो । त्यसका विरुद्ध ऊ टिक्न नसक्ने गरी सशक्त राष्ट्रिय प्रतिरोध आवश्यक थियो, त्यस्तो दबाबले मात्र ऊ विस्थापित हुनसक्थ्यो । त्यसकारण त्यो स्वतन्त्रताको सङ्ग्राम आवश्यक र सान्दर्भिक थियो । त्यसलाई शान्तिपूर्ण ढङ्गले सफल हुने दिशामा सम्बोधन गर्न ब्रिटिस शासन तयार हुन्थ्यो कि हुँदैनथ्यो ? त्यो इतिहासले मूल्याङ्कन गर्ने कुरा हो । त्यसकारण हामी त्यत्तिकै कुनै कुरालाई पनि स्वीकार वा अस्वीकार गर्न सक्दैनौं । मुख्यरुपमा स्वाधीनताको सङ्ग्रामलाई स्वीकार गर्नुपर्दछ । त्यो चाहे सुवासचन्द्र बोसको लाइनमा होस् चाहे त्यो मोहनदास करमचन्द गान्धीको लाइनमा होस् । ती दुवैको उद्देश्य मिलेको थियो । एउटाले अर्कोलाई मद्दत पुऱ्याएको पनि हुनसक्दछ । त्यसमा रहेको समानता भनेको एउटै उद्देश्यका लागि फरकफरक बाटो र फरकफरक प्रयास थियो ।

जब मुलुकमा तानाशाही हुन्छ, जब शान्तिपूर्ण बाटा र विधिहरु उपलब्ध हुँदैनन्, जहाँ जनताले शान्तिपूर्ण ढङ्गले विचार बनाउने, व्यक्त गर्ने, सङ्गठन बनाउने र माग प्रस्तुत गर्ने अवसर पाउँदैनन् र शान्तिपूर्ण ढङ्गले जनताका आकाङ्क्षाहरु प्रतिबिम्बित गर्न र न्यायिकतामा पुग्न दिइँदैन, त्यस्तो अवस्थामा जनताले प्रतिरोधपूर्ण ढङ्गले अगाडि जानुपर्ने हुन्छ । जनताको आवाजलाई हिंसाको बलमा राज्यले दमन गर्दछ भने जनताले प्रतिरोध गर्दा हिंसा उत्पन्न हुन सक्दछ । त्यसलाई हामी अस्वीकार गर्न सक्दैनौं । त्यसै गरेर वैधानिक र अवैधानिक सङ्गठनहरुको पनि कुरा आउँछ । पञ्चायत कालभरि दलहरु प्रतिबन्धित र भूमिगत अवस्थामा रहे । त्यो अवाञ्छित हुने तर जनताका विरोधी र तानाशाहहरु सङ्गठित भएर जनतामाथि राज्य गरिरहन पाउने भन्ने चाहिं न्यायसङ्गत हुन सक्दैन । त्यसैले ती प्रतिबन्धलाई अस्वीकार गर्नु भूमिगत हालतमा पनि पार्टी बनाउनु र सङ्घसंस्था खोल्न नपाउने अवस्थामै खोलेर, कानुनलाई छलेर वा तोडेर चलाउनु र अन्तिममा संविधान र कानुन बदल्ने गरी दबाब सिर्जना गर्नु अनुचित होइन ।

२००७ सालमा राणाशाहीका विरुद्ध जुन ढङ्गको आन्दोलन भयो, तात्कालीन सन्दर्भमा त्यो ठिक थियो । ०४६ सालमा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थितिले शान्तिपूर्ण आन्दोलन सफल हुने परिस्थिति सिर्जना भयो । ०६२-०६३ मा शान्तिपूर्ण आन्दोलन सञ्चालन गर्न सम्भव हुने भयो । हाल शान्तिपूर्ण बाटाहरु उपलब्ध छन्, संवैधानिक बाटा र विधिहरु उपलब्ध छन्, राजतन्त्र समाप्त भएको छ, जनताको हातमा शासन छ । यो जनताद्वारा निर्वाचित संविधानसभा छ, संसद् छ । विद्रोही र अन्य पक्षहरुसमेत भएर संयुक्त रुपमा बनाइएको संविधान छ । र, फेरि पनि जनताका विचार लैजान, सङ्गठन गर्न, समर्थन प्राप्त गर्न र जुनसुकै निर्णय पनि गर्न सकिने अवस्था छ । संविधानसभाले दुई सय ४० वर्षको राजतन्त्र समाप्त भो भनेर एउटा निर्णय गर्दा राजतन्त्र समाप्त हुनसक्ने अवस्था छ भने जनता जुनसुकै कुरामा पनि निर्णय गर्न र कार्यान्वयन गर्न सक्षम छन् । त्यस्तो अवस्थामा फेरि हिंसाको बाटो, हिंसाको औजार, हिंसाको विधि सही हुन सक्दैन । जबजको सङ्गठन र सङ्घर्षका स्वरुपहरुसम्बन्धी अत्यन्त व्यवस्थित उन्नत वैज्ञानिक मान्यताहरु यी हुन् । र, कुनै पनि एउटा मान्यता भनेर एउटा मात्रै मान्यतालाई सिफारिस गर्न सकिँदैन, त्यो परिस्थितिअनुसार हुने गर्दछ ।

**माओवादीको विचलन**

जब एकीकृत नेकपा (माओवादी)ले बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्था, बहुलवादी समाज, लोकतान्त्रिक राजनीतिक प्रणाली, निर्वाचित सरकार, निर्वाचनको व्यवस्था प्रणाली सबै कुरा हुँदाहुँदै पनि हिंसालाई सिद्धान्तको र छनोटको विषय बनाएर अपनायो, यसमा हाम्रो गम्भीर असहमति र विरोध हो । यो सही सावित हुनै नसक्ने अनावश्यक, अनुचित र हानीकारक नीति र व्यवहार हो ।

भर्खरै एनेकपा माओवादीले व्यापक अनिश्चितकालीन व्यापक आमहड्ताल कार्यकर्ताद्वारा गरेको देखियो । यसलाई हेरेर अवस्थामा अब ०६२-०६३ को आन्दोलन या ०४६ सालको आन्दोलन सम्झिनुपर्छ भन्ने तर्क पनि सुनिए । ०४६ सालमा आन्दोलन गर्दा राजा वीरेन्द्रको सामन्ती राजतन्त्रको सक्रिय नेतृत्वमा तानाशाही पञ्चायती व्यवस्था थियो । त्यसैगरी, ०६२-०६३ मा लादिएको तानाशाही सामन्ती राजतन्त्र र निरंकुश राजा ज्ञानेन्द्रको शासन थियो । त्यसका विरुद्ध लोकतान्त्रिक पार्टीहरुको अगुवाइमा लोकतन्त्र प्राप्तिका निम्ति जनताको आन्दोलन भएको थियो । यसकारण लोकतान्त्रिक ढङ्गले निर्मित सरकार र लोकतान्त्रिक पार्टीहरुका विरुद्ध एउटा एकदलीय एकाधिकारवादी तानाशाहीको वकालत गर्ने, संविधान र कानुन नमान्ने, स्वेच्छाचारी, उग्रवामपन्थी, अतिवादी सङ्गठन वा समूहको नेतृत्वमा त्यस्तै जनआन्दोलन चल्छ भन्ने भ्रम पाल्नु गलत हो । यो राजनीतिक अज्ञानता हो । यो बेसार र सुनको टुक्रो छुट्टयाउनु नसक्नुजस्तै हो । आन्दोलन भनेपछि जनता जसले आह्वान गरे पनि कुदिहाल्छन् भन्ठान्नु भ्रम हो । आन्दोलनमा जनता कुद्छन् तर बितण्डामा जनता कुद्दैनन् । वास्तवमा सिद्धान्तको विषय बनाएर, लहडको विषय बनाएर, संविधानसभा हुँदाहुँदै, निर्णय गर्ने ठाउँ हुँदाहुँदै, त्यस ठाउँमा प्रमुख पार्टीको हैसियतमा आफू हुँदाहुँदै, आफ्नो नेतृत्वको सरकार बेढङ्गी र अराजक ढङ्गले गुमाएर अनि निहुँ खोजेर जनता ओर्लिदेऊ, असफल भैसकेको फलानो व्यक्तिलाई फेरि प्रधानमन्त्री बनाउन तिमीहरु बलिदान गर्न तयार होऊ भन्ने मागका साथ उत्रिनु अनि त्यो सफल हुन्छ भनी ठान्नु नै मूर्खता हो । यदि मूर्खता होइन भने पनि त्यो विश्लेषणको कमी वा त्रुटि हो । त्यही त्रुटिले नै आफ्ना कार्यकर्ताबाहेक अरुलाई जनता नमान्ने, शान्ति चाहने जनतालाई भिजिलान्ते, गुण्डा, भाडाका टट्टु भन्ने, अनि लोकतन्त्र र शान्तिका पक्षमा उभिने पत्रकारका क्यामरा फुटाउने, अङ्गभङ्ग गर्ने, शारीरिक हमला गर्ने बिन्दुमा पुग्यो । तथाकथित महान् तेस्रो जनआन्दोलन पत्रकारका क्यामरा फुटाउने ठाउँमा गएर टुङ्गियो । यस्ता क्रियाकलापले आजभन्दा झन्डै दुई सय वर्षअगाडि बेलायतको लुडाइट आन्दोलन या फ्रान्सको लियोका मजदुरहरुले मेसिनमाथि आक्रमण गर्ने गरी गरेको ध्वंसात्मक र न्यून चेतनाको आन्दोलनको झल्को दिन्छ ।

उग्रपन्थी, असान्दर्भिक र असामयिक सोचहरुबाट नेपाली समाज परिवर्तन हुन सक्दैन । यसलाई रुपान्तरण गर्नका लागि जबजजस्तो वैज्ञानिक तथा समुन्नत सिद्धान्त र कार्यक्रमको आवश्यकता छ । यसैअनुसार मात्रै समाज अगाडि जानसक्छ । आज गणतन्त्रलाई संस्थागत गर्नु छ । आज लोकतन्त्रलाई मूर्त रुप दिनु छ । जनताको लोकतन्त्र के हो ? त्यो स्पष्ट खाका हामीले तयार गर्नु छ । सामाजिक, आर्थिक न्यायसमेतको पूर्णलोकतन्त्र के हो ? आमसभा प्रदर्शन, जुलुस प्रदर्शन र विपक्षीको हक मात्रैको कुरा होइन । समृद्ध र आधुनिक समाज, कानुनी राज भएको समाज, सुशिक्षित समाज प्रविधि विज्ञान मात्र होइन, समग्र शिक्षा, सामाजिक मूल्यमान्यताहरुको उचाइमा उठेको शिक्षाद्वारा शिक्षित प्रशिक्षित आत्मनियन्त्रित अनुशासित लोकतान्त्रिक समाज हो । यस्तो मान्यता नभईकन समाज अगाडि लान सकिँदैन । यो कुरा जबजले मात्रै गर्न सक्दछ ।

**सैद्धान्तिक विकासक्रममा जबज**

नेपाली समाज धेरै ढिलो आधुनिक युगमा प्रवेश गऱ्यो । एक सय चार वर्षसम्मको राणाशासनमा बन्द समाज र तानाशाही दमनका कारण विचार बुझ्ने, बनाउने, त्यो विचार विस्तार गर्ने र त्यसका आधारमा सङ्गठन गर्ने कुनै सम्भावना थिएन । त्यस्तो अवस्थामा जनताको प्रतिरोध र प्रतिक्रियाका कतिपय कुराहरु आए । लखन थापा विद्रोहलाई या प्रचण्ड गोर्खा र त्यसका गतिविधिलाई त्यतिबेलाको स्थितिको सापेक्षतामा हेर्नुपर्छ । प्रजापरिषद्को स्थापना, त्यसका गतिविधि र त्यसमाथिको दमनका क्रमलाई हामीले तत्कालीन नेपाली समाज एउटा छटपटीको अवस्थामा रहेको तर परिवर्तनका निम्ति अनुकूल वातावरण बनिनसकेको, सहेर पनि चलिरहन नसक्ने तर फेर्नसक्ने अवस्था पनि बनिनसकेको अवस्थाको रूपमा हेर्नुपर्छ । उक्त आन्दोलनमाथिको दमनका क्रममा हत्या, हिंसा, चारपाटा मुण्डन, जेलनेल र यातनाले दमनसँगै जागरणको सन्देश पनि प्रवाहित गऱ्यो । त्यसपछिको १० वर्ष अर्को एउटा उकुसमुकुस, छट्पटी र विद्रोहको अवस्थाबाट गुज्र्यो । दुई भिन्न वर्गका प्रतिनिधि राजनीतिक शक्तिका रूपमा कम्युनिस्ट पार्टी र काङ्ग्रेस पार्टीहरु स्थापना भए । आफ्ना दर्शन, विचार, सिद्धान्त र कार्यक्रमहरुसहित तिनीहरु मैदानमा उत्रे । अब राणा शासनको समाप्ति अनिवार्य भयो । त्यस्ता नयाँ र आधुनिक कुराहरु पैदा भए, जसलाई समाप्त पार्न सकिँदैनथ्यो, जसको दबाब राणा शासनले थेग्न सक्दैनथ्यो । तर, उसले शासन छोड्न नमानेपछि झडप हुनु अनिवार्य थियो । लोकतान्त्रिक शासन भएको भए लोकतान्त्रिक ढङ्गले नै हेरफेर हुन्थ्यो । अलोकतान्त्रिक चरम जहानियाँ निरङ्कुश राणाशासन हुनाले त्यसको चर्को प्रतिरोध हुनु अनिवार्य थियो । आन्दोलनको आह्वान भयो र त्यसले राणाशासनलाई समाप्त पाऱ्यो ।

आधुनिक युगमा प्रवेश गर्ने व्यवधानका रूपमा रहेको राणाशासन र त्यसको तानाशाही दमन समाप्त भएपछि र पहिल्यै सामन्तवादको ठाउँमा विभिन्न रूपमा प्रवेश गरिसकेको पुँजीवादको प्रवेशले यो प्रक्रियालाई तीव्र पाऱ्यो । पुँजीवाद आर्थिक क्रियाकलापका रुपमा मात्रै प्रवेश गरेन, विचारमा पनि प्रवेश गऱ्यो । विचारमा पुँजीवाद मात्रै प्रवेश गरेन वैज्ञानिक समाजवाद पनि प्रवेश गऱ्यो । यो वैज्ञानिक समाजवाद र लोकतान्त्रिक पुँजीवादी मान्यता दुईवटाको वैचारिक र व्यावहारिक संयुक्त प्रहार राणाशासन जस्तो मक्किएको व्यवस्थाले धान्न सक्दैनथ्यो । २००७ सालको परिवर्तन त्यही उसको धान्ने क्षमताको अभाव र ऐतिहासिक रुपमा असान्दर्भिक र थोत्रो तथा टिक्न नसक्ने अवस्थामा पुग्ने कुराको परिणाम थियो । नेपाल नयाँ र आधुनिक समयमा प्रवेश गऱ्यो । २००७-२००८ सालमा मजदुरबाहेक महिला, युवा,

विद्यार्थी र किसानहरुमा पनि वर्गीय र सामुदायिक चेतना, सङ्गठन र सङ्घर्षजन्य गतिविधिहरुमा जाने कुराको प्रारम्भ हुन्छ । २००७ सालको सेरोफेरोमा यी वर्ग र समुदायहरुमा पनि जागरणको अवस्था देखिन्छ ।

त्यसपछि कम्युनिस्ट आन्दोलन वा प्रजातान्त्रिक भनिएको आन्दोलनमा तिनीहरुले गरेका कमीकमजोरी र भुलचुकहरु, तिनीहरुले समयसँगै पाएका समर्थन र गुमाएका उपलब्धिहरुको समीक्षा अहिले यहाँ सम्भव छैन । तर, नेपाली समाजले चाहेको वास्तवमा सामाजिक न्याय र आर्थिक समानतासहितको राजनीतिक स्वतन्त्रता र हकअधिकारसहितको नेपाली समाज, आधुनिक, वैज्ञानिक, उन्नत र समृद्ध समाज बनाउने चाहना परिकल्पना भने पूरा हुनसकेको छैनन्, जसलाई पूरा गर्ने अभियानमा हामी छौं ।

मानवीय चाहनाहरुलाई हाम्रा ऋषिमुनिहरुले उहिले नै 'सर्वेभवन्तु सुखिन, सर्वे सन्तु निरामया' भनेर भनेकै हुन् । तर, त्यो कसरी प्राप्त हुन्छ भन्ने कुरा नै समस्याको रुपमा रह्यो । तत्कालीन नेकपा (माले)को चौथो महाधिवेशनले कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरणको सम्बन्धमा जननेता मदन भण्डारीको अगुवाइमा ठूलो फड्को ल्याउने खालका निर्णयहरु गऱ्यो । त्यसको श्रेय कतिपय व्यक्तिहरुले लिने अनुचित र असम्भव प्रयास गरेको पनि देखिन्छ । पछिसम्म पनि जनताको बहुदलीय जनवादसँग असहमत र विरोधमा भएका व्यक्तिहरुले आफूलाई अगाडिदेखि नै त्यसको आदि व्यक्तित्वका रुपमा र त्यसको जग खडा गर्ने व्यक्तिका रुपमा प्रस्तुत गर्नखोज्नु हास्यास्पद हुन्छ । चौथो महाधिवेशनको सन्दर्भमा जबजका पूर्वाधारहरु वा त्यस दिशाको यात्राको कारकमा त्यस काममा जननेता मदन भण्डारीको अगुवाइ थियो । त्यसैकारण मदन भण्डारीलाई नै चौथो महाधिवेशनले आफ्नो नेताका रुपमा स्थापित गऱ्यो । पदीय जिम्मेवारी र नेतृत्व, राजनीतिक नेतृत्व र वैचारिक नेतृत्व एउटै कुरा होइन । पदीय जिम्मेवारी अनेकले लिनसक्छ, नेपालको कम्युनिस्ट आन्दोलनमा थुप्रै व्यक्तिहरु थुप्रै समूहहरुमा महासचिव भए । तर, अहिलेसम्मका नेताहरुमा संस्थापकको हिसाबमा र यसका प्रथम वैचारिक प्रणेताका रुपमा पुष्पलालले नेपाली कम्युनिस्ट आन्दोलनलाई ठूलो गुन लगाउनुभएको छ । त्यसपछि नेपाली समाज, राजनीतिक क्षेत्र र सामाजिक क्षेत्रमा वैज्ञानिक चिन्तन ल्याउने अर्को व्यक्तित्व जननेता मदन भण्डारी नै हुनुहुन्छ । उहाँले नेपाली समाजको परिवर्तनका निम्ति मार्गदर्शन गर्ने जबज जस्तो सिद्धान्त र कार्यक्रम प्रतिपादन गरेर अर्को असाधारण गुन लगाउनुभएको छ ।

कसैले यस विचारसँग असहमति जनाउँदै भडकावयुक्त गतिविधिहरु गरेका हुन सक्छन् । कहिलेकाहीं त्यसको तामझाम धेरै ठूलो पनि हुनसक्छ । तर, त्यो अन्तिममा गएर गलत सावित हुनसक्दछ । माओवादीले 'महान् जनयुद्ध' त्यसलाई भन्दाभन्दै स्थगित गर्नुपऱ्यो । लडाकुलाई 'क्यान्टोनमेन्ट'मा राख्नुपऱ्यो । हतियार गोदाममा राख्नुपऱ्यो । 'महान् जनयुद्ध' भए त चल्थ्यो, सफल हुन्थ्यो नि ! यदि त्यो महानै हुन्थ्यो भने ? 'महान् जनयुद्ध' लाई किन *स्टोर*मा राख्नुपर्थ्यो तर, जबज त्यसरी जानुपर्दैन । यसलाई 'क्यान्टोनमेन्ट'मा थन्क्याउनुपर्दैन, स्टोरमा भन्डारण गर्नुपर्दैन । अस्वीकार गर्दागर्दै जबजमै आउन बाध्य हुनुपर्छ । तपाईंले एउटा ढुङ्गा समातेर भन्नुस् यो म धर्तीमा ढुङ्गा राख्दिनँ, आकाशमा फ्याँक्छु । तर, जति फ्याँके पनि ढुङ्गा फेरि धर्तीमै झर्छ । राजनीतिक स्वतन्त्रताको मात्रै वकालत गरेर आर्थिक न्याय र समानतालाई नजरअन्दाज गर्नेहरु कसरी फेरि धर्तीमै फर्केर आउन बाध्य भएका छन्, यसलाई हेर्दा स्पष्ट हुन्छ । २००७ साल र त्यसभन्दा पछि ०६२-०६३ को आन्दोलनको आसपाससम्म कम्युनिस्ट पार्टी र काङ्ग्रेसबीचको लडाइँ राजतन्त्र कि गणतन्त्र भन्ने कुरामा हो । राजनीतिको मुख्य मतभेद भनेको लोकतान्त्रिक गणतन्त्र कि संवैधानिक राजतन्त्र भन्नेमा थियो । पुग्यो कहाँ ? अब यसमा वाक चतुऱ्याइँको के अर्थ छ र ?

कम्युनिस्ट आन्दोलनले पुष्पलाल श्रेष्ठको नेतृत्वमा २००६ सालमा गणतन्त्र स्थापनाको सैद्धान्तिक उद्देश्य जुन राख्यो, त्यो सही थियो । झापा आन्दोलनले निरङ्कुश राजतन्त्र चलेका बेला राजतन्त्रको अन्त्य र गणतन्त्रको माग एकसाथ उठाएको हो । आमरुपमा कम्युनिस्ट आन्दोलनले भन्दै आएको लोकतान्त्रिक गणतन्त्रको माग ठिक थियो । त्यसमा अब थप तर्क र कसरत गरिरहनुपर्ने आवश्यकता छैन । त्यसै गरेर १० वर्षे महान् जनयुद्धलाई भन्डारण गरियो, सहरी विद्रोह क्यामरा फुटाउने कुरामा टुङ्गियो । अब फेरि तर्कको कति आवश्यकता छ ?

यी कुराहरुले जबजको शालीन विधिलाई पुष्टि गर्छन्, जसका लागि थप तर्कको आवश्यकता छैन । आजको समग्र नेपाली समाजलाई जबजले निर्देशित गरेको छ । राजनीतिमा विग्रहहरु हुने गर्दछन्, विद्रोहहरु हुने गर्दछन् । तर, जनताको बहुदलीय जनवादले ती सबैलाई भ्रान्त धारणाहरु छोड्न र वैज्ञानिक, आधुनिक, सर्वपक्षीय, अग्रगामी, परिवर्तनकारी, न्याय र समानतामा आधारित, उन्नत धारणाहरुमा उठ्न, बिनाआग्रह त्यो दिशामा अघि बढ्न र नेपाली समाजलाई अगाडि बढाउन आग्रह गर्दछ । यसले विगतका कमीकमजोरीहरुका आधारमा कसैप्रति पनि प्रतिशोधपूर्ण भाव राख्दैन । यसले नेपाली समाजलाई सुन्दर बनाउने अठोट गर्दछ, त्यसका लागि मार्गदर्शन गर्दछ । ❒

# मदन भण्डारीको वैचारिक विकास

**❒ मुकुन्द न्यौपाने**

नेपालको कम्युनिस्ट आन्दोलन २०२० दसकको अन्त्यको हाराहारीबाट ०३० को दशकको अन्त्यसम्म फुट, विभाजन, एकअर्काप्रति चरम द्वेष, आरोप-प्रत्यारोप नयाँ पिँढीद्वारा पुरानोको विरुद्धको विद्रोह र पुनःगठनको नयाँ थालनीको अवस्थाबाट गुज्रेको देखिन्छ । ०२८ सालमा मनमोहन अधिकारीले नेतृत्व गरेको पूर्वकोसी प्रान्तीय कमिटीबाट झापा जिल्ला कमिटीले आफू अलग भएको र त्यसले सशस्त्र विद्रोहको थालनी गरेको घोषणाले सिङ्गो कम्युनिस्ट आन्दोलनभित्र एउटा हलचल पैदा गऱ्यो । देशका विभिन्न भागमा गुट र उपगुटमा छरिएर बसेका कम्युनिस्ट सङ्गठन र निर्वासनमा बसेका कम्युनिस्ट गुटभित्रका युवाहरूमा समेत त्यसले तरङ्ग सिर्जना गरेको देखिन्छ । झापा आन्दोलनको उतारचढाव, प्रचार र विस्तारकै क्रममा नेपालको दाङदेखि भारतको बनारससम्म त्यसको प्रभाव तीव्र गतिमा पर्न गएको स्पष्ट हुन्छ । यसैको परिणामस्वरूप पूर्व कोसीबाट फुटेको झापा जिल्ला कमिटी र मोरङ जिल्ला सङ्गठन कमिटीको प्रयासमा ०३२ साल जेठ २५ गते सीमित जिल्लाको प्रतिनिधित्व गर्दै गठन भएको कोअर्डिनेसन केन्द्र (कोके)को फैलाव र विस्तार तीन वर्षमै झन्डैझन्डै देशका धेरै भागमा पुग्यो । ०३४ को साउनमा धनुषाको कचुरीमा भएको कोके तेस्रो सम्मेलनमा पुग्दा देशका सात अञ्चल र ४० भन्दा बढी जिल्लामा यसको प्रभाव विस्तार भयो । धनुषाको कचुरीमा भएको तेस्रो सम्मेलनबाट वैचारिक बहसको नयाँ शृङ्खला पनि सुरु भयो । काकेले बोकेको तत्कालीन अवधारणामाथि मणिलाल राईले प्रहार र पुष्पलाल समूहबाट आएका मोदनाथ प्रश्रित, जीवराज आश्रित र मदन भण्डारीजस्ता उच्चशिक्षा हासिल गरेका र मार्क्सवादको बारेमा अध्ययनशील साथीहरूको उपस्थिति पनि यो नयाँ शृङ्खलाका कारण थिए ।

कोकेको तेस्रो सम्मेलनमा सामेल भएका पूर्वको रातो झन्डा र पुष्पलालबाट आएका मुक्तिमोर्चा समूहका साथीहरू भने वाई र एक्सको नामबाट आएको विचारहरूको विरोधमा पहिलोपटक सामेल हुँदै हुनुहुन्थ्यो । उहाँहरूमा सीपी मैनालीको एकछत्र प्रभाव थियो । सीपीसँग मणिलाल राईले उठाएका कतिपय जायज सैद्धान्तिक सवालमा मेरो र ईश्वर पोखेलको धेरैपटक बहस भइसकेको थियो । मणिलाल स्थापित हुन्छ कि भन्ने डर सीपीलाई थियो । त्यसैले त्यस बैठकमा मणिलाल राईमाथि अनावश्यक लाञ्छना लगाउने कामसमेत भयो र मणिलालको विरोधमा प्रस्ताव पारितसमेत भयो । मणिलाललाई चौथो महाधिवेशनबाट फुटाएर कोकेमा ल्याउने पहल म आफैंबाट भएको र मेरो आफ्ना कतिपय विचारको प्रतिनिधित्व पनि मणिलाल राईको पत्रले गरेकाले म सिधा सीपीको पक्षमा जान सक्तिनथें । त्यहाँको माहोलमा मणिलालमाथि अन्याय भयो भनेर जाने स्थिति पनि थिएन । त्यसैले भित्र बसेर वैचारिक सङ्घर्ष निरन्तर चलाउने निधोमा म पुगें । त्यहाँको तीन दिनको बसाइमा मुक्तिमोर्चाबाट आएका साथीहरूको सङ्गत र उहाँहरूको अध्ययन-अनुभवले ममा एउटा नयाँ उत्साह, जाँगर तथा जोस थप्ने काम गऱ्यो । त्यस भेलामा व्यक्तिगत रूपमा पनि हामी धेरै नजिक भयौं । धारणागत रूपमा हामीभित्र उग्रवामपन्थता एक प्रकारको थियो । उमेर अनुभव पनि उस्तै थिए । मनमोहन र पुष्पलालप्रति हामीले लगाएका आरोप र विशेषताहरू पनि मिल्दाजुल्दा थिए । अझ पुष्पलालप्रतिको विश्लेषण र आरोपमा हामीभन्दा पनि उहाँहरू अगाडि देखिनुहुन्थ्यो । म सबैभन्दा बढी मदन भण्डारीसँग नजिक भएँ । त्यसको कारण राजनीतिक मात्र थिएन । उहाँ मिठो स्वरमा गाउनुहुन्थ्यो, गीत र कविता लेख्नुहुन्थ्यो । मेरो स्वर नभए पनि मौका पर्नासाथ गीत गाइहाल्थें । म गीत र कविता चाहिँ निकै नै लेख्ने गर्थे । यो गीत र कविताको आदानप्रदानले हाम्रो व्यक्तिगत हेमखेम पनि बढ्दै गयो र मैले मणिलाल राईले उठाएका कतिपय सवालहरूको बारेमा उहाँसँग कुरा पनि राखें । मुक्तिमोर्चाबाट आएका साथीमध्ये प्रश्रित रूपन्देहीतिरै धेरै बस्ने भएकाले मैले त्यति छलफल गर्न पाइनँ । जीवराज आश्रित सीपीका कमीकमजोरीबारे सुन्नै चाहनुहुन्नथ्यो तर मदन भण्डारीमा कुरा सुन्ने र छलफल गर्न उत्सुक हुने कार्यशैलीले हामीबीच विचारको आदानप्रदानमा पनि केही तीव्रता आयो । अर्को कुरा म मार्क्सवादी दर्शन पढ्न असाध्यै रुचाउँथे र रुसबाट हिन्दीमा अनुवाद भएका किताब खोजीखोजी पढ्थें । मेरो पढेका कुरा नोट गर्ने बानी थियो । लेनिनका किताबका कैयौं उद्धृत उक्तिहरू पनि मैले नोट गरेको थिएँ । मेरो यस कुराले पनि उहाँलाई मेरो नजिक गरायो । मदन भण्डारीको राजनीतिक ज्ञान माथि थियो र उहाँले लेनिनका किताब धेरै पढ्नुभएको थियो । उहाँ लेनिनबाट धेरै प्रभावित हुनुहुन्थ्यो । मलाई 'तपाईं लेनिनका किताब अलिक पढ्ने गर्नुहोस्, विरोधीका हड्डी गलाउने तागतिला शब्द भेट्टाउनु हुनेछ' भन्नुहुन्थ्यो । तर पनि, प्रारम्भिक कालमा म उहाँलाई आफूभन्दा माथिल्लो स्तरको अध्ययन भएको नेताको रूपमा पाउँदिनथें ।

०३५ साल पुस ११ गतेदेखि १७ गतेसम्म उहाँकै व्यवस्थापनमा मोरङको इँटहरामा नेकपा (माले)को प्रथम सम्मेलन भयो । सात दिनसम्म चलेको यो सम्मेलनमा भएका बहस र छलफलले हाम्रा वैचारिक, राजनीतिक समझदारीलाई अरू समीप बनाइदियो। उहाँ कोसी इन्चार्ज हुनुहुन्थ्यो म नारायणीको इन्चार्ज थिएँ। पुसमा सम्मेलन भयो, फागुनदेखि मुलुकको राजनीतिमा केही चहलपहल सुरु भयो। खासगरी, विद्यार्थी गतिविधिहरू बढ्नथाले। चैतमा पाकिस्तानका राष्ट्रपति जुल्फीकर अलि भुट्टोको फाँसीको विरोधबाट सुरु भएको काठमाडौंको विद्यार्थी प्रदर्शनले उग्र रूप लिंदै गएपछि त्यो जनआन्दोलनमा रूपान्तरण भयो र नारायणी अञ्चलको हेटौंडामा ठूलो जनप्रदर्शन भयो। चितवन, पर्सा, बारा, रौतहटमा पनि स्वतःस्फूर्त आन्दोलनहरू हुनथाले। पार्टी केन्द्रको यसमा कुनै योजना पनि थिएन, निर्देशन पनि थिएन। आफ्नै ढङ्गले ती आन्दोलनको नेतृत्वमा लाग्यौं, आफैं नारा बनायौं, आफैं पर्चा छपायौं। राजाले जनमतसङ्ग्रहको घोषणा गरेपछि मात्र हाम्रो केन्द्रसँग सम्पर्क र छलफल सुरु भयो। यो ०३५-०३६ सालको आन्दोलन र जनमतसङ्ग्रहको घोषणापछि अब मालेमा नयाँ आयामको सैद्धान्तिक राजनीतिक बहस सुरु भयो। जनमतसङ्ग्रहलाई हेर्ने दृष्टिकोण, यसको बहिस्कार कि उपयोग आदिजस्ता कुराले मालेमा व्यापक सैद्धान्तिक बहसको सिर्जना गऱ्यो। लेनिनका दुई कार्यनीति, मेन्सेभिक र बोल्सेभिकबीचको विवाद, दुमाको बहिस्कार र पछि संसद्मा भाग लिने, सम्झौता नै किन भन्नेजस्ता लेनिनका किताबमा आधारित भएर चलेका बहसले एमालेको नेतृत्वपंक्तिभित्र राजनीतिक र सैद्धान्तिक स्तरले एउटा फड्को माऱ्यो। यसैबीच, मणिलाल राईले उठाएका सवालहरू, अन्य पार्टीमाथि पहिले गरिएका विश्लेषणको बारेमा पुनःमूल्याङ्कनका प्रश्नहरू उठ्नथाले। यो ०३६/०३७ सालमा आएको जनजागरण र एमालेभित्रको उकुसमुकुसपूर्ण सङ्क्रमणकालीन अवस्थाभित्रको वैचारिक बहसले मदन भण्डारीको लेखनशक्ति बहस र तर्कशक्तिलाई पनि माथि उठायो। उहाँ पोलिटब्युरोमा हुनुहुन्नथ्यो तर केन्द्रीय कमिटीमा उहाँले प्रश्नहरू उठाउने र आफ्ना पक्षमा तर्क दिन थालेपछि सीपी नाजवाफ हुनथाले र पोलिटब्युरो पनि कमजोर देखिन थाल्यो। यति भएर पनि सिङ्गै पार्टी चरम उग्रपन्थको बाटोमा थियो र जनमतसङ्ग्रहको सवालमा सही निर्णयमा पुग्न सकेन।

यसरी ०३५/०३६ को जनआन्दोलन र त्यसले उत्पन्न गरेका समस्याका सवालमा गम्भीर छलफल गर्नेक्रममा पार्टी विगतमा भएका उग्रवामपन्थी भड्कावहरूको समीक्षातर्फ पनि उन्मुख भयो। यसको उत्कर्ष रूप ०३७ साल असोजको फाखेल बैठकमा देखापऱ्यो। झापामा देखापरेको चरम उग्रवामपन्थी र त्यसभित्र रहेका गुटबन्दीको नायक सीपी हुन् भन्ने जेलका साथीहरूको चिट्ठी र मणिलाल राईको मूल्याङ्कनको विषय उठेपछि सीपी मैनालीसँग गम्भीर मतभेदहरू उत्पन्न भए। सीपी आफू वैचारिक बहसमा निरन्तर कमजोर हुँदै गएको कुरा महसुस गर्दै थिए। सैद्धान्तिक बहस र तथ्यको आधारमा सत्य पत्ता लगाउने विधिभन्दा पनि नयाँनयाँ विषय फालेर उनी आफ्नो प्रभावलाई स्थायी बनाउन चाहन्थे। ०३७ को फाखेल बैठकमा उनले 'साँठगाँठसँग नेपाली जनताको अन्तरविरोध प्रधान' छ भन्ने नारा अगाडि सारे। यसबेलासम्म घरेलु सामन्तवाद र अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवादसँग नेपाली जनताको अन्तरविरोध प्रधान छ भन्ने पार्टीको अवधारणा थियो। त्यसमा पनि अन्तरविरोधको प्रधान पक्ष घरेलु सामन्तवादसँग अभिव्यक्त भएको छ भन्ने थियो। एकाएक सामन्तवाद र साम्राज्यवादको साँठगाँठ प्रधान अन्तरविरोध छ भन्ने प्रस्ताव महासचिवबाट आउँदा सिङ्गो कमिटीभित्र गम्भीर बहस भयो। पार्टीभित्र सीपीको प्रभाव थियो। उनले आफ्नो मतलाई निर्णायक रूपमा प्रस्तुत गरे र बहुमतले पास गरे। अल्पमतमा परेका माधव नेपाल, मदन भण्डारी, मुकुन्द न्यौपानेले 'नोट अफ डिसेन्ट' लेखे र पुरानै अडानमा कायम रहे। त्यसबाहेक विगत कालमा पार्टीले गरेका राजनीतिक कामको समीक्षा, जनसङ्गठन र जनआन्दोलनलाई हेर्ने दृष्टिकोण, मणिलाल राईको मूल्याङ्कन र झापाकालमा भएका घटनाको समीक्षाको कुरा उठ्यो। बैठक हप्तौं चल्यो। लामा बहस भए। मणिलालको मूल्याङ्कनको सवाल र झापामा भएका त्रुटि सच्याउनुपर्ने कुरा उठेपछि सीपी उत्तेजित भए। उनी राजनीतिक र सैद्धान्तिक बहसद्वारा तर्क पुष्टि गर्ने कुरामा कमजोर पर्दै गएका थिए। मदन भण्डारी, झलनाथ खनाल, माधव नेपाल, मुकुन्द न्यौपाने, ईश्वर पोखरेल आदि नेताहरू जमेर बहसमा उत्रिएपछि सीपीले राजीनामा लेखेर दिए। कमिटीभित्र गम्भीर सन्नाटा छायो। त्यो उनको घुर्की थियो। राजीनामा स्वीकृत भएन। तर, उनी बहुमतको निर्णय माइन्युटमा लेख्न तयार भएनन् र झलनाथ खनालले माइन्युट लेख्नुभयो। त्यो बेला बहुमतले गरेका केही निर्णय यस्ता थिए, 'झापा आन्दोलन र त्यसपछिका कालमा कमरेड चारु मजुमदारको वर्गशत्रु खत्तम लाइनलाई अपनाउँदा निम्न गल्तीहरू भएका थिए,

- एउटा बन्धु पार्टीको नारालाई यान्त्रिक कठमुल्लावादी ढङ्गले आफ्नो देशमा आयात गर्नु,
- राजनीतिक लाइनको सही तात्पर्य नबुझी 'वर्गसत्रु खत्तम'लाई नै राजनीतिक लाइन मान्न पुग्नु,
- जनसङ्गठन र जनआन्दोलनबारे स्पष्ट र सही धारणा नभएकाले व्यवहारमा घृणित र अपराधीबारेको धारणा पनि स्पष्ट नहुनु,
- जमिनदार खत्तमलाई छापामार युद्ध देख्नु आदि।

यी कुराहरू त्यसबेला सीपीलाई पच्ने कुरा थिएन। किनभने त्यस बेलासम्म सीपीलगायत कतिपय साथीहरूमा सङ्गठनको एकमात्र रूप फौजी सङ्गठन हो र आन्दोलनको रूप फौजी कारबाही मात्र हो भन्ने ठान्थे। भारतमा चारु ममजुमदारले त जनसङ्गठन र जनआन्दोलनको बाटो संशोधनवादी बाटो हो भनेर त्यसको निषेध नै गरेका थिए।

जनसङ्गठनको मामिलामा पनि झापा कालदेखि बोकी आएको रूपलाई फाखेल बैठकले सैद्धान्तिक रूपमै सच्याउने काम गऱ्यो ।

**जनसङ्गठन र मोर्चा सङ्गठन**

युवा विद्यार्थीको क्रान्तिकारी जनसङ्गठनको रूपमा पहिलेदेखि नै बनाइँदै गरेको 'रेडगार्ड सङ्गठन' अबदेखि बनाइने छैन । यस रूपमा आजसम्म बनाइएको रेडगार्ड सङ्गठनका सदस्यहरूलाई अरू उपयुक्त सङ्गठनमा सङ्गठित गर्दै तिनीहरूलाई क्रमशः विघटन गर्नुपर्छ । यसै बैठकले निम्न जनसङ्गठन बनाउने पनि निर्णय गऱ्यो, १. युवा कम्युनिस्ट लिग, २. अखिल नेपाल किसान सङ्घ, ३. अखिल नेपाल महिला सङ्घ र ४. मोर्चा सङ्गठन । यसभन्दा पहिले पार्टीको मातहतमा जनसङ्गठन थिएनन् । विद्यार्थी र मजदुरमा रहेका सङ्गठनलाई अप्रत्यक्ष फ्र्याक्सनमार्फत पार्टीले सञ्चालन गऱ्यो । सातौं बैठकको निर्णय मालेमा एउटा उथलपुथलकारी निर्णय थियो । जनसङ्गठन र जनआन्दोलनको सवालमा झापा काल र कोके कालमा पनि बहस र छलफल नभएका होइनन् । मुकुन्द न्यौपाने र मणिलाल राईले कोके गठनअगाडि सीपी मैनालीलाई यससम्बन्धी आफ्नो धारणाको दस्तावेज नै दिएका थिए । तर, उनमा रहेको चरम दम्भ र उग्रवामपन्थी सोचले तिनको पूर्ण बेवास्ता भयो । मालेको गठन, मुक्तिमोर्चाको कोकेमा प्रवेश, ०३५-०३६ को जनआन्दोलनबाट उत्पन्न समस्या र तिनको व्यावहारिक प्रयोगको क्रममा उठेका सवाल र व्यापक छलफलबाट सातौं बैठकमा आइपुग्दा माले आफ्ना उग्रवामपन्थी चिन्तनलाई आधारभूत रूपमा सच्याउन सफल भयो । यो बैठकपछि सीपीले बोकेका राजनीतिक चिन्तनका धरातलहरू समाप्त भए । जसको कारण केन्द्रीय कमिटी र महासचिव सीपी मैनालीको बीच गम्भीर टकराव पैदा भयो । ०३७ सालको सातौं बैठकदेखि ०३९ सालको सीपी मैनालीलाई महासचिवबाट परिवर्तन नगर्दासम्मको दुई वर्षकाल मालेभित्रको वैचारिक र सैद्धान्तिक बहस र टकरावको काल रह्यो । पोलिटब्युरोले महासचिव र केन्द्रीय कमिटीको बीचमा समन्वय गराउने जमर्को गरिरहेको थियो । तर, त्यसबीचका केन्द्रीय कमिटीका बैठकहरूमा मदन भण्डारीका सैद्धान्तिक र राजनीतिक बहस र तर्कशक्तिको विकासले पूरै केन्द्रीय कमिटी प्रभावित हुनथाल्यो । मदन भण्डारी सीपीको आँखाको तारो बन्नुभयो । आफ्नो कुरो मनाउन सीपीले अनेक तरिका अपनाउने गर्थे, अरूलाई हप्काउन खोजे पनि उनी माधव नेपाल र मदन भण्डारीलाई दम्काउन सक्तैनथे । उनले माधवलाई भन्दा मदनलाई आफ्नो खतरनाक प्रतिद्वन्द्वी देख्नथाले । मदन भण्डारीमा भइरहेको तीव्र स्तर विकास उनको निम्ति एउटा समस्या थियो । एकपटक मदन भण्डारीले मसँग भन्नुभयो, 'सात दिनजति मोरङका गाउँमा सँगै बस्यौं । बाझेको बाझ्यै दिनहरू बिते । राती हिँड्दा पनि बेसरी झगडा हुने, उनी कराएपछि म पनि कराउने ।' तर, यस झगडाले मदनको स्तर बढ्दै गयो र उहाँमा एकप्रकारको गम्भीरता र परिपक्वताको विकास पनि हुँदै गयो ।

यसरी ०३७ साल असोजमा सातौं बैठकबाट अल्पमतमा परेपछि र खासगरी झापा कालमा उत्पन्न भएका उग्रवामपन्थी विचार र शैलीलाई सच्याउने क्रम सुरु भएपछि सीपीको नेतृत्व कमजोर हुँदै गयो । सिङ्गो केन्द्रीय कमिटी महासचिवका विचारका विपक्षमा भएपछि कुनै पनि बैठकहरू स्वस्थ हुन सकेनन् । हरेक पटकका केन्द्रीय कमिटीका बैठकहरूमा सीपीको राजीनामा आउने र उनलाई त्यसो नगर्न मनाउनमै समय बित्न थाल्यो । तैपनि त्यसबेला दुई वर्षसम्म न त सीपीको विकल्प खोजियो न सीपीलाई नेता नै मानियो । सीपीको विकल्पको रूपमा मुक्तिमोर्चाबाट आएका कोही साथीहरू तयार थिएनन् । मदनजीको भनाइ 'झापाली पृष्ठभूमिका साथीले नै जिम्मा लिनुपर्छ, नत्र भने पुष्पलालबाट आएकाहरूले पार्टी कब्जा गरे भन्छन् र आफ्ना विचारलाई पनि त्यसैसँग जोडेर लान्छन्' भन्ने थियो । माधव नेपाल तयार हुनुहुन्नथ्यो । माधव नेपालको विश्वास र भरोसा मदन भण्डारीमा थियो । ०३७ सालपछि सीपीको नेतृत्वदायी भूमिका कमजोर भएको अवस्थामा पार्टी सुदृढीकरण र व्यवस्थापनसम्बन्धी साङ्गठनिक राजनीतिक दस्तावेजहरू मदन भण्डारी र माधव नेपाल बसेर तयार गर्ने काम गर्नुहुन्थ्यो । महासचिवको नेतृत्वदायी भूमिका विवादास्पद र निस्क्रिय रहेको अवस्थामा पनि केन्द्रीय कमिटी एकताबद्ध र दृढ भएकाले पार्टीले आफ्ना साङ्गठनिक गतिविधि अगाडि बढाउने मामिलामा कुनै कमी आउन दिएन । ०३९ मा पर्वतको कार्कीनेटामा मालेको केन्द्रीय कमिटीको बैठक बस्यो । त्यो बैठक सातौं बैठकपछिको गम्भीर बहस र वादविवादको विषयवस्तु बोकेको बैठक थियो । सातौं बैठकमा सीपीले अघि सारेको साँठगाँठसँगको अन्तरविरोधलाई उल्टाउने मनस्थितिमा अल्पमतमा परेका साथीहरू पुगिसकेका थिए । यससम्बन्धी बहस पार्टीव्यापी रूपमा चलिरहेको थियो । अर्कोतर्फ मदन भण्डारी, मुकुन्द न्यौपाने, ईश्वर पोखरेल र वामदेव गौतमले अगाडि सारेको 'बहुदलीय गणतन्त्रको तत्कालीन कार्यक्रम' पनि बहसको अर्को गम्भीर विषय थियो । चारजना कामरेडले अघि सारेको गणतन्त्रको कार्यनीतिमा राजतन्त्रको उन्मूलन गरी जनवादी गणतन्त्रभन्दा अगाडि अन्य शक्तिलाई पनि मान्य हुने गणतन्त्रको कार्यक्रम अगाडि ल्याउनु अहिलेको आवश्यकता भन्ने थियो । तर, सिङ्गो मालेपङ्क्ति एकदलीयताको चिन्तनबाट मुक्त नभइसकेको अवस्थामा केन्द्रीय कमिटीमा पनि सहमति जुट्न सकेन र त्यसलाई भारतको जस्तो गणतन्त्र भनेर सीपीले प्रहार गरे । धेरै छलफलपछि अल्पमतको विचारलाई अपानिमार्फत जिल्ला तहसम्म लैजाने निर्णय कमिटीले गऱ्यो । त्यहाँ उठेका गणतन्त्र र प्रधान अन्तरविरोधसम्बन्धी बहसले सीपी मैनालीलाई उत्तेजित बनायो । उनले केन्द्रीय कमिटी आफ्नोविरुद्ध षड्यन्त्रमा लागेको आरोप लगाए र प्रधान अन्तरविरोधको आफ्नो धारणा उल्टिएकोमा आक्रोसित हुँदै राजीनामा दिए । त्यो उनको चौथो राजीनामा थियो । उनी राजीनामा दिएर दबाबमा निर्णय फिर्ता गराउन चाहन्थे । उनले आफ्नो विकल्प छैन भन्ने ठानेका थिए । हुन पनि स्थिति कस्तो थियो भने पोलिटब्युरोमा रहेका माधव नेपाल र

जीवराज आश्रित तयारै थिएनन् । मदन भण्डारी केन्द्रीय कमिटीमा सर्वामान्यजस्तै भए पनि पोलिटब्युरोमा हुनुहुन्नथ्यो । यस्तो स्थितिले गर्दा दुई वर्षदेखि विचारविहीन महासचिव बोकेर माले हिँडिरहेको थियो । त्यो स्थिति धेरै दिन जानेवाला थिएन । पार्टीमा गणतन्त्रलाई हेर्ने दृष्टिकोण, राजतन्त्रको सवाल, अन्य पार्टीसँग मालेको सम्बन्ध, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन, देशका अन्य कम्युनिस्ट समूहसँगको सम्बन्ध र इतिहासको समीक्षा, राजनीतिक स्वतन्त्रताको सवाल आदिबारे गम्भीर छलफलहरू उठ्न थालेका थिए । मालेले लिने भविष्यको बाटोको विषयमा पनि अनेकौं कोणबाट प्रश्नहरू उठिरहेका थिए । यस्ता विषयहरूलाई केन्द्रबिन्दु बनाएर 'राजमोती' र 'बर्बरिक'का नामबाट मदन भण्डारीका अनेक लेखरचनाहरू पनि प्रकाशित भइरहेका थिए । बहुलवाद, खुला समाज, राजनीतिक स्वतन्त्रता र पार्टी स्वतन्त्रता आदि आदि सवालमा पनि पार्टीभित्र बहस भइरहेका थिए । ती बहसले एउटा निकास खोजिरहेका थिए । तत्कालीन नेतृत्वबाट निकासको सम्भावना नदेखिएपछि नेतृत्व परिवर्तनको मुद्दा नै मालेभित्र कार्कीनेटाको बैठकपछि प्रमुख एजेन्डाका रूपमा अगाडि आयो ।

०३९ कात्तिकको चौथो बैठकमा नेतृत्व परिवर्तनसम्बन्धी विषय गम्भीर रूपले उठ्यो । कार्कीनेटाको १३ औं बैठकपछि प्रधान अन्तरविरोध, शान्तिक्षेत्रको प्रस्ताव, क्रान्तिको परिस्थितिसम्बन्धी सीपीको व्याख्या विश्लेषण सबै उल्टिन पुगे । यस्तो अवस्थामा केन्द्रीय कमिटीलाई नेतृत्व गर्न या सीपीले केन्द्रीय कमिटीले लिएका अवधारणालाई आत्मसात गरेर आफूलाई रूपान्तरण गर्न सक्नुपर्थ्यो या त पदत्याग गरेर केन्द्रीय कमिटीलाई नयाँ नेता चुन्ने बाटो खोलिदिनुपर्थ्यो । तर, उनीभित्र रहेको उग्रवामपन्थी सोच र दरबारलाई हेर्ने दृष्टिकोणका कारण केन्द्रीय कमिटीको अवधारणालाई आत्मसात् गर्न सम्भव थिएन । उनले आफूलाई निर्विकल्प नेताका रूपमा बुझ्ने स्थितिको कारणले पद छोड्न पनि सम्भव थिएन । यस्तो अवस्थामा उनी आफ्नो पद थाम्न जेलका साथीहरूसँग हारगुहार गर्ने, पार्टीभित्र अनेकौं साथीहरूको बीच अशिष्ट व्यवहार गर्ने र कतिपय गोपनीयताहरू भङ्ग गर्नलागे । जसको परिणाम ०३९ कात्तिकमा महोत्तरीमा बसेको केन्द्रीय कमिटीले उनलाई पदमुक्त गऱ्यो र झलनाथ खनाललाई महासचिव बनायो । सीपी मैनालीको यो परिवर्तन खालि प्राविधिक परिवर्तन मात्र थिएन । झापा कालदेखि चल्दै आएको वैचारिक सङ्घर्षको निरन्तरता र मालेको फाखेल बैठकबाट व्यवस्थित रूपमा अगाडि आएको सैद्धान्तिक, राजनीतिक र सङ्गठनात्मक सिद्धान्तमा परिवर्तनको व्यवस्थापन पनि थियो । नेतृत्वको यो परिवर्तनले झापाकालीन उग्रवामपन्थी सोचबाट आएका अनेकौं अवशेषहरूबाट मालेले आफूलाई मुक्त गऱ्यो । समयको माग र नेपाली जनताको चाहनालाई केन्द्रीय कमिटीले आत्मसात गर्दै अगाडि बढ्न चाहन्थ्यो । पार्टीले विगतमा लिएका गुरिल्ला युद्ध, सशस्त्र सङ्घर्ष, फौजी सङ्गठनको सोचबाट आफूलाई पूर्णरूपले शान्तिपूर्ण जनआन्दोलनको बाटोतर्फ मोड्न चाहन्थ्यो । यो शान्तिपूर्ण जनआन्दोलनका निम्ति पार्टीले आफूलाई आम जनतामाझ स्थापित गर्नु जरुरी थियो र वैचारिक रूपमा आफूलाई प्रजातान्त्रिक राजनीतिक शक्तिहरूसँगको सहकार्यको बाटोमा लैजानु जरुरी थियो । विगतमा जनमतसङ्ग्रहको बहिस्कार र राजाको शान्तिक्षेत्रको प्रस्तावलाई समर्थन गरेर प्रजातान्त्रिक दलहरूसँग चिसिएको सम्बन्धलाई पनि सच्याउनु मालेका निम्ति आवश्यक थियो । सीपी मैनाली महासचिव रहेसम्म विगतका भुलहरू सच्याउन सम्भव थिएन । यिनै कारणले मालेको चौधौं बैठक नेपालको कम्युनिस्ट आन्दोलनको विकासका एउटा महत्वपूर्ण फड्को थियो ।

०३९ को त्यस बैठकपछि माले महावादविवादको उथलपुथलपूर्ण दौडबाट गुज्रियो । सीपीले महासचिवबाट हट्नुपरेपछि आफ्नो प्रभावको दुरूपयोग युवाविद्यार्थी क्षेत्रमा गरे । झापाकालदेखि चर्चित व्यक्तित्व भएको र नख्खु जेल फोडेर हिँडेपछि युवामाझ उनी 'कुसवाह कान्त'को उपन्यासको पात्रजस्ता जादुमयी चामत्कारिक व्यक्तिका रूपमा चर्चित थिए । झन्डै एक वर्षसम्म मालेको समय यसै वादविवादको चक्करमा पऱ्यो । तर, महासचिव झलनाथ खनालका लेखरचना, कार्यशैली, पद्धति र कमिटी परिचालन, सङ्गठनात्मक सिद्धान्तमा आधारित सामग्रीहरूको व्यापक अध्ययन, छलफल र सिङ्गो केन्द्रीय कमिटीको एकताबद्ध प्रयासले करिब-करिब सीपीको प्रभाव नगन्यजस्तै बन्यो । पार्टी पहिलेको अपेक्षामा सुदृढ र सैद्धान्तिक रूपले स्पष्ट बन्यो । यो वैचारिक सङ्घर्षले मालेमा हजारौं कार्यकर्ताको स्तरमा अत्यन्तै उन्नत विकास भयो । ०४२ सालमा आइपुग्दा पार्टीले जनताबाट अलगथलग पर्ने खालका सङ्कीर्ण र जडवादी चिन्तनबाट आफूलाई मुक्त गऱ्यो । ७ माघ ०४२ मा मोरङ जिल्लाको पहाडी इलाकामा बसेको केन्द्रीय कमिटीको त्यही बैठकका निर्णयले मालेमा आएको परिवर्तनको झल्को दिन्छ ।

**पञ्चायती चुनावबारे**

राजतन्त्र तथा वर्तमान तानाशाही पञ्चायती शासक गुटले राष्ट्रिय पञ्चायतको आगामी चुनावमा आफ्नो गिरोहलाई विजय गराउन देशव्यापी रूपमा व्यापक तयारी गरिरहेको छ । साथै, सबैभन्दा प्रमुख विरोधी पञ्चगुटका रूपमा रहेको थापा समूह आफ्ना अलग्गै उम्मेदवारको पङ्क्ति लिएर सक्रिय बनिरहेको छ । आगामी चुनावमा पञ्चहरूका दुई गुटको प्रतिस्पर्धा चर्काचर्को बन्नेवाला छ । त्यसपछि पञ्चायती शक्तिहरूमध्ये नेपाली काङ्ग्रेसको नेतृत्व यथास्थिति रहेमा चुनावमा भाग नलिने भन्दै केही सहुलियत पाएमा पञ्चायती चुनावमा भाग लिने दाउ पनि गरिरहेछ भने आफ्ना कतिपय कार्यकर्तालाई विभिन्न क्षेत्रबाट उम्मेदवार बनाउने काम पनि गर्दैछ । वाम समूहहरूमध्ये मानन्धर र बर्मा समूह पहिलेदेखि नै माझीको बुर्जुवा संसद्वादको कार्यदिशाअनुरूप नै हिँडिरहेका छन् र यसपटकको चुनावमा पनि आफ्ना कार्यकर्ता उठाउँदैछन् । उनीहरूले जुन ठाउँमा उम्मेदवार उठाउँछन्, ती पनि सरकारविरोधी उम्मेदवारकै रूपमा हुनेछन् । मनमोहन

समूह र सहाना समूहले धेरै समयदेखि नेपाली काङ्ग्रेसको पुच्छरे राजनीति गर्दै आएका छन् र उनीहरूको अडान पञ्चायती चुनावमा पनि त्यस्तै रहँदै आएको छ। उनीहरूको नेतृत्व यथास्थितिमा चुनाव नलड्ने कुरा गर्दैछ भने कार्यकर्ताहरू व्यक्तिगत रूपले विभिन्न स्थानमा चुनाव प्रचारमा उत्रन थालेका छन्। रोहित समूहले अघिल्लो चुनावदेखि नै पञ्चायती मञ्चलाई उपयोग गर्ने कुरा गर्दै आएको छ र त्यसैअनुरूपको तयारी गरिरहेको छ। चौथो महाधिवेशन समूहले पञ्चायती चुनावमा खुलेआम भाग लिने कुरा गरेको छ र केही जिल्लाहरूमा चुनावी तयारी गर्दैछ। त्यसबाहेकको मशालका विभाजित दुवै समूहमात्र चुनाव बहिस्कारको कुरा गर्दैछन्। उनीहरूको आफ्नै शक्तिहीनता र देशको परिस्थितिमा रहेको जटिलताले गर्दा उनीहरूको बहिस्कारको स्तर निर्धो र कमजोर रहेको छ।

यता देशको राजनीतिक वातावरण क्रमशः पञ्चायतविरुद्ध तातिँदै गएको भए पनि वर्गसङ्घर्षको आमअवस्था सामान्य छ। तत्काल सङ्घर्षको नयाँ उभार उठ्ने सम्भावना छैन। मुलुकमा चुनावी सरगर्मी बढ्दै गएको छ र ती विभिन्न उम्मेदवारको वरिपरि जिल्ला-जिल्लामा जनसमुदायहरू गोलबन्द हुनथालेका छन्। चुनावी सरगर्मीले राजनीतिक क्रियाकलापको महत्वपूर्ण मागलाई आगेट्दै गएको छ र आमजनताको ध्यान पनि त्यतैतिर केन्द्रित हुँदै जाँदैछ र केही दिनपछि नै चुनावी सरगर्मीले देशव्यापी रूपमा प्रमुख स्थान ओगट्न पुग्नु अवस्यम्भावी छ। देशको समग्र स्थितिलाई हेर्दा चुनाव बहिस्कार एउटा अरण्यरोदन मात्र बन्ने र मुट्ठीभर व्यक्तिहरूको आत्मतृप्तिमात्र हुने कुरा निश्चित छ। यस्तो अवस्थामा सर्वहारा वर्गले सङ्घर्षका अन्य सवालहरूलाई अघि बढाउन यथोचित ध्यान दिनुको साथै खुद चुनावी मञ्चलाई समेत उपयोग गर्नु र संसदीय सङ्घर्षको रूपलाई समेत व्यापक प्रयोग गर्दै आमजनतालाई खुला, वैधानिक र कानुनी माध्यमबाट समेत जागृत र सङ्गठित गर्न प्रयत्न गर्नु नै तात्कालिक अवस्थामा सही कार्यनीति हुन्छ। तदनुरूप हाम्रो पार्टीले पञ्चायती चुनावलाई उपयोग गर्ने सम्बन्धमा अघि सारेको नीति सही र व्यावहारिक छ भन्ने कुरालाई परिस्थितिको विकासक्रमले पनि पुष्टि गर्दै लगेको छ। पार्टीले यस नीतिलाई अझ प्रभावकारी ढङ्गले लागू गर्न र चुनावमा राष्ट्रव्यापी रूपमा नै प्रभावकारी ढङ्गले हस्तक्षेप गर्न ध्यान दिनुपर्छ। *(केन्द्रीय कमिटी, नेकपा (माले), ०४२)*

०४२ सालमा माथिको निष्कर्षमा पुगेको माले पाँच वर्षअगाडिसम्म कस्तो सैद्धान्तिक, राजनीतिक बाटोको अवलम्बन गर्दै थियो भन्ने पनि बुझ्नु जरुरी छ। यसले ०३७ देखि ०४१ सालका चार वर्षमा मालेभित्रको वैचारिक सङ्घर्ष कति गम्भीर र जटिल थियो भन्ने कुरा पनि बोध गराउँछ। यस सम्बन्धमा ०३६ सालको मालेको पोलिटब्युरोको निर्देशनको यो अंशलाई हेरौं, 'सहरी क्षेत्र तथा गैरकिसान क्षेत्रका हाम्रा सबै प्रचार, सङ्गठन र सङ्घर्षको उद्देश्य जनतालाई गोलबन्द गर्न, पार्टी सङ्गठनहरू बनाउन अगाडि बढेका तत्वहरूलाई मजदुर किसानको बीचमा पठाउनु र सशस्त्र सङ्घर्षलाई मद्दत गर्नु नै हो। गाउँले इलाकामा किसानहरूभित्र हाम्रो सबै प्रचार, सङ्गठन र सङ्घर्षको उद्देश्य जनतालाई गोलबन्द गर्नु, पार्टी सङ्गठन उठाउनु र पार्टीको नेतृत्वमा दमनकारी प्रतिक्रियावादी र सशस्त्र शक्ति र खुङ्खार जमिनदार दलालमाथि आक्रमण गर्नु नै हो। त्यसैकारण हरेक सङ्गठनले निरन्तरको वर्गसङ्घर्षद्वारा शक्ति बढाउँदै शत्रुका विरुद्ध जाइलाग्दै सशस्त्र सङ्घर्षको लाइनमा गठित छन् र तिनीहरूले यसलाई लागू गर्न बनेकै दिनदेखि दृढतापूर्वक र सिर्जनात्मक रूपले बलिदानीपूर्ण प्रयत्न चलाउनैपर्छ।'

०४२ र ०३६ का माथि उल्लिखित दुई अन्तरपार्टी निर्देशनको भिन्नतालाई केलाएर हेऱ्यौं भने मात्र हामी ०३९ सालमा मालेभित्र भएको महासचिव परिवर्तनको गुह्य कुरालाई साँचो अर्थमा बुझ्नसक्छौं। यो स्पष्टतः मालेभित्रको हिंसा र शान्तिपूर्ण आन्दोलनका दुईवटा बाटोका बीचको सङ्घर्षको परिणाम थियो। सीपी मैनालीको बहिर्गमन र मदन भण्डारीको उदीयमान रूपमा विकास पनि यसै सङ्घर्ष र प्राप्त नतिजाको परिणाम थियो। विश्वमा आइरहेको जनजागरण र समयको मागलाई नेपाली भूमिमा प्रयोग गर्ने, मुलुकलाई अग्रगमनतर्फ लैजाने चुनौती त्यो बेलाको चिन्तनशील र गतिशील पार्टी मालेकै काँधमा थियो। देशभित्र रहेको निरङ्कुश राजतन्त्रविरोधी शक्तिलाई पञ्चायतको विरुद्ध गोलबन्द गर्नुपर्ने र आमजनतालाई गोलबन्द गर्दै जनताको बोल्ने, लेख्ने, सभा सङ्गठन गर्न पाउने राजनीतिक स्वतन्त्रताका अधिकारलाई सुनिश्चित गर्दै मुलुकलाई आमूल परिवर्तनको दिशातर्फ अघि बढाउने जिम्मेवारी पनि मालेकै काँधमा थियो। एकदलीय निरङ्कुश चिन्तन र बाटोबाट हुर्केको कम्युनिस्ट पार्टीलाई बहुलवाद र खुला समाजको बाटोमा डोऱ्याउनु चानचुने कुरा थिएन। सशस्त्र सङ्घर्ष र गुरिल्ला युद्धभन्दा बाँकी सबै ढोका बन्द गरेको पार्टीलाई संसदीय चुनावको खुला मार्गमा अगाडि बढाउन जति धैर्य, लगनशीलता र अध्ययनशीलताको खाँचो थियो, त्यो बेलाको नेतृत्वले धेरै हदसम्म पूरा गऱ्यो। ०३९ सालपछि झलनाथ खनालको नेतृत्वकालमा मालेमा व्यापक वादविवाद, अध्ययन र छलफलका ढोकाहरू खुला भए। त्यसैकालमा सबैभन्दा धेरै मार्क्सवादी रचनाहरूको प्रकाशन र अनुवाद भएको छ। पार्टीव्यापी रूपमा कार्यकर्ताको सैद्धान्तिक स्तरमा गुणात्मक फड्को आएको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिको गम्भीर विश्लेषण भएको छ र ०४४-०४५ मा पुग्दा मदन भण्डारीको व्यक्तित्व मालेभित्र करिब-करिब सर्वमान्य बन्दै गएको देखिन्छ। यसै कालमा मालेभित्र बहुदलीयताको बारेमा, जनवादको सवालमा, नौलो जनवादको बारेमा, प्रजातन्त्र र समाजवादको बारेमा रुस-चीनलाई हेर्ने सवालको बारेमा, सामाजिक क्रान्तिको बारेमा, क्रान्तिको सिद्धान्तको सवालमा, नयाँ-नयाँ कोणबाट बहसहरू उत्पन्न भएका छन्। यिनै विषयकेन्द्रित बहस र वादविवादबाट सिङ्गो एमाले प्रशिक्षित हुँदै गयो। ०४६ सालमा भएको चौथो महाधिवेशनबाट झलनाथ खनालकै प्रस्तावमा मदन भण्डारी मालेको महासचिव निर्वाचित हुनुभयो। ०४६ को चौथो महाधिवेशनबाट नेतृत्व परिवर्तनका साथै बहुदलीय जनवादको सैद्धान्तिक बिउ पनि रोप्ने काम भयो। ०३९ सालदेखि राजनीतिक स्वतन्त्रताको पक्षबाट वकालत गर्नुभएका मदन भण्डारी संसदीय पद्धतिको उपयोग र बहुलवाद हुँदै पाँचौं

महाधिवेशनमा आइपुग्दा 'जनताको बहुदलीय जनवाद' जस्तो नेपाली क्रान्तिको सिद्धान्त निर्माण गर्ने तहमा पुग्नुभयो र विश्वकम्युनिस्ट आन्दोलनमै एउटा नयाँ वैचारिक व्यक्तित्वका रूपमा स्थापित हुनुभयो । ❒

# मार्क्सवादी दर्शनको प्रयोगमा मदनका योगदान

**❒ बेदुराम भुसाल**

मार्क्सवादी दर्शन मानवजातिले सिर्जना गरेको सबैभन्दा विकसित र वैज्ञानिक दर्शन हो । यो कुनै जडसूत्र वा मताग्रह होइन । यो त वैज्ञानिक नियमहरूको समष्टि हो । त्यसैले यो गतिशील छ र यसमा विकास एवम् सिर्जनात्मकता वा रचनात्मकताको गुञ्जायस छ र रहिरहन्छ ।

मार्क्सवादका तीनवटा सङ्घटक अङ्ग, (१) दर्शनशास्त्र, (२) वैज्ञानिक समाजवाद र (३) राजनीतिक अर्थशास्त्रमध्ये दर्शनशास्त्र अर्थात् द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादका मूल नियमहरू सार्वभौम चरित्रका छन् । सार्वभौम चरित्रका नियम भनेका सर्वकालिक र सर्वदेशीय नियम हुन् । यी प्रकृति, जीवन, समाज र चिन्तनका सबै क्षेत्रमा लागू हुन्छन् । त्यस्ता नियमहरू शाश्वत एवम् निरपेक्ष हुन्छन् तर तिनीहरूको कार्यान्वयन भने सापेक्ष ढङ्गले हुन सक्तछ । दर्शनका सार्वभौम नियमहरूमा रहने शाश्वतता एवम् निरपेक्षताको पक्ष र तिनीहरूको कार्यान्वयनमा रहने सापेक्षताको पक्षबीचको द्वन्द्वात्मकता वा अन्तरविरोध रहने गर्दछ । यही द्वन्द्वात्मक वा अन्तरविरोधको ठिकसँग पहिचान गरी दर्शनका नियमहरूको सही ढङ्गले कार्यान्वयन गर्नु नै सिर्जनात्मकता वा रचनात्मकता हो । यस्तै सिर्जनात्मकता वा रचनात्मकताले दर्शनको विकासमा योगदान गर्दछ ।

सर्वहारा श्रमजीवी वर्गको मुक्तिका निम्ति मार्गदर्शन गर्ने वैज्ञानिक सिद्धान्तका रूपमा मार्क्सवादी दर्शनको प्रतिपादन भएपछि त्यसको कार्यान्वयनका क्रममा विभिन्न प्रकारका सिर्जनात्मक एवम् रचनात्मक प्रयोगहरू भएका छन् ।

सर्वप्रथम फ्रान्सको मजदुर वर्गले पेरिस सहरमा विद्रोह गरेर त्यहाँको राज्यसत्ता आफ्नो हातमा लियो । तर, त्यसरी कब्जा गरिएको राज्यसत्तालाई मजदुर वर्गले ७२ दिनभन्दा बढी समय आफ्नो हातमा टिकाइराख्न सकेन । त्यस घटनाबाट प्राप्त शिक्षाका आधारमा मजदुर वर्गले बनिबनाउ राज्यसत्ता लिएर प्रयोग गर्न सक्तैन, त्यसैले पुरानो राज्यसत्तालाई ध्वंस गरेर नयाँ राज्यसत्ता निर्माण गर्नुपर्दछ भन्ने निष्कर्ष निकालियो ।

पेरिस विद्रोह असफल भएपछिको परिस्थितिमा त्यसबेला तुलनात्मक रूपमा पिछडिएको अर्थात् पुँजीवादको राम्ररी विकास नभइसकेको मुलुक मानिने रुस क्रान्तिको केन्द्र बन्नपुग्यो । त्यहाँ मजदुर र किसान वर्गको संयुक्त पहलमा एउटा विशेष क्रान्तिको रूपमा अक्टुबर समाजवादी क्रान्ति सम्पन्न भयो । एउटा मात्र मुलुकमा समाजवादी क्रान्ति हुन र समाजवादको निर्माण हुन सक्तैन भन्ने मान्यतालाई खण्डित गर्दै रुसमा मार्क्सवादी दर्शनलाई मार्गदर्शक सिद्धान्त मानेर समाजवादी क्रान्ति सम्पन्न भयो र त्यहाँ समाजवादको निर्माण पनि भयो ।

रुसमा अक्टुबर समाजवादी क्रान्ति सम्पन्न भएपछिको परिस्थितिमा पुँजीपति वर्गले सामन्त वर्गका विरुद्ध क्रान्तिको झन्डा उठाउन छाडिदियो र ती दुई वर्ग मिलेर मजदुर-किसान वर्गको संयुक्त पहलमा हुने क्रान्तिका विरुद्ध खडा भए । त्यस किसिमको परिस्थितिमा मार्क्सवादी दर्शनलाई मार्गदर्शक सिद्धान्तका रूपमा अँगालेर विभिन्न मुलुकमा सामन्ती एवम् साम्राज्यवादी शोषण दमनका विरुद्ध क्रान्तिहरू भए । चीन, कोरिया, भियतनाम, मङ्गोलिया, क्युबा, पुर्वी युरोप आदिमा सम्बन्धित मुलुकको विशिष्टताअनुरूप आआफ्नै किसिमका क्रान्तिहरू भए ।

नेपालमा दोस्रो विश्वयुद्धपछि विकसित अन्तर्राष्ट्रिय परिस्थिति र त्यसबेलासम्म मुलुकमा चलिरहेको निरङ्कुश एवम् जहाँनियाँ शासनको थिचोमिचोबीच मार्क्सवादी दर्शनलाई मार्गदर्शक सिद्धान्त मानेर चल्ने कम्युनिस्ट आन्दोलनको उदय भयो । निरङ्कुश एवम् जहानियाँ शासनका विरुद्धको झन्डा बोकेर जन्मिएको हुँदा नेपालको कम्युनिस्ट आन्दोलन सुरुदेखि नै लोकतान्त्रिक चरित्रको बन्नखोज्यो । सुरुमा यसलाई यसका संस्थापक प्रमुख नेता कमरेड पुष्पलालले वैचारिक एवम् सैद्धान्तिक नेतृत्व प्रदान गर्नुभयो । मुलुकको राजनीतिमा हावी हुँदै गएको उग्रदक्षिणपन्थी प्रवृत्ति र अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा उत्पन्न मतभेद र विभाजनको समेत प्रभावले नेपालको कम्युनिस्ट आन्दोलन धेरै टुक्रामा विभाजित भयो । छिमेकी मुलुकहरू चीन र भारतमा प्रकट भएका उग्रवामपन्थी चिन्तन र व्यवहारले पनि नेपालको कम्युनिस्ट आन्दोलन निकै नै प्रभावित भयो ।

दक्षिणपन्थी एवम् उग्रवामपन्थी प्रवृत्तिबाट आक्रान्त र विभिन्न टुक्रामा विभाजित नेपाली कम्युनिस्ट आन्दोलनलाई सच्चा मार्क्सवादी दृष्टिकोणसहित पुनःगठन गर्नुपर्ने आवश्यकता टड्कारो बन्यो । त्यस स्थितिमा नयाँ शिराबाट अध्ययन, अनुसन्धान र बहस चल्यो । त्यही परिवेशमा कमरेड मदन भण्डारी एक सशक्त सैद्धान्तिक नेताका रूपमा अगाडि आउनुभयो । उहाँले नेपालको विशिष्ट परिस्थितिमा मार्क्सवादको सिर्जनात्मक प्रयोग कसरी गर्न सकिन्छ भन्ने बारेमा केही ठोस धारणा र व्याख्या प्रस्तुत गर्नुभएको छ । त्यसैक्रममा उहाँले मार्क्सवादी दर्शनको सिर्जनात्मक प्रयोग र विकासमा ठोस योगदानसमेत गर्नुभएको छ । उहाँका ती दार्शनिक उचाइका योगदानहरूलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

**१. द्वन्द्वको सार्वभौम नियम राजनीतिमा पनि लागू हुन्छ**

मदनको सबैभन्दा प्रमुख योगदान हो द्वन्द्वको नियम सार्वभौम नियम भएकाले यो नियम राजनीतिको क्षेत्रमा पनि लागू हुन्छ भनेर व्याख्या गर्नु । संसारका सबै वस्तु र घटनामा दुई विपरीत पक्षहरू अर्थात् प्रतिपक्षहरू रहेका हुन्छन् र तिनीहरूका बीच एकता र सङ्घर्ष चलिरहन्छ भन्ने नियम मार्क्सवादी दर्शनको एउटा प्रमुख नियम हो । तर, विभिन्न मुलुकमा मार्क्सवादको मार्गदर्शनमा क्रान्ति भएपछि स्थापना गरिएका राज्यव्यवस्था एवम् राजनीतिक प्रणालीमा द्वन्द्वको यस सार्वभौम नियमलाई अनुशरण गरिएको पाइएन । त्यसो हुनु उपयुक्त थिएन । त्यसलाई बुझेर मदन भण्डारीले 'मार्क्सवादको दृष्टिकोण र दर्शन द्वन्द्वात्मक भौतिकवाद हो । प्रत्येक वस्तु, घटना वा विचारमा द्वन्द्वात्मक अन्तरसम्बन्धहरू रहेको कुरा मार्क्सवादले स्वीकार गर्छ । ...द्वन्द्व सार्वभौम नियम नै हो । यो कुरा साँचो हो भने राजनीतिमा चाहिँ किन द्वन्द्व हुन नदिने ?[१] भन्दै द्वन्द्वको यस सार्वभौम नियमलाई राजनीतिको क्षेत्रमा पनि लागू गर्नुपर्छ भनेर जोड दिनुभयो । त्यसमा थप जोड दिँदै उहाँ भन्नुहुन्छ,

'समाजमा वर्गहरू रहेसम्म विद्यमान वर्गहरूको भिन्नाभिन्नै राजनीति हुनु स्वाभाविक हो । त्यसकारण वर्गीय समाजमा वर्गीय दृष्टिकोण र राजनीति हुन्छन् र अझै एउटै वर्गमा पनि राजनीतिमा विविधता र मतभेद हुनसक्छ ।[२] समाजमा रहेको त्यो विविधतालाई सङ्गठित रूपमा प्रकट हुन दिने कि नदिने ? थुनछेक र दमन गर्नु अप्रजातान्त्रिक एवम् गलत पनि हो । सङ्गठित हुने मौलिक अधिकारलाई बन्देज नगर्ने हो भने त्यसलाई राजकीय राजनीतिक निकायमा प्रतिस्पर्धा गर्न दिने कि नदिने ? नदिनु अप्रजातान्त्रिक एवम् एकाधिकारवादी कुरा हुन्छ ।[३] ... समाज वा राजनीतिक व्यवस्थाका कुनै आधारभूत वा विशेष सवालहरूमा जनताबीच विविधता, मतभेद र विरोध छ भने त्यसलाई राजनीतिक रूपमा सङ्गठित ढङ्गले अभिव्यक्त हुन दिनुपर्छ । त्यसका निम्ति उपयुक्त राजनीतिक पद्धति अपनाउनुपर्छ ।'[४]

'संविधानले निषेध गरेकाबाहेक अरू सबै वर्गीय एवम् राजनीतिक आर्थिक-विविधताहरूलाई स्वाभाविक रूपमा रहन दिनुपर्छ र तिनीहरूलाई सहज रूपमा लिनुपर्छ ।'[५]

'यदि कुनै पनि वस्तुमा रहेको द्वन्द्वात्मक यथार्थलाई दमन गरेर प्रकट हुन दिइँदैन भने त्यसले शत्रुता र विस्फोटको रूप लिनसक्छ । त्यसकारण कुनै पनि राज्यव्यवस्थामा त्यसबेला विद्यमान समाजमा रहेका राजनीतिक दृष्टिकोणको बीचमा संविधानसम्मत ढङ्गले प्रतिस्पर्धा हुन दिनुपर्छ । समाजमा रहेका विविधताहरूलाई व्यक्त हुन दिनुपर्छ । यो नै साँचो अर्थमा जनवादी प्रजातान्त्रिक प्रणाली हुनसक्छ ।'[६]

'राज्यको बल प्रयोग गरेर एउटा मात्र पार्टीको एकाधिकार कायम गर्नखोज्नु अत्यन्तै गैरजनवादी कुरा हो । अनेक वर्गहरू रहेको समाजमा, पेसागत विविधता रहेको स्थितिमा पनि र खासगरी वर्गीय विविधता भएको समाजमा अनेक राजनीतिक पार्टीहरू स्वाभाविक रूपमा हुन्छन् । नागरिकको मौलिक अधिकारमा बन्देज नगर्ने हो भने स्वाभाविक रूपमा राजनीतिक चिन्तनमा विविधताहरू पैदा हुन सक्छन् । अझ कम्युनिस्ट पार्टी सर्वहारा श्रमजीवी वर्गको पार्टी हो र यो सम्पूर्ण वर्गहरूको पार्टी हुन सक्तैन । यो मार्क्सवादी-लेनिनवादी विचार प्रणालीलाई मार्गदर्शक मान्ने पार्टी हो र सर्वहारा श्रमजीवी वर्गभित्र पनि अन्य विचार प्रणालीप्रति विश्वास गर्ने व्यक्तिहरू हुनसक्छन् वा रणनीति-कार्यनीतिमा भिन्न मतावलम्बी हुन सक्छन् । यस्तो स्थितिमा एउटा मात्र पार्टीको एकछत्र अधिकार संवैधानिक रूपमा र राज्यको बल प्रयोग गरेर कायम गर्न खोज्नु एक प्रकारको निरङ्कुशता र तानाशाही हो ।'[७]

नयाँ जनवादी समाजमा मजदुर वर्गदेखि लिएर राष्ट्रिय पुँजीपतिसम्म, कृषि मजदुरदेखि लिएर धनी किसानसम्म र शोषक वर्गभित्रका पनि देशलाई माया गर्ने व्यक्ति वा तह रहन्छन् । त्यसकारण नयाँ जनवादी समाज स्वयम् एउटा वर्गीय समाज हो । जनताको पङ्क्तिभित्र अनेक वर्गहरू रहन्छन् भने राजनीतिक पार्टीहरूमा चाहिँ कम्युनिस्ट पार्टी मात्र रहनेछ भनी ठान्नु मिल्ने कुरा होइन । कम्युनिस्ट पार्टी नै सबै वर्गको राजनीतिक पार्टीको रूपमा परिवर्तित हुन सक्तैन । यो सर्वहारा-श्रमजीवी जनताको राजनीतिक पार्टी हो । यस्तो स्थितिमा अन्य वर्गहरूले आआफ्ना राजनीतिक पार्टीहरू निर्माण गर्नु वा स्वयम् सर्वहारा श्रमजीवी वर्गभित्रै पनि कम्युनिस्ट पार्टीबाहेक अरू पार्टी पनि बने भने स्वाभाविक रूपमा तिनीहरूसँग कम्युनिस्ट पार्टीले स्वस्थ प्रजातान्त्रिक प्रतिस्पर्धा गर्न तयार रहनुपर्छ । यसरी मात्रै कम्युनिस्ट पार्टी पनि प्रजातान्त्रिक ढङ्गले अघि बढ्नसक्छ ।'[८]

'सामन्तवाद र साम्राज्यवादको शोषण-उत्पीडन अन्त्य गरेर कायम गरिने जनवादी व्यवस्थाको विशेष नामकरण जेसुकै गरे पनि आधारभूत रूपमा कुनै भिन्नता छैन । सबैमा निर्णायक र आधारभूत तत्व जनताको जनवाद हो र हामीले थपेको महत्वपूर्ण तत्व बहुदलीय प्रतिस्पर्धाको पद्धति हो ।'[९]

यसरी कमरेड मदन भण्डारीले द्वन्द्वको सार्वभौम नियमलाई राजनीतिको क्षेत्रमा समेत लागू गर्नुपर्ने तर्क र विश्लेषण गर्नुभयो । यस खालको व्याख्या मार्क्सवादी दर्शनको कार्यान्वयनका सन्दर्भमा गरिएको एउटा सिर्जनात्मक व्याख्या हो र मार्क्सवादी दर्शनको विकासमा थप योगदान हो ।

(२) **समाजको चरित्र बहुलवादी हुन्छ**

मार्क्सवादी दर्शनको मार्गदर्शनमा मजदुर-किसान वर्गले सामन्तवाद र साम्राज्यवादका विरुद्ध क्रान्ति गरिसकेपछि बन्ने समाज कस्तो हुने ? बहुलवादी खुला समाज कि एकल चरित्रको नियन्त्रित एवम् बन्द समाज ? यो एउटा गम्भीर प्रश्न हो । कमरेड मदनले यस गम्भीर प्रश्नको जवाफ खोज्नुभयो र भन्नुभयो, 'प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रका निम्ति सोच्ने र बोल्ने तथा आफ्ना अनुभूतिहरू अभिव्यक्त गर्ने स्वतन्त्र हुनुपर्छ । यो स्वाभाविक र प्रकृतिसङ्गत कुरा हो । ...बाहिरी दुनियाँबाट अलग-थलग, बन्द र एकोहोरो समाज हुन सक्तैन ।[१०] समाजमा रहेका विविधताहरूलाई व्यक्त हुन दिनुपर्छ ।'[११]

उहाँले समाजमा हुने बहुलतालाई 'प्रकृतिसङ्गत कुरा हो' भन्नुभएको छ । सबैले देख्ने र जान्ने कुरा के हो भने प्रकृतिमा बहुलता र विविधता रहेको छ । अनेक रङ्गका फूलहरू फुल्छन् प्रकृतिमा । अनेकौं प्रकारका प्राणीहरू छन्, प्रकृतिमा । अनेकौं प्रकारका स्वादहरू पनि छन् प्रकृतिमा । एउटै वाक्यमा भन्नुपर्दा प्रकृति एकरूपी होइन, बहुरूपी छ । त्यसैगरी, समाज पनि बहुरूपी नै छ । त्यसैले कमरेड मदनले समाजको बहुलवादी चरित्रलाई प्रकृतिसङ्गत कुरा हो भनेर प्रस्ट पार्नुभएको छ । तर, कतिपय व्यक्तिहरू यही कुरालाई लिएर 'जबजले बहुतत्ववादी दार्शनिक मान्यतालाई अँगालेको छ' भन्ने आरोप लगाउने गर्दछन् । बहुतत्ववाद त्यस्तो मान्यता हो, जसले समस्त अस्तित्वमान जगतको मूल आधार एवम् अस्तित्वको स्रोत एउटै हो भनेर मान्ने एकतत्ववादी मान्यतालाई अस्वीकार गर्दै यो जगत् समान किसिमका पृथक-पृथक तत्वहरूबाट बनेको छ, ती तत्वहरूको मूल आधार एउटै हो भनेर मान्न सकिँदैन भन्ने तर्क गर्छ । भाव वा चेतनालाई अस्तित्वको मूल आधार मान्ने भाववादी एकतत्ववाद र पदार्थलाई अस्तित्वको मूल आधार मान्ने भौतिकवादी एकतत्ववाद, यी दुवैबाट माथि उठ्ने नाममा आधुनिक कालका व्यावहारिकतावाद, नवप्रत्यक्षवाद, अस्तित्ववाद आदि भाववादी दार्शनिक धाराहरूले बहुतत्ववादलाई अँगाल्न पुगेका छन् । कतिपयले यही बहुतत्ववादलाई बहुलवाद भन्छन् र बहुलवाद मान्ने 'एमालेले मार्क्सवाद-लेनिनवाद, वर्गसङ्घर्ष र सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्त, इतिहासमा बल प्रयोगको भूमिका, नयाँ जनवाद-समाजवाद-साम्यवाद सबै कुराको परित्याग गरिसकेको छ । आज एमाले बहुलवादबाहेक दुनियाँमा केही देख्दैन'[१२] भन्ने आरोप लगाउँछन् । यो सरासर गलत कुरा हो । जबजले जगत् भौतिक छ र जगत्का समस्त परिघटनाहरू (सामाजिक परिघटनासमेत) गतिमान भौतिक पदार्थका विभिन्न रूपहरू छन् भनेर मान्ने पूर्ण वैज्ञानिक एवम् अत्यन्त सुसङ्गत एकतत्ववादी दर्शनका रूपमा रहेको द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादलाई आफ्नो मार्गदर्शक सिद्धान्तका रूपमा अङ्गीकार गरेको छ । त्यसैले यसले जगत् निर्माणको मूल तत्व एउटै हो भनेर मान्न सकिँदैन भन्ने बहुतत्ववादलाई स्वीकार गरेको वा अँगालेको छैन । यसले जगत् निर्माणको मूल आधार वा स्रोतमा नै बहुलता वा विविधता छ भनेर मानेको होइन । यसले त खालि पदार्थको अस्तित्वका रूपहरूमा विविधता र बहुलता छ भनेर मात्र मानेको हो । यस कुरालाई भौतिक विज्ञान र प्रकृति विज्ञानले पनि मान्दछन् । भौतिक विज्ञानले पदार्थ (Matter) एउटै हो तर तत्व (Element) धेरै छन् भन्ने मान्दछ र पदार्थका रूप धेरै हुन्छन् (ठोस, तरल, ग्याँस र प्लाज्मा) भन्ने मान्दछ । प्रकृति विज्ञानले एउटै पदार्थबाट बनेको प्रकृतिमा अनेकौं प्रकारका विविधता र बहुलता भएको कुरालाई स्वीकार्दछ । यदि भौतिक जगत् र प्रकृतिमा विविधता हुन्छ भने समाजमा किन हुँदैन ? समाज निर्माणको तत्व एउटै भए पनि बाहिरी आकृति वा स्वरूपमा विविधता किन हुँदैन ? वर्गीय समाजमा त झन् समाजको अन्तर्वस्तुमा नै विविधता हुन्छ । त्यहाँ विभिन्न आर्थिक सम्बन्धहरू हुन्छन्, विभिन्न वर्गहरू हुन्छन् । जब विभिन्न आर्थिक सम्बन्धहरू र तिनका आधारमा बनेका वर्गहरू अस्तित्वमा हुन्छन् भने तिनै आर्थिक सम्बन्ध र वर्गीय अस्तित्वका आधारमा बनेका सामाजिक सम्बन्ध, सांस्कृतिक सम्बन्ध र वैचारिक सम्बन्धहरूमा विविधता एवम् बहुलता किन हुँदैन ? यिनै प्रश्नको जवाफमा कमरेड मदन भण्डारी भन्नुहुन्छ, 'जबसम्म वर्गहरू रहन्छन्, तबसम्म प्रत्येक वर्गका अलग-अलग स्वार्थ, सिद्धान्त र दृष्टिकोणहरू हुनु स्वाभाविक हो ।'[१३] त्यस्तै, 'समाजमा वर्गहरू रहेसम्म विद्यमान वर्गहरूका भिन्नाभिन्नै राजनीति हुनु स्वाभाविक हो । त्यसकारण वर्गीय समाजमा वर्गीय दृष्टिकोण र राजनीति हुन्छन् र अझ एउटै वर्गमा पनि राजनीतिमा विविधता र मतभेद हुनसक्छ ।'[१४] यही हो विविधता, यही हो बहुलता । समाजको यो बहुलताबारे व्याख्या गर्ने जुन काम मदन भण्डारीले गर्नुभयो, यसले मार्क्सवादी दर्शनको सिर्जनात्मक प्रयोग र विकासमा एउटा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

**३. राज्यको सार र रूपका सम्बन्धमा**

यस सम्बन्धमा कमरेड मदन भण्डारीको भनाइ छ, 'हरेक वस्तुको रूप पक्ष र सार पक्ष हुन्छ । राजनीतिक सत्ताका पनि रूप र सार पक्ष हुन्छन् । सत्ताको सार पक्ष राज्ययन्त्रसँग सम्बन्धित कुरा हो भने त्यसको रूप पक्ष शासनतन्त्रसँग सम्बन्धित कुरा हो । बहुदलीय प्रणाली सार होइन, केवल रूप पक्ष मात्र हो । कुनै पनि राजनीतिक सत्ताले कुनकुन वर्गको हितसाधन गर्छ र कुन वर्गमाथि अधिनायकत्व लागू गर्छ भन्ने कुरा सत्ताको सारतत्वसँग सम्बन्धित विषय हुन्छ । राज्ययन्त्रमा विद्यमान समाजमा रहेका जनताका वर्ग वा वर्गस्तरहरू कसको के हैसियत हो र राज्यले कुन वर्गप्रति कस्तो

नीति अपनाउँछ भन्ने कुराको व्याख्या गरिन्छ । त्यसकारण यो राज्यको सारतत्वसँग सम्बन्धित विषय हो । तर, शासनतन्त्र भने सरकारको गठन कसरी गर्ने तथा दैनिक शासन-प्रशासन कसरी सञ्चालन गर्ने भन्ने विषयसँग सम्बन्धित हुन्छ । त्यसकारण यो राज्यको रूप पक्षसँग सम्बन्धित विषय हो ।'[१५]

'बहुदलीय प्रतिस्पर्धा भएको शासन प्रणाली कुनै निश्चित एकखालको सारतत्व भएको राज्यसत्ताको रूप मात्र होइन । अनेक सारतत्व भएका राज्यहरूको स्वरूप बन्नसक्छ । यसबेला दुनियाँमा बहुदलीय शासन प्रणालीअन्तर्गत अनेक खालका राज्य प्रणालीहरूले काम गरिरहेका छन् । अर्धसामन्ती, अर्धउपनिवेशी राज्यहरू पनि बहुदलीय प्रणाली अपनाइरहेका छन् । पुँजीवादी राज्यहरूले पनि त्यो प्रणाली अपनाउँदै आएका छन् । समाजवादी राज्यहरूले पनि प्रारम्भिक अवस्थामा त्यो प्रणाली अपनाउन सक्छन् भन्ने निष्कर्ष निकालिँदै छ । हामी नयाँ जनवादी राज्यले पनि बहुदलीय प्रतिस्पर्धाको शासन प्रणाली अपनाउन सक्छ भन्ने निष्कर्ष लिएर आफ्नो राजनीतिक कार्यक्रम निर्धारण गरी अघि बढिरहेका छौं । त्यसकारण केबल रूप पक्षलाई मात्र हेरेर कुनै पनि राज्यसत्ताको वर्गचरित्र टुङ्गो लाउन सकिंदैन । ...बहुदलीयता शासन प्रणालीको कुरा र जनवाद राज्यसत्ताको कुरा हो ।'[१६]

'जहाँसम्म रूप र सारको एकता वा एकरूपताको दार्शनिक सवाल छ, निश्चय पनि रूप र सारमा एकता हुनुपर्छ । तर, यसले जनवादी पद्धति एकदलीय हुनुपर्छ भन्ने कसरी सावित हुन्छ ? रूप र सारको एकता भनेको अर्को शब्दमा वास्तविकता र अभिव्यक्तिको एकता पनि हो । वास्तविकता जस्तो छ, अभिव्यक्ति त्यस्तै हुनुपर्छ । सार जस्तो छ, स्वरूप पनि त्यस्तै हुनुपर्छ । पुँजीवादी प्रतिक्रियावादी समाजमा विभिन्न वर्ग मात्र होइन, एउटै वर्गभित्र बेग्लाबेग्लै एकाधिकारवादी आर्थिक गुटहरूसमेत हुन्छन् । यो सार वा वस्तुगत पक्ष हो र त्यो रूपमा पनि अभिव्यक्त हुन्छ । जनवादी समाजमा शत्रु वर्ग नभए पनि जनताका विभिन्न वर्गमा हुन्छन् । यो सार वा वस्तुगत पक्ष हो र त्यो रूपमा पनि अभिव्यक्त हुन्छ । त्यतिमात्र होइन, वर्गहरूको पूर्णतः उन्मूलन भइसकेको समाजवादी समाजमा समेत राज्यसत्ता लोप हुनुभन्दा अघि विभिन्न वैचारिक ग्रुपहरू हुन सक्छन् र त्यसो भए त्यो सार वा वस्तुगत यथार्थ हुनेछ र त्यो पनि रूपमा अभिव्यक्त हुन्छ । जनताको जनवादी समाजमा विद्यमान वर्गहरूबीचको सम्बन्ध शत्रुतापूर्ण भए राजनीतिमा र रूपमा पनि त्यो अभिव्यक्त हुन्छ र मित्रतापूर्ण भए त्यो पनि अभिव्यक्त हुन्छ । पक्षविपक्ष हुने बहुदलीय पद्धतिले वा अभिव्यक्तिको शैलीले गुणमा वा वर्गहरूको सम्बन्धमा आधारभूत रूपमा फरक पार्ने होइन । बरु भएको यथार्थलाई अभिव्यक्त हुन नदिएर थुनेर राख्दा त्यसले अस्वाभाविक विस्फोटको बाटो लिन्छ ।'[१७]

यसरी कमरेड मदनले सार र रूपको अन्तरसम्बन्धमा अझ खासगरी राज्यसत्ताको सार र रूपका सम्बन्धमा सटिक व्याख्या गर्नुभएको छ । उहाँको यस व्याख्याले मार्क्सवादी दर्शनको सिर्जनात्मक प्रयोग एवम् विकासमा थप योगदान पुऱ्याएको छ ।

**(४) सङ्घर्षको रूप सापेक्ष हुन्छ**

कमरेड मदनले क्रान्तिको बाटोका सन्दर्भमा सङ्घर्ष र सङ्घर्षका रूपहरूबारे व्याख्या गर्दै भन्नुभएको छ, 'क्रान्ति सम्पन्न गर्नका निम्ति बाटोको हिसाबले वर्ग समन्वय होइन, वर्गसम्झौता होइन, वर्गसङ्घर्ष नै मूल र आधारभूत कुरा हो । तर, त्यसको कुन रूप अपनाउने भन्ने कुरा परिस्थितिमाथि भर पर्ने कुरा हो । ...मार्क्सवादले सङ्गठन र सङ्घर्षको कुनै एउटा मात्र रूपलाई क्रान्तिकारी सङ्घर्षको एकमात्र र अन्तिम रूप मान्दैन । क्रान्तिकारीहरूले सङ्घर्षका सबैखाले रूप र तरिकाहरूलाई कुशलतापूर्वक सञ्चालन गर्नसक्ने क्षमता विकास गर्न ध्यान दिनुपर्छ । लक्ष्य अनिवार्य र निर्णायक तत्व हो । बाटो त्यसलाई सकेसम्म छिटो र सुगम ढङ्गले प्राप्त गर्ने साधन हो । लक्ष्य प्रमुख हो भने साधन गौण, जुन साधनबाट लक्ष्यमा पुग्न सकिन्छ, त्यसलाई क्रान्तिकारी रूपले दृढतापूर्वक प्रयोग गर्नुपर्छ । ... सङ्घर्ष दुई विपरीत .... पक्षहरूबीचको टक्कर हो, प्रतिस्पर्धा हो । सङ्घर्षको कुन रूप प्रमुख र निर्णायक हुन्छ, त्यो कुनै शास्त्रीय रचना वा विशिष्ट नेताको कल्पनाबाट तय हुने विषय होइन । त्यो त जनताको बीचबाट, वर्गसङ्घर्षबाट र दुई विपरीत तत्वबीचको सङ्घर्षबाट तय हुने कुरा हो । सङ्घर्ष हिंसात्मक हुन्छ कि शान्तिपूर्ण त्यसको निर्णय एक पक्षबाट मात्र हुँदैन ।'[१८]

'अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको वादविवादको एउटा विषय शान्तिपूर्ण संसदीय सङ्क्रमण कि क्रान्तिकारी हिंसात्मक सङ्घर्षबाट सङ्क्रमण भन्ने पनि थियो । ... हरेक हालतमा शान्तिपूर्ण सङ्घर्ष भनेर केही त्यस पक्षमा लागे भने हरेक हालतमा सशस्त्र सङ्घर्ष भनेर अरू केही त्यस पक्षमा पनि लागे । ... हरेक हालतमा शान्तिपूर्ण वा हरेक हालतमा सशस्त्र भन्ने विचार मार्क्सवादको नाउँमा आएका अमार्क्सवादी सोचाइ थिए । वस्तुगत परिस्थिति, वर्गसङ्घर्षको अवस्था र राष्ट्रिय-अन्तर्राष्ट्रिय स्थितिको अनुकूलतालाई हेरेर मात्र सङ्घर्षको कुनै पनि रूप र तरिकाहरू प्रयोग गर्न सकिन्थ्यो । अहिले पनि कम्युनिस्ट आन्दोलनभित्र त्यस्ता अनुचित आग्रहहरू एक हदसम्म कायम नै छन् । यद्यपि, अब कम्युनिस्ट आन्दोलनको मूलधार र मूलशक्ति त्यस्तो अमार्क्सवादी आग्रहबाट मुक्त भएको छ । स्थिति, आवश्यकता, अनुकूलता तथा बाध्यतासमेतको आधारमा सङ्घर्षका कुनै पनि रूपहरू अपनाउने सम्बन्धमा मानसिक रूपले स्पष्ट छ । हरेक बेलाको वर्ग सङ्घर्षका ठोस रूपहरूमा प्रभावकारी ढङ्गले शक्ति परिचालन गर्न भौतिक तयारी गर्ने कुरामा प्रस्ट छ ।'[१९]

'सङ्घर्ष माथिबाट थोपरेर हुँदैन, प्रतिरक्षा सङ्घर्ष पनि माथिबाट थोपरेर हुँदैन । त्यसले वर्गसङ्घर्षको मैदानबाट जन्म लिन्छ र पार्टीले त्यसलाई समायोजन, विकास र नेतृत्व गर्नुपर्छ । नेताहरूको हतारोले क्रान्ति चाँडै भइहाल्दैन न त

उनीहरूको पछौटेपनले क्रान्ति रोकिन नै सक्छ।  सङ्घर्ष स्वयम् नै आक्रमण र प्रतिरक्षाको संयोजन हो। आक्रमण वा प्रतिरक्षाको कुनै एक पक्षमा मात्र ध्यान दिएर यसको सञ्चालन गर्न सकिन्न। ... चलिरहेको सङ्घर्षमा क्रान्तिकारी शक्तिले प्राप्त गर्ने विजय र वरिष्ठताले नै सङ्घर्षलाई निर्णायक दिशा र मोड दिनसक्छ। ...क्रान्तिको बाटो वस्तुगत परिस्थितिको उपज हो। मनोगत रूपमा कुनै पनि ढाँचा खडा गरेर आग्रह जाहेर गर्दैमा बाटोको समस्या हल हुँदैन। प्रत्येक उपलब्ध राष्ट्रिय-अन्तर्राष्ट्रिय स्थिति र वर्गसङ्घर्षको अवस्थाको आधारमा आमजनतालाई क्रान्तिकारी लक्ष्य प्राप्तिका निम्ति कसरी बढीभन्दा बढी सङ्गठित गर्न र सङ्घर्षमा उतार्न सकिन्छ, त्यसरी नै अघि बढ्नुपर्छ।'[२०]

राष्ट्रिय-अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा क्रान्तिको बाटो र सङ्घर्षका रूपहरूका सम्बन्धमा गम्भीर मतभेद र समस्याहरू रहेको सन्दर्भमा कमरेड मदनले क्रान्तिको बाटो प्रधान होइन लक्ष्य प्रधान हो। सङ्घर्षको कुनै पनि रूप निरपेक्ष र शाश्वत हुँदैन, क्रान्तिकारी शक्ति र सङ्घर्षको चालू अवस्था एवम् तात्कालिक वस्तुगत परिस्थितिका साथै अर्को पक्षको भूमिकाको समेत सापेक्षतामा सङ्घर्षको रूप तय हुन्छ र हुनुपर्दछ भन्ने निष्कर्षको जुन व्याख्या गर्नुभएको छ, यो ज्यादै महत्वपूर्ण छ। यसबाट मार्क्सवादी दर्शनको सिर्जनात्मक प्रयोग एवम् विकासमा थप योगदान भएको छ।

**(५) विकास मात्रात्मक र गुणात्मक ढङ्गले अगाडि बढ्दछ र संरचनामार्फत आधारमा परिवर्तन गर्न सकिन्छ**

कमरेड मदनले क्रान्ति, विकास र परिवर्तनका सन्दर्भमा पनि विशिष्ट खालको व्याख्या प्रस्तुत गर्नुभएको छ। उहाँले भन्नुभएको छ, 'क्रान्ति एउटा अनिवार्य वस्तुगत प्रक्रिया हो। मनोगत आग्रहले मात्र क्रान्ति हुन सक्तैन। वस्तुगत विकासका नियमहरूअनुकूल त्यसै दिशामा मनोगत शक्तिको प्रयास पनि केन्द्रित भयो भने क्रान्ति चाँडो सम्पन्न गर्न सकिन्छ, त्यसो नभए त्यसमा विलम्ब हुनसक्छ। ...विद्यमान समाजको गर्भभित्र नै नयाँ समाजका तत्वहरूको उदय र विकास नभई क्रान्ति हुन सक्दैन।'[२१] उहाँ जोड दिनुहुन्छ, 'वस्तुगत विकासको प्रक्रियामा नवोदित कुराले पुरानोलाई विस्थापित नगरी बलात् निषेध गर्नु द्वन्द्ववादको सार्वभौम नियमविपरीत कुरा हुन्छ।'[२२]

यसरी उहाँले क्रान्ति या सामाजिक परिवर्तनको प्रक्रिया कसैको मनोगत आग्रहका आधारमा बलपूर्वक धकेल्दैमा तुरुन्त भइहाल्ने नभएर वस्तुगत नियमका आधारमा क्रमिक रूपमा विकसित हुँदै जाने र पुरानो समाजकै मर्मभित्र नयाँ समाजका आधारहरू तयार भइसकेपछि मात्र क्रान्ति सम्पन्न हुनसक्ने मान्यता प्रस्तुत गर्नुभएको छ।

उहाँले समाज परिवर्तनका सन्दर्भमा एकैचोटि आधारमा नै परिवर्तन ल्याइहाल्ने कुरा मात्र नसोचेर माथिल्लो संरचनामा पकड कायम गरी त्यसलाई उपयोग गरेर आधारमा परिवर्तन ल्याउन ध्यान पुऱ्याउनुपर्ने व्याख्या गर्दै जोड दिनुभएको छ, 'अर्धसामन्ती तथा अर्धउपनिवेशी आर्थिक आधारलाई समाप्त नपारी जनताको पूर्ण प्रजातान्त्रिक राज्यव्यवस्थाको स्थापना हुनसक्दैन। किसान, मजदुर र सम्पूर्ण श्रमजीवी जनसमुदायको वर्गसङ्घर्ष र सामन्तवाद, साम्राज्यवादविरोधी क्रान्तिकारी आन्दोलनलाई दृढतापूर्वक एवम् प्रमुख महत्वका साथ अघि बढाउनुपर्छ। माथिल्लो ढाँचामा रहेको पार्टी हस्तक्षेपले ठोस रूपमा यस्तो वर्गसङ्घर्ष र क्रान्तिकारी आन्दोलनलाई सघाउनुपर्छ। जुन मात्रामा माथि हस्तक्षेप हुन्छ, त्यसै मात्रामा त्यसले तलको आमूलगामी सङ्घर्षलाई सहयोग पुऱ्याउनसक्छ।[२३] ... हामी अहिले पनि आमनिर्वाचनबाट बहुमत ल्याएर समेत सरकार बनाउन चाहन्छौं।'[२४] ... हाम्रो पार्टीले संसद्मा बहुमत प्राप्त गर्नसकेको खण्डमा आफ्नो सरकारको निर्माण गर्नुपर्छ। बहुमत प्राप्त गर्ने उद्देश्यले चुनावी अभियान सञ्चालन गर्नुपर्छ।[२५] ...हामी अहिले शान्तिपूर्ण सङ्घर्षको घेराभित्रैबाट अघि बढ्ने अधिकतम् कोसिस गरिरहेका छौं। यसको उच्चतम विकास शान्तिपूर्ण सङ्घर्ष र वैधानिक प्रतिस्पर्धाबाट सरकार बनाउने र त्यसबाट जनता, राष्ट्र र प्रजातन्त्रको हितमा प्रगतिशील ढङ्गले अधिकतम सुधार गर्नेसम्म मात्र हो र यो पनि जनसत्ताको स्थापना गर्ने आन्दोलनमा महत्वपूर्ण कुरा र उपलब्धि नै हो। ...क्रान्तिकारी राजनीतिक कार्यदिशाको नेतृत्वमा सुधार वा परिवर्तन साना वा ठूला, परोक्ष वा प्रत्यक्ष, संसदीय वा असंसदीय सबै कुराको सञ्चालन गर्नुपर्छ।'[२६] यसरी उहाँले क्रान्तिकारीहरूले समाजको माथिल्लो संरचनामा अर्थात् राजनीतिक प्रणालीमा नियन्त्रण कायम गरेर त्यसलाई उपयोग गर्दै तलको आधारशिला अर्थात् आर्थिक प्रणालीमा आमूल परिवर्तन ल्याउन पहल गर्ने मान्यता अगाडि सार्नुभएको छ। यो क्रान्तिपूर्व नै सरकार बनाउने र त्यसलाई उपयोग गरेर क्रान्तिको कामलाई अगाडि बढाउने मान्यता हो। यस मान्यता प्रस्तुत गरेर कमरेड मदन भण्डारीले मार्क्सवादको सिर्जनात्मक प्रयोग एवम् विकासमा थप योगदान पुऱ्याउनुभएको छ।

**(६) राज्य सधैं अधिनायकवादी हुँदैन**

कमरेड मदन भण्डारीले राज्यको चरित्रका बारेमा चर्चा गर्दै प्रतिक्रियावादी राज्य र जनवादी राज्यको चरित्र एउटै हुँदैन भन्ने मान्यता प्रस्तुत गर्नुभएको छ। यस सम्बन्धमा उहाँले भन्नुभएको छ, 'अधिनायकत्व राज्यसत्ताको एउटा मुख्य र निर्णायक कामलाई अभिव्यक्त गर्ने शब्द हो। ...राज्य एउटा वर्गले अर्को वर्गलाई नियन्त्रण गर्ने साधन हो। तर, जनताको राज्यको काम केवल नियन्त्रण र दमन गर्ने मात्र होइन, आम जनताको नेतृत्व गर्दै जनताका निम्ति कल्याणकारी काम पनि गर्नु हो। त्यसले जनवादविरोधी प्रतिगामी तत्वलाई मात्र दमन र नियन्त्रण गर्छ। व्यापक जनतालाई जनवादी अधिकार प्रदान गर्छ। त्यसकारण हामीले अधिनायकत्व शब्दको सट्टा ...राज्यसत्ता भन्ने शब्द प्रयोग गरेका छौं।'[२७] उहाँको भनाइको तात्पर्य प्रतिक्रियावादी राज्यसत्ता अधिनायकवादी हुन्छ तर जनवादी राज्यसत्ताको मूल चरित्रको अधिनायकवादी हुँदैन भन्ने हो। कम्युनिस्ट आन्दोलनमा श्रमजीवी वर्गको नेतृत्वमा क्रान्ति भइसकेपछि स्थापित हुने जनताको

राज्यसत्तालाई समेत सर्वहारा वर्गको अधिनायकत्व वा जनताको जनवादी अधिनायकत्व भन्ने जुन प्रचलन थियो, त्यसभन्दा भिन्न जनताको राज्यसत्ता मूलतः अधिनायकवादी चरित्रको हुँदैन भन्ने विशेष व्याख्या कमरेड मदन भण्डारीले गर्नुभएको छ । यस व्याख्याबाट मार्क्सवादी दर्शनको सिर्जनात्मक प्रयोग एवम् विकासमा थप योगदान पुगेको छ । 'श्रमजीवी वर्गले राज्यसत्ताको बनिबनाऊ यन्त्रलाई हातमा लिएर आफ्नो उद्देश्यपूर्तिका लागि त्यसको उपयोग गर्न सक्तैन ।'[२८] त्यसलाई 'नष्ट गर्नु'[२९] पर्दछ र 'प्रजातन्त्रको लडाइँ जित्नका लागि सर्वहारा वर्गलाई सत्तारुढ वर्गको रूपमा उठाउनुपर्छ'[३०] अर्थात् नयाँ राज्यसत्ता निर्माण गर्नुपर्दछ । र, 'पुँजीपति वर्गद्वारा सर्वहारा वर्गको अर्थात् मुट्ठीभर धनीमानीहरूद्वारा लाखौं-करोडौं श्रमिकहरूको 'मदनका निम्ति चाहिने विशेष शक्तिको' ठाउँमा सर्वहाराद्वारा पुँजीपति वर्गको 'मदनका निम्ति चाहिने विशेष शक्ति'को स्थापना गर्नु जरुरी छ'[३१] भने लाखौं-करोडौं श्रमिकहरूको प्रतिनिधित्व गर्ने शक्ति पनि फेरि अधिनायकवादी नै हुन्छ भन्नु अलि नमिल्दो कुरा थियो । मदनले त्यसको नयाँ व्याख्या गर्नुभयो ।

**(७) जनता नै निर्णायक शक्ति हुन्**

कमरेड मदन भण्डारीले 'जनवादमा वास्तविक रूपमा जनता राजनीतिको निर्णायक तत्व बन्छन् र बन्नुपर्छ । जनता नै वास्तवमा देशको मालिक बन्छन् र बन्नुपर्छ । राजनीतिक रूपमा जनवादको आधारभूत तत्व यही नै हो । जनताले राजनीतिमा कसरी भाग लिन्छन्, राजनीति र राजकीय व्यवस्थामा कसरी नियन्त्रणकारी निर्णायक भूमिका खेल्छन् भन्ने तरिकाको सवालमा विविधता हुनसक्छ । ...हामी वास्तविक जनवादको पक्षमा छौं । जनतालाई राजनीति र राजकीय व्यवस्थाको निर्णायक शक्ति र देशको एकमात्र वास्तविक मालिक बनाउने पक्षमा छौं'[३२] भन्दै जनतालाई राज्यशक्तिका स्रोत एवम् समाजका निर्णायक शक्ति मान्ने व्याख्या प्रस्तुत गर्नुभएको छ । कम्युनिस्ट आन्दोलनमा पकड जमाएर रहेको 'सेना नभएको जनतासँग आफ्नो भन्ने केही पनि हुँदैन[३३]' भन्ने मान्यताविपरीत जनता स्वयम् निर्णायक शक्ति हुन् भन्ने व्याख्या कमरेड मदनले अगाडि सार्नुभएको छ । उहाँको यस व्याख्याले पनि मार्क्सवादी दर्शनको सिर्जनात्मक प्रयोग र विकासमा थप योगदान पुऱ्याएको छ ।

**(८) पुरानोका गुण नयाँमा सर्छन्**

मार्क्सवादी दर्शनको एउटा मुख्य नियम निषेधको निषेध हुने नियमले निषेध हुँदा अस्तित्वको पुरानो रूप सम्पूर्णतः निषेध हुने वा समाप्त भएर जाने नभई त्यसमा रहेका निकम्मा वा बेकम्मा पक्षको मात्रै निषेध हुन्छ र सकारात्मक एवम् जीवनशील पक्ष अर्थात् अस्तित्वको नयाँ रूपमा पनि उपयोगी हुनसक्ने पक्षको चाहिँ संरक्षण हुन्छ र त्यसको विकास एवम् अझ उन्नत अवस्थामा रूपान्तरण हुन्छ भन्ने मान्दछ । यही नियमअनुरूप कमरेड मदन भण्डारीले 'बहुदलीय प्रणाली समाजको राजनीतिक जीवनको एउटा लोकप्रिय पद्धति तथा सरकार सङ्गठित गर्ने एउटा बहुप्रचलित तरिका हो । पुँजीवादपन्थीहरूको मात्र निजी सम्पत्ति कुनै पनि हिसाबले होइन'[३४] भन्दै त्यसले विकास गरेका कानुनी राज्य वा विधिको शासन, शक्ति पृथकीकरणको सिद्धान्त, मानव अधिकारको प्रत्याभूति, आवधिक निर्वाचन, बहुमतको सरकार अल्पमतको विपक्षजस्ता विषयलाई जनवादी समाजमा पनि अँगाल्न र उपयोग गर्नसकिने मान्यता अगाडि सार्नुभएको छ । उहाँले 'जनवादी केन्द्रीयताको शासन प्रणाली बहुमतले शासन चलाउने, अल्पमतले त्यसको निरीक्षण गर्ने शासन प्रणाली हो'[३५] पनि भन्नुभएको छ । यस व्याख्याबाट पनि मार्क्सवादी दर्शनको सिर्जनात्मक प्रयोग र विकासमा महत्वपूर्ण योगदान भएको छ ।

***सन्दर्भ सामग्री***


*१. पाँचौं राष्ट्रिय महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन (२०५३)- पृ. ५१ ।*
*२. उही- पृ. ५१*
*३. उही- पृ. ५१*
*४. उही- पृ. ५१*
*५. उही- पृ. ५१*
*६. उही- पृ. ५१*
*७. नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद (२०५५)- पृ. १७*
*८. बहुदलीय जनवादबारे केही कुरा- पृ. १४-१५*
*९. उपर्युक्त प्रतिवेदन- पृ. ५६*
*१०. उपर्युक्त कार्यक्रम- पृ. १६-१७*
*११. उपर्युक्त प्रतिवेदन- पृ. ५१*
*१२. किरण- सङ्घर्षको दर्शन (२०६३)- पृ. १२०*
*१३. बहुदलीय जनवादबारे केही कुरा- पृ. १४*
*१४. उपर्युक्त राजनीतिक प्रतिवेदन- पृ. ५१*
*१५. बहुदलीय जनवादबारे केही कुरा- पृ. ८*
*१६. उही- पृ. ८-९*
*१७. परिमार्जित नौलो जनवाद कि विसर्जनवाद (०४९)- पृ. २५*
*१८. उपर्युक्त कार्यक्रम- पृ. २४-२५*
*१९. उपर्युक्त प्रतिवेदन- पृ. ३२*
*२०. उपर्युक्त कार्यक्रम- पृ. २४, २५, २६*
*२१. बहुदलीय जनवादबारे केही कुरा- पृ. १७*
*२२. उपर्युक्त प्रतिवेदन- पृ. ५१*
*२३. वर्तमान परिस्थिति र पार्टीको दायित्व- पृ. ८५-८६*
*२४. उपर्युक्त दृष्टिकोण- पृ. ६०*
*२५. वर्तमान परिस्थिति र पार्टीको दायित्व- पृ. ९१*
*२६. उपर्युक्त कार्यक्रम- पृ. ३०*
*२७. उही- पृ. २१*

२८. :बचह(भलनभदि(त्जभ ऋष्खर्ष धबच ष्ल ।चबलअभ ९क्भभिअतभम धयचपक(ज्ञढठठ०( उाद्दडछ०
२९. लेनिन- राज्य र क्रान्ति (नेपाली, १९८१)- पृ. ४७
३०. :बचह(भ्लनभकि(:बलषभकतय या तजभ ऋफगलष्कत एबचतथ ९क्भभिअतभम धयचपक(ज्ञढठठ, पृ. ५२
३१. लेनिन- उपर्युक्त पृ. ५२
३२. उपर्युक्त प्रतिवेदन- पृ. ५५
३३. माओ .......
३४. बहुदलीय जनवादबारे केही कुरा- पृ. ८
३५. उही- पृ. १०

# जनताको बहुदलीय जनवाद : प्रयोगको अग्निपरीक्षा

❒ **वासुदेव अधिकारी**

**१. औचित्यपूर्ण प्रस्थापन**

राजनीतिक सिद्धान्त जनतालाई आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक रुपमा समृद्ध र अधिकारसम्पन्न बनाउने सूत्रबद्ध कार्यदिशा हो । यो राजनीतिक कार्यक्रममार्फत लागू हुन्छ भने कार्यक्रम चाहिँ वस्तुस्थितिको यथार्थबाट तर्जुमा गरिन्छ । राजनीतिक कार्यक्रमको तर्जुमा गर्न निश्चित सिद्धान्तले दिग्दर्शित गरिहेको हुन्छ । कुनै पनि देशमा जनतालाई सबै खालका सक्षमता, स्वतन्त्रता र श्रीवृद्धि प्रदान गर्ने आन्दोलन घरि क्रान्तिको नाममा तीव्रतम तवरले मुखरित हुन्छ भने घरि सामान्य अभियानका रुपमा मन्द गतिमा सञ्चालित हुन्छ । आन्दोलन र अभियान विषयगत कुरा हुन् । ति एकाधपटक सञ्चालन गरेर सकिँदैन तर क्रान्ति भने समयको लामो अन्तरालमा महत्वपूर्ण राजनीतिक मुद्दा छिनोफानो गर्न, भीमकाय राजनीतिक अवरोध हटाउन वा समाप्त गर्न सम्पन्न गर्ने गरिन्छ । क्रान्ति राजनीतिक परिवर्तनको ठूलो फड्को हो । यो न क्षणक्षणमा पैदा हुन्छ न सबै क्रान्ति सफल नै हुनसक्छ । क्रान्तिको स्वरुपलाई अध्ययन गर्दा यो सीमित समयको ठूलो बलिदानी तथा उपलब्धिको रुपमा वा लामो समयको आन्दोलनको क्रमिक उपलब्धिपुञ्जका रुपमा संरचित भएको देखिन्छ । क्रान्तिले मूलतः पुरानो शासन र सत्ताको जडवत् भइसकेको पक्ष वा प्रगतिविरोधी तत्वलाई हटाई जनतालाई शक्तिमान् बनाउने कार्य गर्दछ । त्यस क्रममा रगत बगउने-नबगाउने कुरा विधि, अक्कल, आन्दोलनकारीको कार्यनीति र अवरोधक पक्षको प्रतिवाद शैली आदिमा भरपर्ने कुरा हो ।

विशिष्ट परिस्थिति र चरणमा राजनीतिक आन्दोलन आमूल परिवर्तन र क्रान्तिको चरणबाट गुज्रिन्छ । सबै मुलुकका सबै आन्दोलन क्रान्ति होइनन् । सबै आन्दोलनहरु क्रान्तिमा रुपान्तरित हुनै सक्तैनन् । त्यसो त क्रान्ति खास राजनीतिक दलको पेसा वा पुस्तैनी खेतीपाती पनि होइन । यो परिस्थितिजन्य दायित्व निर्वाहको कुरा हो । तथापि, मार्क्सवादी राजनीतिक चिन्तनले ओतप्रोत भएको राजनीतिक दलले यसलाई सही ढङ्गले ठम्याउन र व्यवस्थापन गर्न सक्ने हुँदा क्रान्तिको नेतृत्व सोहीबमोजिम हुँदै गरिँदै आएको देखिएको छ । आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रका आन्दोलन राजनीतिक आन्दोलन वा क्रान्तिसँग समानान्तर सञ्चालित भए पनि क्रान्तिपूर्व वा पछि राजनीतिक आन्दोलन शिथिल भएको बेला पनि निरन्तर रुपमा सञ्चालन भइरहन्छन् । यसो गर्नु आवश्यक पनि छ । ती क्षेत्रमा खास चरणमा खास काम क्रान्तिको ‘स्पिरिट’मा सञ्चालन गर्नुपरे तापनि मूल रुपमा अभियानको रुपमा नै संस्थापित/सञ्चालित गर्नु औचित्यपूर्ण मानिन्छ । प्रत्येक विषय क्षेत्र समृद्धिका लागि गरिने आन्दोलन वा अभियान भने नियमित प्रकृया हो । यो गतिशील र जीवन्त रुपमा कायम रहिरहन्छ ।

राजनीतिक दलको अगुवाइमा हुने गरिने सामाजिक, राजनीतिक, सांस्कृतिक, आर्थिक क्रान्ति पहिले र पछिको दिग्दर्शन, राजनीतिक सिद्धान्त तथा कार्यक्रमले नै गर्दछ । राजनीतिक कार्यक्रमले क्रान्तिपूर्व क्रान्तिको रोडम्याप तयार गरी सोहीअनुरुप क्रान्तिलाई सशक्तरुपले अगुवाइ गर्दछ भने क्रान्तिपछिको खज्मजिएको अवस्थालाई पनि जतनका साथ व्यवस्थापन गर्दछ । यो सफल राजनीतिक कार्यक्रमको परिदिशा हो । कतिपय राजनीतिक कार्यक्रमले भने क्रान्तिपश्चात् सही दिशानिर्देश गर्न नसकी क्रान्तिको मूल दिशालाई दिग्भ्रमित बनाउने चरणमा छाडिदिन्छन् । त्यस्तो अवस्थामा क्रान्ति बिजाल्लिन्छ, जनआकाङ्क्षाको सही व्यवस्थापन हुन नसकी मुलुक पुनः क्रान्ति-प्रतिक्रान्ति-पुनर्क्रान्तिको चरणबाट गुज्रिन्छ । समयमै सामाजिक परिवर्तनका बाहक शक्तिलाई नेतृत्व गर्न नसक्दा ऊर्जावान् शक्तिहरु अनेक शक्तिकेन्द्रका मतियार भई सामाजिक राजनीतिक विखण्डन निम्त्याउन थाल्छन् । सामाजिक राजनीतिक विखण्डनले आर्थिक दुस्चक्र सिर्जना गरी अन्ततः जनताको जीवनस्तरलाई पातालमा पुर्‍याइदिन्छ । विश्वका धेरै राजनीतिक क्रान्तिहरु क्रान्तिपश्चात्को सामाजिक, आर्थिक, राजनीतिकलगायतका सङ्क्रमण व्यवस्थापनमा असफल भई प्रतिक्रान्तिको भुमरीमा फसेका छन् । क्रान्तिपछिको सामाजिक, राजनीतिक सङ्क्रमणको व्यवस्थापनलाई सही तवरले सम्बोधन गर्ने राजनीतिक कार्यक्रम नै

सफल राजनीतिक कार्यक्रम हो । त्यही नै सफल राजनीतिक सिद्धान्तको उपज पनि हो । जनताको बहुदलीय जनवाद (जबज)लाई त्यही आलोकमा ग्रहण गर्नु आवश्यक छ ।

मदन भण्डारीकृत जबज नेपाली क्रान्तिको विशिष्ट कार्यक्रम हो । यो मार्क्सवादको सिर्जनात्मक प्रयोगको नेपाली बान्की हो । यस विशिष्ट प्रयोगले पुराना सोचका कम्युनिस्टहरुले प्रयोग गर्ने जडता, एकदलीयता, एकदलीय अधिनायकत्व, अप्रतिस्पर्धालगायतका विषयहरुमा एकैसाथ स्वाभाविक परिवर्तन गरेको छ । यो कार्यक्रम कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरणको साहसपूर्ण थालनी हो, जनादेशमा खरो उत्री अवलम्बन गर्ने पारदर्शी राजनीतिक प्रणाली पनि हो । यसले सामान्यतया जनाधिकारको प्राप्तिका लागि जनतासँग एकाकार भई शान्तिपूर्ण सङ्क्रमणमार्फत समाजवादमा पुग्ने कार्यदिशा लिएको छ भने विशिष्ट अवरोधविरुद्ध बलपूर्वक जाइलाग्ने रणनीति पनि अवलम्बन गरेको छ । यसले राजनीतिलाई क्रान्तिपूर्व तथा पछि दुवै स्थितिको अन्दाज गरी राजनीतिक दिशा दिने प्रयत्न गरेको छ । क्रान्तिपूर्व जनताको बीचमा गई श्रेष्ठतम गुणका आधारमा जनाधिकार सम्बर्द्धनको आन्दोलन सञ्चालन गर्ने, जनतासँग एकाकार भई तिनका आर्थिक-सांस्कृतिक उन्नयनका निम्ति नीति निर्माण एवम् कार्यान्वनको तहमा सङ्घर्ष गर्ने र सबै खालका उत्पीडन समाप्त गर्न प्रयत्न गर्ने यसको कार्यनीति रहेको छ । क्रान्तिपूर्व गोलबन्द गरेका जनताको बीचबाट क्रान्तिको चरण पार गरी आवधिक निर्वाचनबाट अनुमोदित भई क्रान्तिले तर्जुमा गरेको संविधान, संविधानअनुरुप निर्माण हुने कानुनलाई कदर गरी तदनुकूल शक्तिसञ्चय गरी जनताको अधिकतम हित रक्षा गर्ने गरी बहुआयामिक कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम जबजको रहेको देखिन्छ । यस हिसाबले जबजले क्रान्तिपूर्व तथा क्रान्तिपश्चात्को स्पष्ट कार्यक्रम अघि सारेको छ । जबजले राज्यसत्तालाई सार र शासन प्रणालीलाई रुपको रुपमा व्याख्या गरेको छ ।

स्थापित समाजवादले लामो समयसम्म जनअनुमोदित हुने हिम्मत नगरेको, बहुवर्गीय प्रतिस्पर्धा नस्वीकारेको एवम् एकदलीय अधिनायकत्व त्याग्न नसकेको र तथा चालु हालतमा रहेको समाजवादी आन्दोलनले समेत समकालीन राजनीतिमा नयाँपन ल्याउन नसकेको परिप्रेक्ष्यमा जबजले देशमा प्रजातान्त्रिक स्वरुपको वामपन्थी आन्दोलन संयोजन गर्नका लागि विचारको बिउ रोपेको कुरामा कुनै द्विविधा छैन । शासनसत्ताको बहुदलीय रुपलाई समर्थन र राज्यसत्ताको सारलाई सङ्घर्षमार्फत जनताको पक्षमा परिवर्तन जबजको महत्वपूर्ण सूत्र रहेको छ । जबजको प्रजातान्त्रिक मान्यताको बारेमा मदन भण्डारी भन्छन्, 'क्रान्तिपछि सम्पूर्ण राजनीतिक अधिकारहरु जति कम्युनिस्ट पार्टी वा अर्को कुनै एक पार्टीले आफ्नो हातमा केन्द्रित गरी बाँकी जनतालाई किनारा लगाउन खोज्ने प्रवृत्ति प्रजातान्त्रिक मान्न सकिदैन ।' (मदन भण्डारी सङ्कलित रचनाहरु भाग १, पृष्ठ १७१) जबजले एकातिर गतिशील संविधान र परिवर्तनशील कानुनको निर्माण एवम् त्यसको परिपालनासहितको प्रणालीलाई उच्च महत्व दिएको छ भने क्रान्ति राजनीतिक फैसला भएकाले त्यस चरणमा चाहिँ संविधान तथा कानुनको समेत उल्लङ्घन हुनसक्ने कुरा दर्शाएको छ । प्रतिगामीउपर जनताको कलात्मक अधिनायकत्वको पक्षधर जबजले राजनीतिमार्फत मुखरित हुने वर्गीय प्रतिस्पर्धालाई सहर्ष स्वीकारेको छ । संसद्लाई रचनात्मक काम गर्ने थलोका रुपमा विकसित गर्ने, निर्वाचनमा बहुमत आए आमूल परिवर्तनका लागि शक्तिसञ्चय गर्ने र अल्पमत आए रचनात्मक भूमिका खेल्ने, उग्रवामपन्थ तथा उग्रदक्षिणपन्थविरुद्ध वैचारिक सङ्घर्ष गर्ने, जनतालाई आर्थिक अधिकारसहितको जनवाद दिने, परिस्थिति परिपक्व नबनाई समजवादमा फड्को मार्न नहतारिने तर पछौटे चिन्तनसहितको यथास्थितिवादी पनि नहुने जबजको आधारभूत प्रस्थापना हो ।

**२. सफल प्रयोगको दृष्टान्त**

नेकपा (एमाले)को राजनीतिक कार्यक्रमका रुपमा प्रतिपादित उपर्युक्त कार्यक्रम (जबज) २०४६ को आन्दोलनको सन्दर्भमा क्रान्तिपूर्व पहिलोपल्ट प्रयोगमा ल्याइयो । ०४६ भदौमा सम्पन्न पार्टीको चौथो महाधिवेशनमा भ्रुणको रुपमा देखिएको यसको स्वरुप ०४८/०४९ पछि पूर्ण रुपमा देखापरेको हो । ०४६ सालको जनआन्दोलनको उपलब्धिलाई संविधान निर्माणको माध्यमबाट संस्थागत गर्ने, त्यसका निम्ति प्रतिक्रियावादी तथा साम्राज्यवादपरस्त शक्तिलाई नित्य खबरदारी गर्ने सन्दर्भमा व्यापक जनताको पङ्क्तिलाई परिचालन गरी यसको सार्थक उपयोग हुँदै आएको हो । अनेक जालझेल र षड्यन्त्रका बाबजुद ०४८/०५१ को आम निर्वाचन एवम् ०४९/०५४ को स्थानीय निर्वाचनमा पार्टीको आमूल परिवर्तनकारी विचारलाई सम्प्रेषित गरी प्राप्त भएको उपलब्धि त्यसको सफल प्रयोगको प्रत्यक्ष दृष्टान्त थियो । कमरेड मनमोहन अधिकारीको नेतृत्वको नौमहिनाको शासनकालमा जनाधिकार समृद्ध गर्ने गरी गरिएको प्रगतिशील सुधारका कदमहरु त्यसका ज्वलन्त प्रमाण थिए ।

०४६ देखि ०५२ सालसम्म नेकपा (एमाले)को पारदर्शी एवम् प्रगतिशील भूमिका र जनतासँगको सहकार्य नेपाली राजनीतिको इतिहासमा साँचै अनुकरणीय र स्वर्णिम कालखण्ड थियो । त्यतिबेला जनाधिकार संरक्षणका ससाना सवालमा समेत पार्टीले लाखौँलाख जनताको साथ र सहयोग पाएको थियो । पार्टीले गिरिजाप्रसाद कोइरालाको सरकारले टनकपुर सन्धिजस्ता लुकाएर गरेको राष्ट्रघाती सन्धिलाई जनताको सामु उधिनेर सडकमा ल्याई सडक तथा सदनमा प्रभावकारी सङ्घर्ष गरी आफ्नो साखलाई निकै बढाएको थियो । पार्टीले धमिजा काण्डलगायतका भ्रष्टाचारलाई सार्वजनिक गरी दलाल पुँजीवादविरोधी सङ्घर्षलाई समेत तेजिलो बनाएको थियो । जबजको कार्यक्रमबाट निर्देशित भई स्पातिलो तवरले सम्पादन गरिएको उपर्युक्त भूमिका नेपाली राजनीतिको इतिहासमा अविस्मरणीय उज्याला पाइलाहरु हुन् । झापा आन्दोलनको उग्रवादी धङधडीबाट सिद्धान्ततः एवम् आत्मतः सच्चिएर जनताको घरदैला र मनमा त्रासहीन तवरले बास बस्नु, तिनकै माया पाई प्रतिपक्षमा बसी वा सरकारमा गई निरन्तर सामाजिक रुपान्तरणको कार्य गरिरहनु जबजको सही

प्रयोगको साक्ष्य थियो । तिनै गतिविधिले हो, सामन्ती राज्यसत्ताको राजनीतिक-सांस्कृतिक अधिकार एवम् वैभवको जरा नेपाली समाजबाट छिनाल्दै लगेको, राजाको विकल्पमा जनताभित्रै योग्य विकल्पको सम्भावनालाई उजागर गरेको थियो ।

जबजलाई पार्टीको पाँचौं महाधिवेशनले पारित गरी छैटौं महाधिवेशनपश्चात् नेपाली क्रान्तिको सिद्धान्तका रुपमा आत्मसात् गरिँदै आएको छ। समाजको शान्तिपूर्ण सङ्क्रमणको राजनीतिक व्याख्या, पार्टी एवम् प्रणालीको लोकतान्त्रीकरण, जनताको अधिनायकत्व, कानुनी शासनको प्रत्याभूति यसका उल्लेखनीय विशेषताहरु हुन् । जबजमा धेरै मूल्यहरुको संयोजन, संश्लेषण र अन्विति भएको देखिन्छ । पार्टीमा आन्तरिक जनवादको प्रत्याभूति गर्ने पहिलो दल नेकपा (एमाले) नै हुनुमा जबजकै योगदान ठूलो छ । वाम तथा दक्षिण अतिवादहरुको विकल्पस्वरुप प्रस्तुत लोकतान्त्रिक पथलाई अवलम्बन नगरी नेपालको विकास हुनै सक्तैन ।

**३. अलमलको चक्रव्यूह**

जबजमा धेरै मूल्यहरु संश्लेषित र संयोजित भएको र यसको सफल प्रयोगले राष्ट्रिय, क्षेत्रीय र विश्वराजनीतिमै विशिष्ट तरङ्ग पैदा भएपश्चात् यसका वाहकविरुद्ध चौतर्फी हमला सुरु भयो । पहिलो, यसका ध्वजावाहक राजनेता मदन भण्डारीको हत्या भयो । दास्रो, मनमोहन अधिकारीलगायतका नेताहरुलाई हेलिकोप्टरबाट खसाउनेसम्मका काम भए । तेस्रो, लोकप्रिय सरकारलाई नौमहिनाको कार्यवधिमा अदालतसमेतको मिलेमतोबाट खोस्ने/गिराउने काम भयो । चौथो, पार्टीभित्र चलखेल शुरु गरी महाकाली सन्धिको नाममा पार्टी नै टुक्र्याउने कार्य सम्पन्न भयो । पाँचौं, निरङ्कुश राजतन्त्र-दक्षिणपन्थी शक्ति एवम् साम्राज्यवादी शक्तिले पार्टीलाई प्रहार र प्रलोभनको समानान्तर कार्यक्रम लागू गरी अनेक सवालमा नेतृत्वलाई स्थापित र एकढिक्का हुन नदिने षड्यन्त्र जारी नै राखे । छैठौं, माओवादी शक्ति राष्ट्रिय राजनीतिमा प्रखरतम भूमिकामा देखा परेपछि उसले पार्टीभित्र चलखेल सुरु गरी भुसको आगो सल्काउने काम गऱ्यो ।

लामो सङ्घर्ष, स्पष्ट सैद्धान्तिक तथा कार्यक्रमिक स्पष्टता, जनतासँगको पारदर्शी सहकार्यका बाबजुद पनि ०५४ सालपछि पार्टीका जति पनि आन्दोलन, सङ्घर्ष र प्रशिक्षणका कामहरु भए, त्यसले पार्टी साखलाई उल्लेखनीय स्तरमा विकसित गर्न, राष्ट्रिय राजनीतिको प्रखरतम विकल्पको रुपमा स्थापित गर्न सकेन । पार्टीमा सधैं प्रतिपक्षीय र दोस्रो नम्बरको राजनीतिक दलका रुपमा रहने मनोविज्ञान हाबी हुँदै गयो । पार्टीका कैयौं जुझारु पङ्क्तिलाई एनजीओ, आइएनजीओको कार्यकर्ता बन्नपाउने वा पर्ने अवसरले मलिनो बनाउँदै गयो । पार्टी निरङ्कुश राजतन्त्र, दक्षिणपन्थी नेपाली काङ्ग्रेस तथा आतङ्कवादीतुल्य गतिविधि गर्दै आएका उग्रवामपन्थीहरुको एकैपटक सिकार बन्नपुग्यो । पार्टीले एकसमय पार्टीमा प्रवेश गरेको एजेन्डा संविधानसभाका बारेमा यथासमय स्पष्ट दृष्टिकोण लिन सकेन भने जातीय उग्रताको आगोलाई सही दिशाा दिन सकेन । राजतन्त्र उन्मूलनको सन्दर्भमा पार्टीले औपचारिक बैठकबाटै लोकतान्त्रिक गणतन्त्रको पक्षमा उभिने हिम्मत गरे पनि र माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन अथक मिहेनत गरे पनि त्यसको जस लिन सकेन । धरैजसो 'इस्यु'मा पार्टी 'प्रोएक्टिभ' हुन सकेन । मूल कुरा पार्टीले उग्रवादविरुद्धको वैचारिक लडाइँलाई प्रभावकारी तवरबाट सञ्चालन गर्न सकेन। निम्छरो भूमिकाको कारण आफ्नो जनाधारमा माओवादी छिऱ्यो। माओवादीको उग्र व्यहारको सही र संयमित प्रतिकार गरी जनताको विश्वास कायम राख्ने स्पष्ट रणनीति नहुँदा धमाधम कार्यकर्ता चोरिने, लुटिने, टुट्ने र बिलाउने क्रम जारी रह्यो । भएकाहरु पनि उनीहरुको दम्भ, हतियार, युद्धोन्माद र उच्छृङ्खलताको सामुन्ने निरीह हुने अवस्था सिर्जना भयो । प्रतिगमन सच्चिए-नसच्चिएको, संविधानसभा आवश्यक-अनावश्यक, गणतन्त्रको संस्थागत विकासको मुख्य सहयोगी नेपाली काङ्ग्रेस वा माओवादी आदि सवालमा पार्टी समयमै स्पष्ट भई तदनुरुपको प्रभावकारी भूमिका निर्वाह गर्न पछि पऱ्यो । गरेको कामको जस लिन नसक्ने र आफ्नो मूल्यवान् कार्यदिशालाई भन्दा अरुले उत्पन्न गरेको विषय/मुद्दाउपर आफू विभाजित हुने रोग पस्यो पार्टीमा । पार्टी 'अफेन्सिभ' होइन 'डिफेन्सिभ' रोगले आक्रान्त भयो । फलतः जबजको सही कार्यक्रम कार्यान्वयनमा अलमल थपियो । हिँड्दा-हिँड्दै बाटो हराउने रोग सल्कियो पार्टीमा । त्यसले राष्ट्रिय राजनीतिलाई नै प्रदूषित र अल्मल्याउने मोडमा पुऱ्यायो । आन्तरिक जनवादको असन्तुलित एवम् विकृत प्रयोगले पार्टी नै संयुक्त मोर्चाजस्तो हुने खतरा बेलाबेला पन्पिरह्यो । खास सवालमा अरुसँग मिल्न सक्ने तर आफूआफू मिल्न नसक्ने रोगले चियाउन थाल्यो ।

**४. विद्यमान सङ्कट**

नेकपा (एमाले) अहिले सहस्र चुनौतीको बीचमा खडा भएको छ। पहिलो त यो पहिलोबाट तेस्रो दलमा झरेको छ। दोस्रो, ०६२/०६३ को जनक्रान्तिउन्मुख जनआन्दोलनका उपलब्धिलाई संविधान निर्माण गरी संस्थागत गर्ने कार्यभारको समयावधि सकिई अकल्पनीय सङ्कट उत्पन्न भएको छ । सरकारको नेतृत्व गरेको दलको हिसाबले पार्टीले लिनुपर्ने अपजसको मात्रा चानचुने छैन । तेस्रो, जनआन्दोलनको प्रमुख घटक माओवादीसँगको सहकार्यको वातावरण तत्कालका लागि टुटेको छ । एमाले नेतृत्वको सरकारलाई गिराएरै छाड्ने एकसूत्रीय, असंवैधानिक र हिंसापूर्ण बाटोबाट माओवादी अघि बढिरहेको छ । पार्टी न सडकमा सरकार बुझाउनसक्छ न सहमतिको आधारमा संविधान निर्माण गर्ने वातावरण तर्जुमा नै गर्नसक्छ । चारैतर्फबाट खेलाडीहरु सक्रिय भएका छन् । वामपन्थीविरुद्ध वामपन्थी भिड्ने वातावरण तयार भएको छ । मुलुकमा राजनीतिक जोखिम बढ्दो छ । यसबीचमा पार्टीले खेलेको भूमिका अप्रभावकारी छ । सरकारमा बसेर पनि पार्टीको साख माथि जान सकेको छैन । यस स्थितिमा जबजको प्रयोग आफैँमा सङ्कटग्रस्त छ । कालान्तरमा उग्रपन्थी शक्ति पनि कानुनको शासन, प्रजातान्त्रिक आचरण र जनाधिकारको रक्षामा आउनुपरे पनि अहिलेका लागि राजनीतिले सन्तुलित भूमिका निर्वाह गर्न नसकेको कारण सङ्कट अरु थपिएको देखिन्छ । नेकपा (एमाले)को भूमिकाको पुनरुत्थानबिना यसको भविष्य समुज्वल देखिँदैन । जबज दुई 'प्लट' घडेरीको बीचको सन्तुलनकारी बाटोजस्तो हो, जसको

उपयोग बहुपक्षीय हुनसक्छ तर छिमेकीको बीचमा झैँझगडा भई दुवैले बाटोतिरै सिमाना मिच्दै आएको अवस्थामा भने बाटोको अस्तित्व नै समाप्त हुन्छ । अहिले त्यही हुन खोज्दैछ । विशाल चीन र भारतको बीचमा अवस्थित नेपालको सन्तुलित राजनीतिको जति अवसर हुनसक्थ्यो र त्यो गुमिरहेको पीडा राष्ट्रलाई छ, त्यही हालत छ जबजको पनि । राष्ट्रवादी, प्रजातान्त्रिक र उर्ध्वगामी सबै खालको 'पोजेटिभ' तत्व यसमा अट्नसक्छ ।

**५. उपसंहार**

जबज बहुआयामिक मूल्य भएको ठोस राजनीतिक कार्यक्रम हो । सामन्तवादबाट राष्ट्रिय पुँजीवादतर्फ उन्मुख हुँदै समाजवादतर्फको राजनीतिक यात्राका लागि यो कार्यक्रम निकै सन्तुलित, संयमित र दूरगामी छ । समाजवादी तथा प्रजातान्त्रिक दुवै मूल्य संयोजित यस कार्यक्रमको सार मूल्यवान् छ । यसले राज्यको रुप तथा सार दुवै पक्षमा उपयोग र परिवर्तनको मान्यता अघिसारेको छ । मुलुकको आमूल रुपान्तरण र जनताको श्रीवृद्धि यही कार्यक्रमको सफल प्रयोगबाट नै हुनसक्छ । बाटो मात्र ठिक भएर गन्तव्यमा पुग्न सकिँदैन । सही इन्जिनसहितको गाडी र कुशल चालक चाहिन्छ गन्तव्यमा पुग्न । पार्टी काम समूहकार्य भएकाले आम पार्टीपङ्क्ति उक्त कार्यक्रमप्रति प्रतिबद्ध रही एउटै मूल लक्ष्यमा अघि बढ्न सक्नुपर्दछ । अहिले परिस्थितिमा नित्य परिवर्तन आइरहेको छ । राष्ट्रिय राजनीतिक मनोविज्ञान र आवश्यकतालाई मध्यनजर राखी जबजलाई अत्यावश्यक सन्दर्भमा विकसित र पुनर्परिभाषित गर्नु पनि आवश्यक छ । संविधान निर्माणको क्रममा सरकारमा बहुमतको सरकार र अल्पमतको प्रतिपक्षको सट्टा समानुपातिक प्रतिनिधित्व हुने/गर्ने व्यवस्था मिलाउन सकिन्छ । यसलाई कार्यक्रमले छेक्दैन । पार्टीभित्र आन्तरिक जनवादको ग्यारेन्टी तथा विचार एवम् सङ्गठनको तहसम्म प्राप्त प्रजातान्त्रिक अवसर पार्टी/मुलुक निर्माणको सन्दर्भमा उपयोग हुन नसकी आन्तरिक विग्रहमा प्रयुक्त हुनु नै अहिलेको ज्वलन्त समस्या हो । यसक्रममा पार्टीको एक पङ्क्ति उग्रवादीतिर लहसिने र अर्को पङ्क्ति दक्षिणपन्थी लाइनतिर लहसिने प्रवृत्ति लामो समयसम्म कायम रज्यो भने न सन्तुलित मूल्यको जबजको मूल रुप बाँकी रहनेछ, न पार्टीको मस्तुल ठडिइरहनेछ वा मुलुकमा शान्ति र स्थिरता नै कायम हुनेछ । यो पेरिस कम्युनजस्तो एकादेशको कथा हुनेछ । जबजको सही कार्यान्वयन हुन नसक्दा मुलुक लामो समयसम्म वाम तथा दक्षिणपन्थी अतिवादको यातनागृहमा परिणत हुनेछ । संविधान निर्माणको सन्दर्भमा पार्टीको भूमिका निस्तेज भई देश गृहयुद्धको दुस्चक्रमा फस्यो भने जबजको प्रयोजनपरक मूल्यमा ठूलो प्रश्नचिन्ह लाग्ने छ । गणतन्त्रलाई संस्थागत गर्न संविधान निर्माणका सन्दर्भमा यसको अग्निपरीक्षा भइरहेको छ । राज्यको रुप तथा सारको उपयोग र परिवर्तनको सन्तुलनको अग्निपरीक्षा दिनु छ यसपटक पार्टीले । ❐

# ल्याटिन अमेरिकामा वाम सरकारहरू

## ❐ उमेश उपाध्याय

सशस्त्र संघर्षबिना क्रान्तिकारी परिवर्तन र समाजवादको परिकल्पनासमेत गर्न नचाहने प्रवृत्ति पुरानो वैज्ञानिक समाजवादको विशेषता बनेको थियो । तर परिवेश फेरिएको छ र विविध वैकल्पिक बाटाहरूबाट समाजवादको यात्रा गर्न सकिने सम्भावनाका द्वारहरू आज खुल्ला भएका छन् । सशस्त्र संघर्षको बाटोमा नहिँडे कम्युनिस्ट नै नमानिने पुरानो रुढीवाद समाप्त भएको छ । 'रेडिकल' वा 'वामपन्थ' वा 'क्रान्ति'जस्ता शब्दहरू पनि अर्थका हिसाबले झन् परिमार्जित र झन् समृद्ध भएका छन् ।

**१. 'वाम' : शब्दको लेखाजोखा**

'वाम' वा 'वामपन्थी' शब्द फ्रेन्च क्रान्तिका परिणाम हुन् । संसद्मा देब्रेपट्टि बस्नेहरू क्रान्तिकारी परिवर्तनका पक्षपाती र गणतन्त्रीहरू थिए । त्यसबेला दाहिनेपट्टि बस्नेहरू दक्षिणपन्थी र यथास्थितिवादी खालका थिए । पछि युरोपमा सबैखाले क्रान्तिकारी आन्दोलनहरू मूलतः समाजवाद, साम्यवाद र अराजकतावादको अर्थमा र सामाजिक लोकतन्त्रसमेतलाई वामपन्थ भनेर बुझ्ने गरियो । आर्थिक विश्लेषणको हिसाबले वामपन्थी आर्थिक विचारले 'केन्स'को राज्यद्वारा हस्तक्षेपको नीतिदेखि लिएर लोककल्याणकारी राज्यको अवधारणा, औद्योगिक लोकतन्त्र र सामाजिक बजार तथा राष्ट्रियकरण र केन्द्रीय योजनासम्मलाई समेट्छ । यसैले आजको वामपन्थले परम्परागत 'रेडिकल' समूहलाई मात्रै समेट्दैन, मध्यपन्थी वामहरू र प्रगतिशील सुधारका पक्षपातीहरूलाई पनि समेट्छ । कतिपय अराजकतावादीहरू, जो विकेन्द्रित अर्थव्यवस्थामा विश्वास गर्छन्, जसमा मुख्य भूमिका श्रमिक परिषद्हरू, ट्रेड युनियनहरू, सहकारी सङ्घसंस्थाहरू, नगरपालिकाहरू र कम्युनहरूको हुन्छ र सरकार तथा निजी क्षेत्रको नियन्त्रणको विरोध गर्छन्, त्यसलाई पनि वामपन्थले समेट्दछ । यसरी

'वामपन्थी' शब्द व्यापक  अर्थमा प्रयोग हुनथालेको छ । अझ वामपन्थी उत्तरआधुनिकतावादले त सांस्कृतिक विश्लेषणमा बढी जोड दिन्छ र शाश्वततावादी खालका सबै विचारसँग मतविरोध राख्छ, मार्क्सवादको पनि धेरै पक्षसँग असहमति राख्दछ ।

**२. शस्त्र, आन्दोलन र मुद्दाहरू**

उल्लिखित परिप्रेक्ष्यमा हेर्दा प्रत्यक्ष सशस्त्र सङ्घर्षको माध्यमबाट सत्ता कब्जा गरी वाम सरकारहरू सञ्चालन हुने चरण पार भएको धेरै दशक भइसकेको छ । वाम सरकार स्थापनाको नेपालको सन्दर्भमा पनि सशस्त्र सङ्घर्षका विभिन्न कालखण्डहरू पार भएका छन् । सशस्त्र सङ्घर्षका कालखण्डहरूको नेपाली वामआन्दोलनमा सङ्गठन निर्माण र शक्तिको सुदृढीकरणका लागि आधार तयार गर्नमा भूमिका रहेको छ । तर, निर्णायक परिवर्तन र परिणामका हिसाबले प्रभावी रहेका छैनन् । झापा विद्रोह होस् वा माओवादी जनयुद्ध, आकारमा भिन्नता भए तापनि दुवै शान्तिपूर्ण आन्दोलनमा अवतरण भएर नै राष्ट्रिय राजनीतिमा सम्बन्धित दलहरूको भूमिकालाई स्थापित गर्न सफल भएका छन् । जनआन्दोलन र निर्वाचनको बाटोबाटै नेपाली राजनीतिमा प्रभावी शक्तिको रूपमा ती दलहरू स्थापित भए । शान्तिपूर्ण ढङ्गबाट आन्दोलनको ऊर्जाबाटै अघि बढ्ने बाटो बहुदलीय जनवादको बाटो हो । यस अर्थमा कमरेड मदन भण्डारीको चिन्तन र योगदान स्वयम् युगान्तकारी भूमिका नेपालको वामआन्दोलनमा स्थापित भएको छ । माओवादीहरू पनि नेपालमा अन्ततः यही मार्गमा आइरहेका छन् । हाम्रो आन्दोलनको वर्तमान बाटोले ल्याटिन अमेरिकाको वाम आन्दोलनसँग पनि सामिप्यता राख्दछ ।

सशस्त्र चरण र आमचुनाव आधारित आन्दोलनमुखी चरण दुवैमा हेर्दा ल्याटिन अमेरिका अग्रस्थानमा देखिन्छ । क्युबामा वामसरकार स्थापना पुरानो क्रान्तिकारी पृष्ठभूमिबाट भएको छ । सन् १९५९ मा क्युबामा फिडेल कास्ट्रोको नेतृत्वमा क्रान्तिकारी वाम सरकारको स्थापना र निरन्तता महत्वपूर्ण छ । अमेरिकी  सरकारले गरेको चार दशकभन्दा लामो निरन्तर नाकाबन्दी क्युबाले भोगिरह्यो । सिङ्गो ल्याटिन अमेरिकामा क्यास्ट्रोभन्दा पनि ठूला क्रान्तिकारीका रूपमा चे ग्वेभाराको नाम अमर रह्यो । १९६० को दसक ल्याटिन अमेरिकामा ठूलै उथलपुथलको दसक बन्यो, गुरिल्ला युद्ध धेरै देशहरूमा चल्यो । बीसौं शताब्दीको अन्त्यसम्म पनि चल्यो । तर, पछाडिका गुरिल्ला युद्ध वा सशस्त्र सङ्घर्षहरू सफलताको हिसाबले खासै उपलब्धिमूलक रहेनन् । यद्यपि, ल्याटिन अमेरिकी वाम आन्दोलनका अध्येता तथा वामपन्थी चिन्तक टेजिस डेब्रेले सिङ्गो ल्याटिन अमेरिकाको वाम आन्दोलनलाई क्यास्ट्रोवाद भनेका छन् । तर, निकारागुवा होस् वा भेनेजुयला वा बोलिभिया, चिली वा ब्राजिल होस् वा अर्जेन्टिना, इक्वेडर होस्, उरुग्वे वा पेरु, वाम सरकारहरू विशुद्ध आन्दोलनको बलमा र सशस्त्र सङ्घर्ष लामै समय चलेका देशमा पनि सहमति र चुनावकै बलमा मात्र सत्तामा आएको देखिन्छ । स्थिर सत्तारोहण पनि देखिँदैन ।

ल्याटिन अमेरिकाका नयाँ वाम सरकारहरू चार मुख्य मुद्दाबाट अगाडि बढेको देखिन्छ । नवउदारवादी नीतिहरूको विफलता, भताभुङ्गे निजीकरण, विश्वव्यापी पुँजीवादी अर्थव्यवस्थाको अत्याधिक खुलापन र सामाजिक-आर्थिक असमानता साथै अमेरिकी साम्राज्यवादी हस्तक्षेप, बहुराष्ट्रिय निगमको शोषण र प्राकृतिक स्रोत तथा भूमिमाथि आदिवासीको स्वामित्वजस्ता विषयहरू पनि ल्याटिन अमेरिकी वाम आन्दोलनले उठाएका महत्वपूर्ण मुद्दाहरू हुन् ।

**३. अतीत खोतल्दा**

यिनै जनमुखी मुद्दाहरू र खासगरी मजदुर, किसान र आदिवासीका समस्या र पीडाहरूको सम्बोधनले नै बोलिभियामा इमो मोरालस र चिलीमा माइकेल वेचलेटको विजय भएको थियो । सशस्त्र विद्रोहमा मात्रै लाग्ने वामहरूले नयाँ विकल्प र नयाँ मार्ग पक्रे, जसले लोकतन्त्रलाई बलियो बनाउनेछ भन्ने विश्लेषण पनि सुरु भयो । त्यसपछि भेनेजुयेलामा ह्युगो चाभेज र ब्राजिलमा लुलाको विजय, इक्वेडरमा गुटेरेज, अर्जेन्टिनामा कर्चनर, उरुग्वेमा बास्केज र पेरुमा टोलेडोको विजय वाम र समाजवादीहरूको विजयको शृङ्खलाकै रूपमा देखापर्‍यो ।

सन् १८४८ को युरोपीय क्रान्तिको विफलताले  निर्वासनमा कतिपय क्रान्तिकारी ल्याटिन अमेरिका पसे । त्यस्तै, पेरिस कम्युनको  विफलताले पनि कतिपय क्रान्तिकारी ल्याटिन अमेरिका पसे ।  उनीहरूबाट साम्यवादी-समाजवादी विचारले ल्याटिन अमेरिकामा प्रवेश र फैलावट पाएको हो । बीसौं शताब्दीको मध्यतिर पेरुमा कम्युनिस्ट पार्टीका संस्थापक 'जोस कार्लोस मारियातेगु'ले मार्क्सवाद ल्याटिन अमेरिकामा फैलाउन ठूलो योगदान गरे । १९५९ मा फ्रिडेल क्यास्ट्रोले बाटिस्टा शासन उखेलेर क्युबामा कम्युनिस्ट पार्टीको नेतृत्वमा समाजवादी मार्ग खन्नथाले । क्युबाको क्रान्तिपछि सबै ल्याटिन अमेरिकी देशहरूमा कम्युनिस्ट पार्टीहरू बने । १९६५ मा चे ग्वेभारा सिङ्गो ल्याटिन अमेरिकामा गोरिल्ला युद्धको माध्यमले विजयपताका फहराउने उद्देश्यका साथ क्युबा छोडी बाहिर निस्के तर अभियानकै क्रममा १९६७ मा उनी मारिए । त्यसपछि अमेरिका र दक्षिणपन्थीहरूले सिङ्गै ल्याटिन अमेरिकामा कम्युनिस्ट पार्टीहरूलाई सिध्याउने अनेकौं प्रयत्न गरे, कतिपय देशमा प्रतिबन्ध पनि लगाए ।

चुनावको बाटोबाट अघि बढ्ने बाध्यता त्यसपछि सुरु भयो । १९७० मा साल्भाडोर एलेन्डेको विजयले समाजवाद र देशभक्तहरूलाई चिलीमा नयाँ उत्साह सिर्जना गर्‍यो तर १९७३ मा सैनिक कुद्वारा उनी फ्याँकिए ।

१९७९ मा डेनियल ओर्टेगाको नेतृत्वमा सान्डिनीस्त राष्ट्रिय मुक्तिमोर्चाले क्रान्तिकारी परिवर्तन गऱ्यो, फलतः १९८० मा अमेरिकी नीतिअन्तर्गत निकारागुवामा गृहयुद्ध सुरु भयो । १९९० को चुनावमा चमारोबाट ओर्टेगा पराजित भए पनि उनी पुनः विजयी भएका छन् ।

**४. आजको बाटो**

खासगरी १९८० पछि बन्दुकको नालबाट सत्ताप्राप्त गर्ने धारणालाई ल्याटिन अमेरिकी वामशक्तिले छोडिदियो । यो परिवर्तनले जनताको समर्थन पनि बढेर गयो । फलतः ब्राजिलमा वामपन्थ राम्ररी फैलियो र लोकप्रिय भयो । १९९८ मा ह्युगो चाभेजको भेनेजुयेलामा विजयले नयाँ अध्याय सुरु भयो । तत्कालीन अमेरिकी राष्ट्रपति बुसले चाभेजलाई 'दोस्रो क्यास्ट्रो' पनि भने ।

क्यास्ट्रो, चाभेज र बोलिभियाका राष्ट्रपति मोरालेज संयुक्त राज्य अमेरिकाका कडा विरोधी भए पनि ब्राजिलका लुला, उरुग्वेका भास्केजजस्ता नेताहरू संयुक्त राज्य अमेरिकासँग पनि असल सम्बन्ध बनाउने नीतिमा छन् ।

ल्याटिन अमेरिकाका वामहरूबीचको दूरी वाम र दक्षिणबीचको दूरीभन्दा पनि बढी छ भन्ने विश्लेषकहरू पनि छन् । वाम सरकारहरू र दक्षिणपन्थी सरकारहरूबीच खासै भिन्नता छैन भन्ने विश्लेषकहरू पनि छन् । तर, वाम सरकारहरू सामान्यतया सामाजिक विकास, सामाजिक न्याय र गरिबी न्यूनीकरणमा बढी केन्द्रित छन् । लुलाको शून्यभोक कार्यक्रम (Zero Hunger Program)ले यही देखाउँछ ।

ल्याटिन अमेरिकाका क्युबा छोडी अरू वाम सरकारहरू पुँजीवादको अन्त्य गर्ने कुरामा भन्दा आर्थिक विकासको समतामूलक प्रक्रियामा बढी जोड दिन्छन्  र आर्थिक एजेन्डामा केन्द्रित छन् । चाभेजले सन् २००५ को पोर्ट एलेग्रे विश्व सामाजिक मञ्चमा सम्बोधन गर्दै भनेका थिए, 'प्रत्येक दिन म झन्-झन् विश्वस्त हुँदै गएको छु कि पुँजीवादलाई रूपान्तरण गर्नुपर्छ तर यो वास्तविक समाजवाद, समता र न्यायलाई बलियो पार्दै गर्न सकिन्छ । म विश्वस्त छु, लोकतन्त्रभित्रैबाट यो सम्भव छ, यद्यपि वासिङ्गटनले थोपारेको लोकतन्त्रबाट चाहिं होइन ।' उनी '२१ औं शताब्दीको समाजवाद' मा आफू हिंडिरहेको बताउँछन् ।

यसरी हेर्दा तीन-चार दशकअगाडिको 'वाम' परिभाषा आजको 'वाम' परिभाषासँग ल्याटिन अमेरिकामा मेल खाँदैन भन्छन् चिनियाँ विश्लेषक जियाङ सिजु । उनको विचारमा परम्परागत अर्थका वाम राष्ट्रपति चाभेज र मोरालस मात्र हुन्,  अरू मध्यवामपन्थीमा पनि नरमभित्र पर्दछन् । विद्यमान राजनीतिक फ्रेमभित्रै प्रगतिशील सुधारहरू गर्दै नीति र कार्यक्रमलाई सुस्त ढङ्गले अघि बढाएर सामाजिक रूपान्तरण सहज ढङ्गले लैजाने खालको बाटोमा नै ल्याटिन अमेरिकी वामपन्थ अघि बढिरहेको छ । ❐

# कमरेड नेत्रलालको साथका केही कुराहरू

## ❐ मदन भण्डारी

प्रश्रित र म कोठामा बसेर कुरा गरिरहेका थियौं । त्यसबेला हामीमाथि निकै गह्रौं जिम्मेवारी आएको थियो । हामीले केही समयअघि मात्र नेपालको कम्युनिस्ट आन्दोलनका रुढ दक्षिणपन्थी विचारहरू र पुष्पलालका जारी कमजोरीहरूका विरुद्ध विद्रोह गरेका थियौं । त्यसबेलासम्ममा आफ्ना विद्रोही विचारहरूलाई छापामा बाहिर लगिएको र तिनीहरूका आधारमा कार्यकर्ता शक्ति गोलबन्द गरिएको भए पनि अझै जनवादी केन्द्रीयताको आधारमा सङ्गठनात्मक रूपमा खडा गरिसकिएको थिएन । अझै पनि पुष्पलालकै नेतृत्वमा रहेका सङ्गठनात्मक ढाँचाका मान्यताहरू र अभ्यासका आधारमा नै हामी केही व्यक्तिहरू त्यो विद्रोही विचारको अगुवाइ गरिरहेका थियौं । देश र प्रवासका कार्यक्षेत्रहरूमा काम गरिरहनुभएका अनेकौं कार्यकर्ताहरू, सदस्यहरू र व्यापक जनसमुदायको अग्रगतिलाई सुनिश्चित गर्ने उत्तरदायित्वलाई पहलकदमीको हिसाबले हामीले आफूमाथि लिएका थियौं । सङ्गठनात्मक स्थिति औपचारिक, व्यवस्थित र सुदृढ नगरिसकिएको र अनेकौं राजनीतिक, कार्यनीतिक सवाल र पक्षहरूमा नीति र मान्यताहरू व्यवस्थित नगरिसकिएको त्यसबेला हामीलाई आफ्नो जिम्मेवारी पुरा गर्न निकै मेहनत गरिरहनुपरेको थियो । एकातिर पुष्पलाल समूहको अमैत्रीपूर्ण हमला, अर्कातिर तुरुन्तै आफूसँग मिल्न नआएको कारणबाट उत्पन्न मोहनविक्रम समूहको अमैत्रीपूर्ण आलोचना र अझ अर्कोतिर पङ्क्तिलाई गोलबन्द, गतिशील र सङ्गठित गरिहाल्नुपर्ने समयको दबाबले हामीलाई च्यापेका र चुनौती दिइरहेका थिए ।

त्यसबेला हामी विभिन्न समूहहरूसँग भेटघाट गर्ने र नेपाली कम्युनिस्ट आन्दोलनको इतिहाससँग सम्बन्धित र हालका (तात्कालिक- सं.) सैद्धान्तिक-राजनीतिक सवालहरूको बारेमा बहस छलफलको क्रम चलाइरहेका थियौं । हाम्रो विद्रोही पङ्क्तिका केही अगुवा साथीहरू देशभित्रै हुनुहुन्थ्यो भने प्रश्रित र म चाहिँ त्यसबेला बनारसमा थियौं । राममन्दिर धर्मशालाको माथिल्लो तलाको सानो कोठा प्रश्रितजीको डेरा थियो । त्यस दिन बिहानैदेखि एउटा सैद्धान्तिक विषयमा हामीबीच छलफल सुरु भएको थियो । कुनै दुईजना मित्रहरू सुपरिचित शैलीमा कोठाभित्र प्रवेश गर्नुभयो । हामीले एकअर्कालाई क्रान्तिकारी आत्मीयताका साथ अभिवादन गर्‍यौं । उहाँहरूसँग परिचित हुनु भएकाले आगन्तुक साथीहरूसँग प्रासङ्गिक कुराहरूको थालनी पनि प्रश्रितजीले नै गर्नुभयो । मैले पनि अपरिचित जस्तो व्यवहार गरिनँ । हामीले त्यस दिन थुप्रै राजनीतिक सवालहरूमध्ये मुख्य अन्तरविरोध, मुख्य शत्रु, नेपाली काङ्ग्रेस, कम्युनिस्ट आन्दोलन र विभिन्न समूहहरू तथा सङ्घर्षका रूप, तरिकाहरू र अरू आआफूले गरिरहेका कामका तात्कालिक विषयहरूबारे बातचित चलायौं । कुराकानीकै क्रममा मैले पनि थाहा पाउँदै गएँ, उहाँहरू मोहनविक्रम समूहसँग असन्तुष्ट विद्रोही सन्देश ग्रुपका साथीहरू हुनुहुँदोरहेछ । 'कोअर्डिनेसन केन्द्र'का अनेकौं विचारहरू र कार्यतरिकाबारे त्यसबेला हामी 'मुक्तिमोर्चा' समूहका साथीहरू असहमत थियौं । तर, 'सन्देश ग्रुप'का साथीहरू हामीभन्दा धेरै सवालहरूमा 'कोके'प्रति सकारात्मक हुनुहुँदोरहेछ । त्यसभन्दा दुई एक दिनअघि मात्र सार्वजनिक मञ्चमा मैले बोलेका केही विषयहरूबारे समीक्षा गर्दै एकजना साथीले मेरो नाम लिनुभयो । मैले भने अझै पनि उहाँलाई व्यक्तिगत रूपले चिनिसकेको थिइनँ । उहाँले मेरो नाम लिँदा मलाई भित्रभित्रै कुरीकुरी पनि लाग्यो ।

बातचितबाट हामी एकआपसमा धेरै नजिकियौं । देशको वर्तमान परिप्रेक्ष्यमा एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्नुपर्ने अत्यावश्यकता र क्रान्तिकारी कम्युनिस्टहरूबीचको अपरिहार्य एकताबारे हाम्रो उहाँहरूसँग पनि समान धारणा रहेको थियो । प्रश्रितजी प्रसिद्ध र प्रतिभाशाली साहित्यकार भएको हुनाले उहाँ भएको ठाउँमा साहित्यिक प्रसङ्गहरू चल्नु कुनै अनौठो कुरा हुँदैन । सङ्गतले गर्दा त्यसबेला मलाई पनि अलिकति साहित्यिक चस्को परिसकेकै थियो । गीतहरू, छन्दमा कविताहरू र केही लेख, कथाहरू लेख्ने अभ्यास बारेमा पनि निकै गहिरिएर छलफल उक्काउनुभयो । साहित्यको सवालमा पनि एकछिन हामीबीच कुराकानी चल्यो । 'लाटो देशमा गाँडो तन्नेरी'जस्तो त्यसबेलाका हाम्रा अगुवा साथीहरूमध्ये कला नभए पनि गलामा मेरो अलिकति गन्ती थियो । त्यस्ता राजनीतिक भेटघाटमा पनि मौका मिल्नेबित्तिकै साथीहरू मलाई गीत गाउनका निम्ति प्रस्तुत गर्नुहुन्थ्यो । एकोहोरो सङ्गीतमा चर्किएर गाउन पाउँदा अलिकति स्वर भएकै गायकझैं म पनि कोसिस गर्नसक्थें । त्यस भेटको अन्त्यमा हामीले एकअर्कालाई गीत पनि सुनायौं । उहाँ साथीले 'मेरो नाम मुन्नी हो...' भन्ने बोल भएको शब्द, सङ्गीत र भावमा निकै राम्रो संयोजन र सङ्गीतयुक्त मीठो गीत सुनाउनुभयो । मैले उहाँको स्वरलाई पनि नमिठो मान्न सकिनँ । हामी आत्मीयता अभिव्यक्त गर्दै त्यस दिन एकार्कासँग बिदा भयौं । आउनुभएका ती एकजना साथीको चासो, ज्ञान, गम्भीरता र बातचितको शिष्ट शैलीप्रति म निकै आकर्षित भइसकेको थिएँ । साथीहरू बिदा भइसकेपछि मैले प्रश्रितजीसँग सोधें, 'उहाँको नाम के हो ?' 'ओ हो ! तपाईंहरूको आपसमा पूर्ण परिचय थिएन ? उहाँ नेत्रलाल पौडेल हो, दाङको एउटा असल कम्युनिस्ट क्रान्तिकारी, एउटा कर्मठ राजनीतिक कार्यकर्ता । उहाँको साहित्यमा पनि राम्रै हस्तक्षेप छ र कविता र भाषासम्बन्धमा राम्ररी नै कलम पनि चलाउँदै आउनुभएको छ', प्रश्रितले मलाई जवाफ दिनुभयो । यो ०३३ सालको कुरा हो । नेत्रलालसँग मेरो त्यो नै पहिलो भेटघाट थियो । त्यसपछि मैले कहिल्यै पनि उहाँलाई बिर्सन सकिनँ ।

समान राजनीतिक मान्यता र क्रान्तिकारी प्रक्रियाहरूको सम्बन्धमा पनि एउटै दृष्टिकोण रहेको हुनाले हामी पछि एउटै राजनीतिक झण्डामुनि जम्मा हुनसक्यौं र त्यसयता करिब छ वर्षसम्म सँगै काम गर्‍यौं । ती वर्ष नेत्रलालसँग एउटै मोर्चामा रहेर सिङ्गै मुलुकका निम्ति समेत ऐतिहासिक महत्वको रूपमा उल्लेखनीय वर्षहरू रहेका छन् । मार्क्सवाद-लेनिनवादलाई त्यसको सटिक, सार्वभौमिक अर्थमा र आफ्नो मुलुकको ठोस परिस्थितिमा लागू गर्ने विशिष्ट अर्थमा समेत बुझ्ने मेरो सैद्धान्तिक चेतनामा एउटा ठूलो फड्को आएको मैले अनुभव गरेको छु । यी छ वर्षहरूमा क्रान्तिकारी नीति र प्रक्रियाहरूलाई मैले जति गहिरिएर बुझ्नसकें, साँचै भन्ने हो भने आज पनि म त्यही खजनाबाट गुजारा गरिरहेको छु । यसको मतलब उहाँसँग बितेका मेरा जीवनका यी वर्षहरू आन्तरिक रूपमा तीव्र गतिशीलता रहेका वर्षहरू हुन् र सिङ्गै मुलुकमा पनि ०३५-०३६ को क्रान्तिकारी सङ्घर्ष जनमतसङ्ग्रह र त्यसयताका सापेक्ष परिवर्तनहरू देशको वस्तुस्थितिमा अनेकौं हिसाबले उल्लेखनीय महत्व भएका ऐतिहासिक वर्षका रूपमा छन् । यस्तो आन्तरिक र बाह्य, मनोगत र वस्तुगत दुवै क्षेत्रमा तीव्र उथलपुथल भएका बेलाको सहकर्मी नेत्रलालसँगका मेरा स्मृति र अनुभवहरू स्वाभाविक रूपमा अक्षय र अगाध छन् ।

यसबीचमा कति हो कति पटक हामीले सँगै घोत्लिएर सोच्यौं, गहिरिएर आत्मसमीक्षा गर्‍यौं, गलत विचार र प्रवृत्तिहरूविरुद्ध अविराम सङ्घर्षहरू गर्‍यौं । आपसमा चर्काचर्की बहस र वादविवाद पनि गर्‍यौं र रणनीतिक महत्वका गुणात्मक निष्कर्ष र निर्णयहरू पनि निकाल्यौं र निरङ्कुशतन्त्रका दमनात्मक र हिंसात्मक आक्रमणहरूको प्रतिरोध गर्‍यौं । जतिसुकै हतार गर्नुपरेको होस्, नेत्रलाल आफ्ना विचारहरू बताउने क्रममा एउटा पूर्णविराममा पुगेर टक्क अडिनुहुन्थ्यो र नियालेर साथीको अनुहार हेर्न थाल्नुहुन्थ्यो, सायद साथीको अनुहारमा केही प्रतिक्रियाहरू खोज्नका निम्ति हो कि ? अनि

उहाँले आफ्ना विचारहरू बताइसक्नुभएछ भनेर आफूले कुरा सुरु गर्‍यो कि फेरि 'र अर्को कुरा' भनेर उहाँ अघि बढ्नुहुन्थ्यो। मलाई उहाँको त्यो शैली बेलाबेला नखट्किएको होइन। तर, मैले कहिल्यै पनि 'यो तपाईंको शैली झिँजोलाग्दो' भनेर बताइनँ। उहाँको त्यही विशेषताले कहिलेकाहीं बाचचितमा मजा पनि आउँथ्यो। अनेकौं विचारोत्तेजनक विषय-प्रसङ्गहरू र विनासकारी बिघ्नहरूसँग सामना गरिरहेको बेला पनि नेत्रलालले देखाउने शिष्टता, संयम र साहसिक अविचलता मैले त्यसबेला पनि उहाँलाई सम्झँदा उपस्थित हुने मूर्त तत्वहरू हुन्। म अहिले नेत्रलाललाई एउटा गहिरो वर्गघृणा भएको तर शिष्ट, भावुक तर संयमित, प्रतिकूलताहरूलाई पनि वास्तविक रूपमा देख्नसक्ने तर साहसिक क्रान्तिकारी साथीका रूपमा सम्झन्छु।

मैले ०४० साल फागुनमा नेत्रलाललाई पछिल्लोपटक भेटें। उहाँ त्यसबेला केही गम्भीर रोगहरूबाट ग्रसित हुनुहुन्थ्यो। बिरामीको दुस्प्रभावले उदास चेहेरामा टोलाएका आँखाहरू बेलाबेला गहिरो विषाद् व्यक्त गरिरहेका जस्ता देखिन्थे। उहाँका कतिपय सङ्गती नमिलेका अभिव्यक्तिहरू र केही अस्वाभाविक सङ्केतहरूले घाइते मानसिकताको परिचय दिन्थे। एकपटक उहाँलाई बाटोमा एक्लै हिँडिरहेको बेला निर्जन ठाउँमा बिमारीको गम्भीर आघात लागेछ। मुर्छाको पूर्वसङ्केत आफूले थाहा पाउनेबित्तिकै क्रान्तिकारी गोपनीयताहरू जोगाउने बन्दोबस्त गरी कुनै पनि स्थितिको सामना गर्न तयारी गर्नुभएछ। नभन्दै त्यहीं उहाँ मुर्छित हुनुभएछ। कोही बटुवाले कुनै बेला भेटेर कसरी एकजना किसानको घरमा पुर्‍याइदिएछन्। जनताको सहयोगले मात्र उहाँ सुरक्षित र जीवित रहनसक्नुभयो। उहाँ लामो समयपछि मात्र मुर्छाबाट सचेत हुनुभएछ। उहाँले त्यसपटक त्यसभन्दा बढ्ता हानी ब्यहोर्नुपरेन तर त्यो फगत संजोग मात्र थियो। त्यो पछिल्लो भेटमा उहाँबाटै ती कुराहरू थाहा पाउँदा म निकै आहत भएँ।

कुनै ऐसआरामको कोमल कल्पनाले लोभ्याउन नसकेको, कुनै सुखसयलका स्वप्नशील आकर्षणहरूले तान्न नसकेको, कुनै पनि भौतिक कठिनाइहरूले गलाउन नसकेको, कुनै पनि भयले विचलित पार्न नसकेको र प्रतिक्रियावादीहरूको कुनै पनि आक्रमणले पराजित गर्न नसकेको यो फलामे इच्छाशक्ति भएको मान्छे कसरी यस्तो क्लान्त, सिथिल, उदास र खिन्न हुनसक्यो। मैले रोगहरूको दुष्प्रभाविताप्रति गहिरिएर सोचेँ। बन्दुकको गोलीले छेड्न नसकेको एउटा क्रान्तिकारीको मानसिकता रोगले विदिर्ण गरेको कुराप्रति धेरैबेर गमें। म कुनै लेखान्त र अवश्यम्भाविताप्रति विश्वास गर्ने मान्छे होइन, तर पनि यस्तो रोग नलागेकै भए पनि त हुन्थ्यो भन्ने मैले केही भावुक कल्पनाहरू पनि गरें। तर, यथार्थमा रोग लाग्नु अस्वाभाविक थिएन। अभाव, दरिद्रता, कठिनाइ, शोषण र उत्पीडनले असंख्य जनताहरू रोगी छन् र कालको मुखमा गइरहेकै छन्। जनताका निम्ति उपचार सुलभ छैन, जनताको जीवन सहज छैन। त्यसमा पनि क्रान्तिकारी काममा लागेका भूमिगत कार्यकर्ताहरूलाई परिवेशकै कारणले पनि उपचार दुर्लभ हुन्छ। यी सबै कुराहरूको जरो प्रतिक्रियावादी व्यवस्था नै त हो। सबै रोग, व्याध, अकाल मृत्यु र सर्वनाशले मूल कारणप्रति यथाशक्य विश्लेषण गरेपछि निरङ्कुशतन्त्र र पञ्चायती व्यवस्थाप्रति मेरो घृणा झन् बढेर गयो। तर, नेत्रलालको आत्मा गलेको थिएन, मनस्थिति थाकेको थिएन, सङ्कल्प विचलित भएको थिएन र क्रान्तिकारी साहस र सक्रियता पराजित भएको थिएन।

उहाँले त्यो पछिल्लो भेटमा पनि आफ्नो रोग र शारीरिक स्थितिप्रति कुनै आत्मचिन्ता प्रकट गर्नुभएन। हामीले सधैंकै झैं अनेकौं सवालहरूमा विचार आदान-प्रदान गर्‍यौं, छलफल गर्‍यौं र क्रान्तिकारी निष्कर्षहरू निकाल्यौं। अन्त्यमा, हृदयको उस्तै न्यानोपन, उस्तै आशावाद र उस्तै जोस जाँगरको साथ आत्मीय अभिवादन गर्दै हामी एकार्कासँग बिदा भयौं। तर, त्यसबेला त्यो नै हाम्रो पछिल्लो भेट हो भन्ने हामी कसैले पनि अनुमान गरेका थिएनौं। त्यसभन्दा पछि मेरो उहाँसँग फेरि कहिल्यै भेट हुन पाएन। ०४१ सालमा अचानक उहाँको निधन भएको समाचार सुन्दा मैले आफूलाई तुरुन्तै समाचारप्रति विश्वस्त बनाउन सकिनँ। अहिले पनि कहिलेकाहीं म सोच्दछु, साथीहरूसँग भेटघाट गर्ने निश्चित थलोमा पुगेपछि अरूजस्तै रातको कालो गर्भलाई चिर्दै बिर्के टोपी लगाएको, छिचरो दाँत भएको, एउटा उज्यालो चेहरा, काँधमा झोला झुण्डाएर बत्तीको मधुरो प्रकाशमा फुत्त आई त पुग्दैन ? तर, यो एउटा फगत मेरो कल्पना मात्र हो। ०४० सालयता त्यो चेहरासँग फेरि कहिल्यै चार आँखा हुन पाएन। मैले एउटा अत्यन्त भरोसिलो र गतिलो सहयोद्धा असमयमै गुमाइसकेछु। मलाई अहिले साथीको अभाव मात्र होइन, आफ्नै अयोग्यताहरूले पनि कताकता पोलिरहे जस्तो लाग्छ।

म आफूलाई पनि कुनै बहिर्मुखी ठान्दिनँ। तर, नेत्रलाल मभन्दा धेरै अन्तर्मुखी स्वभावको हुनुहुन्थ्यो। त्यस स्वभावले गर्दा उहाँले धेरै पीरहरू र विसङ्गतिहरू मनमनमै भक्कानो पारेर बचाउनुभएको छ। उहाँले खुद भोगेका विषम अनुभवहरू धेरैजसो व्यक्त भएनन्। बरु उहाँले लेखेका कविताहरूमा साहित्यिक पोसाकमा सुटुक्क छिरेका हुन सक्छन्। तर, व्यावहारिक निष्कर्षको रूपमा कहिल्यै बाहिर आएनन्। आफ्ना पीरहरू पचाउन उहाँले आफ्नो प्रतिभाशाली ऊर्जाको कति ठूलो हिस्सा खर्च गर्नुपर्‍यो होला, त्यो अनुमान मात्र गर्ने कुरा हो। साथीहरूलाई सकेसम्म सुख र खुसी त बाँड्नुभयो तर दुःख र विषादहरू कहिले बाँड्न चहानुभएन। आफ्ना कार्य परिस्थितिका जटिलताहरू, परिवेशको सङ्कीर्णताद्वारा उत्पन्न प्रतिकूलताहरू र शारीरिक कठिनाइहरूलाई कहिल्यै मुखर भएर व्यक्त गर्नुभएन। भोग्नुपरेको परिस्थितिका थप्पडहरूले मनस्थितिमा पारेको आघात, द्वन्द्व र पक्षघातहरूलाई कहिल्यै देखाउन चाहनुभएन। आफू कहिल्यै पनि सङ्गठन र साथीहरूका निम्ति समस्या बन्नु नपरोस् भन्ने उहाँले सोच्नुभएको भए पनि सायद यो एउटा कमजोरी नै

हुनसक्छ । जनता, देश, सङ्गठन र साथीहरूका लागि उहाँले धेरै कुरा दिएर जानुभयो तर हामीले उहाँलाई केही पनि दिन सकेनौं वा दिन पाएनौं ।

मैले त्यति लामो सहकार्य कालमा कहिले पनि उहाँको व्यक्तिगत अन्तःहृदय खोतल्ने प्रयत्न गरिनँ । त्यहाँ लुकेर रहेका पत्रहरूलाई कहिल्यै कोट्याउने कोसिस गरिनँ । व्यक्तिगत जीवनका विषम दीर्घअनुभवहरूलाई बाँकी नराखीकन बुझ्ने र सबैका निम्ति सामान्यीकृत निष्कर्षहरू निकाल्नेतर्फ मैले कहिल्यै ध्यान दिन सकिनँ । मैले उहाँको प्रतिभाको आदर गरें, योगदानको कदर गरें, क्रान्तिकारी सक्रियताको प्रशंसा गरें, कठिनाइहरूको अगाडि शीर नझुकाई उभिने र प्रतिक्रियावादीहरूसँग कहिल्यै घुँडा नटेक्ने बानीको उच्च मूल्याङ्कन पनि गरें । तर, तिनै कुराहरू दीर्घकालसम्म जीवन्त रहून्, शतायु रहून् र लोक लाभान्वित भइरहन सकोस् भन्नेतर्फ धेरै लगानी गर्न सकिनँ । एउटा मान्छे चाहे कम्युनिस्ट होस् वा अरू कुनै, उसभित्र माया, ममता, लोभ, क्रोध र डरजस्ता मानवीय वा अझ भनौं जैविक गुणहरू हुन्छन् नै । तिनीहरूलाई कम्युनिस्टहरूले पनि निमिट्यान्न पार्न सक्दैनन्, केवल परिस्कृत गर्न सक्छन् । सबै कुराहरूलाई क्रान्तिको हितमा उन्मुख गर्न सक्छन् । सामान्य हितका निम्ति उपयोग गर्न सक्छन् । सामूहिक जीवन प्रणालीको आदर्श अनुशरण गर्ने कम्युनिस्टहरूका निम्ति व्यक्तिगत जीवनका बहुमुखी जटिलताहरू पनि सामूहिकताकै कारणले मात्र सहज पराजयी हुन्छन् । तर, यी कुराहरू व्यक्तिले आफ्ना निजी जीवनका जटिलताहरू, भावनाहरू आफ्नै मनमा मात्र पेलेर, दाएर होइन, सहज रूपमा प्रकट गरेर, छलफल गरेर मात्र सम्भव हुन्छ अनि सङ्गठन र साथीहरूले पनि केवल क्रान्तिकारी विचार, काम, योगदान र क्रियाशीलता मात्र हेरेर ढुक्क भएर पनि होइन, व्यक्तिको निजी जीवन र चिन्तनका सामग्रिक विषयहरू कोट्याएर, खोतलेर समाधान गर्न सहयोग गर्दै सामान्यीकरण गर्दा मात्र सम्भव हून्छ । मैले उहाँसँग यो पछिल्लो काम गर्न सकिनँ । हुन त यी सबै कुराहरूको मूल कारण जनता र राष्ट्रविरोधी निरङ्कुशतन्त्रको साङ्घातिक व्यवहार नै हो । यसलाई पूर्णरूपले ध्वंस नगरुञ्जेल यो स्थिति रहिरहनेछ र यसमा सुधार गर्न सकिने छैन । तर, यसैबेला पनि साना-ठूला प्रतिकूलताहरूलाई कम गर्न र अनुकूलताहरूलाई बढाउन आफ्नो पङ्क्तिको योग्यता र क्षमताको प्रयोग गर्दा हाम्रो जीवन ज्यादा सहज बनाउन सकिन्छ र समग्रतामा आफ्ना कामलाई अझ तेज बनाउन सकिन्छ । आफ्नै अयोग्यता र अक्षमताहरूले भने थप प्रतिकूलता मात्र सिर्जना गरिदिन्छन् । कमरेड नेत्रलालको सम्झना गरिरहेको बेला अहिले पनि यो कुरा सोच्दा मलाई कस्तो कस्तो लागिरहेकै छ ।

*- २५ जेठ, ०४४, श्रद्धाञ्जलि स्मारिका, दाङ (यो लेख मदनले जीवन शर्माको नाममा लेख्नुभएको थियो ।)*

# आठ वर्षको सहयात्रा

## ❒ ईश्वरी लामिछाने

२०३८ सालमा म विराटनगरमा थिएँ । गुणस्तर तथा नापतौल कार्यालयमा खरिदार पदमा जागिर खान्थें । बजारअड्डा-चोकपछाडि जनपथटोलको उत्तरपट्टि तराईबासी समुदायको बाक्लो बस्तीमा मेरो डेरा थियो । त्यही बस्तीमा रहेको दाहालको घरमा बस्थैं । त्यस घरमा हामी पाँच-छजना बस्थ्यौं । साथी अमर श्रेष्ठ, तुलसी कट्टेल र मेरो एउटा कोठा थियो । अर्को कोठामा रामहरि खनाल (शीतल), सुशीला कट्टेल, सुमित्रासहित बस्थे । पार्टीको सोचाइ हामी केहीलाई जोडेर त्यहीँ अफिस बनाउने भन्ने रहेछ र त्यही सोचाइअनुसार हाम्रो बसाइलाई त्यसरी मिलाइरहेको रहेछ । हाम्रो सङ्गठक कमरेड डिल्ली मैनाली हुनुहुन्थ्यो । उहाँले नै त्यो योजना बनाएको हुनुपर्छ ।

०३९ सालको वैशाख-जेठतिरको कुरा हो, सिरूपाते जुँगा पालेका, कालो टोपी लगाएका, एकजना युवक हाम्रो कोठामा आए । उनलाई कमरेड डिल्लीले नै लिएर आउनुभयो । बेलुका खाना सँगै खायौं, सँगै सुत्यौं ।

त्यतिबेला कमरेड डिल्लीको पार्टी नाम कमल थियो, पछि रूपेश राखियो । कालो टोपी लगाएको युवक आएको बेला हाम्रो कोठामा दीपा पाठक भन्ने महिलालाई राखिएको थियो । उनी उपचार गर्न विराटनगर आएकी थिइन् । कमरेड युक्त भेटवालले उनलाई ल्याउनुभएको थियो । त्यसो त हाम्रो कोठामा कमरेड टीका भट्टराई (दर्शन), कमरेड चित्र निरौला (गगन) र कमरेड खगेन्द्र चुडाल (प्रकाश) आइरहनुहुन्थ्यो । नियमित रूपमा नबसे पनि कमरेड विद्या पाण्डे पनि त्यहीँ बस्नुहुन्थ्यो । कमरेड डिल्लीले ल्याउनुभएको युवकलाई कमरेड सागर भनेर चिनाइयो । त्यस रात सबैसँग परिचय गराइयो । मैले उनको अनुहारमा नियालेर हेरें । आँखा जुधाएर बोल्न नसकिने व्यक्तित्व थियो । एउटै पलङमा अमर, सागर, रूपेश, गोपाल, ती पाहुना र म तेर्सो परेर सुत्यौं । भोलिपल्ट बिहानै पाहुना उठेर गए । हामीले थप सोधीखोजी गरेनौं । त्यसरी खोजीनिन्दा गर्नु पार्टीनीतिअनुसार हुँदैनथ्यो ।

मेरो पार्टीनाम पहिले कामेश थियो । बिहान महेन्द्र मोरङ क्याम्पसमा पढ्थें, दिउँसो जागिर खान्थें । विद्यार्थी र जागिरे फाँटमा समेत पार्टी कामको विस्तार गर्दा कामेश नाम खुल्यो र सन्दीप राख्नुपर्‍यो । त्यही नामले क्रान्तिकारी कर्मचारी सङ्गठनमा सङ्गठित भएँ । उक्त सङ्गठनमा रामप्रसाद ढकाल, गोपाल दाहाल (नेपाल राष्ट्रबैङ्क) रामहरि खनाल र म सङ्गठित भयौं । पछि मेरो सन्दीप नाम पनि खुल्न गयो ।

त्यस घरको बसाइ हाम्रा लागि असहज हुँदै गयो । विभिन्न शङ्कास्पद मान्छेहरू चियोचर्चो गर्नथाले । जनसंख्याको चाप पनि बढ्दै गयो । त्यसैले हामीले भित्री काम गर्ने साथीहरू छुट्टै बसौं भन्ने सल्लाह गर्‍यौं । सोही सल्लाहअनुसार तुलसी कट्टेल, गोपाल गुरागाईं र सविता तीनटोलिया जानुभयो । अमर, नगेन्द्र भट्टराई र म क्रान्तिकारी कर्मचारी सङ्गठनका साथी रामप्रसाद ढकालको घर जतुवामा गयौं । कालो टोपी लगाउने कमरेड सागर र विद्या भण्डारी पनि हामीसँगै जानुभयो ।

सागर र विद्याको पार्टीविवाह भइसकेको रहेछ तर हामीले थाहा पाएनौं । जतुवा डेरा सर्ने बेलामा मिठाइ त खुवाउनुभएको थियो तर प्रसङ्ग थाहा थिएन । राष्ट्रबैङ्कका जागिरे साथी रामप्रसादको घर भर्खर बनाएको थियो । उहाँले थाहा पाएरै हामीलाई कोठा दिनुभएको भए पनि सागर र विद्याको विवाहको कुरा खोलेका थिएनौं । अझ सागरले त्यस बसाइमा कोसी क्षेत्रका लागि भूमिगत पुस्तकालय पनि बनाउन खोज्नुभएको थियो ।

विविध कारणले हाम्रो कोठामा मानिसहरूको आवागमन बढ्न लाग्यो । विद्यार्थी नेता, पार्टीका नेतालगायत अन्यको बाक्लै आउजाउ हुनथाल्यो । कमरेड राजेश बान्तवा र कमरेड अशोक राई आइरहनुहुन्थ्यो । त्यही बेला विद्या दुई जिउकी हुनुभयो । अविवाहित महिलाको त्यस्तो अवस्था देखेर मान्छेहरू खस्याक-खुसुक गर्नथाले । हामीलाई पनि अप्ठ्यारो पर्‍यो । पहिले नै विवाहको कुरा सार्वजनिक गरेको भए खोजी हुने थिएन । तर, भित्रभित्रै त्यसलाई सुल्टाइयो, विवाह भइसकेको कुरा राखियो ।

पार्टीका नेताहरू आउने क्रम बढ्न थाल्यो । कमरेड अमृत बोहरा, कमरेड प्रदीप नेपाल (दिनेश), कमरेड अशोक राई, कमरेड सुशीला श्रेष्ठ, कमरेड खगेन्द्र चुडाल, कमरेड डिल्ली मैनाली, कमरेड दर्शन, कमरेड चित्र निरौला, कमरेड ओम कोइराला दिनहुँजसो आउन थाल्नुभयो । विद्यार्थी नेताहरू काशी दाहाल, नरेश पोखरेल, हरि नेउपाने आदि बाक्लै आउन थाल्नुभयो । कोठामै सहिद दिवस मनायौं, पार्टीको स्थापना दिवस मनायौं । विद्याजी स्ववियुमा उम्मेदवार हुनुभयो, विजयी पनि हुनुभयो । विद्यार्थी नेताको कोठा भएकाले भीड बढ्दै गयो । त्यसपछि गुप्तचर र प्रशासनको निगरानी हुनथाल्यो । त्यही बेला सागरको पार्टीका स्थानीय नेताहरूसँग अन्तरविरोध सुरु भयो । त्यसले उग्र रूप लिँदै गयो । घरबेटीलाई पनि बाक्लो उपस्थिति र अन्य कुराहरू अपाच्य हुँदै गए । ०४१ साल भदौमा भएको शिक्षक आन्दोलनमा विद्यार्थी नेता विद्या प्रहरीको कुटाइ खाएर घाइते अवस्थामा डेरा आउनुभयो । उहाँको घाइते अवस्था देखेर घरबेटी र छरछिमेकी पनि आत्तिए । यिनै विभिन्न कारणले हामी फेरि डेरा सर्‍यौं । डिग्री क्याम्पसबाट उत्तरपट्टि रहेको ज्ञानेन्द्रबहादुर श्रेष्ठको घरमा सागर, विद्या, अमर श्रेष्ठ, नगेन्द्र भट्टराई र म गयौं । भुइँतलाका सबै कोठा लियौं । सागरले भित्री कोठालाई आफ्नो पुस्तकालय बनाउनुभयो । जेठी छोरी उषाकिरण त्यहीँ जन्मिन् ।

सागर अचम्मको मान्छे हुनुहुन्थ्यो । बेफुर्सदी भएर कहिल्यै बस्नुहुन्नथ्यो । कि भान्छामा सघाउने, कि पार्टीको काम गर्ने, कि पढिरहने गर्नुहुन्थ्यो । उहाँको जीवनशैली देखेर हामी पनि त्यस्तै भइसकेका थियौं । त्यहाँको बसाइसम्म आइपुग्दा पार्टीभित्रको अन्तरविरोध ज्यादै छिप्पिइसकेको थियो । पार्टी स्वतन्त्रता र राजनीतिक स्वतन्त्रताको लाइन शत्रुतापूर्ण रूपमा विभाजित भइसकेको थियो । मदनको विरुद्धमा पार्टी स्वतन्त्रताका पक्षधर नेताहरू र विभिन्न कारणले पार्टी छाडेर निस्क्रिय भएका व्यक्तिहरू खुलेर आउनथाले । तर, मदनको उत्साहमा कुनै कमी आएको देखिएन । रात-रातभरि पढेर बस्नुहुन्थ्यो, बिहान फेरि उहाँ नै छिटो उठेर चिया पकाउनुहुन्थ्यो । नियमित रूपमा योगासन गर्नुहुन्थ्यो ।

ज्ञानेन्द्रको घर पनि बिस्तारै खुल्दै गयो । सन्दिग्ध मान्छेको चहलपहल बढ्न थाल्यो । त्यसैकारण डेढ वर्षपछि फेरि हामी डेरा सर्‍यौं । यसपल्ट हामी कञ्चनबाडीस्थित सूर्य कोइरालाको घरमा गयौं । डेरा सर्दा प्रायः साँझको समय रोज्थ्यौं । साधन ठेलागाडी हुन्थ्यो । अशोक राई कोठामा आइरहनुहुन्थ्यो । हाम्रो कोठामा धेरै आउने पार्टीका नेताहरूमा उहाँ नै पर्नुहुन्थ्यो । मदनले पनि साह्रै माया गर्नेमा अशोक र सुशीला हुनुहुन्थ्यो ।

अब मदनका घरबाट पनि आफन्तहरू फाट्टफुट्ट आउन थाल्नुभयो । भाइ प्रेम बीए पढ्न भनेर आउनुभयो । रामप्रसादकै घरमा बस्ता (०३९ सालमा) मैले पार्टी सदस्यता पाएँ । कोठामा मलाई मात्र मदनले शपथ खुवाउनुभयो । पछि पार्टीको पीएजी बन्यो । त्यसमा रामहरि खनाल, गोपाल गुरागाईं, विद्या पाण्डे, प्रेमजी, जेबी राई र म थपियौं । जेबी राई पनि मदनले माया गरेको साथी हुनुहुन्थ्यो । यसरी पीएजी बनेपछि स्थानीय काम र सम्पर्कमा मदन हिँड्न छाड्नुभयो । हामीले क्षेत्रको जिम्मेवारी बाँड्यौं र कामलाई अघि बढायौं ।

हाम्रो शैलीलाई मदन नियालिरहनुहुन्थ्यो, व्यवहारवादी बनाउनुहुन्थ्यो, ताछ्नुहुन्थ्यो । बाहिरबाट कोठामा आउनासाथ छलफल चलाउनुहुन्थ्यो । लेनिनका पुस्तक पढ्न दिनुहुन्थ्यो । त्यसलाई कामसँग गाँसेर बोल्न लगाउनुहुन्थ्यो । पालो

गरीगरी बोल्थ्यौं । नबोली धर पाइन्नथ्यो । एकैछिन खाली बसेको देखेनौं । कि पढिरहने, कि लेखिरहने, कि भान्सामा सघाउने, कि हामीसँग कुनै विषयमा छलफल चलाउने ।

फेरि त्यो बसाइ पनि खुल्यो । अनावश्यक मानिसले चियोचर्चो गर्नथाले । विद्यार्थीहरूको आउजाउ बढ्यो । यसरी सेल्टर खुल्दै गएको महसुस गरेर हामी केही तल ललितबहादुर भट्टराईकहाँ सऱ्यौं । ०४५ सालमा त्यहाँ निशा जन्मी । मदन डेरामा हुनुहुन्नथ्यो । पार्टी काममा बाहिर जानुभएको थियो । रामहरि खनाल कोसी अञ्चल अस्पतालमा जागिरे हुनुहुन्थ्यो । मदनले रामहरिलाई पहिल्यै भनेर जानुभएको रहेछ, उहाँले विद्यालाई सुत्केरी हुँदा ठूलो सहयोग गर्नुभयो । त्यसो त मदनकी बहिनी गीता र भान्जी चन्द्रकला पनि हामीसँगै भएकाले सक्दो सहयोग गरे ।

पार्टी कामले आवागमन बढ्दै गयो । विद्या सुत्केरी हुनुभएकाले भेट्न आउने पनि उत्तिकै भए । थाहा नपाउनेहरू सोध्न थाले, 'बाबु चाहिँ खै त ?'

त्यसैले फेरि कोठा सार्ने टुङ्गोमा पुग्यौं । त्यही लाइनमा हरि पोखरेलको घरमा एक साँझ बसाइँ सऱ्यौं । ०४५ सालमा हरि पोखरेलको घरमा बसेको बेला पार्टीले ठूलो सङ्कट व्यहोर्नुपऱ्यो । जिल्ला कमिटीका सचिव पदम चुडाल थिए, काठमाडौं गएर सबै सूचना प्रशासनलाई बेचेछन् । यतिसम्म कि उनले पार्टीको सेल्टर कहाँ-कहाँ छ, अगुवा नेता-कार्यकर्ता को-को हुन्, मदन भण्डारी भनेको के हो, पार्टी नाम के हो, कहाँ बस्छन्, सबै विवरण खुलाएर फोटोसमेत दिएछन् । सम्भवतः मदनको जीवनमा यति सङ्कटको घडी पहिले कहिल्यै आएको थिएन होला । किनकि एकातिर आफ्नै कार्यकर्ताको एउटा पङ्क्ति पार्टी स्वतन्त्रतातिर लागेर उहाँको विरुद्धमा खुलेर आएको थियो । मदन भित्री रूपमा अञ्चलाधीश दानबहादुर शाहीको मान्छे हो, सिधै राजाको मान्छे हो, उसलाई नसिध्याउन्जेल विवाद सुल्झँदैन भन्ने जस्ता कुरा सुनिनथाले । अझ पदम चुडालले सूचना बेचेको खबर त्यही बेला आउँदा त हाम्रो होसहवास उड्यो । जिल्ला कमिटीभित्र थामीनसक्नु भुइँचालो आयो । परिस्थिति काबुबाहिर गएको महसुस गरेर केही साथीहरू जिल्लाबाटै पलायन भए । गाउँ-गाउँमा भागाभाग मच्चियो । त्यस्तो सङ्कट आइपर्दा पनि मदन विचलित हुनुभएन । रातारात सेल्टर बदलिए, सामान साटिए । प्रशासनले सर्च गर्नथाल्दा मदन र म पार्टीका सामान छान्न थाल्यौं । महत्वपूर्ण चीज जसरी भए पनि जोगाउने र अरू तत्काल जलाउने निर्णय गऱ्यौं । विभिन्न चिठीपत्रहरू, नेता-कार्यकर्ताका भित्री नामहरू, उहाँका लिखित रचनाहरू, वर्गसङ्घर्षका विभिन्न अङ्क, भारतबाट निस्केका पार्टी सामग्री, मदनका केन्द्रीय समितिसँग विवाद भएका सामग्रीहरू दुईवटा टिनको बाकस र काठको एउटा कन्तुरमा थुन्यौं । ती सबै सामानहरू रिक्सामा राखेर पूर्ण घिमिरे भन्ने मजदुर साथीकहाँ लगेर राख्यौं । एकपल्टमा नभएर दुईपल्ट लगाएर लग्यौं ।

त्यसपछि घटनाले अर्कै मोड लियो । म टाइफाइडले लडें, मदनलाई सघाउन सकिनँ । उता पदम चुँडालले 'गाउँफर्क'लाई बेचेको मदनको फोटो पत्रिकामा छापियो । अब उहाँलाई विराटनगरमा जोगाउन र टिकाउन नसक्ने अवस्था आइपऱ्यो । त्यसैले ०४६ सालमा मदनले सधैँका लागि विराटनगर छाड्नुभयो । पार्टीको माथिल्लो निर्णयअनुसार उहाँ काठमाडौं जानुभयो । त्यही बेला उहाँ महासचिव र प्रवक्ता भएको कुरा थाहा पाएँ ।

हुन त मलाई मदनका सम्पूर्ण आन्तरिक कुराहरू थाहा हुन्थे । कहिले औपचारिक रूपमा थाहा पाउँथें, कहिले अनौपचारिक रूपमा थाहा पाउँथें । मेरो अक्षर राम्रा भएकाले जस्तासुकै खेस्राहरू पनि मलाई सार्न लगाउनुहुन्थ्यो । ०३९ सालदेखि सधैं सँगै बसेको, एउटै कोठामा बसेको, एउटै भान्सामा खाएको, एउटै ओछ्याउनमा सुतेको मान्छेलाई थाहा नहुने कुरै थिएन । तर, पार्टीको गोपनीयता र उहाँको आन्तरिक जीवनशैलीलाई कहिल्यै बाहिर चुहाउँदिनथें । त्यही विश्वासका कारणले होला, पछि उहाँले आफ्नै काइँली बहिनी गीतासँग मेरो विवाह गराइदिनुभयो । म 'साथी कमरेड', 'ज्वाइँ कमरेड' भएँ ।

०४६ सालको वैशाखमा मेरो जागिर काठमाडौं सऱ्यो । नापतौल कार्यालयको खरिदार थिएँ । टेकुमा डेरा लिएर बसेको, मदन त खोज्दै आइपुग्नुभयो । फेरि हाम्रो सहयात्रा सुरु भयो । तर, मदनसँगको उठबसले मेरो जागिर असुरक्षित भयो । भूमिगत काम र पार्टीसँगको सम्बन्ध खुल्यो । अब के गर्ने भनेर छट्पटाउँदै गर्दा अरूणिमा स्कुलमा प्रधानअध्यापक पद चाहिएको खबर आयो । अनि जागिर छाडेर स्कुलतिर लागेँ । विद्या भने छोरीहरूसँग बेलबारीमै बस्नुहुन्थ्यो ।

काठमाडौं आएपछि मदन साह्रै व्यस्त हुनुभयो । पार्टीको कामले एकछिन फुर्सद नहुने । विराटनगरमा जस्तो लेखपढ गर्ने समय पनि उब्रिन छाड्यो । कोठामा त साह्रै पातलो आउनुहुन्थ्यो ।

०४६ सालको अन्तिमतिर विद्या काठमाडौं आउनुभयो । छोरीहरूलाई बेलबारीमै छाड्नुभयो । केही समय हामी सँगै बस्यौं । टेकुको बसाइ टाढा भएकाले नक्सालमा तिवारीको घरमा सऱ्यौं । अच्युत नेउपानेको पहलमा प्रदीप नेपालले त्यहाँ सार्नुभयो । नक्सालमा बस्ताबस्तै गीता र मेरो विवाह भयो । मदन र विद्यालाई त्यहीँ छाडेर हामी मैतीदेवी गयौं ।

०५० साल जेठमा भाइ कृष्णले विवाह गर्ने भए । त्यही सिलसिलामा म इँटहरी गएँ । बेलुका मजासँग गफ गर्दै थियौं । एकजना व्यक्तिले सुटुक्क बोलाउनुभयो । जुरुक्क उठेर गएको, त्रिशुलीमा गाडी खसेको अप्रिय खबर सुनाउनुभयो । गीता साथमै थिइन्, उनलाई केही भनिनँ । हतार-हतार एकछिन बाहिर जान्छु भनेर पीसीओतिर दौडिएँ । तुरुन्तै काठमाडौं

ट्रङ्कल गरेको त रुवाबासी रहेछ । फोन गरिसकेर फर्किंदै थिएँ, गीता बेहोस् भइसकेकी रहिछन् । केही भन्न-सम्झाउनै पाइनँ ।

रात ननिदाई बित्यो । बिहान जुरुक्क उठेर इँटहरा गएँ । त्यहाँको अवस्था सम्हालिनसक्नु थियो । रुने-कराउनेबाहेक कोही सग्लो थिएन । बाबुआमासहित परिवारका नौजना सदस्य लिएर इँटहरी आएँ । प्रेमदाइ बाबुआमालाई लिएर प्लेनबाट काठमाडौं आउनुभयो । बाँकी हामी सबैजना बसमा चढ्यौं ।

बसभरि मदनको सम्झनाले पोलिरह्यो-

- जागिरबाट हात धुनुपर्ने बेलामा घर फर्किने विचारमा थिएँ । मदनले नै अरूणिमा जान सल्लाह दिनुभयो । उहाँकै कारणले म त्यहाँ स्थापित हुनसकें ।
- झलनाथ खनाल पार्टीको महासचिव हुँदा राजमोतीको नामबाट मदनले एउटा लेख लेख्नुभयो । त्यो लेख मैले राम्रो अक्षरमा सारेँ । अभानेस्ववियुको 'सिमानापारि' पत्रिकामा छापियो । मदनलाई त्यस लेखले ज्यादै ठूलो विवादमा तान्यो । जेएन महासचिव भए पनि दोहोरो हानाहान सुरु भयो सीपी मैनालीसँग ।
- कोठामा होस् या बैठकमा, मदनले बोलिसकेपछि विषयवस्तु नै सकिन्थ्यो । छेउकुनाबाट विवाद उठाउने ठाउँ नै बाँकी रहँदैनथ्यो ।
- इतिहासमा असाध्य रुचि राख्नुहुन्थ्यो । दर्शनशास्त्रमा पनि त्यतिकै चाख थियो । पढ्न मन लागेका पुस्तकको नामावली हामीलाई दिनुहुन्थ्यो । खोजीखोजी किनेर लगिदिन्थ्यौं । त्यतिले नपुगेर आफू पनि बाजेको पुस्तक पसलमा जानुहुन्थ्यो । एक झोला किताब लिएर आउनुहुन्थ्यो । रातभरि पढ्ने बानी थियो ।
- लेख्नुपर्दा एउटा हात टेक्नुहुन्थ्यो, तकियामाथि छाती राखेर धाराप्रवाह लेख्नुहुन्थ्यो ।
- राती जतिबेला सुते पनि बिहान सबेरै उठ्नुहुन्थ्यो । नियमित योगाभ्यास गर्नुहुन्थ्यो । हामीलाई समेत उठाएर योग सिकाउनुहुन्थ्यो ।
- लेखपढबाट थाकेका बेला भान्सामा सघाउनुहुन्थ्यो । तरकारी काट्ने, दालभात पकाउने काममा हामी सँगै हुन्थ्यौं । बिहान भाँडा माझ्न नभ्याउँदा त्यसै छाडेर अफिस जान्थ्यौं, मदनले माझेर चिटिक्क पारिदिनुहुन्थ्यो ।
- लेखाइ, बोलाइ र गराइमा साह्रै सन्तुलन राख्नुहुन्थ्यो । जीवनशैली असाध्य सरल थियो । हाम्रो घरबाट आउने पाहुना उहाँसँग बोल्नासाथ लुपुक्कै झ्यामिन्थे । घरव्यवहार, दुःखसुखका कुराबाट वार्तालाप थालेर सबै सूचना सङ्कलन गर्नुहुन्थ्यो । असल सल्लाह र सुझाव दिनुहुन्थ्यो ।
- महिलालाई हेर्ने दृष्टिकोण साह्रै राम्रो थियो । पूर्ण जाँचपड्ताल नगरी कसैका कुरा सुन्नुहुन्नथ्यो ।
- आर्थिक मामलामा एकदम सफा हुनुहुन्थ्यो । मेसको एकएक हिसाब डायरीमा टिपेर राख्नुहुन्थ्यो । हामीलाई राखेर छलफल गराउनुहुन्थ्यो । महिलासँगको व्यवहार र आर्थिक मामलामा तलमाथि गर्नेलाई कुनै हालतमा छाड्नुहुँदैन भन्नुहुन्थ्यो ।
- कसैको पनि परीक्षा नभएका बेलामा हैन, भएका बेलामा गर्नुपर्छ भन्नुहुन्थ्यो ।
- कोठामा आउँदा तरकारी लिएरै आउनुहुन्थ्यो । घरभाडामा सहयोग गर्नुहुन्थ्यो । पार्टीले दिएको पारिश्रमिक जोगाएर लेबी तिर्नुहुन्थ्यो ।
- साथीभाइमा गुरु बराललाई बढी मन पराउनुहुन्थ्यो । बराल कमरेड कहिल्यै थाक्नुहुन्न भन्नुहुन्थ्यो ।
- प्राज्ञिक विकासलाई साह्रै महत्व दिनुहुन्थ्यो । कसैलाई पनि परीक्षा छाड्न दिनुहुन्नथ्यो । एकपल्ट मैले बीएको परीक्षा दिँदा अर्थशास्त्र छाडेँ । उहाँले अघाउँजी गाली गर्नुभयो ।

***- मदन भण्डारी स्मृतिग्रन्थ (पहिलो भाग)***

# कालजयी भाषणहरूको अभिलेख

## ❒ किरण सायम्‌ि

०४७ सालमा तत्कालीन नेकपा (माले)को प्रवक्ताका हैसियतमा सार्वजनिक हुनुभएका मदन भण्डारीले छोटो अवधिमा मात्र आफ्नो विचार/दृष्टिकोण जनसभाहरूमा राख्न पाउनुभयो। वास्तवमा तीन वर्ष ज्यादै छोटो अवधि हो। तर, उहाँका कालजयी विचार र सधैं सुनौं-सुनौं लाग्ने भाषणको महत्व जस्ताको तस्तै रहेको छ। उहाँको षड्‌यन्त्रमूलक हत्या भएको १७ वर्ष पुगे पनि उहाँका भाषणहरू सुन्दा लाग्छ- मदन जीवितै हुनुहुन्छ र आफ्नो ओजपूर्ण र विचारोत्तेजक भाषण प्रस्तुत गर्न व्यस्त हुनुहुन्छ।

पहिलोपल्ट भाषणलाई चुनाव प्रचारको सशक्त माध्यमका रूपमा उपयोग गरेको ०४३ साल वैशाख ६ गतेदेखि हो भन्ने लाग्छ। पद्‌मरत्न तुलाधरले काठमाडौंको वसन्तपुरमा आफ्नो जनपक्षीय उम्मेदवारी घोषणा गरेको दिन अरिम श्रेष्ठले तयार गरेको भाषण चक्का गीतको क्यासेटजस्तै बिक्री गरिएको थियो र त्यो भाषणको खुद्रा मूल्य २० भए पनि छ सय रुपियाँसम्ममा मान्छेहरूले किनेर सुने भन्ने चर्चा थियो। त्यसको आम्दानी पद्‌मरत्न सहयोग समितिमा जान्थ्यो। वास्तवमा त्यस माध्यमबाट जनपक्षीय चुनाव प्रचारप्रसार र तिनको विजययात्रालाई नयाँ उचाइ प्रदान गर्‍यो र असङ्ख्य रूपमा भाषणका चक्काहरू बिक्री भए।

मदन भण्डारीका २० वटा भाषण मेरो अभिलेखमा सुरक्षित छन्, जसमध्ये ७ वटा त व्यावसायिक रूपमा बिक्रीवितरणका लागि बजारमा उपलब्ध गराइएका थिए। जनकपुरको भाषण निकाल्ने अन्तिम तयारीमा थियो तर रोकिएको छ। मदनका भाषणहरू मैले 'बजाज टेम्पो'मा काठमाडौं उपत्यकाभरि बिक्रीवितरण गर्न पुर्‍याउँथें। मानिसहरूले खुद्रा पैसा मिलाएर मात्रै क्यासेट लिन पाउँथे, तैपनि लाइनमा बसेर किन्नुपर्ने हुन्थ्यो। कहिलेकाहीं त्यति गर्दा पनि भाषण किन्न नपाएपछि मान्छेहरू रिसाएर मेरो टेम्पो पल्टाइदिन्थे। त्यतिखेर गीत-सङ्गीतका चक्का बिक्रीको लहरमा मदनका भाषणहरूको बिक्री महिनौंसम्म 'हिट लिस्ट'मा हुन्थ्यो। सायद आजसम्म त्यति धेरै भाषण अरू कुनै नेताको बिक्री भएको रेकर्ड छैन।

०४७ कात्तिक २५ गते टुँडिखेलमा मदनले नयाँ संविधान जारी भएपछिको चर्चित भाषण गर्दा साँझ परिसकेको थियो। उहाँले डेढ घन्टा बोलिसकेपछि अब भाषण छोट्याउँछु भन्दा जनसमुदायले 'हुँदैन' भनेर लम्ब्याउन जोड गरेका थिए। र, उहाँले 'हुन्छ म फेरि आफ्नो कुरा अघि बढाउँछु भन्नुपरेको थियो। यसरी वक्तालाई भाषण लम्ब्याउन जनसमुदायले दबाब दिनुपरेको विरलैमध्येको घटना थियो त्यो। अन्यथा, वक्ताहरूमाथि जनसमुदायको भाषण छोट्याउन नै दबाब परिरहेको हुन्छ। ०४७ चैतमै चाबहिलमा क्षेत्रीय चुनाव कार्यालय उद्‌घाटन गर्दा दिनुभएको 'महाराज आँखा नचम्काइ बक्सियोस्' भन्ने बहुचर्चित भाषण तथा इटुम्बहाल, नुवाकोट र टुँडिखेलमा दिनुभएका भाषणहरू बजारमा उपलब्ध गराउन सकिएको थियो। चाबहिलको भाषणको गुणस्तरीय रेकर्डिङ नभएकाले समस्या पर्‍यो। तर, मैले ९ दिन ९ रात लगाई सम्पादन गरेपछि एक घण्टा लामो भाषणका रूपमा निकालियो। त्यसको ५ सय प्रति प्रकाशित गरिएपछि ककसले के भने थाहा छैन तर मदन कमरेडले मलाई बोलाउनुभयो र हामीले सँगसँगै बसेर सुन्यौं। त्यसपछि कतिपय प्रसङ्गहरूलाई तलमाथि मिलाई पुनः प्रकाशन गरियो। अर्थात् त्यसको अन्तिम सम्पादन मदन कमरेडसँग बसेर भएको थियो।

मलाई माइकको 'साउन्ड सिस्टम' मिलाउने बारेमा सामान्य जानकारी थियो। त्यसकै निम्ति म उहाँसँगै नुवाकोट र जनकपुरसम्म पुगेको छु। उहाँसँग त शाम्दे शेर्पा पनि प्रायः सँगै जाने गर्नुहुन्थ्यो। उहाँका भाषणसमेत रकेर्ड गरेर सुरक्षित गर्न मलाई अनुकूलता मिल्यो। काठमाडौंबाट रात्रिबसमा चढेर उहाँसँगै माइकको 'साउन्ड सिस्टम' लिएर जनकपुर पुगेको र बाह्रबिघा मैदानमा उहाँले गरेको भाषण रेकर्ड गरेको अनुभूति मलाई विशेष रोमाञ्चक लाग्दछ। यद्यपि, त्यसलाई बजारमा पुर्‍याउन सकिएको छैन।

मदन कमरेड ०४८ को चुनावमा काठमाडौं १ र ५ को उम्मेदवार रहनुभयो। उहाँ दुवै क्षेत्रमा विजयी बन्नुभयो। क्षेत्र नं. १ मा त तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई पराजित गरेर विजयी हुनुभयो। तर, मेरो अनुभवमा उहाँका भाषणहरू केवल चुनाव प्रचारका निम्ति मात्रै थिएनन्। बरु देशभरि तत्कालीन नेकपा (माले) र नेकपा (एमाले)का विचार/दृष्टिकोणहरू पुर्‍याउने सशक्त माध्यम बनेका थिए। फलस्वरूप पार्टीको राष्ट्रव्यापी विस्तार गर्नसमेत ठूलो मद्दत पुगेको थियो। मदनका लागि भन्दा पनि देशभरिका सूर्यध्वजावाहक उम्मेदवारहरूका निम्ति उहाँका भाषणहरूले सशक्त प्रचारमाध्यम र विचार सम्प्रेषणको काम गरे। यसरी मदन पुग्न नसकेका गाउँबस्तीहरूसम्म उहाँका विचार र व्यक्तित्व पुग्न सम्भव भयो।

०४९ वैशाख १९ को मई दिवसका अवसरमा मदनले वसन्तपुरमा गर्नुभएको भाषण अत्यन्तै सशक्त थियो। बिनाकारण बन्द र हड्‌ताल गर्न नहुने प्रस्ट दृष्टिकोणका साथ गरिएको त्यस भाषणमार्फत उहाँ आकारणजस्तै बन्द आह्‌वान गरेका संयुक्त जनमोर्चा, नेपाललगायतका केही साना वाम समूहमाथि जाइलाग्नुभएको थियो। वैशाख २१ गते टेम्पोमा त्यही भाषण बजाउँदै म पाटनढोका पुगें र केही बेर टेम्पो रोकेर बजाइरहें। तत्कालीन एकताकेन्द्रको कार्यालय

त्यहीं रहेछ, उनीहरूले आक्रमण गरे । साथै, भाषणको चक्का र क्यासेट प्लेयरसमेत लुटे । निकै अनुरोध गर्दा पनि उनीहरूले लुटिएका सामग्री फिर्ता गरेनन् । 'क्रान्तिकारी' कमरेडहरूको यस्तो दुःखद् व्यवहारसमेत मैले भोगें । यसै घटना ०४२ चैत २३ गते पद्मरत्न तुलाधरले मखनटोलमा गरेको नेपाल भाषाको भाषण सेतो मच्छिन्द्रनाथको रथ आइपुग्ने दिन असनमा सुनाउँदा मैले पञ्चायती पुलिसहरूबाट हप्कीदप्की भोग्नुपरेको थियो । त्यस दिन राती ९ बज्नै लाग्दा भ्यानमा आएका पुलिसले मलाई पक्रेर लैजान खोजेका थिए तर जनसमूहले विरोध गरेपछि छाडेर राती भै'सक्यो झैझगडा हुनसक्छ, नबजाऊ भनेर हिँडेका थिए । तर पछि पाटनमा लुटिएको क्यासेट प्लेयरबापत् मदन कमरेडको पहलमा मलाई हाम्रो पार्टीबाट आठ हजार रुपियाँ क्षतिपूर्ति उपलब्ध भयो । अनि मैले नयाँ 'जापानिज क्यासेट प्लेयर' किनें, जुन मदन कमरेडको चिनोका रूपमा मसँग अझै सुरक्षित रहेको छ ।

सीपी मैनाली टुँडिखेलमा खुला हुँदा उहाँको 'बाघरूपी' छवि थियो । अखिल नेपाल किसान सङ्घको आयोजनामा भएको उक्त कार्यक्रममा भाषण गर्दै जाँदा उहाँको त्यो 'हौवा-व्यक्तित्व' सकिँदै गयो । मैले त्यो भाषण रेकर्ड गरेर सङ्घलाई नै दिएको थिएँ तर सुरक्षित रहेन । अझ दुःखको कुरा पाँचौं महाधिवेशनमा मदन कमरेडले बन्दसत्र र समापनका अवसरमा दिनुभएका मन्तव्य र भाषणसमेत सुरक्षित छैनन् । कसको गैरजिम्मेवारीका कारण यस्तो हुनगयो, थाहा छैन ।

पद्मरत्न तुलाधर र मदन भण्डारीका भाषणहरूको समयसन्दर्भ नै अलगअलग हो । त्यसैले, तुलना गर्नुहुँदैन । तर, भाषणकलामा मदन कमरेड धेरै माथि हुनुहुन्थ्यो । तसर्थ, उहाँ खुला भएपछि पद्मदाई पनि ओझेल जस्तै पर्नुभयो । वक्तृत्वकलासम्बन्धी तालिम सञ्चालन गर्न मदनका भाषणहरू अब्बल सन्दर्भसामग्री हुनसक्छन् । यथार्थमा उहाँका भाषणहरू सुन्दा गीत-सङ्गीत सुन्दाखेरिको जस्तै आनन्द अनुभूति हुन्छ । जटिपटक सुने पनि भाषण सुन्ने जाँगरमा कुनै कमी आउँदैन । मानिसहरू उहाँको पक्ष-विपक्षमा रहनु बेग्लै कुरा हो तर उहाँका भाषण सुनेर केही बिग्रँदैन । बरु जोस, जाँगर र उत्साह बढ्ने गर्छ । 'श्वेत शार्दूलको गर्जन' नामक पुस्तकमा उहाँका कतिपय भाषणहरू पढ्न पनि सकिन्छ ।

दासढुङ्गा काण्डको लामो समयसम्म मलाई मदन भण्डारीको निधन भयो भन्ने अनुभूति नै भएन । किनभने घरमा उहाँका भाषणहरू बजेको बज्यै हुन्थे । तर, ०५१ को मध्यावधि चुनावअघि एकदिन रामचन्द्र झासँग काठमाडौंमा भेट भयो । मैले जनकपुरमा मदनले गर्नुभएको भाषण निकाल्ने तयारी गरिरहेको थिएँ । त्यसमा मैथिली भाषामा उद्घोषण गर्नु उचित हुने ठानेर रामचन्द्र झालाई घरमै लिएर गएँ । किनभने, बाह्र विघाको सभा उहाँले नै सञ्चालन गर्नुभएको थियो । उहाँले मदनको व्यक्तित्वमाथि यसरी बयान गर्नुभएको छ कि, राती त्यो सुनेर बल्ल मलाई मदन कमरेडको वास्तविक व्यक्तित्व र उहाँको निधनको अनुभूति भयो । उहाँलाई सम्झेर त्यस रात निकैबेरसम्म रोएँ ।

पत्रिकामा विज्ञापन नै प्रकाशित गरेर मैले मदनका भाषणहरू सङ्कलन गर्न खोजें । 'एक भाषण दिनुस् ! एक हजार रुपियाँ लिनुस् !' भनेरै विज्ञापन छापियो । तर, त्यस प्रयासबाट एउटा मात्र भाषण प्राप्त भयो । उहाँका देशभरिका छरिएका भाषण मन्तव्यहरू सुरक्षित गर्न सकेको भए धेरै राम्रो हुने थियो । तर, मेरो इच्छा पूरा भएन । १७ औं स्मृति दिवसका अवसरमा उहाँप्रति हार्दिक सम्मान र भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । ❒

# कमरेड आश्रितको हुलाक टिकट

सरकारले नेकपा (एमाले)का नेता कमरेड जीवराज आश्रितको तस्बिर अङ्कित हुलाक टिकट प्रकाशित गर्ने भएको छ । सन् २०१० को कार्यक्रमअन्तर्गत टिकट प्रकाशित हुने जनाइएको छ ।

कुशल सङ्गठक कमरेड जीवराज आश्रितको ०५० जेठ ३ गते चितवनको दासढुङ्गामा षड्यन्त्रमूलक जिप दुर्घटनामा जननेता मदन भण्डारीसँग हत्या गरिएको थियो । पार्टीको वैचारिक र साङ्गठनिक जीवनमा मदन-आश्रित अत्यन्तै सम्मानित र श्रद्धेय नेताका रुपमा रहनुभएको छ ।

कमरेड आश्रितको स्मृति र योगदानहरूलाई चिरस्थायी बनाउन बुटवलमा जीवराज आश्रित स्मृति प्रतिष्ठानसमेत स्थापना गरिएको छ । उहाँका सहयोद्धा देवेन्द्र घिमिरेको अध्यक्षतामा गठित प्रतिष्ठानले विभिन्न कार्यक्रम अघि बढाउने प्रयत्न गरिरहेको छ ।

सरकारले उहाँको तस्बिर अङ्कित हुलाक टिकट प्रकाशित गर्ने निर्णय गरेर उहाँको सम्मान गरेको नै महसुस भएको छ । साथै, उहाँलाई सम्झिएर अरु पनि महत्वपूर्ण काम गर्नु आवश्यक देखिन्छ ।

# जबजको मार्गनिर्देश र महिला मुक्ति

❐ **कमला पराजुली**

०४६ सम्म राजनीतिक पार्टी, जनसङ्गठन र महिला सङ्घ-सङ्गठनसमेत निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्यकै लागि आन्दोलित थिए । त्यसबेला महिलाको विषय या लैङ्गिक सवाल प्राथमिकतामा थिएन । त्यसैले महिलामाथि परम्परागत रुपमा हुँदै आएका अत्याचार र हिंसाका घटनाहरु ओझेलमै परिरहेका थिए ।

जनआन्दोलनले सफलता प्राप्त गरिसकेपछि दशकौंदेखि प्रतिबन्धित अवस्थामा रहेका राजनीतिक पार्टीहरु स्वतन्त्र र खुला भए । र, बहुदलीय प्रतिस्पर्धामा सहभागी भए । नेपाली जनताले पनि नागरिक-राजनीतिक अधिकारको उपयोग गर्न पाए ।

राजनीतिक, आर्थिक, सामाजिक हरेक क्षेत्रमा महिलाहरु कमजोर र पिछडिएका अवस्थामा रहे । यसरी बहुदलीय प्रतिस्पर्धामा सहभागी हुँदा महिलाको अवस्था अपाङ्ग र सपाङ्गको दौडजस्तै बन्नपुग्यो । परम्परादेखि राजनीतिक-आर्थिक र सामाजिक हैसियत प्राप्त गरिरहेका हरुसँग आर्थिक-सामाजिकलगायत सबैखाले अवसर र पहुँचबाट अलग र बञ्चित भएका चुलोचौको अनि मझेरीमा सीमित हुन बाध्य महिलाले प्रतिस्पर्धा गर्नु आफैंमा असम्भव थियो ।

बहुदलीय व्यवस्था त आयो, जनताले आफ्नो पार्टी र पार्टीका प्रतिनिधि चुन्ने र चुनिने अवस्था सिर्जना भयो । जनताले छानेकाहरुले सरकार चलाउन थाले तर बालिका र महिलामाथिको चरम हिंसा, ज्यादती र असुरक्षामा कमी आएन । बालिका तथा महिलामाथिको यौन दुर्व्यवहार, बोक्सीको नाममा अमानवीय व्यवहार, चेलीबेटी बेचविखन, तिलक-दाइजोजस्ता कुसंस्कारका नाममा महिलामाथि हुने हिंसाका घटनाहरु सार्वजनिक हुनथाले । तर, बहुदलीय प्रजातन्त्रको उपयोग गर्ने क्रममा पनि महिलाको अवस्थामा भने खासै फरकपन आउन सकेन । परम्परागत हिंसा, विभेद र कुसंस्कारको साङ्लो बाँधिएकै थियो । यी सम्पूर्ण अवस्था र परिस्थितिलाई समेत विश्लेषण गरेर जननेता कमरेड मदन भण्डारीले प्रतिपादन गर्नुभएको 'नेपाली क्रान्तिको कार्यक्रमः जनताको बहुदलीय जनवाद'मा पनि 'महिलाहरुको सम्बन्धमा' भनी केही खास सवालहरुमा सम्बोधन गर्न खोजिएको छ । जसमा निम्न बुँदाहरु उल्लेख छन्,

- महिलाहरुमाथि भइरहेका सबै प्रकारका शोषण, उत्पीडनहरु, अपहरण, बेचबिखन, देहव्यापार तथा सामाजिक कुप्रथाको अन्त्य गरिनेछ ।
- पैतृक सम्पत्तिमा छोरा र छोरीको समान हक स्थापित गरिनेछ । महिला र पुरुषबीचको समान कामको समान ज्यालालाई प्रभावकारी ढङ्गले लागू गरिनेछ ।
- राष्ट्रिय र सामाजिक जीवनका सबै क्षेत्रमा महिला-पुरुषबीच पूर्ण समानताको ग्यारेन्टी गरिनेछ ।
- महिलाहरुमा रहेको अज्ञानता, पछौटेपन हटाउन विशेष कार्यक्रम चलाइनेछ । सामाजिक सुरक्षाको ग्यारेन्टी गर्ने र अपराधी तत्वहरुमाथि कडा सजायको व्यवस्था गरिनेछ ।
- राजनीतिक, आर्थिक, सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाहरुको सक्रिय सहभागिता बढाउँदै लगिनेछ ।

नेकपा (एमाले)को पाँचौं महाधिवेशनबाट पारित जनताको बहुदलीय जनवाद (जबज)मा उल्लिखित नेपाली क्रान्तिको वर्तमान कार्यक्रम एउटा महत्वपूर्ण विषयका रुपमा महिला आन्दोलनको विषय समेटिएको छ । नेकपा (एमाले) र अखिल नेपाल महिला सङ्घका कार्यक्रमहरु जबजकै अवधारणाअनुसार निर्देशित भएर अगाडि बढ्दै आइरहेका छन् ।

तर, अहिले पनि नेपाली महिलाले आर्थिक, सामाजिक-सांस्कृतिक पक्षबाट विभिन्न किसिमका विभेद, अत्याचार र हिंसाहरु झेल्नु परिरहेको छ । ती असमानता र विभेदको अन्त्य नभएसम्म र परम्परागत रुपमा हुँदै आएका अत्याचार र हिंसाको अन्त्य नभएसम्म महिलाले पुरुषसरहको अस्तित्व निर्माण गर्ने र हैसियत प्राप्त गर्ने अवस्था हुँदैन । त्यसैले राजनीतिक परिवर्तन र राजनीतिक अधिकार मात्र प्राप्त भएर हुँदैन । परिवर्तनशील अवस्थामा प्राप्त अधिकारलाई उपयोग गर्नसक्ने अवसर र परिस्थितिसमेत तयार हुनुपर्छ । त्यसका लागि राजनीतिक-सैद्धान्तिक आन्दोलनसँगै महिला मुक्ति आन्दोलनलाई पनि एकाकार बनाउनु आवश्यक छ ।

महिलामुक्ति आन्दोलन आफैंमा स्वतन्त्र आन्दोलनका रुपमा अगाडि जान्छ, त्यसैबाट मुक्ति सम्भव छ र पृथक अस्तित्व निर्माण हुन्छ भन्ने मान्यता आफैंमा अपुरो र निरर्थक हो । त्यसैले महिला आन्दोलनलाई वर्गीय आन्दोलन र राजनीतिक आन्दोलनसँगै गाँसेर सामाजिक-रुपान्तरण गर्दै सदियौंदेखि विद्यमान धर्म, संस्कार, संस्कृति, परम्परा, मान्यता, धारणा, चिन्तन र व्यवहारले विकसित गरेका विभेदकारी, अमानवीय र असान्दर्भिक कुराहरुमा परिवर्तन गर्दै जानु आवश्यक हुन्छ ।

एकातर्फ राजनीतिक पार्टीहरु र जनसङ्गठनको भूमिका रहँदै गयो भने अर्कातर्फ महिला समानता र सशक्तीकरणका लागि कार्यरत अधिकारवादीहरुको भूमिका रह्यो । उनीहरुकै प्रयत्नमा ०४७ साउनमा महिला सुरक्षा दबाब समूहको गठन भयो । यही

दबाब समूहका माध्यमबाट विभिन्न विचार, सिद्धान्त र आस्थामा विभाजित महिलाहरु फेरि महिला हक अधिकार र सुरक्षाको सवालमा एकै ठाउँमा सङ्गठित भए। यो समूह महिलामाथि हुने सबै किसिमका अत्याचारलाई विरोध, भण्डाफोर र प्रतिवादसमेत गर्दै अगाडि बढ्यो। गैरराजनीतिक क्षेत्रबाट भएको यो प्रयास सकारात्मक थियो।

जबजमा महिलाको सम्बन्धमा सम्बोधन भएका बुँदाहरुले महिलासम्बन्धी पार्टीका समग्र नीति-कार्यक्रमलगायत नीति-निर्णयमा समेत प्रभाव पार्नु स्वाभाविकै थियो। फलस्वरुप महिलामाथिको हिंसा-अत्याचार सामाजिक र पारिवारिक विषयमात्रै नभएर राजनीतिक विषय बन्यो। महिलामाथि हुने हिंसा रोकथाम र नियन्त्रणका लागि विभिन्न जनचेतनामूलक अभियानसँगै महिलामाथि हुने सबै किसिमका हिंसाविरुद्ध कानुनसमेत बनाउने पहल भयो र कानुन बन्यो। वास्तवमा यसनिम्ति महिला सम्बन्धका पहिलो बुँदामै उल्लेख गरिएको थियो।

दोस्रो, बुँदामा महिलाको आर्थिक अधिकारलाई सम्बोधन गरिएको छ। हाम्रो समाज छोरीलाई सन्तानको रुपमा समेत स्वीकार गर्न नसक्ने मानसिकताबाट गुज्रेको अवस्थामा पैतृक सम्पत्तिमा समान हक स्थापित गराउने कुरा अघि सार्नु निकै साहसिक र अग्रगामी कदम थियो। पार्टीले त्यस विषयलाई नीतिगत कार्यक्रममा समावेश गरेर एउटा मुद्दाकै रुपमा उठायो। जबकि, त्यसको दुई वर्षपछि मात्र चीनको बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलनले पारित गरेका ११ वटा प्रमुख सवालमा महिलाको आर्थिक सवाललाई पनि उठाएको देखिन्छ। यसरी पार्टी भित्र-बाहिरसमेत महत्वपूर्ण छलफल र बहसको विषय बन्दै अन्ततः बिनाभेदभाव सन्तानको पैतृक सम्पत्तिमा अधिकार हुने कानुन बन्यो।
तेस्रो बुँदाले औँल्याएअनुरुप सन्तानले आमाको नामबाट पनि नागरिकता पाउनसक्ने कानुनी व्यवस्था भएको छ। ❐

# ‘छात्रप्रभा’का प्रधानसम्पादक

**❐ जगन्नाथ आचार्य**

म बनारसमा बसेर संस्कृत पढ्थेँ। साहित्यसिर्जना, राजनीति र अध्ययन तीनवटै कुरालाई सँगसँगै लिएर अगाडि बढिरहेका बेलामा पार्टीले ‘संस्कृत पढ्ने विद्यार्थीमाझ पार्टीलाई लैजाऊ’ भन्ने नारासहितको अभियान सञ्चालन गऱ्यो। त्यसै सन्दर्भमा साधुवेला संस्कृत माविमा अध्ययनरत मदन भण्डारीसँग मेरो पहिलो भेट २०२७ मा भयो। सेतो कुर्ता-पाइजामा र कालो टोपी लगाएको अत्यन्त गोरो र तेजस्वी अनुहार भएको फुर्तिलो केटो देख्नासाथ हामी प्रभावित भयौँ। धेरै समयसम्म राजनीतिइतर कुराकानी भयो अनि दिनप्रतिदिनको सम्पर्कबाट साहित्य हुँदै राजनीतिक सम्बन्ध पनि स्थापित भयो।

मदन भण्डारी सौन्दर्यका पारखी हुनुहुन्थ्यो। सधैँ टिपटप भएर हिँड्ने, सेता र सफा कुर्ता-पाइजामा लगाउने, पाखुरा सुर्केर हिँड्नेजस्ता उहाँका प्रवृत्तिहरूले गर्दा बनारसमा उहाँलाई सबैले छिट्टै चिन्ने मौका पाए। उहाँ कालो टोपी र हातमा एउटा डायरी कहिल्यै छाड्नुहुन्नथ्यो। कक्षामा सधैँ प्रथम हुनुहुन्थ्यो। धेरै नबोल्ने, अत्यन्त गम्भीर र चिन्तनशील, बोलेपछि तार्किक कुरा राख्ने र त्यो कुरा अकाट्य हुने, आफूले बोलेका कुरामा अडानमा रहने निर्धक्क र निडर स्वभाव उहाँमा थियो। उहाँ जोगीको मठमा बस्नुहुन्थ्यो। बौद्धिक मान्छेहरू देख्नासाथ चिनजान र शास्त्रार्थ गर्न थालिहाल्नुहुन्थ्यो तर सामान्य मान्छेलाई त्यति वास्ता गर्नुहुन्नथ्यो। भण्डारीको सबैभन्दा बढी रुचि पौडी र कुस्ती खेलमा थियो। यसका साथै यहाँ गीत गाउनुहुन्थ्यो, राम्ररी नाच्नुहुन्थ्यो, नेपाली वक्तृत्वकला र संस्कृत सम्भाषणमा भाग लिनुहुन्थ्यो। उहाँ सहभागी भएका ठाउँमा सबैको आकर्षणको केन्द्र बन्नुहुन्थ्यो र गुरुवर्ग तथा बौद्धिक जमातले आश्चर्य व्यक्त गर्दै उहाँको प्रशंसा गर्थे।

बनारसमा बस्ने नेपाली विद्यार्थीहरू चौकीदारीको काम गर्थे। आआफ्नो टोल छुट्याएर लट्ठी बोकेर रातभरि गल्लीगल्लीमा चौकीदारी गर्नुपर्थ्यो। मदन भण्डारीले पनि तीन महिना बनारसमा चौकीदारको काम गर्नुभयो। त्यस बेलामा पनि उहाँका हातमा एउटा किताब हुन्थ्यो र उहाँ बिजुलीको पोलमुनि अथवा सडकबत्ती बलेका ठाउँमा बसेर आफ्नो चौकीदारीको अवधिभरि पढिरहनुहुन्थ्यो।

त्यो बेला (०२७ तिर) म पनि प्रशस्त कविताहरू लेखिरहन्थेँ। उहाँको र मेरो भेट विभिन्न वक्तृत्वकला र सम्भाषणका गोष्ठीहरूमा हुन्थ्यो। साहित्यिक सन्दर्भमा त्यति कुराकानी हुँदैनथ्यो। एकदिन लेखनका बारेमा सामान्य कुराकानी चल्दै गर्दा उहाँले अचानक एउटा गीतिकाव्य लेखेको कुरा गर्नुभयो र त्यो कृति देखाउनुभयो। म आश्चर्यमा परेँ। मलाई उहाँको अन्य व्यक्तित्वजस्तै साहित्यिक व्यक्तित्व पनि प्रभावशाली लाग्यो।

बनारसमा ‘छात्रपरिषद्’ नामक विद्यार्थीहरूको एउटा संस्था थियो। त्यसको ०२९-०३० कार्यकालका लागि निर्वाचन हुने भयो। हामीले मञ्जु चापागाईं अध्यक्ष, म (जगन्नाथ आचार्य) उपाध्यक्ष र मदन भण्डारी महामन्त्रीसहितको प्रगतिशीलहरूको प्यानल तयार गऱ्यौँ र चुनाव लड्यौँ। मदन भण्डारीले १५ भोटले महामन्त्रीमा हार्नुभयो तर बहुमत प्रगतिशीलहरूकै हुनाले परिषद्ले निकाल्ने ‘छात्रप्रभा’ पत्रिकाको सम्पादकीय विभागमा प्रधान सम्पादकका रूपमा मदन

भण्डारीलाई मनोनयन गरियो। मदन भण्डारीको सम्पादकत्वमा प्रकाशित उक्त 'छात्रप्रभा'को एक अङ्क इतिहासकै उल्लेखनीय पत्रिका बन्यो। त्यसमा उहाँले छन्दमा लेख्नुभएको सम्पादकीयका तीन पद्यमध्येमा दुइटा त मलाई अहिले पनि कण्ठस्थ छन्। उक्त अवधिमा भण्डारीले आफूले लेख्ने मात्र होइन, पत्रिकामा छाप्नका लागि दिएका अन्य स्रष्टाका कविताहरू बनाइदिने काम पनि गर्नुभयो। भण्डारीको अर्को उल्लेख गर्नै पर्ने पाटो अनुवादक व्यक्तित्व पनि हो। उहाँ आफूलाई मन परेका संस्कृतका श्लोकहरूलाई त्यही छन्दमा जस्ताको तस्तै अनुवाद गरेर सुनाउनुहुन्थ्यो। तीमध्येका केही पद्यहरू त मलाई अहिले पनि कण्ठस्थ छन्।

फुटकर रूपमा उहाँले त्यसबेलामा लेखेका प्रायः कविताहरू मैले सुन्ने र पढ्ने मौका पाएँ। त्यसै बेलामा केही कविताहरू मैले कण्ठ गरिहालेँ। मैले 'छात्रप्रभा'को सम्पादकीयका दुई श्लोक, अनूदित केही श्लोकका बारेमा त माथि नै भनिसकेको छु। त्यसका अतिरिक्त 'मित्र पो चिन्नु पर्छ', 'लौ उत्र सङ्घर्षमा', 'भर्तीवाले पोइलाई चिठी', 'हली दाइ गोरु फुकाऊ', 'चेलीको दुःख' (गीत) जस्ता कविताहरू केही पूर्ण र केही आंशिक रूपमा अहिले पनि म सुनाउन सक्छु।

त्यति बेलाको उहाँको उद्देश्य आफ्नो नामको प्रचार गर्नेभन्दा पनि कविताका माध्यमबाट चेतना र जागरण ल्याउने नै हुन्थ्यो। साथै नेपालको तत्कालीन परिवेशका कारण रचना प्रकाशन गर्दा छद्मनामको प्रयोग गर्नुपर्थ्यो। मदन भण्डारीका त्यस बेला दर्जनौं नामहरू थिए, त्यसैले फरकफरक नामबाट रचनाहरू छापिन्थे। ती सबै उपनाम वा छद्मनामका बारेमा जानकारी नभएसम्म उहाँका यी-यी रचना यहाँ-यहाँ छापिए भन्न गाह्रो छ तापनि त्यस बेला बनारसबाट निस्किने 'छात्रप्रभा', 'मिर्मिरे', 'झिसमिसे' (काठमाडौं)लगायत 'उजेली' (पाल्पा), 'भानूदय' (स्याङ्जा), 'नयाँ पाइलो' (नुवाकोट) तथा धरान र आसामबाट प्रकाशित केही पत्रपत्रिकामा उहाँका कविताहरू छापिएका र केहीमा पठाइएका कुराको जानकारीचाहिँ उहाँले मलाई दिनुभएको थियो।

हामी विश्वनाथ गुरुकुल संस्कृत माविमा ०३२ सम्म सँगै पढ्थ्यौं। त्यसपछि उहाँ काशी हिन्दू विश्वविद्यालयतिर पढ्न जानुभयो र मचाहिँ बिडला कलेजमा पढ्न थालेँ। त्यसपछि कम सम्पर्क हुन थाल्यो। म आफ्नो पारिवारिक कारणले नेपाल फर्किएँ। उहाँ बनारसमा नै हुनुहुन्थ्यो।

बनारसबाट म सिन्धुपाल्चोक फर्किएपछि आफ्नै कार्यमा व्यस्त भएँ। मसँग पछिसम्म पनि विद्यार्थीकालको एउटा फोटो थियो। त्यही फोटोमा म मदन भण्डारीलाई हेर्दै त्यस्तो प्रतिभाशाली मान्छे अहिले कहाँ हुनुहुन्छ होला ! कुन पेसामा लाग्नुभयो होला ! भन्दै आफैँसँग जिज्ञासा राखिरहन्थेँ। ०४६ मा म काठमाडौं आएका बेलामा विद्यार्थीकालका अर्का साथी गोपीरमण उपाध्यायसँग भेट भयो। उहाँले त्यही दिन बागबजारमा नेकपा (माले)को कार्यालय उद्घाटन हुँदै गरेको जानकारी दिनुभयो र भन्नुभयो, 'तपाईंलाई थाहा छ ! हामीसँग बनारसमा पढ्ने एकजना मदन भण्डारी भन्ने विद्यार्थी थिए नि ? तिनै मदन भण्डारी अहिले नेकपा (माले)का महासचिव रहेछन् नि !' यो कुरा सुन्नासाथ ममा आश्चर्य र हर्षको बाढी चल्यो। त्यस दिन उहाँसँग मेरो भेट हुन पाएन तर हर्षले पुलकित हुँदै म घर फर्किएँ। उहाँ मालेको महासचिव र म मार्क्सवादीको सङ्गठित सदस्य पार्टीगत रूपमा हामी फरक थियौँ तर पार्टी एकीकरणको प्रयास भइरहेको थियो। पछि पार्टी एकीकरण भएर नेकपा (एमाले) भयो। पाँचौं महाधिवेशनमा जाँदा उहाँसँग मेरो भेट भयो। एकछिन हामी दुवै आश्चर्य र हर्षमा डुब्यौं। उहाँ नेकपा (एमाले)को महासचिव हुनुभयो। त्यसपछि पनि पटकपटक हाम्रो भेट भइरह्यो तर भेटमा हात मिलाउने र सामान्य भलाकुसारी गर्नेभन्दा अरू कुरा गर्ने अवसर कहिल्यै पाइएन। मलाई पनि आफ्नो मित्र देशकै प्रभावशाली पार्टीको महासचिव बनेकामा गर्व थियो, त्यसैले मैले उहाँलाई व्यक्तिगत कुरामा भुल्याउन चाहिनँ। पार्टीको कामको व्यस्तताले गर्दा एकै ठाउँमा बसेर बनारसको सम्झनाको पोको फुकाउन नपाईकन ०५० जेठ ३ आयो, जसले मेरो अनन्य मित्र, मेरो हृदयको नेता र सम्पूर्ण नेपालीको आशाको केन्द्रलाई लिएर गयो। त्यो दिन सम्झँदा अहिले पनि मेरा आँखा रसाउँछन्।

*(कवि जगन्नाथ आचार्य जननेता मदन भण्डारीका सहपाठी हुनुहुन्छ। वि.सं. २००४ वैशाख १ गते बाँडेगाउँ, सिन्धुपाल्चोकमा जन्मनुभएका आचार्य हाल सिन्धुपाल्चोकमै हुनुहुन्छ। राजनीतिशास्त्रमा स्नातक र वेदान्तमा आचार्यसम्मको शिक्षा हासिल गरी साहित्य, राजनीति र समाजसेवामा समर्पित आचार्यको 'समय स्वर' (०६५) कवितासङ्ग्रह प्रकाशित छ भने उहाँलाई भानुभक्त आचार्यदेखि अहिलेको पुस्तासम्मका सयौँ कविताहरू कण्ठस्थ छन्। उहाँ ४-५ घण्टासम्म अनवरत रूपमा विभिन्न कविका कविताहरू सुनाउन सक्नुहुन्छ। ०२२ देखि ०३२ सम्म बनारसमा बसेर अध्ययन गर्नुभएका आचार्यका तत्कालीन सहपाठी, साहित्य र राजनीतिका सहयोद्धा मदन भण्डारी हुनुहुन्थ्यो। अहिले पनि मदन भण्डारीले लेखेका प्रायः कविताहरू कवि आचार्यलाई कण्ठस्थ छन्। मदन भण्डारीको जीवनीमा राजनीतिक पाटो सशक्त भए पनि साहित्यिक पाटो केही छायामा परिरहेका सन्दर्भमा भण्डारीको विद्यार्थीकाल र सिर्जनामा आधारित भएर कवि आचार्यसँग मदन भण्डारीको साहित्यिक व्यक्तित्वको खोजी र अनुसन्धान गरिरहनुभएका देवी नेपालले गर्नुभएको कुराकानीमा यो आलेख आधारित रहेको छ।)*

❐

# हलिदाइ

– मदन भण्डारी

ए ए किसान हो हेर लाली आकाशमा चढ्यो
नेपालीहरुको भाग्य अवश्यै झुल्कने भयो
भोको पेट दुखाएर लाख वर्खा बिते पनि
लाखे अब त के जाला यो वर्खाअघिकै सरी
हिमाल पारीको डाँडाकाँडामा छ्याङ्ग भो अरे
रातो घाम उदाएर देशै पो सुकिलो छरे
हामी जस्तै हलो जोत्ने झुत्रे झाम्रेहरु पनि
राम्रा सिपालु भै जम्मै जेहेन्दार बने अरे
हामी मात्रै सधैं कस्तो कालामा कँजिई रहौं
सामन्तीहरुको थोरै ज्यालामा जोतिई रहौं
घाम लाग्नेछ भोलित निर्धाको भाग्यमा पनि
उज्याला भरी जोतौंला खनौंला खाउँला बसी
रात साँझ हिलो वर्खा घाम पानी सधैं सही
जोत्दथ्यौं जसरी पर्ति उसरी अब जोतिद्यौ
सामन्तीहरुका चाम्रा चाम्रा जर्जर खप्पर
घाम छेल्दैन कुइराले निर्धाको आङमा अनि ।

*- १ पुस २०३०*

# राजनीतिक शब्द परिचय

**मार्क्सवादको सिर्जनात्मक प्रयोग** : देश, काल र परिस्थितिअनुसार मार्क्सवादको प्रयोग गर्नु अथवा त्यसका सारतत्वलाई सुरक्षित राखी अझै विकसित तुल्याउनु नै मार्क्सवादको सिर्जनात्मक प्रयोग हो ।

मार्क्सवादी चिन्तक गोविन्द भट्टका अनुसार, मार्क्सवादले सुरुदेखि नै पुँजीपति वर्ग र त्यसका समर्थक विचारहरूका विरुद्ध सङ्घर्ष गर्दै आफ्नै शिविरभित्र पनि जडसूत्रवादी, संशोधनवादी एवम् अवसरवादी तत्वहरूका विरुद्ध जुध्दै आउनुपरेको छ । मार्क्स र एङ्गेल्सले आफ्नै जीवनकालमा त्यस्ता प्रवृत्तिविरुद्ध जुध्नुपरेको थियो । लेनिनले पुँजीवादको नयाँ विकास र विज्ञानका नवीनतम् खोजहरूको मार्क्सवादी व्याख्या गरी पहिलो समाजवादी राज्यलाई मूर्तरूप दिएर मार्क्सवादको सिर्जनात्मक प्रयोगको अद्वितीय दृष्टान्त अघि सारे । त्यसपछि स्टालिन, माओ, हो चि मिन्ह, किमइल सुङ, फिडेल क्यास्ट्रोलगायतले पनि परिस्थितिअनुसार मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गरे ।

लेनिनको विचारमा ठोस वस्तुस्थितिको ठोस विश्लेषण नै मार्क्सवादको सर्वोच्च सार हो । स्टालिन भन्छन्, 'मार्क्सवादको सारतत्वलाई आधार बनाउँदै त्यसका पुराना भइसकेका प्रस्थापना र निष्कर्षहरूलाई नयाँ ऐतिहासिक अवस्थाअनुरूप नयाँ प्रस्थापना र निष्कर्षहरूले प्रतिस्थापित गर्नसमेत नअन्कनाउँदै, वर्तमान समस्याहरूको समाधान गरेर त्यसलाई समृद्ध र विकसित तुल्याउनुपर्दछ ।' माओले मार्क्सवादलाई दार्शनिकहरूको प्रवचन कक्षा र पाठ्यपुस्तकहरूको घेराबाट मुक्त पारेर व्यापक जनसमुदायको हातमा रहेको धारिलो हतियारका रूपमा परिणत गरिदिने र आफ्नो मुलुकको ठोस परिस्थितिअनुसार मार्क्सवादलाई प्रयोग गर्ने कुरामा जोड दिएका छन् ।

यसरी, मार्क्सवादको विकासशील सिर्जनात्मक मौलिकतालाई त्यसका आलोचकहरूसमेत स्वीकार गर्न बाध्य भए । जस्तै डेबिड मैकलेनन् भन्छन्, 'क्रान्तिकारी उत्साह, उमङ्ग तथा परिवर्तनको चाहनालाई ऐतिहासिक परिप्रेक्ष्य र वैज्ञानिकताको दावीसित गाँस्नसक्ने आफ्नो अद्वितीय सामर्थ्यले गर्दा नै मार्क्सवाद अन्य दर्शनहरूभन्दा बेग्लै र विशिष्ट हुनपुगेको हो ।'

मार्क्सवादी चिन्तक भट्टको भनाइमा मार्क्सवादको सिर्जनात्मक प्रयोग भनेको जडसूत्रवाद र संशोधनवाद दुवैबाट जोगिएर वस्तुगत परिस्थितिअनुसार त्यसमा आवश्यक सुधार, परिष्कार ल्याउँदै, त्यसको सारतत्वलाई सुरक्षित राख्नु र अझै विकसित तुल्याउनु हो । मार्क्सवादको सिर्जनात्मक प्रयोगको अर्थ बुझ्नका लागि हामीले विश्वको कम्युनिस्ट आन्दोलनका सकारात्मक-नकारात्मक अनुभवहरूको वस्तुनिष्ठ लेखाजोखा गर्नुपर्छ । रुसमा मेन्सेभिकहरू किन पछि परे तर बोल्सेभिकहरू चाहिँ सफल भए ? चीनको मुक्ति तीन दशकमै सफल भयो तर भारतमा किन भएन ? ल्याटिन अमेरिकामा, क्युबामा क्यास्ट्रो कसरी सफल भए तर अन्य गुरिल्ला सङ्घर्ष किन विफल भए ? चिलीमा एलेन्डेको पतन के कारणले भयो ? भियतनामले के पाठ सिकाएको छ ? आज मार्क्सवादको सिर्जनात्मक प्रयोगको अर्थ खोज्दा यस्ता प्रश्नहरूको उत्तर खोज्नु जरुरी हुन्छ ।

नेपालमा मदन भण्डारीद्वारा प्रस्तुत 'जनताको बहुदलीय जनवाद (जबज)'को उदयसँगै मार्क्सवादको सिर्जनात्मक प्रयोगको चर्चा व्यापक बन्दै आएको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा 'जबज' मार्क्सवादको सिर्जनात्मक विकासको रूपमा स्थापित बनेको छ ।

**जनताको बहुदलीय जनवाद** : यो नेपालको जनवादी क्रान्तिको मौलिक कार्यक्रम (सिद्धान्त) हो । यसलाई छोटकरीमा 'जबज' भन्ने गरिन्छ ।

सन् १९९० को दशकमा अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा ठूला सङ्कटहरू उत्पन्न भए । सोभियत सङ्घ र पूर्वी युरोपमा कम्युनिस्ट सत्ता ढल्दै गएका थिए । संसारकै कतिपय कम्युनिस्ट पार्टीहरू दक्षिणपन्थी नीति बोकेर विसर्जनवादतिर अगाडि बढ्दै थिए भने कतिपय कम्युनिस्ट पार्टीहरू उग्रवामपन्थी भडकावतिर अग्रसर हुन पुगेका थिए । कम्युनिस्ट सत्ताहरूको विफलताबाट सिङ्गो अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा चरम निराशा पैदा हुनपुग्यो । कम्युनिस्ट आन्दोलन अत्यन्तै सङ्कटग्रस्त अवस्थामा उभिन पुगेको थियो । त्यो निराशा र सङ्कटको प्रभावबाट नेपाली कम्युनिस्ट आन्दोलन पनि मुक्त थिएन । यही बेला नेकपा (एमाले) ले 'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौं, मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गरौं' भन्ने नाराका साथ मदन भण्डारीको नेतृत्वमा २०४९ सालमा 'जबज' भन्ने कार्यक्रम अगाडि सार्‍यो । यसले नेपाली कम्युनिस्ट आन्दोलनमा निकै ठूलो हलचल ल्यायो । यसको चर्चा भारतमा पनि भयो । विश्वका अन्य मुलुकका कम्युनिस्ट पार्टीले पनि यसलाई चासोका साथ हेरे । सुरुमा जबजलाई नेपाली क्रान्तिको मौलिक कार्यक्रम मानिएको थियो, अहिले मार्गदर्शक सिद्धान्त नै मानिएको छ ।

मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकासका दृष्टिले जबजलाई महत्वका साथ लिने गरिएको छ । त्यस्तै, कम्युनिस्ट आन्दोलनलाई जनताद्वारा अनुमोदित आन्दोलनका रूपमा अगाडि बढाउने र कम्युनिस्ट आन्दोलनको लोकतान्त्रीकरण गर्ने महत्वपूर्ण विचारको रूपमा जबजलाई लिने गरिएको छ । जबजले त्यस्तो बहुदलीय व्यवस्थाको पक्षलाई स्वीकार गरेको छ, जुन शासनको हिसाबले साम्राज्यवाद तथा सामन्तवादविरोधी छ । यसमा संविधानको सर्वोच्चता, कानुनी राज्य, बहुदलीय प्रतिस्पर्धात्मक व्यवस्था, आवधिक निर्वाचन, जनताको प्रजातान्त्रिक राज्य वा जनताको जनवादी अधिनायकत्व, सामन्तवाद, दलाल नोकरशाही पुँजीपति वर्ग तथा साम्राज्यवादविरोधी जबजलगायतका चौधवटा महत्वपूर्ण विशेषताहरू रहेका छन् ।

जबजले वर्तमान नेपाली समाजलाई ऐतिहासिक विकासको त्यस्तो सङ्क्रमणकालीन अवस्थामा रहेको स्वीकार गरेको छ, जुन अवस्था भनेको अर्धसामन्ती र अर्धउपनिवेशी हो, त्यो कष्टपूर्ण अवस्थाबाट मुक्त पारेर नेपाली समाजलाई आमूल परिवर्तनमा अगाडि बढाउने एकमात्र उपाय जनताको जनवादी क्रान्ति हो भन्ने कुरालाई जबजले स्पष्ट पारेको छ । जबजले नेपाली समाजको तीनवटा आधारभूत अन्तर्विरोधको कुरा अगाडि सारेको छ । सामन्तवाद र व्यापक जनताका बीचको अन्तर्विरोध, दलाल नोकरशाही पुँजीवाद र व्यापक जनताका बीचको अन्तर्विरोध र साम्राज्यवाद तथा प्रभुत्ववाद र नेपाल राष्ट्रका बीचको अन्तर्विरोध । यी तीनवटै अन्तर्विरोधहरूको समाधान गरेर मात्र नेपाल राष्ट्र र नेपाली जनता स्वतन्त्र एवम् मुक्त हुन सक्छन् भन्ने कुरालाई पनि जबजले अघि सारेको छ ।

जबज बहुदलीय प्रतिस्पर्धा भएको राजनीतिक शासन प्रणालीसहितको जनवादी राज्यसत्ता हो । बहुदलीयता शासन प्रणालीलाई व्यक्त गर्नका निम्ति राखिएको शब्द हो भने जनवाद राज्यसत्ताको परिभाषा हो ।

सामन्तवर्ग, दलाल नोकरशाही पुँजीपतिवर्ग, विदेशी एकाधिकार पुँजीवाद र अन्तर्राष्ट्रिय साम्राज्यवाद जबजका आधारभूत शत्रु हुन् । सर्वहारा श्रमजीवीवर्ग वर्तमान क्रान्तिको नेतृत्वदायी वर्ग हो । किसानहरू वर्तमान क्रान्तिका मुख्य निर्णायक शक्ति हुन् । राष्ट्रिय पुँजीपतिवर्ग, धनी किसान तथा देशभक्त प्रजातान्त्रिक शक्तिहरू पनि अस्थिर चरित्र भएका वर्तमान क्रान्तिका मित्र हुन् । ❐

# सिद्धान्त सही

# छ तर लागू हुनसकेको छैन

**❐ स्वामी महीधराचार्य**

**मनोज भण्डारी, ताप्लेजुङको ढुङ्गेसाँघुमा जन्मेर उच्च अध्ययन पूरा गरी स्वामी महीधराचार्य हुनुभयो । र, भारतको हरिद्वार बदरीकाश्रममा आफ्नो दार्शनिक ज्ञान र मान्यताअनुरुप उहाँ धार्मिक क्षेत्रमा क्रियाशील हुनुभयो । राजनीति उहाँको क्षेत्र होइन र उहाँ कुनै दलविशेष वा विचारको हिमायती पनि हुनुहुन्न ।**

**तर, पारिवारिक रुपमा चाहिँ उहाँ नेपाली राजनीतिलाई तरङ्गित पार्दै जनताको बहुदलीय जनवादको नयाँ सैद्धान्तिक मार्गमा अग्रसर पार्नुभएका जननेता मदनकुमार भण्डारीका जेठा दाजु हुनुहुन्छ । यद्यपि, सांसारिक माया र मोहबाट माथि उठेर स्वामी बनेका व्यक्तित्वका निम्ति यो पक्ष त्यति महत्वपूर्ण र उल्लेख्य कुरा होइन । त्यसैकारण कुराकानीका क्रममा उहाँले 'म' को सट्टा सचेततापूर्वक 'हामी' शब्द प्रयोग गर्दै आफूलाई राजनीतिसँग कुनै मोह र पक्षधरता नभएको पटकपटक सङ्केत गरिरहनुभयो । तैपनि, तथ्य जगजाहेरै छ- मदन भण्डारी उहाँका सहोदर भाइ हुनुहुन्थ्यो । पहाड घर ताप्लेजुङमा अक्षर चिन्ने बेलादेखि बनारससमा उच्च शिक्षा अध्ययन गरुन्जेल मदन सबैभन्दा बढी उहाँकै मार्गनिर्देश र अभिभावकत्वमा रहनुभयो । त्यसैले त, बृन्दावनमा अध्ययन गर्न जाँदा मदन बिरामी भएर थलिँदाको प्रसङ्ग सम्झँदा स्वामीजी निकै भावुक देखिनुभयो र गला अवरुद्ध पार्दै विस्तारै बोल्नुभयो ।**

**कमरेड मदन भण्डारीको व्यक्तित्वमा आफ्ना पिताजीको दृढता र दाजुको बौद्धिक एवम् विवेकपूर्ण सान्निध्यताको सबभन्दा बढी प्रभाव रहेको पाउन सकिन्छ । बनारसबाट विद्यावारिधि उपाधि हासिल गर्नुभएका मनोज भण्डारी आफूले हासिल गरेको दार्शनिक र सैद्धान्तिक ज्ञानको व्यावहारिक प्रयोग गर्ने क्रममा नै स्वामी महीधराचार्य बन्नुभयो । र, उहाँको सिङ्गो जीवन त्यस क्षेत्रमै समर्पित रहेको छ ।**

**'नवयुग'मा यसपालि स्वामी महीधाराचार्यलाई प्रस्तुत गरिएको छ । यद्यपि, उहाँको आध्यात्मिक बाटो र मदन भण्डारीको भौतिकवादी बाटो अलग-अलग धारा हुन् । संसारलाई बुझ्ने सम्बन्धमै यी धारा नदीका दुई किनाराजस्तै छन् । तर, मदन भण्डारीको बौद्धिक व्यक्तित्व निर्माण र राजनीतिक सक्रियताको प्रारम्भिक चरणका सम्बन्धमा चाहिँ दाजु मनोज आधिकारिक जानकार हुनुहुन्छ । चितवनको देवघाटस्थित 'उपनिषद्कुटीरम'मा स्वामी महीधाराचार्यसँग कुराकानी गरिरहँदा हामी मूलतः मदन भण्डारीमा नै केन्द्रित थियौं । हाम्रो विशेष अनुरोधमा उहाँले मदनका दाजुकै रुपमा आफ्ना अनुभूति, स्मरण र अवधारणा व्यक्त गर्नुभयो । यस भेटको तारतम्य पार्टी प्रचार विभाग सदस्य कमला पराजुलीले मिलाउनुभएको थियो । प्रस्तुत छ, 'नवयुग'का लागि सम्पादक सूर्य थापाका प्रश्नहरुमा केन्द्रित भई स्वामीजीले दिनुभएको विशेष अन्तर्वार्ता :**

**० आफ्ना भाइ मदन भण्डारीको व्यक्तित्वलाई ताप्लेजुङको बालसुबोदिनी स्कुलमा पढ्ने बेलैदेखि कसरी स्मरण गर्नुहुन्छ ?**

- ताप्लेजुङमा उनको नाम मोतीलाल भण्डारी थियो । उनी सानैदेखि अलिक चलाख, सोचेर बोल्ने र काम गर्ने स्वभावका थिए । एकपटक हामी १२-१५ जना विद्यार्थीहरू पढ्न आठराई गएका थियौं । फर्केर आउँदा मदनसहितका ४/६ जना बाटोमा बास बसेछन् । त्यहाँ एकजना पाका मान्छेले तिमीहरू पढेर आएका हौं भने म एउटा प्रश्न गर्छु, तिमीहरू जवाफ दिन्छौ ? भनेछन । उनीहरूले हुन्छ भनेपछि उनले प्रश्न गरेछन्, 'एउटा टोपी धोएर सुक्न एक घण्टा लाग्छ भने २० वटा सुक्न कति घण्टा लाग्छ ?' अरु सबै केटाहरू प्रश्न सुनेर अलमल परेछन् । तर, मदनले तत्काल भनेछन्, एकै घण्टा लाग्छ । उनका यसखाले थुप्रै घटनाहरू रहेका छन् ।

हाम्रो पहाडमा गर्मीको समयमा उत्तरतिर गोठ लैजाने प्रचलन थियो । त्यसक्रममा मदन पनि पछि लागेर गोठ जान्थे । एकदिन जङ्गलमा उनी हराएछन्, सानो मान्छे कता गए कता ? जबकि खोज्न जानेलाई लागेको थियो- सानो बच्चा हुनाले उनी कतै रोइरहेका होलान् ! तर उनी त घनाजङ्गलमा मस्तसँगै हिँडिरहेको अवस्थामा पो भेटिएछन् ।

त्यस्तै, एकपटक घर आउँदा हाम्रो भान्दाइले उनलाई जङ्गलमा एक्लै हिँडिरहेको भेट्नुभएछ । मदनले बाटो बिराएर अर्कै गाउँतिर जाँदै रहेछन् । भान्दाइले पछिपछि गएर उनलाई भन्नुभएछ, 'तँ कहाँबाट यहाँ आइस् ? यसरी हराउनुहुन्छ ?' उनले उल्टै भनेछन्, 'छोरा मान्छे के को हराउँछ ?'

हामी एउटा कुरामा उनलाई विशेष याद गर्दछौं, मान्छेमा या त साहस बढी हुन्छ या बुद्धि । अति बुद्धिमानी व्यक्तिले नसोची-नविचारी धेरै साहस प्रदर्शन गर्दैन । मदनका सन्दर्भमा के देखिन्थ्यो भने उनी साहस गर्दा रौं ठाडो हुनेगरी डरलाग्दो साहस गर्दथे । बुद्धि लगाउँदा पनि त्यस्तै ढङ्गले होस पुऱ्याउँथे । यसरी साहस र बुद्धिबीचको गजबको सन्तुलनको सम्बन्ध सबै मानिसमा हुँदैन । सबै मानिसमा या बुद्धि अगाडि र साहस पछाडि हुन्छ या त साहस अगाडि र बुद्धि पछाडि हुन्छ । मदनले चाहिँ जतिबेला जे चाहियो त्यो देखाउन सक्दथे । यो उनको विशेष उल्लेख्य पक्ष थियो ।

**० तपाईंहरू धेरै भाइबहिनी हुनुहुन्थ्यो । तर राम्ररी पढ्नु-लेख्नुपर्छ भन्ने भावना कसरी विकास भएको थियो नि ?**

- यो हाम्रो पिताजीको योगदान हो । पूरै गाउँमा आफैं अगाडि सरेर उहाँ सबैका छोराछोरीले पढ्नुपर्छ भन्ने भावनाका साथ लागी पर्नुहुन्थ्यो । हामीलाई त सानैदेखि उहाँ काम गर्ने-नगर्ने जेसुकै होस् तर पढ्नैपर्छ भन्नुहुन्थ्यो । पहिलेको पढाइ भन्नाले ब्राह्मणका छोराहरूले रुद्री-चण्डी (संस्कृत) पढ्ने न हो । हामीलाई पढाउन चाहिँ पिताजीकै भूमिका हो । उहाँले हामी छोराछोरीहरूबाट कुनै काम होइन, हरदम राम्रो पढिदिए हुन्थ्यो भन्ने चाहनुभयो । अर्को उहाँको राम्रो स्वभाव थियो- जतिसुकै सानो मान्छेले भनेको पनि राम्रो कुरालाई सहर्ष स्वीकार गर्नुहुन्थ्यो । सानो मान्छेले भनेको भनेर राम्रो कुराप्रति कुनै अन्यथा भाव राख्नुहुन्नथ्यो । गाउँका सबैले पढ्नुपर्छ भन्ने पिताजीमा बडो हार्दिक भावना थियो । परिणामस्वरुप हामी घर छाडेर पढ्नका लागि बृन्दावन र बनारससम्म पुग्न सक्यौं र पढ्यौं ।

**० बनारस पुगेपछि चाहिँ मदन कसरी अगाडि बढ्नुभयो ?**

- बनारसमा आएर सक्रिय भए पनि उनी राजनीतिमा सामुन्ने आएको बृन्दावन र देहरादुनबाटै हो । हामीले शास्त्रीको परीक्षा दियौं, उनी मध्यमामा थिए । त्यसपछि हामी घर आयौं । घरबाट भने मदन पहिल्यै बनारस फर्के । त्यहाँ हामीले पढेको विद्यालयमा गई त्यागपत्र लिएर विश्व विद्यालयमा हाम्रै नाममा (मनोज भण्डारी) भर्ना भएछन् । वास्तवमा उनको चाहना त्यतिबेला हामीलाई नेपालबाट छिट्टै उता पठाउने रहेछ । किनभने हामी हुँदा उनलाई कुनै काम खुलेर गर्न संकोच हुँदो रहेछ । त्यसका निम्ति छिटो बनारस गएर उनले हामीलाई विश्वविद्यालय प्रवेश गराई बर्सरी छात्रवृत्ती हाम्रो विनेदन प्रस्तुत गरिदिएछन् । अनि केही दिनसम्म मनोज भएर उनले कक्षा पनि लिन थालेछन् । र, हामीलाई सूचना गरे, 'तपाईंलाई विश्वविद्यालयमा भर्ना र छात्रवृत्तिको अवसर मिल्यो ।' छिटो आउनुपर्‍यो ।' त्यसपछि हामी बनारसतर्फ गयौं तर उनी यता घरतिर लागे । पछि हामीले उनलाई सोध्यौं, 'तिमी कहाँ गएको ?' उनले 'घर गएको' भन्ने जवाफ दिए । 'किन गएको त ?' भनेर सोध्दा 'जुँगा पालूँ भनेर, पिताजीका जुँगा कस्ता रहेछन् भनी हेर्न गएको' भन्ने जवाफ दिए । त्यसपछि उनी राजनीतिमा सक्रिय हुन थालेको र त्यसका निम्ति नै घर गएको भन्ने खुलिहाल्यो । हामी विश्वविद्यालयको परीक्षा दिएर हिँड्यौं, केही वर्ष पढाइ नै छाडिदियौं र घुम्दैघुम्दै बदरीनाथ पुग्यौं । उनी वनारसमा एक्लै भए । तत्पश्चात् उनलाई बनारसमा खुला राजनीति गर्ने, सङ्गठन गर्ने र चुनाव लड्ने जेजे गर्न सकिन्छ, ती सबै गर्ने वातावरण उपलब्ध भयो । पछि एकपटक तपाईंहरूको पार्टीले पञ्चायतको विरोध गर्दा इँटहरामा कोही एकजना प्रधानपञ्चलाई कालो मोसो लगाएर गाउँ घुमाएछन् । मदनले त परैबाट लगाएको हुनुपर्छ, त्यहाँ शायद थिएनन् । त्यसमा प्रेम अगुवा बनेर देखिएकै रहेछन् । त्यसपछि पुलिसहरू गाउँमा आउने-सताउने, सके मदनलाई समाउने, नभए बाबुआमालाई भए पनि पक्रेर लैजाने प्रयासमा लागेछन् । हामीलाई इलाहवादमा त्यो खबर पुग्यो । हामी त्यहाँबाट सिधै मावली भीमचौरीमा आएर बस्यौं । पिताजी निस्केर सिधै त्यहाँ जाने स्थिति रहेनछ । तर, उहाँको कला बडो गजबको थियो । घरबाट निस्केर पराल किन्ने निहुँ गर्दै एक घर, अर्को घर हुँदै उहाँ भीमचौरी पुग्नुभयो । त्यस दिन उहाँ हामीलाई टाढाबाट आएको, चिन्तामा परेको छ कि भनेर ढाडस दिन पुग्नुभएको रहेछ । उहाँले कुराकानीको प्रसङ्गमा भन्नुभयो, 'तिमीहरू कसैले आफ्नो काम नछोड, नबिगार ! यहाँ खास चिन्ता गर्नुपर्ने अवस्था छैन । जेल जानुपरे पनि यो मेरो छोराको कमाइ हो, म जान्छु । तर तिमीहरू जे-जे लाइनमा छौं, आफ्नो काम गर ।' हामी त्यहींबाटै इलाहावादतर्फ लाग्यौं ।

सन् १९७७ को कुम्भमा मदन आफैं पितामातालाई लिएर इलाहावाद गएका थिए । पितामाताले हामीलाई पुर्‍याइदेऊ भन्नुभयो होला । त्यतिखेर हामीसँग एउटा पहेंलो ओढ्ने थियो, एकदिन उनी पहेंलो ओड्ने ओढेर यताउता घुम्न निस्केछन् । त्यसक्रममा एकजनाले उनलाई ए बाबाजी ! भनिदिएछन् । फर्केर आई उनले झोक्किएर त्यो पहेंलो ओढ्ने फ्याक्दै भने, 'मलाई त बाबाजी पो भन्यो, स्वामीजी भन्नुपर्ने !' त्यसक्रममा उनी केही दिन इलाहावाद बसे । त्यहाँ बस्दा उनी स्नान गर्न गङ्गाजीमा जान्थे । हामीले उनलाई व्यङ्ग गर्दै भन्थ्यौं- 'तिमीले गङ्गाजीमा स्नान गर्ने हो ?' प्रत्युत्तरमा उनी भन्थे, 'म गङ्गाजी भनेर नुहाउन गएको हो र ? चुर्लुम्म डुब्न पाइन्छ भनेर पो गएको त !' त्यसबेला सायद उनी पौडी खेल्न जान्दैनथे तर रहर चाहिँ गर्दथे । पछि चाहिँ पौडिन सिकेका थिए भन्ने सुनेको हो ।

एकपटक मोहनले भन्दै थिए, मदन पौडी खेल्ने हुँदा डुबे अरे ! तर, मोहन पौडिन जान्ने हुनाले कपाल नियाल्दै तानेर बाहिर ल्याएछन् । बाहिर आएपछि भन्दा उनले तपाईं डुब्नुभयो भनेर उल्टै भनेछन्, 'म कहाँ डुबेको हुँ र ? कति गहिरो रहेछ भनी हेरेको पो हो त !'

**० त्यसपछि तपाई बनारस फर्कंदा त्यहाँ मदनसँग पुनः भेट भएन ?**

- हामी पुनः बनारस पुग्दाको एउटा अर्को घटना छ । त्यतिबेला उनी मोतीलालबाट मदन भइसकेका थिए । उनका केही साथीहरू सँगै थिए । तीमध्ये एउटा साथीले हातमा खैनी माड्दै थियो । तिनीहरूले खैनी खान सिकिसकेका रहेछन् । अनि हात बढाएर मदनलाई पनि दिन खोजे । तर मदनले आँखै-आँखाले उहाँका अगाडि खानुहुँदैन भन्ने संकेत गरे र खैनी दिनेले सुटुक्क हात पछाडि तान्यो । हामीले उनलाई भन्यौं, 'यसो नगरी नहुने हो ? अब यही गरेर देश बन्छ ? योभन्दा अरु राम्रा गुण चाहिँदैनन् ?' तर, उनले जवाफ फर्काए, 'मैले त्यसरी खाएको हो र ?' हामीले 'किन हो त ?' भनेर सोध्दा उनले भने, 'यसले सङ्गठन हुन्छ । सबैसँग छिट्टै सम्बन्ध विस्तार हुन्छ । त्यसका लागि पो मैले यो प्रयोग गरेको हुँ त !' हामीलाई पनि भित्रभित्रै लाग्यो, 'वास्तवमा चुरोट, सूर्ति-खैनी खानेहरूको सम्बन्ध त अलि छिटो भइजान्छ ।' उनी कहिलेकाहीँ हामीलाई भेटन इलाहावाद पुग्थे । र, हामीसँग जसरी हुन्छ अलिकति पैसा हात पार्थे तर अरुहरुसँग चाहिँ म यति पैसाका लागि मात्र आएको हुँ र ? यति पैसाले मेरो काम कहाँ चल्छ ? भन्ने गर्दा रहेछन् । बनारसमा आइसकेपछि उनै उनी राजनीतिमा खास सक्रिय भएर लागेको पायौं । त्यहाँबाट उनी कहिलेकाहीँ साधु भाषामा चिठी लेख्थे, 'तपाईंको

जस्तो आश्रम छ, हाम्रा पनि त्यस्तै आश्रयस्थल छन्, ठाउँ-ठाउँमा शाखा छन् । त्यहाँसम्म जानुपर्छ र हेर्नुपर्छ ।' यसरी उनले पार्टीलाई एउटा आश्रमका रुपमा चित्रण गरेर चिठी लेखेको हामीलाई सम्झना छ ।

०२९ पछि उनीसँग सायद हाम्रो भेट भएन । विद्यावारिधीको शोध प्रस्तुत गरेपछि हामीले सन् १९८० तिर एकपटक घर इँटहरा गएका थियौं, त्यतिबेला हामी दुई रात घरमा बस्यौं । एक दिन बिहान उठेर यसो हेर्दा एकजना मोटो मानिसले दन्तमञ्जन गर्दै थियो । हामीले 'यति मोटो को मान्छे आएको रहेछ भनी बुझ्दा भाइबहिनीहरूले भने, 'मदन दाजु !' तर, हामीसँग बातचित नै हुन नपाई उनी हिँडिहालेछन् । हामीले देख्दासम्म उनको शरीर छरितो थियो । पछि त तस्बिरमा मोटो देखिन्छन् ।

उनी हाम्रो भाइ त हुँदै हुन् । रगतको सम्बन्ध अलग्गै हुन्छ । तर, देशमा एउटा तयार भएको वृक्ष, जसले फल दिनु थियो, विचार, विवेक, लगन र अनुभवले समेत उनी त्यस स्थितिमा आइसकेका थिए ।

**० उहाँको पढाई कहाँ पुगेर टुङ्गियो नि !**

- उनी पढाइमा प्रथम श्रेणीमै आएका छन् । आचार्य पहिलो वर्षमा पढेको हामीले त्यहाँ देखेका हौं । त्यतिबेला आचार्य तीन वर्ष लगाएर पढाइ हुन्थ्यो । त्यसपछि उनले पूरा गरे कि गरेनन् ? मलाई राम्रो जानकारी छैन ।

एकपटक पिताजीले हामीलाई भन्नुभयो, 'यसलाई मारिदिने भए, तैंले भनेको मात्र मान्छ, अरु कसैले भनेको मान्दैन । यसलाई राजनीतिमा जानबाट रोक ।' तर, हामीले उहाँलाई भन्यौं, 'नरोकौं ! एउटा सिद्धान्तमा लागेको र देश बनाउने भावनाद्वारा प्रेरित भई मेहनत गर्दैछन् । हामीले रोक्न खोज्यौं भने पनि उनी शायद रोकिँदैनन् । त्यसरी रोकेर उनको मनोभावना कुण्ठित गर्ने वा अप्ठ्यारो पार्ने भन्दा अगाडि बढ्न दिऔं । मर्न त के मान्छे घरमै पेट दुखेर पनि वा बिरामी भएर पनि मरेको पाइन्छ ।' अनि उहाँलाई कुरा चित्त बुझ्यो र भैगो भनेर छाडिदिनुभयो । त्यतिबेला उनी उग्र हुँदै गरेको अवस्था थियो । हामीले उनलाई भन्ने गर्दथ्यौं, 'तिमीले राजनीति नै गर्ने हो भने ठीकै छ ।'

तर उनलाई हाम्रो सल्लाह थियो, 'संस्कृत साहित्य पढेकै छ । तिमी मिहिनेत गरेर अङ्ग्रेजी पढ । साथै, कानुनमा पनि तिम्रो दख्खल हुनुपर्छ । यसरी तिमीले मिहिनेत गर्ने हो भने हामी सकेको मद्दत गरौंला ।' उनलाई त्यो सल्लाह सही लागेको थियो र केही समय कोसिस गरेको पनि देखिन्थ्यो । तर, कार्यव्यस्तताका कारण जसरी मिहिनेत गरेर लाग्नुपर्थ्यो, पछि त्यसो गर्न सकेको जस्तो लागेन ।

**० मदनलाई पार्टीको पूर्णकालीन बनाउने सन्दर्भमा कुरा हुँदा त मोदनाथ प्रश्रितलगायतले यहाँलाई हिँडाउन जोड गर्नुभएको थियो, होइन र ?**

- हामीलाई हिँडाउन अनेकथरिले कोसिस गरेका थिए । तर, चिप्लिएर हामी यहाँसम्म आइपुगेका हौं, जो कसैले समाउन खोज्दा पनि हामी चिप्लियौं । जयप्रकाश नारायणले बिहारमा बसेर आन्दोलन चलाउँदा पनि हामीलाई चिठी आउँथे । यद्यपि, हाम्रो उहाँसँग प्रत्यक्ष परिचय थिएन । तर, कसले के भन्यो, जयप्रकाशजीको हस्ताक्षरमा 'यहाँ आऊ ! तिमीजस्ता युवकको जरुरत छ' भन्ने चिट्ठी आएको थियो । बनारस राजनीतिको केन्द्र नै थियो । त्यहाँ बस्दा हिँडाउने कोसिस गरिन्थ्यो । त्यो कुनै खास कुरा थिएन । मदन राजनीतिमा प्रवेश भएपछि मोदनाथजीलगायतसँग बहस हुँदा अलिक ध्यान दिएको के मा हो भने यत्तिकै उग्र भएर चल्दैन । जनताको दिल जित्न सक्नुपर्छ । अब शरीर जितेर राजनीति हुँदैन, दिल जित्नुपर्छ । मदनले पहिले त हामीसँग बहस गर्थे तर पछिपछि उनको हृदयले हाम्रो सल्लाह स्वीकार गर्नथालेको थियो । किनभने हामीले भन्ने गर्दथ्यौं, 'तिमीहरू सही छौ भने प्रतिस्पर्धा गर्न किन डराउँछौं ? यदि तिमीहरूको सिद्धान्त सही हो, तिमीहरूमा कमजोरी छैन, तिमीहरू वास्तवमै समर्पित छौ भने यस्तो चरित्र त जनताले खोज्छ । तब प्रतिस्पर्धामा जान किन डराउँछौ ?' यो कुरा उनले पछि स्वीकार गर्नथाले जस्तो लाग्यो ।

**० पिताजीसँग बसेर कुरा हुँदा तपाईंले 'मदनलाई लैजानुस्, घर प्रेमले चलाउँछन्, म त आफ्नो बाटोमा लागिसकें' भन्नुभएको थियो, होइन ?**

- प्रश्रितजीहरू पिताजीलाई सम्झाउनका निम्ति जानुभएको होला । तर, मदन लागेको त पहिल्यैदेखि नै हो । बनारसमा पुष्पलालसँग कक्षा लिन जाँदा उनको प्रश्रितजीहरूसँग परिचय भएको हो । उनको भावनालाई बल र साथ दिएको प्रश्रितजीलगायतले हुनसक्ला । तर, प्रश्रितजीले नै लगेको भन्ने हामीलाई थाहा छैन । हामीलाई चाहिँ ज-जसले समाउन खोज्थे, हामीले फुत्किन भन्ने शब्दहरू यिनै हुन्थे- 'हामी आफ्नो बाटो लागिसक्यौं ।' 'मदन लागे, ठीकै छ । उनीसँग त्यसमा लाग्ने सम्मोहन र क्षमता दुवै छ । उनलाई लिएर उनीसँगै मिलेर जानुहोस्' भन्ने कुरा हामीले प्रश्रितजीलगायत सबैसँग भन्दथ्यौं । तर, मलाई यो याद छैन कि प्रश्रितजीहरुसँग कुनै कोठामा खास रुपमा भनेका थियौं । यो हाम्रा लागि सामान्य कुरा थियो । किनभने, देशको परिस्थिति त्यस्तो थियो । खासगरी, हाम्रो देशमा त मानव चेतनाको परिचय नै सबभन्दा पहिले राजनीति भएको थियो । दुनियाँका अरु कुनै पनि विषय केही होइनन्, अलिकति बोल्ने, चल्ने र उठ्ने हो भने यही राजनीति हो भन्ने अवस्था थियो । त्यस्तो अवस्थामा जोसकैले आफ्नो सदस्य बढाउने अपेक्षा गर्नु स्वाभाविक नै हुन्थ्यो ।

**० आफ्ना सबै भाइबहिनीहरूलाई आफ्नो रुचिअनुरुपको क्षेत्रमा स्वतन्त्र ढङ्गले लागिपर्ने वातावरण बनाइदिन चाहिँ यहाँले सक्दो कोसिस गर्नुभयो ?**

- हो, हामीले त्यो प्रयत्न गरेका हौं । यदि हामीलाई भित्रैदेखि मदनको सिद्धान्त, बाटो, काम र परिश्रम खराब लागेको भए सक्रिय भएर हामी उनलाई रोक्न लाग्थ्यौं होला । उनी रोकिन्थे वा रोकिन्नथे ? बेग्लै कुरा हो । उनले हामीसँग त्यति प्रतिवाद गर्दैनथे र अरुलाई भन्दा हामीलाई बढी मान्ने गर्दथे । त्यसो हुनाले पिताजी र अरुहरूलाई हामीमार्फत उनलाई

रोक्न सकिन्छ कि भन्ने लाग्दथ्यो । फेरि पिताजीलाई पनि मदनको विचार र कर्म नराम्रो लागेर होइन, छोरा मारिनसक्छ भन्ने डर थियो । हाम्रो भावना चाहिँ राम्रो विचारमा लागेकाहरूलाई स्वतन्त्रतापूर्वक अघि बढ्ने बाटो दिनुपर्छ भन्ने नै थियो । त्यसका निम्ति हामीले पिताजी र अरु जोसँग उनलाई पनि नरोकौं भन्ने गऱ्यौं । यसमा हामीले अलिकति बढी नै ध्यान दियौं । आज पनि हामीलाई लाग्दैन, मदनलाई राजनीतिमा अघि बढ्नबाट रोक्नुपर्दथ्यो ।

**० ०३४/३५ पछि मदन राजनीतिमा सक्रिय हुँदै भूमिगत हुनुभयो, यहाँ आफ्नो क्षेत्रमा लागिरहनुभयो । त्यसपछि ०५० सम्म फेरि भेट भयो कि भएन ?**

- त्यसपछि हाम्रो भेट भएन । पहिले भेट हुँदा हामी कहिलेकाहीं सोध्दथ्यौं, 'सरकारी पक्षले तिम्रो फोटो लिएको छ कि छैन ?' उनी भन्दथे, 'पछाडिबाट त लिएका छन् अरे ! तर अगाडिबाट छैन ।' तिमीहरूसँग खासै मान्छे छैनन्, राजनीति गरेर मारियौला, होस् गर्नु नि ! भनेर हामीले सम्झाउन खोज्दा उनमा बडो गजबको शक्ति अनुभव हुन्थ्यो । हाम्रो त भाइ नै थिए, त्यसैले सम्झाउँथ्यौं तर उनमा मान्छेलाई उठाएर हिँडाउन र लैजानसक्ने अभूतपूर्व शक्ति थियो । उनी भन्दथे, 'हामीसँग भूतपूर्व सैनिकहरू छन्, जहाँ भन्यो त्यहीं हामी सिधै लडाइँ गर्नसक्छौं । हामी त्यसको प्रतीक्षामा छौं । किनभने हाम्रो शक्तिमा कुनै कमजोरी छैन ।'

हामीले उनलाई यसो पनि भन्ने गर्दथ्यौं, 'कहिलेकाहीं तिम्रा साथीहरूले सङ्गठनमा धोका दिनसक्छन् । उनीहरू भावनामा बग्न, कठिनाइबाट भाग्न र पैसामा बिक्न पनि सक्छन् । अनि त पार्टी नै भताभुङ्ग भइजान्छ नि !' तर, उनी आत्माविश्वासपूर्वक भन्थे, 'हामीले त्यस्ता हरस्थितिलाई मिलाइसकेका छौं । यदि कसैले त्यसो गगरिहाले भने हामीले आफ्ना भूमिगत नाम सबै बदलिहाल्छौं । अनि, जो बाहिर हुन्छ, ऊ एक्लै पर्छ र केही गर्न सक्दैन । यसरी राजनीतिमा सक्रिय भएपछि उनको लगन र मिहिनेत नै भिन्न लाग्दथ्यो । तर, कहिलेकाहीं उता जाँदा खानै नपाएर कमजोर भएजस्तो देखिन्थ्यो । उनी एकपटक इलाहावाद गएको सम्झना छ, शरीर सुकेको र कहिलेदेखि ननुहाएको जस्तो थियो ! हामी सामुन्नेमा उनलाई भन्थ्यौं, 'यो के गरेको ?' भित्रभित्रै चाहिँ हामीलाई लाग्थ्यो, खास उद्देश्यका निम्ति नै शरीरलाई यस्तो कष्ट दिएर लागेका छन् । तर, उनलाई सामुन्नेमा चाहिँ हामी केही नकरात्मक कुरा भन्दैनथ्यौं । त्यस्तो कष्ट दिएर लागेका थिए । उनले आफनो एउटा लाइन पक्रिसकेपछि हामीले केही भनिरहने अवस्थै थिएन । उनी बहस त गर्थे तर आफ्नो लाइनमा उनी पूरै दत्तचित्त भएर लागे ।

**० दिल जित्ने राजनीति गर्नुपर्छ भन्ने सल्लाह उहाँले ग्रहण गर्नुभयो ?**

- हाम्रो कुरा मानेर मात्र होइन, पार्टीका साथीसङ्गीहरूसँग बहस, छलफल र परामर्श गरेर नै उनी त्यहाँ पुगेको हुनुपर्छ । उनी हाम्रो भाइ भएर मात्रै होइन, कहिलेकाहीं प्रश्रितजीहरूसँग पनि हाम्रो छलफल हुन्थ्यो । एकपटकको बहस उहाँले बिर्सिनुभयो छैन होला । हामीले त भगवान छ भन्ने भयौं तर 'संसार आफैं चलेको छ, घडी चलेजस्तै' भनेर प्रश्रितजीले भन्नुभयो । हामीले 'घडी चलिराखेकोजस्तो भन्दै हुनुहुन्छ, हामी त त्यो घडी बनाउनेवालाको कुरा गरिरहेका छौं । त्यो आफैं बनेर चलेको त होइन होला । कसले बनाएर चलाएको छ त ?' त्यसपछि प्रश्रितजीले भन्नुभयो, 'यो कुरा हामी बुझ्छौं । तर, त्यसो भन्दा हाम्रो बिग्रन्छ ।' अनि हामीले भन्यौं, 'हो, यसरी नै बोल्नुस्, हामी अरु बहस गर्दैनौं ।' यसरी हामी बहस छलफल पनि गर्थ्यौं । अर्को कुरा, तपाईंहरूको वाममा पहिले बढी उग्रता थियो । बहस गर्ने पनि ओठेशैली हुन्थ्यो । कुरै नपुऱ्याई, त्यसै पाखुरा सुर्किने त्यस्तो शैली पनि हामीलाई चित्त बुझ्दैनथ्यो । हामी त्यस्तो शैलीबाट मदनलाई बचाउन चाहन्थ्यौं र भन्थ्यौं, 'राजनीति गर तर पार लाग्ने खालको राजनीति हुनुपर्छ । यस्तो राजनीति काम लाग्दैन ।' खासगरी, मदनलाई अति उग्र हुनबाट रोकेर एउटा चिन्तनशील धारामा ल्याउन हामीले इच्छा र प्रयत्न गरेका हौं । जहिले जहाँसुकै उनीसँग भेट हुँदा पनि हामी यही प्रयत्न गर्दथ्यौं । पछि उनले कुरा सुन्न, बुझ्न र निकै होस पुऱ्याएर बोल्नथाले । त्यसले हामीलाई सन्तोष पनि लाग्यो । किनभने मदनको मानसिक परिवर्तन भएको छ यसको अभिव्यक्ति हुने अवसर भने उनलाई मिल्छ कि मिल्दैन ? भिन्नै कुरा हो भन्ने हामीलाई लाग्यो । पछि सुन्दा र देख्दाखेरि उनले गर्नुपर्ने बाटोमा राम्रै काम गरेको हुँदा हामीलाई सन्तोष नै लाग्दथ्यो ।

**० मदनसँग पनि यस्तो बहस हुन्थ्यो ? तपाईंहरूको दाजु र भाइका हैसियतमा भन्दा बढी साथी-सङ्गीकै जस्तै सम्बन्ध थियो ?**

- साथी नै जस्तो सम्बन्ध थियो भनौं न ! घरमा आफूपछि बहिनी र बहिनीपछि उनी थिए । उनलाई पढाउन पनि हामीले लग्यौं । विद्यालयहरूमा पढ्न जाँदा हामीले उनलाई बाटोमा पढाएर तयार गर्दथ्यौं । चण्डी पढाउँदा पनि अरुलाई भन्दा आफ्नो भाइलाई अगाडि लैजान खोज्थ्यौं । जहाँसुकै उनको पाठ बुझ्ने र गुरुजीहरूसँग यति बुझाइसकेको भन्थ्यौं । यसो गर्दागर्दै उनले अक्षरै नचिनी पाँच-छ अध्याय चण्डी कण्ठ गरिसकेका थिए । एक दिन घरमा श्राद्ध थियो, गुरुजीहरू पनि बोलाइनुभयो । उहाँहरूले प्रशंसा गर्दै भन्नुभयो, 'यो मोतीलाल जति भन्यो, त्यति पाठ बुझाउँछ ।' पिताजी त्यो सुनेर छक्क पर्नुभयो र सोध्नुभयो, 'यसले अक्षर त चिन्यो ?' उनी एकदम तेज त थिए । तर उनले ५-६ अध्याय चण्डी कण्ठ गर्न सक्नुको रहस्य हामीलाई मात्रै थाहा थियो । त्यो कुरा न गुरुजीहरूलाई थाहा थियो न त पिताजीलाई नै । उनलाई त्यसरी अघि बढाउन आफूले कोसिस गरेको हुनाले हामीलाई न थाहा थियो । त्यतिखेर उनलाई बाहिरबाट खोजेर ल्याई पिताजीका सामु गुरुजीहरूले अक्षर चिनाउन खोज्नुभयो । उनले सावा अक्षर चिन्दा रहेछन् तर जोडिएका अक्षर चिनेकै रहेनछन् । एकदुईपटक सुनिसकेपछि उनलाई पाठ भने कण्ठै हुन्थ्यो । अनि पिताजीले भन्नुभयो, 'यसरी हुँदैन, यसलाई पहिले अक्षर चिनाउनुपर्छ' । हामीले अरु केटाहरूभन्दा आफ्नो भाइ अगाडि बढोस् भनेर त्यसरी कोसिस गर्दथ्यौं । पहिले भाइकै रुपमा उनलाई अघि बढाउने कोसिस भएको हो । आफ्नो लाइनमा लागिसकेपछि त उनले धेरै मिहिनेत पनि गरे ।

बनारसमा गोष्ठी-छलफल हुँदा अरुले भन्थे, 'हामीले कार्यक्रम आयोजना गऱ्यौं, उस (मदन)ले सम्पूर्ण श्रेय लिईकन गयो ।' यसप्रकार उनी आफ्नो तर्कक्षमता र अभिव्यक्तिशैलीमा विकास गर्दै अघि बढे । उनी बोल्न पायो कि कुरा पुऱ्याएर बोल्थे । इतिहास ल्याएर बोल्थे र सिधै काट्न नमिल्ने कुरा बोल्थे । उनको यो शैली उनको बनारसमै छँदा प्रकट भइसकेको थियो । काम गर्दै जाँदा आफ्नो अनुभवले पनि उनलाई हामीले भनेका कुराहरूको पुष्टि भयो होला । हामीले भनेकै आधारमा गरे भनेर हामी भन्दैनौं तर हाम्रो कुरालाई मनमा राखेर घुम्दै-देख्दै जाँदा अनुभवले पनि त्यसकै पुष्टि भयो होला र उनी त्यस ढङ्गले अघि बढे । त्यो देखेर हामीलाई सन्तोष लाग्यो ।

**० मदनले 'जनताको बहुदलीय जनवाद'को जुन सैद्धान्तिक प्रस्तावना अघि सार्नुभयो, त्यसको आधारभूमि दिल जित्ने राजनीति गर्नुपर्छ भन्ने तपाईंकै सल्लाह थियो ?**

- केही मात्रामा होला भन्ने नै लाग्छ । किनभने, त्यतिबेला उनीहरूमा यस्तो चिन्तन ज्यादै कम थियो । सुरुमा त हामीसँग ठाडै बहस पनि गर्थे । पछि चाहिँ उनी मत्थर हुँदै गए र कुरा सुन्न थाले । क्रमशः यस्तो व्यवहार देखाए कि उनमा मानसिक परिवर्तन भइरहेको छ भन्ने बुझिन्थ्यो । त्यस्तो अनुभव हामीले गऱ्यौं । तर, उनी उग्रता देखाउँदा पनि बिल्कुल निर्भिक भएर देखाउँथे । हाम्रो चिन्तनअनुसार चाहिँ विवेकविहीन उग्रता र साहस काम लाग्दैन । त्यस भावनाअनुरुप नै हामी उनीसँग संवाद गर्दथ्यौं । पछि त उनीले खासै प्रतिवाद गर्दैनथे । त्यसपछि हामीलाई उनले यो कुरा स्वीकार गरे भन्ने लाग्नथाल्यो ।

**० मदनलाई सानैदेखि अघि बढाउनुभयो, उहाँको पढाइ-लेखाइ, राजनीतिको थालनी र सक्रियतासमेत नजिक वा टाढाबाट देख्नुभयो । उहाँले प्रतिपादन गर्नुभएको सिद्धान्त जनताको बहुदलीय जनवादको खास विशेषता के भन्ने लाग्छ ?**

- यहाँले भन्नुभएजस्तै एकदमै पूरै अध्ययन त हामीले गरेका छैनौं । तर, रुस वा अरु देशमा पहिले आएका चिजहरूमा परिवर्तन भयो, त्यो उनीहरूले समयलाई नसमाउँदाको परिणाम थियो । चीन प्रतिस्पर्धात्मक ढङ्गले अघि बढ्न अग्रसर थियो र बढिरहेको छ । यी सबै कुराहरूलाई विचार गरेर जनताको दिल जित्ने र खुला राजनीति गर्नुपर्छ तर यो काम साम्यवादी शक्तिले गर्नसक्छ भन्ने हामीलाई लाग्थ्यो र लाग्छ । हामी कसैका विरोधी होइनौं र कसैप्रति नकारात्मक धारणा पनि राख्दैनौं । प्रत्येक पार्टीले जस्तो बोल्छन्, त्यस्तै चरित्र र व्यवहार देखाउन लाग्ने हो भने सबैले देशमा केही न केही गर्न सक्छन् । तर, सबभन्दा ठूलो विडम्बना यही भएको छ कि भन्ने एउटा र गर्ने अर्कै ! यसले सही सिद्धान्तप्रति पनि अविश्वास बढ्दै गइरहेको छ । हामीले अरु पार्टीलाई नराम्रो नै हुन् भन्दैनौं । तर देश, काल र परिस्थितिअनुसार यहाँ साम्यवादी शक्ति जागृत हुनुपर्छ । तर, त्यसले आफूलाई विवेकसम्मत बनाएरै अगाडि आउनुपर्छ । त्यस रुपमा साम्यवादी शक्ति जनताको दिल जितेर प्रतिस्पर्धाका साथ अगाडि आउन सकेकोमा हामीलाई सन्तोषै लाग्यो । किनभने तपाईंहरूका पुराना नेता-कार्यकर्ताहरू, जो अहिले नेता बन्नुभएको छ, उहाँहरूको पहिलेको जीवनबाट हामी प्रभावित छौं । साह्रै दुःखकष्ट उठाएर मिहिनेत गरेकै हो । तर, सरकारमा आइसकेपछि एक प्रकारले लेउ लागेको हो वा के भयो ? किन पङ्गुजस्तै भइरहेको होला, यसरी तपाईंका नेताहरू राम्ररी आए र नराम्ररी गए भन्ने हामीलाई लाग्छ ।

**० जनताको बहुदलीय जनवादको प्रयोग ठीक ढङ्गले भइरहेको छ भन्ने लाग्छ– यहाँलाई ?**

- बहुदलीय जनवादमा समायानुकूल परिवर्तन गर्न सक्नुपर्छ । जडसूत्रमा टाँसिएर मात्रै हुँदैन । यो आउनुपर्थ्यो, आयो तर लागू हुनसकेको छैन । लागू हुनसके यसले देशलाई फाइदा दिनसक्छ भन्ने हामीलाई लाग्छ । यो देशमा स्थापित हुनुपर्ने सिद्धान्त हो भन्ने हामीलाई लाग्छ । यसको सही रुपमा प्रयोग भइरहेको छ भनेर हामीले स्वीकार गर्नसकेका छैनौं । तपाईंहरुको नौमहिने शासन जो आयो, त्यो ठिकै दिशामा थियो । त्यसपछि चाहिँ नेताहरू या दिग्भ्रमित भए या त अल्छी भए । उनीहरूले जतिसुकै सिद्धान्तको भाषण गरे पनि तिनको चरित्र हामीले राम्रो देखेका छैनौं । हिजो नाङ्गा खुट्टा हिँड्ने र जनताले दिएको खाना खाएर रातदिन हिँड्ने नेताहरू आज काठमाडौंको चार भञ्ज्याङभन्दा बाहिर निस्कन सकेको देखिँदैन, त्यहीँ बसेर कुर्लिरहेका छन् र कुर्सीको खेल खेलिरहेका छन् । बरु जसरी भए पनि कुर्सीमा पुग्ने होडबाजी छ । प्रत्येक पार्टी, अझ तपाईंहरूको पार्टीमा आपसी एकता छैन । यो किन भइरहेको छ ? सत्ताको लोभले गर्दा यस्ता दरार आएको त होइन ? तर, यो सिद्धान्तको दोष होइन, प्रयोग शैलीमा देखिएको समस्या हो । यदि सिद्धान्तमा कुनै अपूर्णता छन् भने त तपाईंहरू आपसमा मिलेर त्यसलाई पूर्णता दिनसक्नुहुन्छ । किनभने यो कुनै आकाशबाट आएको सिद्धान्त होइन । तपाईंहरूकै विचार, भावना र प्रयत्नहरूको उपज हो ।

**० यसमा परिमार्जन वा विकास गर्न मदन स्वयम् त हुनुहुन्न नि ?**

- हामीले वेदमा लेखेको 'ॐ' बदल्न सक्दैनौं भनेजस्तो यो विषय होइन । यदि मदनले लेखेकै छन् भने पनि कुनै पक्ष कदाचित् देशका लागि सान्दर्भिक हुँदैन, काम लाग्ने छैन र प्रयोगमा आउन सक्दैन भने तपाईंहरूले त्यसमा पुनःविचार गर्नुपर्छ । यो तपाईंहरूको मदनभक्ति हो कि देशभक्ति ? हामीलाई लाग्छ, देशभक्तिअन्तर्गत नै मदनप्रेम पनि अटाउनसक्छ । मदन र बहुदलीय जनवाद देशका लागि हुन सकेन भने केका लागि हुन्छ !

**० यसलाई समृद्ध बनाउन त सकिन्छ नि !**

- समृद्ध बनाउने भनेर एउटा अभियान चलाऔं भन्दैमा भइरहेको राम्रै पक्षलाई बिगार्नुहुँदैन । तर, नहुने कुरा छ भने तपाईंहरू बसेर खुलारुपमा विचार-विमर्श गरेर वास्तविक विवेक-विचारले निर्णय गरेको कुरा त्यहाँ थपघट हुनसक्छ । अहिलेसम्म हामीले सुनेअनुसार त्यसमा कुनै कुरालाई स्थगित गर्ने वा हटाउने आवश्यकता छैन । त्यसलाई प्रयोग गर्ने वा लागू गर्ने कुरामा ध्यान र जोड पुऱ्याउनुपर्दछ । ❐

# बारामा बलवीर चौधरी

नेकपा (एमाले) बाराको २०६७ वैशाख ११ र १२ गते कलैयामा सम्पन्न सातौं जिल्ला अधिवेशनले बलवीर चौधरीलाई जिल्ला कमिटीको अध्यक्षमा सर्वसम्मत रूपमा निर्वाचित गरेको छ । अधिवेशनको उद्घाटन पार्टी महासचिव कमरेड ईश्वर पोखरेलले गर्नुभएको थियो । उक्त अवसरमा पोलिटब्युरो सदस्य एवं नारायणी अञ्चल संयोजक काशीनाथ अधिकारी, पोलिटब्युरो सदस्य उर्मिला अर्याल, वैकल्पिक पोलिटब्युरो सदस्य नागेन्द्र चौधरी, केन्द्रीय सदस्यहरू महमुद आलम, देवी ज्ञवाली, वैकल्पिक केन्द्रीय सदस्य एवं बाराका केन्द्रीय प्रतिनिधि अच्युत मैनाली, वैकल्पिक केन्द्रीय सदस्य रामचन्द्र साह र केन्द्रीय सल्लाहकार पुरुषोत्तम पौडेललगायतको आतिथ्यता रहेको थियो । अधिवेशनले ७८ सदस्यीय जिल्ला कमिटी गठन गरेको छ ।

नवनिर्वाचित जिल्ला कमिटीको उपाध्यक्षमा त्रिलोकी चौधरी, सचिवमा अध्यानन्द पाण्डे, उपसचिवमा बतहु राय यादव तथा सदस्यहरूमा कृष्ण पौडेल, किशोर शर्मा, विष्णु ढुङ्गाना, भरत साह, ध्रुवकुमार साह, मनोज पौडेल, देवनारायण चौधरी, केवल चौधरी, भिखारी साह, अम्बिका चौलागाईं, मखन पासवान, एम समिउल्लाह, रवीन्द्रदास श्रेष्ठ, महेन्द्र जायसवाल, उदयशंकर मेहता, रामबहादुर यादव, राजेन्द्र कलवार, कृष्णा सिंह, बासु यादव, राजमहम्मद राय, जवाहिर अन्सारी, बङ्काबहादुर कुशवाह, ईश्वर ढकाल, रामलखन प्रजापति, भूदेव चौधरी, राधाकृष्ण चौधरी, विक्रम ठाकुर, भरत भण्डारी, नारायण गौतम, भोला अधिकारी, गोरख यादव, सीता गुरुङ, ज्ञानु केसी, प्रतिमा मैनाली, कल्याणी चौधरी, परमिलादेवी, रम्भादेवी, समलादेवी, कमला घिमिरे, लक्ष्मी पाण्डे, लक्ष्मी नेपाली, विद्या थापा, सरिता सुब्बा, गणेश लामा जिम्बा, रमेश चौधरी, भरत घले, दिनेश राई, आनन्द थामी, अमर यादव, कमलेश झा, रफिक मियाँ, उसमान अन्सारी, युनुश अन्सारी, लक्ष्मण राम, सकल राम, भदै महरा, महेश विश्वकर्मा, दशरथ राम र विक्रम राम हुनुहुन्छ ।

वैकल्पिक जिल्ला कमिटी सदस्यमा सञ्जय पटेल, सोहन शर्मा, मई महरा, शेषनाथ कुशवाहा, सुरेश यादव, शम्भु गिरी, दामोदर पराजुली, राजेश साह, अशेश्वर गुप्ता, मेजमा खातुन, दिवाकर पौडेल, मुस्लिममियाँ अन्सारी, तरक चिमरिया, रामदिनेश यादव, भुलन चौधरी र सोमी देवी हुनुहुन्छ । कार्यक्रमको सभापतित्व निवर्तमान जिल्ला सचिव पलट चौधरीले गर्नुभएको थियो ।

# डोल्पामा अङ्गदकुमार बुढा

नेकपा (एमाले) डोल्पाको २०६७ वैशाख ७, ८ र ९ गते दुनैमा सम्पन्न चौथो जिल्ला अधिवेशनले अङ्गदकुमार बुढाको अध्यक्षतामा ५१ सदस्यीय डोल्पा जिल्ला कमिटी सर्वसम्मतिबाट चयन गरेको छ । अधिवेशनको उद्घाटन पार्टी महासचिव कमरेड ईश्वर पोखरेलले गर्नुभएको थियो । उक्त अवसरमा वैकल्पिक केन्द्रीय सदस्य एवं कर्णाली अञ्चल समन्वय कमिटीका संयोजक गोरखबहादुर बोगटी, अञ्चल सचिव चन्द्रबहादुर शाही, ओमबहादुर बुढालगायतले सम्बोधन गर्नुभएको थियो । अधिवेशनले सात सदस्य पछि पदपूर्ति गर्ने गरी उपाध्यक्ष नरबहादुर बुढा, सचिव छक्कबहादुर धराला र उपसचिव विष्णुबहादुर धरालालाई चयन गरेको छ । जिल्ला कमिटीका सदस्यहरूमा भीमबहादुर रोकाया, सिद्धिमान बुढा, केशव रोकाया, रवीन्द्र शाही, रामबहादुर शाही, धर्मराज रोकाया, ओमबहादुर बुढा, जुनचन्द्र रोकाया, बलजीत बुढा, चन्द्रप्रसाद बोहरा, बिछे कार्की, नारायण बुढा, चन्द्रखर बुढा, गोपालबहादुर शाही, तुलाचन्द्र बुढा, धर्मासिंह रोकाया, वीरभद्र रोकाया, नन्दसिंह बुढा, गणेशबहादुर शाही, सनराम बुढा, नेत्रबहादुर डाँगी, हीरा डाँगी, बमबहादुर रोकाया, विमल विक, लक्ष्मी सार्की, जक्त विक, भट्टे विक, शिवकुमारी शाही, सुन्तली बीसी, काली थापा, चिनाकुमारी शाही, प्रेमाकुमारी शाही, वकिकिशोर गुरुङ, कृष्णा महतारा, चन्द्रखर बुढा, चन्द्रकुमारी बुढा, सर्किनी रोकाया, जादे ऐडी र दत्तबहादुर रोकाया रहनुभएको छ । यसैगरी राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यमा हंसबहादुर शाही सर्वसम्मतले चयन हुनुभएको छ ।

# लुम्बिनी अञ्चलमा नयाँ क्षेत्रीय नेतृत्व

*(नेकपा (एमाले)को आठौं राष्ट्रिय महाधिवेशनपश्चात् नयाँ विधानको व्यवस्थाबमोजिम सुरु भएको सङ्गठनात्मक पुनःगठन प्रक्रिया व्यापक रूपमा अघि बढेको छ । पार्टीका क्षेत्रीय र गाउँ अधिवेशनहरू पनि धमाधम भइरहेका छन् । पार्टीको नयाँ विधानले क्षेत्रीय समन्वय कमिटीलाई अधिकारसम्पन्न र कार्यकारी बनाएको सन्दर्भमा देशभरि निर्वाचित नयाँ नेतृत्वको भूमिका र जिम्मेवारी अझ गहन बनेको छ । तसर्थ, 'नवयुग'का आगामी अङ्कहरूमा निरन्तरता दिने गरी यसपालि लुम्बिनी अञ्चलभरिका क्षेत्रीय समन्वय कमिटीको अधिवेशनले चुनेका नयाँ नेतृत्वको विवरण प्रस्तुत गरिएको छ ।* **- सम्पादक**)

**पाल्पा**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : राधाकृष्ण कँडेल

अध्यक्ष युवराज खनाल, उपाध्यक्ष दलबहादुर जर्घा, सचिव बुद्धिराज गौतम, उपसचिव जयबहादुर सारु र सदस्यहरूमा मनबहादुर राना, मीनबहादुर खाँण, देउप्रसाद बयम्बु, भुवन थापा सोती, देवबहादुर पाटा, कृष्णप्रसाद घिमिरे, विमलप्रसाद भण्डारी,

राजुप्रसाद श्रेष्ठ, रामेश्वर ढकाल, भुमबहादुर राना, दामोदर पाठक, पदमबहादुर राई, मुक्तबहादर थापा, इमबहादुर फाल, हरेराम भण्डारी, गोविन्द भण्डारी, उमानसिंह सारु, रिमप्रसाद श्रेष्ठ, वेदप्रसाद बस्याल, भीमबहादुर थापा, कुलबहादुर थापा, प्रेमनारायण पङ्गेनी, विमला वाशिष्ठ, कुविजा अर्याल, भागीरथी भट्टराई, भीमबहादुर नेपाली, दिलबहादुर विक, गनबहादुर विक, गिरीमान आले, कृतिनाथ श्रेष्ठ, दमनसिंह पाटा, राजेन्द्र लम्साल, कृष्णबहादुर सारु, रेमबहादुर दिसा, देवीप्रसाद पङ्गेनी, विष्णुप्रसाद भण्डारी र भेषबहादुर वंशी ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : सोमप्रसाद पाण्डे

अध्यक्ष झपेन्द्रबहादुर जीसी, उपाध्यक्ष तेजप्रसाद रसाली, सचिव हरिप्रसाद पाठक, उपसचिव गुणबहादुर सिंजाली र सदस्यहरूमा कर्णबहादुर पौडेल, केसरजङ्ग राना, पूर्णबहादुर गैरे, ध्रव गहतराज, रमा घर्ती, प्रेमबहादुर थापा, अर्जुनकुमार रेग्मी, सहबहादुर राना, झपेन्द्र खनाल, ढकेश्वर बस्याल, बलबहादुर सुनार, टोपबहार गाहा, वामदेव बस्याल, ओमप्रकाश गैरे, भेषराज तिमिल्सिना, विनादेवी गौतम, नामदेव न्यौपाने, खिमानन्द पाण्डेय, गोविन्दप्रसाद ढुङ्गाना, रामप्रसाद श्रेष्ठ, परशुराम कार्की, दुर्गा भण्डारी, दलबहादुर गुरुङ, गणेश बिष्ट, बुद्धिसरा सुनार, ज्ञानु आत्रेय, विनिता लुइँटेल, रामप्रसाद घिमिरे र गोपीकृष्ण आचार्य ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य : नारायण जीसी**

अध्यक्ष दुर्गाप्रसाद खनाल, उपाध्यक्ष मुना रायमाझी, सचिव झलकबहादुर रायमाझी, उपसचिव हरिलाल पन्थी र सदस्यहरूमा सिंहबहादुर थापा, जितबहादुर गोदार, नलबहादुर सारु, चुराबहादुर गोदार, मोहनीलाल पोखरेल, चिरञ्जिवी पोखरेल, नेत्रप्रसाद गैरे, उमानाथ पाण्डेय, जुद्धबहादुर थापा, नारायणबहादुर कार्की, गोविन्दबहादुर रायमाझी, सूर्यप्रसाद पौडेल, एकदेव ज्ञवाली चक्रबहादुर कुँवर, लुमबहादुर कुँवर, तुलबहादुर जीसी, तुलबहादुर थापा, रामबहादुर खड्का, केशव भण्डारी, लोकनाथ पाण्डेय, प्रेमबहादुर घिमिरे, देवेन्द्रमान शाक्य, घनश्याम भट्टराई, हरिप्रसाद पाण्डेय, अनमोल श्रेष्ठ, राधादेवी नेपाल, लक्ष्मी खनाल, सुमित्रा शाही, शक्ति विक, तुलसा गैरे, सूर्यबहादुर विक, कृष्णप्रसाद लोहागुन, डुकुल ठडराई, सरण हेमचुरी, राधेलाल अमात्य, खड्गबहादुर राना, तुलसीबहादुर बुढा, हेमनाथ पोखरेल, हुमबहादुर रहादी, गिरबहादुर लाम्टाङ्गे, महेश बराल र यादवराज शर्मा ।

**अर्घाखाँची**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : नरेन्द्रकुमार क्षेत्री

अध्यक्ष पिताम्बर भुसाल, उपाध्यक्ष दधिराम आचार्य, सचिव भोजबहादुर रायमाझी, उपसचिव नारायण श्रेष्ठ र सदस्यहरूमा मुकुन्द ज्ञवाली, कृष्ण पन्थी, विष्णुमाया उपेक्षित, कृष्ण पराजुली, टामलाल पौडेल, घनश्याम पाण्डे, बाबुराम आचार्य, विष्णुप्रसाद पौडेल, खिमानन्द खनाल, देवीराम खनाल, किमबहादुर चौहान, बुद्धिबहादुर कुँवर, भोजराज अधिकारी, धर्मराज भुसाल, मेघलाल भुसाल, पुष्पा भाट, पुनाराम भुसाल, गिरीराज पौडेल, निमबहादुर सुनार, रामकला न्यौपाने, सीता आचार्य, सुषमा खनाल, शान्ता अर्याल, निर्मला खड्का, सावित्रा विक, गोपाल विक, कृष्णबहादुर सुनार, लीलबहादुर विक, धनबहादुर सुनार, गुणबहादुर सारु, पशुपति श्रेष्ठ, कमल्दिन मिया, खलिल मिया, खुविराम आचार्य, भुमबहादुर महत, कृष्ण पाण्डे, अब्दुलसकुर मियाँ, काजीबाबु ज्ञवाली, जनार्दन पोखेल, ईश्वरीप्रसाद खनाल, जनार्दन सुवेदी, रिमप्रसाद पन्थी, राधा आचार्य, चेतनारायण भुसाल, निमबहादुर महत र शोभाखर खनाल ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : पिताम्वर भुसाल

अध्यक्ष जीवनारायण कोइराला, उपाध्यक्ष धनबहादुर राना, सचिव फर्सुराम पराजुली, उपसचिव बिजुला रायमाझी र सदस्यहरूमा काशी पौडेल, काशी क्षेत्री, जीवन सिंजाली, लोकनाथ खनाल, थानेश्वर बेल्वासे, विष्णु पन्थी, तिलकबहादुर भाट क्षेत्री, डिल्लीराज शर्मा गैरे, कृष्णप्रसाद पौडेल, गोपाल बेल्बासे, विष्णुबहादुर केसी, दिनेश भारद्वाज, कुलप्रसाद अधिकारी, गोविन्द पौडेल, मेघबहादुर दर्लामी, पुनाराम घिमिरे, प्रेमनारायण पौडेल, टेकराज न्यौपाने, ऋषिराम खनाल, मानबहादुर थापा, काशीराज ज्ञवाली, देवी पोखेल, टामलाल भट्टराई, जनक गैरे, खेमराज भुसाल, युवराज बन्जाडे, लेखनाथ भुसाल, लक्ष्मण पराजुली, रुद्र पराजुली, इन्दिरा आचार्य, सीतारा रायमाझी, शान्ता चुदाली, हुमकला नेपाली, फूलमाया श्रेष्ठ, पम्फा घिमिरे, अशोक अत्री, जङ्गबहादुर विक, लुमबहादुर सुनार, बाबुराम श्रेष्ठ, ऋषि रेश्मी, लेकबहादुर गुरुङ, महमद इन्साफ, जमाल्दिन मियाँ, ऋषिराम घिमिरे र भरत न्यौपाने ।

**कपिलवस्तु**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : कृष्णप्रसाद पौडेल

अध्यक्ष बाबुराम आचार्य, उपाध्यक्ष गणेश घिमिरे, सचिव भेषराज खनाल, उपसचिव राधिका गौतम र सदस्यहरू कमल अर्याल, हुकुम कुँवर, टङ्कनाथ मरासिनी, मुक्तबहादुर कार्की, बलराम भुसाल, देवीबहादुर पोखेल, शर्वेन्द्रदेव खनाल, रामप्रसाद गौतम, कर्णबहादुर लामा, ईश्वरीप्रसाद पौडेल, राधा अर्याल, मनेश्वरी श्रेष्ठ, देवीराम खनाल, लालबहादुर सुनार, पवित्रा केसी, मुरलीधर घिमिरे, तिलकराम यादव, विष्णु गिरी, कृष्ण गौतम, पूर्णकला सुनार, राजेन्द्र सुवेदी, कमल पन्थी, तुलबहादुर गुरुङ, गोमा गिरी, भीष्म भुसाल, लक्ष्मण ज्ञवाली, राजेन्द्र थारु, कुलबहादुर सोमै, देवीप्रसाद पाण्डे र रामप्रसाद थारु ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य**: टीकाराम अर्याल

अध्यक्ष राममिलन थारू, उपाध्यक्ष खाली, सचिव धनेश्वर अधिकारी, उपसचिव लीला खनाल र सदस्यहरूमा देवीशरण गौड, विश्राम यादव, दुर्गाप्रसाद चौधरी, घरभरन यादव, राजकपुर जयसवाल, रामविलास चौधरी, काशिराम यादव, योगेन्द्र जयसवाल, खदु चमार, सन्तराम यादव, नुरुलहक शेष, रामनयन यादव, रामकुमारी चौधरी, कमरुद्दीन मुसलमान र कमल हमाल ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्यः** झविलाल पोखरेल

अध्यक्ष राममिलन चौधरी, उपाध्यक्ष  खाली, सचिव भोजराज खनाल, उपसचिव जग्गु कहार र सदस्यहरूमा सरिता आचार्य, हरससरिफ खान, यमलाल भुसाल, विकास अर्याल, रामलखन जयसवाल, सुकई धोबी, शुभकान्त उपाध्याय, विष्णुप्रसाद मौर्य, शोभा पोखेल, लालबहादुर चौधरी, मो. खलिन मुसलमान, गङ्गाधर आचार्य, दयराम लानिया, राधवेन्द्रकुमार मिश्र, कम्ला गैरे, भक्तिराम पन्थी र सन्तोष श्रीवास्तव ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : डिल्लीराज भुसाल

अध्यक्ष नेत्रराज अधिकारी, उपाध्यक्ष रामदास चौधरी, सचिव चूरामणि पोखेल, सहसचिव शरद अधिकारी र सदस्यहरूमा अर्जुन केसी, जीवलाल पराजुली, खुमानन्द न्यौपाने, बजरङ्गी मौर्य, सूर्यमान पासवान, रामसेवक यादव, अब्दुल माबुद खान, सफी मोहम्मद गद्दी, बाबुराम भुसाल, कपिलामणि उपाध्याय, थानेश्वर पन्थी, लक्ष्मी अधिकारी, गङ्गा घर्तीमगर, शत्रुघन चौधरी, वर्षाती कहार, खेमराज भट्टराई, जगथ जिसी, तुलसीराम थारु, लक्ष्मण भण्डारी र वर्षाती कोहार ।

**क्षेत्र नं. ५**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : -

अध्यक्ष लङ्कबहादुर हमाल, उपाध्यक्ष गोपीकृष्ण भट्टराई, सचिव शिवराज सापकोटा, सहसचिव ओमप्रकाश चौधरी र सदस्यहरूमा पारस पाण्डे, गोपीकृष्ण चौधरी, अल्ताफ हुसेन खाँ, नागेन्द्र पासवान, टुकप्रसाद अर्याल, मुख्तार अहमद वेग, बुद्धिराम अर्याल, मेहताव आलम, पटेश्वरीप्रसाद, ताराचन्द्र पाण्डे, अर्जुन पाण्डे, शिवपुजन कुर्मी, कमाल खान र विश्वदेवप्रसाद ओझा ।

**नवलपरासी**

**क्षेत्र नं.– १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : कृष्ण पौडेल

अध्यक्ष रामप्रसाद मरासिनी, उपाध्यक्ष शिव अधिकारी, सचिव सुर्य पोखरेल र उपसचिव उमापति भुसाल तथा सदस्यहरूमा रमेश लम्साल, भोलानाथ पौडेल, हरिप्रसाद ढकाल, लालबहादुर थापा, कृष्ण रेग्मी, जीतबहादुर श्रेष्ठ, गीता खरेल, कुलप्रसाद अधिकारी, तेजेन्द्र सापकोटा, हरि बराली, विश्वनाथ अधिकारी, धनकला खाम्चा, शरद घिमिरे, शिव देवकोटा, गौरी बास्ताकोटी, विद्याबहादुर विक, मोहन भुसाल, खेमराज सापकोटा, घनलाल भुसाल, वालानन्द अर्याल, गोपाल थापा, हीरासिंह रेश्मीमगर, मोतीलाल सुनारी, कोषराज पौडेल, कृष्णराज पुरी, कुलबहादुर विक, रुमकला काफ्ले, कमलप्रसाद वाचे, कृष्ण केसी, बलराम पौडेल, हुकमसिंह आले ।

**क्षेत्र नं–२**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : दुर्गा भण्डारी

अध्यक्ष हुमलाल सुवेदी, उपाध्यक्ष सूर्यप्रसाद पाण्डे, सचिव विष्णु लम्साल र उपसचिव दीपक लम्साल तथा सदस्यहरूमा केदारनाथ घिमिरे, चिन्तामणि चौधरी, रामेश्वर सिग्देल, लीला भण्डारी, मित्रलाल श्रेष्ठ, नारायण ढुङ्गाना, भूपनारायण न्यौपाने, उदय भण्डारी, सरिता लामिछाने, श्याम बाह्रघरे, गोकुल राना, भीमबहादुर अस्लामी, गुरुप्रसाद खनाल, लालबहादुर मल्ल विक, मित्रलाल तिवारी, शिवबहादुर थापा, गोकुल शर्मा, ऋषिकान्त पराजुली, भोपराज दाहाल, डिलु ढकाल, नुरमान परियार, पद्मा जीसी, शोभियत शर्मा, गुमानसिंह विक र दीपक भण्डारी ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : धनञ्जय शर्मा

अध्यक्ष दया कोइराला, उपाध्यक्ष मेघराज पाण्डे, सचिव श्रीराम चौधरी र उपसचिव नारायण अधिकारी तथा सदस्यहरूमा कृष्ण सापकोटा, पीताम्बर पौडेल, घनश्याम गिरी, ओमप्रसाद सापकोटा, भूपलाल अर्याल, चक्रपाणि पाण्डे,  अजादराज भण्डारी, जगन्नाथ पाण्डे, लालु पाठक, अग्निधर पाठक, भीमराज पोखरेल, ओमबहादुर महतो, पुष्पराज महतो, ध्यानबहादुर राई, सन्तबहादुर विक, टीकाराम विक, जसबहादुर विक, राधा ढकाल, चन्दा श्रेष्ठ, सरस्वती पन्थी, सरला जैसी, दानकुमारी पाण्डे, जगदीश जिसी, प्रकाश खनाल, नेत्र भण्डारी, बलराम सुवेदी, रामप्रसाद आचार्य, चेतबहादुर बैदार, डोलराज काफ्ले, रिपलाल विक, रामकृष्ण ढुङ्गाना ।

**क्षेत्र नं.– ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : घनश्याम कोइराला

अध्यक्ष रामचन्द्र भण्डारी, उपाध्यक्ष रमाशङ्कर कुर्मी, सचिव लक्ष्मीप्रसाद पाण्डे र उपसचिव शान्ता भण्डारी तथा सदस्यहरूमा उमानाथ पोखरेल, रेशमप्रसाद शर्मा, रामप्रसाद ज्ञवाली, ओमबहादुर थापा, धनप्रसाद तिवारी, नीलकण्ठ गैरे, रमादेवी शर्मा, रामलखन हरिजन, सावित्रा उपाध्याय, प्रेमप्रसाद आचार्य, ठाकुरजङ्ग गुरुङ, रुकबहादुर बलाल, रामनरेश केवट, मन्जु गुरुङ, राजबहादुर विक, अवधराज यादव, अर्जुन क्षेत्री, ऋषिराम भण्डारी, दुर्गादेवी तिवारी, केशवप्रसाद अर्याल, गोपीनाथ योगी, गोपालप्रसाद आचार्य, घनश्यामबहादुर मल्ल, दीपेन्द्र यादव, चिन्नाप्रसाद सहानी तथा वैकल्पिक सदस्यहरूमा चिन्तामणि चौधरी, ठाकुर ढकाल, उमाकान्त उपाध्याय, खेमलाल पौडेल र तीर्थ उपाध्याय ।

**क्षेत्र नं ५**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : बृहस्पती अधिकारी

अध्यक्ष गोपालसिंह आले, उपाध्यक्ष ईश्वरीप्रसाद घिमिरे, सचिव एकदेव पाण्डे र उपसचिव गोपी हरिजन तथा सदस्यहरूमा देवराज श्रेष्ठ, लक्ष्मण भण्डारी, हरिप्रसाद बास्तोला, गोविन्दप्रसाद पौडेल, शोभाकर भुसाल, टीकाराम भण्डारी, गिरधारी पौडेल, रघुराज केवट, विष्णु कुँवर, माया पौडेल, ध्रुवनारायण हरिजन, होमबहादुर शाही, चन्द्रबहादुर चौधरी, मीनबहादुर पुन, वलीराज हरिजन, जुठे धोबी, विश्वनाथ केवट, शिवपुजन यादव, रामेश्वर गुप्ता, लक्ष्मिना हरिजन र जैवुन निसा ।

**क्षेत्र नं. ६**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : माधव अधिकारी

अध्यक्ष तारासिंह थापा, उपाध्यक्ष द्वारिकाप्रसाद घिमिरे, सचिव टीकाराम ढकाल र उपसचिव नेतीराम चौधरी तथा सदस्यहरूमा मोतीलाल उपाध्याय, रामप्रसाद पाण्डे, नारायणप्रसाद ज्ञवाली, धर्मदेव कुर्मी, चोकट हजाम, निर्मला हरिजन, राजकिसोर गुप्ता, सान्तोष हरिजन, रामप्यारे कुर्मी, राधिका शर्मा, भुआलप्रसाद हरिजन, नारायण प्रजापती, रामनरेश बरई, रमजानअलि, पम्फादेवी अर्याल, तारादेवी भट्टराई, सञ्जय हरिजन, यमनारायण चौधरी, नन्दकिशोर कोइरी, केशवचन्द उपाध्याय, धनबहादुर गुरुङ, बालचन्द हरिजन, रामजीप्रसाद उपाध्याय, अङ्गदप्रसाद गुप्ता, वैकल्पिक सदस्यहरूमा जीतबहादुर थापा, केशव मुडभरी, अनिलकुमारधर द्वीवेदी, राजुसिंह कुर्मी, लक्षन पासवान ।

**रुपन्देही**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : डा. कृष्ण न्यौपाने

काबा अध्यक्ष नीलकण्ठ पौडेल, सचिव सुरेन्द्र पोखरेल, उपसचिव शैलेन्द्र उपाध्याय र सदस्यहरूमा तोलराज विक, वेद गिरी, प्रकाश अर्याल, केशव आचार्य, लक्ष्मी पङ्गेनी, पूर्णबहादुर कुँवर, टेकसिंह थापा, ओमप्रकाश न्यौपाने, लोकनाथ पाण्डे, भेषराज भट्टराई, गजेन्द्रबहादुर चौधरी, बसन्ती कार्की, अबदुल्लाह पठान, कोइल देवान, लक्ष्मी थापा, पार्वती गुरुङ, शारदा भट्टराई, सुरेश यादव, डिल्लीराज पन्थ, बाबुराम प्यासी, लक्ष्मण पोखरेल, वीरमती गुरुङ र प्रेम शर्मा गौडेल ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : पुष्पाञ्जलि उपाध्याय

अध्यक्ष भरत पोखरेल, उपाध्यक्ष शिव शर्मा, सचिव युवराज नेपाल, उपसचिव पुण्यप्रसाद सापकोटा र सदस्यहरू विष्णु तिवारी, प्रेम सेंचुरी, इन्द्रजित यादव, मीना पाण्डे, लक्ष्मी पाण्डे, हरिप्रसाद अर्याल, डोलराज बस्याल, सीता काफ्ले, सुवर्ण कुँवर कारञ्जित, रामदास हरिजन, रमेश थापा, ध्रुवप्रसाद अधिकारी, राजु खनाल, आमेश थापा, लेखनाथ पाण्डेय, शङ्कर मुराउ, बाबुलाल भुसाल, ममता माण्डव्य, रुद्रबहादुर प्रधान, नारायणी घिमिरे, सरोज आलम, सन्तप्रसाद यादव, महेन्द्र चाई र द्रोपती चौधरी ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : भवानीशङ्कर सापकोटा

अध्यक्ष बासुदेव घिमिरि, उपाध्यक्ष युवराज न्यौपाने, सचिव रामप्रसाद तिवारीु उपसचिव कमला भण्डारी र सदस्यहरूमा तामनाथ पाण्डे, केशव न्यौपाने, राम गिरी, कृष्ण पौड्याल, शालिकराम सुवेदी, खड्कबहादुर क्षेत्री, नारायण काफ्ले, नरबहादुर घर्ती, कर्णबहादुर क्षेत्री, छत्रपाल थारु, टिकराम पाण्डे, रामचन्द्र कुर्मी, गौरव गौतम, शान्ति पाण्डे, लक्ष्मण नेपाली, हिराबहादुर गुरुङ, मनिराम थारु, ममता पौडेल, रेनुका खरेल, सरस्वती बराल, बाबुराम केवट, गजाधर थारु, अमृता गुरुङ, हिरा चौधरी, मोहनसिंह गुरुङ, थानेश्वर खरेल, कृष्ण भुसाल, गोविन्द घिमिरे, अर्जुनराज उपाध्याय, मोदनाथ घिमिरे र भीमबहादुर विक ।

**क्षेत्र नं. ४**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : भोजप्रसाद श्रेष्ठ

अध्यक्ष चित्रबहादुर केसी, उपाध्यक्ष भीमबहादुर श्रेष्ठ, सचिव रमेश नेपाल, उपसचिव राजेन्द्र ढकाल र सदस्यहरू परशुराम सापकोटा, नेत्रबहादुर कार्की, खगराज शर्मा, तुलसी बन्जाडे, गौतमलाल शाक्य, नारायणप्रसाद घिमिरे, जनक आचार्य, थानकुमारी थापा, रुक्मिणी भट्टराई, उमेश शर्मा, सतिशाचन्द्र कसौधन, घनश्याम चापागाईं, होमराज बस्याल, देवेन्द्र ध्वजु, वासुदेव शर्मा, नामबहादुर कुँवर, महेन्द्र लिगल, अम्बिका खनाल, विष्णुप्रसाद घिमिरे, रीता शाही, तमबहादुर पुर्जा, भगवती ज्ञवाली, चन्दा गौतम, मन्दिरा गौडेल, जानकी अर्याल, जगबहादुर श्रीस, श्यामलाल थारु, विमला श्रेष्ठ, भुपा ज्ञवाली, तेजप्रसाद विक, माया बराल, जलिल मिया, डोलराज पौडेल, महेन्द्र गिरी र मित्रलाल चापागाईं ।

**क्षेत्र नं. ५**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : भूमिश्वर ढकाल

अध्यक्ष जीवनाथ पाण्डे, उपाध्यक्ष कृष्ण घिमिरे, सचिव सरतमणि सापकोटा, उपसचिव सुशीला न्यौपाने र सदस्यहरू घनश्याम भण्डारी, कृष्ण गौतम, ताराबहादुर थापा, शेरबहादुर थारू, यमलाल न्यौपाने, मेघबहादुर थापा, रामजी गौतम, देवी आचार्य, मानबहादुर थापा, फटिकबहादुर खनाल, जमुना जिसी, नजारकुमारी श्रेष्ठ, रेश्माकुमारी मल्ल, हेमन्त थापा, कैलाश चौधरी, रामकृष्ण जयसवाल, रामकेवल यादव, यदुलाल पन्त, केशव विक, नन्दबहादुर खड्गाथोकी र खड्गबहादुर कुँवर ।

**क्षेत्र नं. ६**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : बाबुलाल यादव

अध्यक्ष कमलेश यादव, उपाध्यक्ष हरिराम लोध, सचिव फणीन्द्र मिश्र, सहसचिव सिफारिस अली र सदस्यहरू दुर्गाप्रसाद उपाध्याय, रमाकान्त पाण्डे, परदेशी केवट, सुभान मुसलमान, सन्तलाल यादव, इन्द्रराज यादव, घिसियावन हरिजन, ओमप्रकाश यादव, पतिराज हरिजन, दुधनाथ केवट, गङ्गादेवी ठठेर, किस्नावती धवल, कुसहरा लोध, परमिला सिंह, विक्रम कुर्मी, सिमिरता यादव र रमाशङ्कर मिश्र ।

**क्षेत्र नं. ७**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : इन्साफ अली मुसलमान

अध्यक्ष युगलकिशोर पाठक, उपाध्यक्ष सिक्चन यादव, सचिव नयनबहादुर यादव, उपसचिव लखनप्रसाद लोध र सदस्यहरू अब्दुलरज भाट, महबुब अली खाँ, वीरेन्द्र मिश्र, गिरीधारी लोध, सोहनलाल यादव, शान्ति लोध, लक्ष्मी मिश्रा, शान्ति चाई, सुदामा पासी र मोलहू धवल ।

**गुल्मी**

**क्षेत्र नं. १**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : मैना भण्डारी

अध्यक्ष लोकबहादुर राना, उपाध्यक्ष खिमानन्द तिवारी, सचिव जीवन खरेल, उपसचिव कृष्ण ज्ञवाली र सदस्यहरू बोमबहादुर सुतपराई, डिलबहादुर दगामी, यमलाल पाण्डे, शिव भण्डारी, प्रेम पराजुली, सूर्यमुर्ति खरेल, देउकुमार काउछा, रामजी ढकाल, बलबहादुर नेपाली, केशव भट्टराई, हेमन्त कुँवर, प्रेमबहादुर थापा, ठगप्रसाद ज्ञवाली, सुरेशचन्द्र अर्याल, हरिलाल भण्डारी, रमेश न्यौपाने, चिन्तामणि पाण्डे, महेन्द्र भण्डारी, यज्ञमूर्ति कँडेल, विमला पोखरेल, धनबहादुर क्षेत्री, सुवर्ण शाही, गोविन्द वलाल, शोभा भण्डारी, भक्तबहादुर विक, भीमबहादुर सुनार, केहरसिंह रेगामी र निरु राहाडी ।

**क्षेत्र नं. २**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : नीलकण्ठ गौतम

अध्यक्ष खड्ग केसी, उपाध्यक्ष देवनारायण ज्ञवाली, सचिव विपणु पौडेल, उपसचिव भुवन टण्डन, सदस्यहरू अर्जुन ज्ञवाली, अर्जुन आचार्य, अग्निधर लोहनी, ईश्वरी ज्ञवाली, कृष्णप्रसाद खनाल, कर्णबहादुर विक, गुणदेव कुँवर, गोपालप्रसाद मरासिनी, गोपालबहादुर सुनार, घनश्याम गौतम, जीवलाल न्यौपाने, जयलाल आचार्य, जीवनकुमार कशजु, डोलराज पन्थी, ढालबहादुर कार्की, तेजकान्त अर्याल, दलप्रसाद श्रेष्ठ, दुर्गाप्रसाद सुनार, पीताम्बर अर्याल, प्रकाश काफ्ले, पृथ्वी कार्की, विष्णुप्रसाद गौतम, मीना नेपाली, यमबहादुर नेपाली, यज्ञप्रसाद ज्ञवाली, राधा अर्याल, रणबहादुर पल्ली, रामलाल विक, लेखनाथ अर्याल, लक्ष्मण खत्री, लक्ष्मी न्यौपाने, लक्ष्मी पन्त, लोकबहादुर छन्तेल, शम्भु ज्ञवाली, सीता कार्की, हरिनारायण शर्मा, पूर्णबहादुर रेगामी, रघुनाथ मरासिनी र जगन्नाथ ढकाल ।

**क्षेत्र नं. ३**

**राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य** : टोमलाल पाण्डे

अध्यक्ष लक्ष्मण पराजुली, उपाध्यक्ष लीलबहादुर अधिकारी, सचिव नरेश भण्डारी, उपसचिव योगेन्द्र भण्डारी र सदस्यहरू जगत केसी, खिमराज पराजुली, ढालबहादुर केसी, मनिराम अर्याल, शेखर पन्थी, चुरा बिष्ट, दुर्गाप्रसाद आचार्य, ओमबहादुर बुढा, खुमबहादुर कुमाल, देवेन्द्र गुरुङ, रामबहादुर नेपाली, गिरबहादुर सुनार, धनबहादुर विक, जमुना पन्थी, राधिका अर्याल, विमला पाण्डे, नारायणी पराजुली, दुर्गा घिमिरे, बालकृष्ण पौडेल, चुरामणि भुसाल, तोकन कुँवर, वासुदेव केसी, भेषबहादुर थापा, टोपलाल पराजुली, मीनबहादुर घर्ती, शोभाखर मरासिनी, हिरालाल अर्याल, झविलाल अधिकारी, कृष्ण नेपाली, हरिप्रसाद भट्टराई, कृष्णप्रसाद पोखरेल, दलबहादुर थापा र उपेन्द्र खड्का ।

# आन्तरिक विवादको समाधान

**(पार्टीको आठौं महाधिवेशनपश्चात देशव्यापी रूपमा अघि बढेको जिल्ला, क्षेत्र र गाउँ अधिवेशनहरूको अभियानका क्रममा केही जिल्लामा विवादसमेत उत्पन्न भयो । त्यसको समाधानका लागि पार्टी पोलिटब्युरोले कार्यदलहरू गठन गरेको**

**थियो । तिनै कार्यदलको प्रतिवेदनमा आधारित भई ती जिल्लाको विवाद निम्नअनुसार समाधान गरिएको छ । साथै, विभागहरूको गठन तथा अञ्चलमा मनोनयन सम्बन्धमा गत अङ्कमा छुट भएका केही नामहरू यहाँ प्रस्तुत गरिएको छ । – सम्पादक ।)**

**पर्सा**

- ०६६ कार्तिक २७ गते बसेको पर्सा जिल्ला कमिटीको बैठकले सर्वसम्मतीको आधारमा ०६६ मंसिर २९ गते जिल्ला अधिवेशन गर्ने निर्णय गरेको र सोही निर्णयका आधारमा विधानसम्मत तरिकाले जिल्ला अधिवेशन सम्पन्न भएको थियो । उक्त अधिवेशनले कमरेड विजय महतोको अध्यक्षतामा जिल्ला कमिटी गठन गर्‍यो ।
- उक्त अधिवेशन सम्पन्न गर्ने प्रक्रिया अन्तर्गत रहन गएका केही कमजोरीहरूका कारण पार्टीका केही कमरेडहरू असन्तुष्ट हुनुभयो । उहाहरूले अधिवेशनका नाममा अलग भेला गरी कमरेड जयप्रकाश थारुको अध्यक्षतामा अर्को जिल्ला कमिटी गठन गर्नु भयो । समग्र प्रक्रिया हेर्दा यो कमिटी विधानसम्मत नरहेको देखियो ।
- यसरी समग्र पक्षलाई हेर्दा कमरेड जयप्रकाश थारु अध्यक्ष रहनु भएको कमिटीका योग्य र सक्षम कमरेडहरूलाई कमरेड विजय महतो अध्यक्ष रहनु भएको जिल्ला कमिटीमा सामेल गर्ने निर्णय यो बैठकले गरेको छ ।

त्यसको कार्यान्वयनको लागि नारायणी अंचल समन्वय कमिटीलाई निर्देशन दिने र पर्सा जिल्ला कमिटीमा थप गर्नु पर्ने सदस्य संख्या र व्यक्तिको निर्धारण पनि नारायणी अंचल समन्वय कमिटीले नै गर्ने निर्णय पनि गरिएको छ । नारायणी अंचल समन्वय कमिटी र पर्सा जिल्ला कमिटीले समस्या समाधान गर्ने सम्बन्धमा गरेको निर्णयलाई कार्यान्वयन गर्न निर्देशन गरिन्छ ।

**धनुषा/महोत्तरी**

धनुषा र महोत्तरीको आन्तरिक समस्या समाधानका सम्बन्धमा, धनुषा जिल्लाको लागि तोकिनु भएका केन्द्रीय प्रतिनिधि कमरेड शत्रुघ्न महतो र महोत्तरी जिल्लाको लागि तोकिनु भएका केन्द्रीय प्रतिनिधि कमरेड योगनारायण यादवलाई नै ती जिल्लाहरूमा संयोजक बनाई पहिले अंचल समन्वय कमिटीले प्रस्ताव गरी स्थायी कमिटीबाट स्विकृत गरेका जिल्ला अधिवेशन आयोजक कमिटीलाई यथावत राखी जिल्ला अधिवेशन आयोजक कमिटी बनाउनु पर्दछ । दुवै जिल्ला अधिवेशन आयोजक कमिटीका संयोजकहरूलाई सदस्यमा यथावत राखिनु पर्दछ र आवश्यकताअनुसार अन्य कमरेडहरूलाई पनि ती जिल्लाका आयोजक कमिटीहरूमा थप गर्न सकिने छ । जिल्ला अधिवेशन आयोजक कमिटीहरूको सिफारिसमा अंचल समन्वय कमिटीले यो काम गर्न सक्ने छ ।

**बारा**

बारा जिल्ला अधिवेशन रोकिन गएकोमा पुन: जिल्ला कमिटीको बैठक बसी सहमतिका आधारमा अधिवेशनको मिति तय गरी जिल्ला अधिवेशन सम्पन्न गर्न निर्देशन दिने निर्णय गरिएको छ । त्यस्तै क्षेत्र नं ४ मा आठौं महाधिवेशनकै सदस्यहरूको आधारमा प्रतिनिधि छनोट गरी उक्त क्षेत्रको अधिवेशन सम्पन्न गर्न पनि निर्देशन गरिन्छ ।

**काठमाडौं**

- काठमाडौं जिल्लाको पार्टीको आन्तरिक समस्याको सम्बन्धमा कमरेड प्रदीप ज्ञवाली, कमरेड विष्णु रिमाल र कमरेड गंगालाल तुलाधर सहित ३ जनाको कार्यदलको निस्कर्षलाई आधार मानेर निम्न रूपमा समस्याको समाधान गर्ने ।
- पहिले उपत्यका समन्वय कमिटीले गठन गरेको ७३ सदस्यीय जिल्ला संगठन कमिटीलाई यथावत कायम राख्ने ।
- उक्त कमिटीको संयोजक कमरेड निर्मल कुइाकेललाई बनाउने ।
- कमरेड गोविन्दकृष्ण अधिकारीलाई पार्टी केन्द्रले उपयुक्त कामको जिम्मा दिने ।
- आठौं महाधिवेशनको समयको पार्टी सदस्य संख्यालाई आधार मानेर यथाशीघ्र जिल्ला अधिवेशन सम्पन्न गर्ने ।

यी कमिटीहरूले निश्चित समयावधि तोकी जिल्ला अधिवेशनको आयोजना गरिसक्नु पर्नेछ । यी जिल्लाहरूमा आठौं महाधिवेशनमा प्रतिनिधि छनोटको लागि मतदाता भएका तर पार्टी परित्याग नगरेका सबै पार्टी सदस्यहरूबाट जिल्ला सम्मेलन आयोजक कमिटीले तोकेको अनुपातमा निर्वाचित प्रतिनिधिहरूलाई मात्र जिल्ला अधिवेशनमा सहभागी गराउनु पर्नेछ । निर्वाचन प्रयोजनका लागि आवश्यक पर्दा पार्टी केन्द्रले नै सम्बन्धित जिल्ला बाहेकका कमरेडहरूलाई खटाई निर्वाचन गराउने व्यवस्था मिलाउन सक्नेछ । यसरी समस्याको समाधान गर्ने क्रममा सम्बन्धित अंचल समन्वय कमिटीहरूले जिल्ला संगठन कमिटीको सिफारिसमा आवश्यकता अनुसार योग्य र सक्षम कमरेडहरूलाई जिल्ला अधिवेशन आयोजक कमिटीमा थप गर्न सक्नेछन् ।

**केन्द्रीय विभागहरूमा नयाँ जिम्मेवारी**

**संघीय मामिला तथा संस्कृति विभाग**

प्रमुख : परशुमेघी गुरुङ, सदस्यहरू राजकुमार लेखी, दानबहादुर तामाङ, रामकुमारी महर्जन, ध्यानबहादुर राई, पासाङ शेर्पा, धिरेन्द्र श्रेष्ठ, डा. नन्दबहादुर सिंह, डम्बर सम्वाहाम्फे, सोमप्रसाद मिश्र, मानबहादुर बाठा, यज्ञराज न्यौपाने, झगबहादुर मगर, कल्याण रोका (क्षेत्री), शिव गुरुङ, हङकङ् राना, विद्या भट्टराई, धनप्रसाद तामाङ, निलमशेखर अधिकारी, त्रिरत्न शाक्य र न्हारक्याल लामा ।

**सहकारी विभाग**

गणेशप्रसाद बस्नेत, टेकप्रसाद चौलागाईं, अमृता सुब्बा, बृहस्पति अधिकारी, शम्भु गौतम, पूर्ण शर्मा, मागेन कामत, पार्वती खाड राई, प्रभा कोइराला र प्रभा बज्राचार्य ।

**कोशी अञ्चल समन्वय कमिटी**

यशोदा अधिकारी, डा. शिवमाया तुम्वाहाम्फे, सावित्री श्रेष्ठ, श्रीकुमारी चौधरी, विष्णुमाया वि.क., धर्म पौडेल, धर्मराज निरौला, धनहर्क राई, भूराज राई, डम्बर खड्का, सुनीलकुमार तुम्वाहाम्फे, शेरबहादुर वि.क., टेकरत्न चेमजोङ्ग, डम्बर खतिवडा, दिनेश दाहाल ।

# बाजुरामा दह्रो र सुरो कम्युनिस्ट आन्दोलन

❒ **दयालबहादुर शाही**

नेपाली काङ्ग्रेसको उत्कर्ष कालमा हँसिया-हथौडा अङ्कित झण्डा मालिकामा पहिलोपटक फहराउन सफल बाजुरा एमाले नै बाजुराको कम्युनिस्ट आन्दोलन हो भन्दा अत्युक्ति हुँदैन । छोटो समयमै बाजुरामा एमालेले जनप्रिय जनप्रतिनिधि, अगुवा समाजसेवी, कुशल सङ्गठक, जुझारु, अध्ययनशील र कर्मठ नेता कार्यकर्ता उत्पादन गर्नसकेको छ । छिमेकी जिल्ला कालीकोटमा माओवादी भुइँपातालका कारण हत्याहिंसाको शृङ्खलाले विकराल रूप लिए पनि बाजुरा त्यो प्रलयबाट न्यूनतम रूपमा प्रभावित रहनुमा ०४६ पछिको एक दसकमा बाजुरा एमालेले खेलेको रचनात्मक एवम् दूरदर्शी भूमिकाले काम गरेको छ । अग्रगामी आन्दोलनको प्रभावकारी अगुवाइ, शोषण, उत्पीडितका विरुद्ध निरन्तर सङ्घर्ष, विकास निर्माणका काममा जवाफदेही र पारदर्शिताका लागि गरिएको पैरवी, गृहयुद्धका क्रममा युद्धरत पक्षले गरेका युद्धअपराधहरूको भण्डाफोर, जनतालाई दिने अनावश्यक यातनाको न्यूनीकरणजस्ता पहलकदमीका कारण बाजुराको राजनीतिमा एमालेलाई बिर्सनु भनेको शरीरका अङ्गहरू गन्ने क्रममा टाउको बिर्सनुसरहको गल्ती हुने अवस्था रहेको छ । वास्तवमा योगदान र बलिदान खेर जाँदैन । जनताको साथ र काखमा रहनसक्नुजस्तो जटिल कार्य सजिलै सम्पादन गर्नसकेकाले माओवादीको उत्कर्ष कालको घडीमा पनि संविधानसभाको चुनावमा एमालेले उसलाई तेस्रो स्थानमा धकेल्न सकिएका मुलुकका थोरै मात्र जिल्लामध्ये बाजुरा पनि पर्नसक्यो । यसरी काङ्ग्रेसको उत्कर्ष कालमा काङ्ग्रेसलाई, माओवादीको उत्कर्ष कालमा माओवादीलाई चुनौती दिन र गृहयुद्धबाट कर्मभूमिलाई कमभन्दा कम प्रभावित पार्नसकेको सन्दर्भमा छिमेकी जिल्लाका राजनीतिकर्मी बाजुरा एमालेबाट छक्क परेका छन् । राज्यसत्ताको दुरूपयोग गरी चुनाव जित्ने बिहारी शैली प्रयोग गरी जनआन्दोलनको मित्र नेपाली काङ्ग्रेसले तीन-तीनवटा महानिर्वाचनमा एमालेको भाग्योदयमा बाधा पारेको र सुरक्षा अङ्गलाई पङ्गु बनाएर चुनाव जित्ने 'हमास शैली' अपनाएर मित्रशक्ति माओवादीले समेत संविधानसभा निर्वाचनमा चुनाव र युद्धको फ्युजन गरी एमालेलाई सबैभन्दा ठूलो दल हुनबाट बञ्चित गरेको परिवेशमा इतिहास लामा नभए पनि सुरो र दरो बाजुरा एमालेको अनुभव र वर्तमान हैसियत सिङ्गो पार्टीपङ्क्तिका लागि चासोको विषय बनेको छ ।

नेता र कार्यकर्ताको दोहोरो भूमिका निर्वाह गर्नसक्ने नेताहरू थोरैमा सन्तुष्ट हुने, कुनै हालतमा पनि नडग्ने, कार्यकर्तापङ्क्ति, आफू दुःखको सागरमा रहे पनि पार्टीको दुःखसुखमा साथ दिने र असिम माया दिने न्यायप्रेमी जनसमुदायको जागरुकता नै बाजुरामा एमालेले प्राप्त गरेको अटल सौभाग्य हो । सत्र वर्षको उमेरदेखि करिब दुई दशक लामो अवधि यस पङ्क्तिकारले बाजुरामा एमालेको सत्सङ्गमा रहने क्रममा केन्द्रस्तरमा पालैपालो उत्कर्षमा पुगेका राजावादी, माओवादी र काङ्ग्रेसजनले तेर्स्याएका आस, त्रास, भ्रम, जाल, निन्दा र प्रशंसाका तगाराहरूबाट अप्रभावित रहने आस्थाका इस्पातहरू देखेको छ । झुटको पुलिन्दाबाट जनसमुदायलाई सचेत पार्ने क्रममा व्यक्तिगत रूपमा चौपट भए पनि आफ्नो विगत, वर्तमान, विचार र निर्णयहरूप्रति गौरव गर्ने वृद्ध, अधबैंसे र जवान सबै पुस्ताका कमरेडहरू प्रताडना र अपहेलनाका बाबजुद आफ्नो चेतमा प्रस्ट छन् । झिँगाको श्रापले डिँगा मर्दैन । भोकै खट्नुपर्दा पनि हसमुख रहने, यमदूत नै आए पनि कर्मभूमिबाट नभाग्ने, सत्यको पक्षमा उभिइरहने, छोरालाई नदीमा फ्याँक्न तयार हुने तर न्यायको काखमा राख्न नछोड्ने सूरवीरहरूको अभाव व्यहोर्नु नपरेको बाजुरा एमाले आफैंमा अटल छ । सगरमाथा अग्लो छ तर छुच्चो छ, सुक्लाफाँटा चौडा छ तर होचो छ तर मालिका उच्च समस्थली अग्लो र उँचो दुवै छ । बाजुरा एमाले पनि मालिकाजस्तै छ । चौडा भएर पनि होचो हुन र अग्लो भएर पनि छुच्चो हुन यसले कहिल्यै जानेन । मासु, भात र रक्सीले मातेर विपक्षीहरू भोजभतेरमा रमेको बेला झोलामा खाजा बोकेर उकालो काट्ने कर्मठ कार्यकर्ताहरू, गाई, भैंसी किनबेच गर्दा होस् वा अन्न खरिद गर्न जाँदा एमालेकै बारेमा चिन्ता गर्न नछोड्ने शुभेच्छुकहरू, सबैले शोषण-उत्पीडनबाट मुक्ति दिने र सामाजिक न्याय प्रदान गर्ने आशा र भरोसाको एकमात्र केन्द्र एमालेलाई ठान्दछन् । यसरी जनसमुदायको नजरमा इमान, निष्ठा, लगाव र नैतिकता घुन नलगाएको बाजुरा एमालेको विगत दशकका यात्रालाई सङ्क्षिप्त यसरी चर्चा गर्न सकिन्छ ।

**सुरुआतको चरण**

२००६ सालमा स्थापित नेपाल कम्युनिस्ट पार्टीको प्रभाव ०४६ सालसम्म पनि नपुग्नु बाजुराको विकटता वा दुर्भाग्य दुवै मानिन्छ । अद्यापि, व्यक्तिगत रूपमा बाजुराबाट मुलुकका विभिन्न स्थानमा पुगी अध्ययन गर्ने युवा विद्यार्थीहरू वाम आन्दोलनबाट प्रभावित भई निर्दलीय पञ्चायती व्यवस्थाविरुद्ध नलडेका होइनन् । ललितपुरस्थित इन्जिनियरिङ क्याम्पसमा

पढ्ने क्रममा अनेरास्ववियु (एकताको पाँचौं)को साधारण सदस्य भएर ०३६ सालमा सक्रिय रहेको आधिकारिक प्रमाणका आधारमा छतारा गाविस निवासी दलबहादुर शाह नै बाजुराको पहिलो कम्युनिस्ट भएको देख्न सकिन्छ । ०३६ सालमा नै 'अस्कल काण्ड'मा जुकोट गाविसनिवासी हिक्मतबहादुर शाहीको सहभागिता रहेको पाइन्छ । ०३७ सालमा काठमाडौंमा अध्ययन गर्ने क्रममा कुलदेवमाडौँ- ९ निवासी अशोककुमार शर्मा, मोहनलाल रेग्मी र पोखरामा अध्ययन गर्ने क्रममा ब्रमतोला- ९ निवासी जहरसिंह थापा कम्युनिस्ट आन्दोलनमा आबद्ध भएका अगुवा व्यक्तित्व हुनुहुन्छ । मोहनलाल रेग्मी साधारण समर्थक मात्र नभई नेपाल इन्जिनियरिङ क्याम्पस पुल्चोकमा अनेरास्ववियु प्रारम्भिक कमिटीको कोषाध्यक्ष पनि बनिसक्नुभएको थियो । उहाँ ०४१ सालको भदौमा १ महिनासम्म भद्रगोल जेल पर्नुभएको थियो भने ०४२ मा जाउलाखेल प्रहरी कार्यालयमा १५ दिन थुनामा पर्नुभएको थियो । अनेरास्ववियुको आठौं राष्ट्रिय सम्मेलनको प्रतिनिधिसमेत रहनुभएका रेग्मीको प्रेरणा र पहलकै कारण ०४३ मा काठमाडौं अध्ययन गर्न आएका नवागन्तुक युवा विद्यार्थीहरू अलि बढी सङ्ख्यामा अनेरास्ववियुमा गोलबन्द भए । अध्ययन पूरा गरी बाजुरा फर्किएपछि जहरसिंह थापाले स्थापना गरेको प्रगतिशील पुस्तकालयले युवाहरूलाई प्रगतिशील साहित्यतर्फ आकर्षित गरायो । ०४३ सालमा काठमाडौंमा अध्ययन गर्ने क्रममा कर्णबहादुर थापा, लालबहादुर थापा, जङ्गबहादुर थापा (ताप्रा), विजयकुमार शर्मा, कृष्ण बोगटी, जङ्गबहादुर थापा (मार्तडी), तुलाबहादुर थापा, गम्भीरसिंह गुरुङ, हिक्मतसिंह रावल, खड्क शाह, खड्कबहादुर रावत, दलबहादुर थापा, कुमार हिक्मत शाह, प्रेम रेग्मी, प्रदीप रेग्मीलगायतका युवा विद्यार्थीहरूले अनेरास्ववियुमा आबद्ध भई काठमाडौंमा बाजुरालाई चिनाएको पाइन्छ । ०४५ सालमा नेपाल ल क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनको सदस्यमा कर्णबहादुर थापा निर्वाचित भएपछि उक्त क्याम्पस नै बाजुराका विद्यार्थीहरूको केन्द्र बन्नपुग्यो । अनेरास्ववियुले नेपाल ल क्याम्पसमा गठन गरेको युथ लिगमा कर्णबहादुर थापा, लालबहादुर थापा र मीनबहादुर बिष्ट सङ्गठित भएको पाइन्छ ।

अध्ययन पूरा गरेर गृहजिल्ला बाजुरा गई व्यक्तिगत रूपमा कम्युनिस्ट सिद्धान्त र राजनीतिको प्रचारप्रसार गर्ने काम युवा विद्यार्थीहरूले जारी राखे । जनआन्दोलन ०४६ लगत्तै नेपाली काङ्ग्रेसले पञ्चहरूलाई आफ्नो पार्टीमा गोलबन्द गर्ने कामलाई तीव्रता दियो । आन्दोलनकारी दलहरूले ०४७ वैशाखमा मार्तडी, मौरे र कोल्टीमा संयुक्त आमसभाहरू आयोजना गरे । नेकपा (माले)को आधिकारिक प्रतिनिधि नभए पनि कर्णबहादुर थापा पार्टी प्रतिनिधिका रूपमा तीनवटै सभामा भाग लिनुका साथै गाउँगाउँमा सक्रिय रहनुभयो । यसरी व्यक्तिगत सक्रियता रहे पनि बाजुरामा कमिटी प्रणालीको आधिकारिक जग बसेको थिएन । ०४७ को जेठ अन्तिम सातातिर बाजुरा आइपुग्नुभएका तत्कालीन नेकपा (माले)का प्रतिनिधि एवम् सेती अञ्चल समन्वय कमिटी सदस्य मेघबहादुर बीसीले पहिलोपटक पार्टी कमिटी गठन गर्नुभयो । ब्रह्मतोला गाविसको ताप्रामा उहाँले गठन गरेको नेकपा (माले) जिल्ला पार्टी सक्रिय दलमा जहरसिंह थापा सचिव र सदस्यहरूमा चन्द्रबहादुर थापा, विजयकुमार शर्मा, मीनबहादुर बिष्ट, जङ्गबहादुर थापा र हिक्मतसिंह रावल हुनुहुन्थ्यो । सोही कमिटीले ०४७ को असारमा कर्णबहादुर थापालाई जिल्ला कमिटी सदस्य मनोनयन गरी उपसचिवको जिम्मेवारी दियो । त्यसअघि जिल्लामा रङ्गमान शाहीको नेतृत्वमा कम्युनिस्ट प्रचार समिति सक्रिय थियो । पार्टी सक्रिय दलको गठनपछि प्रचार समिति विघटन भयो । कर्मचारी सङ्गठन र शिक्षक सङ्गठनका अगुवाहरू विष्णु रेग्मी, प्रेम रेग्मी, ताराचन्द्र रेग्मी, ध्वजबहादुर उखडा, बृखलाल गिरी, डम्बरबहादुर थापा, तुलाबहादुर थापा, खड्कबहादुर शाह, जङ्गबहादुर थापा, गम्भीरसिंह गुरुङ, शुभराज उपाध्याय, राजबहादुर गिरी, रामबहादुर थापा, विष्णुबहादुर बिष्ट, रामप्रसाद पौडेल, अशोककुमार शर्मा, मोहनलाल रेग्मी, दलबहादुर शाह आदिको बाजुरामा कम्युनिस्ट आन्दोलनको जग बसाल्न महत्वपूर्ण भूमिका रह्यो ।

**नेपाली काङ्ग्रेसको उत्कर्ष कालको चरण**

०४५ को आमनिर्वाचन जहरसिंह थापा सचिव रहेको जिल्ला कमिटी सक्रिय दलको नेतृत्वमा सम्पन्न भयो । ०४७ असारमा बसेको सक्रिय दलको तेस्रो बैठकले बाजुराका ११ गाविसको जिम्मा उपसचिव कर्णबहादुर थापा र पश्चिमका १६ गाविसको जिम्मा सचिव जहरसिंह थापालाई दिएको थियो । कर्मचारीका रूपमा प्रतिष्ठित छवि बनाएका हिक्मतबहादुर शाहीलाई ०४७ को मध्यतिर पार्टीले सम्पर्क गरी सांसदको उम्मेदवार बनायो । निर्वाचनमा छोटो तयारीका बाबजुद एमाले १२ हजार ५ सय मत प्राप्त गरी निकटतम प्रतिद्वन्दी भयो । सुदूरपश्चिमका १९ वटै निर्वाचन क्षेत्रमा विजयी हुने क्रममा बाजुरामा नेपाली काङ्ग्रेस १७ हजार मत प्राप्त गरी विजयी बन्यो । सुदूरपश्चिमका अन्य निर्वाचन क्षेत्रको तुलनामा कम मतको अन्तरमा पराजित भएपछि बाजुरा एमालेले पराजयबाट हार खाएन, बरु जनताको बीचमा निरन्तर रहेर न्यायप्राप्तिको लडाइँ राख्दै सक्रिय भयो । कम्युनिस्ट आन्दोलनको विरुद्धमा फैलाइएका तमाम दुष्प्रचारहरू चिर्दै यही चरणमा पार्टी बजुरेली जनताको आशा, भरोसा र विश्वासको केन्द्र बन्दै गयो ।

०४८ जेठ २१ गते सेती अञ्चल समन्वय कमिटीका सदस्य जगतबहादुर बोगटीको उपस्थितिमा जिल्ला पार्टी सक्रिय दलको बैठक बसी जिल्ला कमिटी पुनःगठन गरियो । कमिटीको सचिव हिक्मतबहादुर शाही, उपसचिव कर्णबहादुर थापा र सदस्यहरूमा रङ्गमान शाही, चन्द्रबहादुर थापा, कालीबहादुर शाही, दिलबहादुर रावत, अजबहादुर मल्ल, पदमलाल बोहरा, रामलाल कार्की, मीनबहादुर बिष्ट र गणेशबहादुर रोकाया रहनुभयो । यही कमिटीको नेतृत्वमा एमालेका अध्यक्ष र उपाध्यक्षसहितको प्यानल ब्रह्मतोला, मार्तडी, गोगी, वार्ड, जुकोट, जगन्नाथ, सापाटा, बाँधु, कोल्टी, रुगिव र विच्छया गरी जम्मा ११ गाविसमा बहुमत सिटमा विजयी भयो । ०४९ को जिल्ला विकास समितिको निर्वाचनमा एमालेले चन्द्रबहादुर थापालाई सभापति र जयबहादुर कार्कीलाई उपसभापतिको उम्मेदवार बनायो तर पराजय ब्यहोर्नुपर्‍यो । उक्त निर्वाचनमा एमालेका तर्फबाट इलाका नं. २, ३ ४ र ५ बाट क्रमशः पूर्णबहादुर बिष्ट, नरजीत बूढा, अजबहादुर मल्ल र गगनबहादुर बोहरा जिविस सदस्यमा निर्वाचित हुनुभयो । केन्द्रमा नेपाली काङ्ग्रेसको एकमना सरकार र जिल्ला विकास समितिमा पनि

उसकै बहुमतसहित सभापति र उपसभापति रहेको यस कालमा काङ्ग्रेसीकरणका प्रयत्नहरू निकै भए । कर्मचारी, शिक्षक नियुक्ति, अन्य राजनीतिक नियुक्ति र सरुवा-बढुवासमेत एकपक्षीय रूपमा गर्ने क्रम निरन्तर रूपमा अघि बढ्यो । कर्मचारीतन्त्रभित्रको सामन्ती, घुसखोरी र गरिबमारा तत्वसँग नेपाली काङ्ग्रेसको मिलिभगत बाजुरेली जनताको शोषण, दमनबाट उन्मुक्तिको चाहना र जनजीविकाको लागि प्रमुख बाधक बन्यो । कर्मचारी प्रशासन, सुरक्षा अङ्ग र न्यायालयसमेतलाई प्रभाव पारी वामपन्थी आन्दोलनलाई निस्तेज पार्ने प्रयत्नले सुदूरपश्चिममा सघन पारियो । यसरी बहुदलभित्रै निर्दलीय अभ्यास गर्नु नेपाली काङ्ग्रेसको गम्भीर गल्ती थियो । यही बीचमा केन्द्रमा गणेशमान सिंह र गिरिजाप्रसाद कोइरालाबीच खटपट सुरु भयो । अनि नेपाली काङ्ग्रेसको छत्तीसे र चौहत्तरे गुटको उदय भयो । बाजुराबाट प्रतिनिधित्व गर्ने सांसद देवराज जोशीले छत्तीसको तर्फबाट प्रतिनिधिसभामा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा मागेको केही महिनापछि प्रतिनिधिसभा भङ्ग भई मुलुकमा मध्यावधि निर्वाचन हुने भयो । दासढुङ्गा हत्याकाण्ड, टनकपुर सन्धि विवाद, महँगी, भ्रष्टाचार, सुकुम्बासी समस्या र किसान आन्दोलनको उठान गरेर जनउभार सिर्जना गरेको नेकपा (एमाले) ०५१ को मध्यावधि निर्वाचनमा प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल बनेपछि नेपाली काङ्ग्रेसको उत्कर्ष काल समाप्त भयो । बाजुरामा पनि नेकपा (एमाले)का तर्फबाट हिक्मतबहादुर शाही २१ हजार मत प्राप्त गरी विजयी हुनुभयो ।

**एमालेको उत्कर्ष काल**

०५१ असारमा सम्पन्न बाजुरा एमालेको प्रथम सम्मेलनले हिक्मतबहादुर शाही सचिव र तेजबहादुर शाह उपसचिव रहेको जिल्ला नेतृत्व चयन गऱ्यो । तर, मध्यावधि चुनावमा हासिल गरेको विजयले कमिटीमा विद्यमान ठूलठूला कमजोरीलाई छोपिदियो । रङ्गमान शाही, कालीबहादुर शाही, जङ्गबहादुर बुढा, नरेन्द्रराज गिरी, नन्दराम पण्डित, विष्णु थापा, लालबहादुर खड्का, दिलबहादुर बूढा, मीनबहादुर बिष्ट, अर्जुन रोकाया र नरबहादुर विक सदस्य रहेको त्यही जिल्ला कमिटीले केही समयअघि मात्र पढाइ सिध्याएर जिल्ला भित्रिएका लालबहादुर थापालाई सदस्यमा मनोनित गऱ्यो । उहाँलाई छ महिनापछि सचिव र आठ महिनापछि जिविस सभापति बनाइयो । ०५४ को स्थानीय निर्वाचनमा बाजुरेली जनताले आशा, भरोसा र विश्वासको केन्द्र एमालेलाई ठानेर अभूतपूर्व समर्थन गरे । यसअघिका निर्वाचनमा सुरक्षा संयन्त्रलाई दुरूपयोग गरेर नेपाली काङ्ग्रेसले चुनाव जित्ने बिहारी शैली अवलम्बन गर्दथ्यो । तर, जनसमर्थन अपार भएकाले यसपालि एमालेले बाजुराका २७ गाविसहरूमध्येमा १५ गाविसमा जित्ने आधारहरू थिए र जित्यो पनि । चुनावलाई निष्पक्ष र धाँधलीरहित पार्ने कुरामा त्यतिबेला एमाले चुकेकै कारण ०५६ को निर्वाचनमा नेपाली काङ्ग्रेसले बदला लिन अपनाएको बिहारी शैलीका कारण एमाले चार हजारभन्दा कम मतको अन्तरले ५३ स्थानमा पराजित भई बहुमत प्राप्त गर्नबाट बञ्चित हुनुपऱ्यो भने माओवादीको हमास शैलीका कारण चार हजारभन्दा कम मतको अन्तरले ६२ स्थान गुमाई संविधानसभामा तेस्रो दल हुन बाध्य हुनुपऱ्यो । ०५४ मा एमालेले दहकोट, मनाकोट, मार्तडी, बुढीगङ्गा, ब्रह्मतोला, पाण्डुसैन, कोल्टी, ग्नोत्री, जगन्नाथ, वाई, जुकोट, सापटा, बाँधु, रुगिन र विच्छ्या गाविसमा जित्यो । जिविस निर्वाचनमा पनि एमाले उम्मेदवार लालबहादुर शाह सभापति र रङ्गमान शाही उपसभापतिमा विजयी हुनुका साथै जिविसमा एमाले बहुमत प्राप्त गर्न सफल भयो । इलाका १, २, ३, ४, ५ र ८ बाट क्रमशः बुद्धसिंह थापा, कालीबहादुर शाही, नरजीत बूढा, अजबहाुर शाह, गगन बोहरा र बलवान थापा विजयी भए । ०५४ साल फागुन २१ गते भएको पार्टी विभाजनको कारण स्थानीय निकायहरूलाई जनजीविकाको पक्षमा उपयोग गर्न सकिने सुन्दर अवसर गुम्यो । लालबहादुर थापा जिविस सभापति बन्नुअघि नै तेजबहादुर शाह सचिव र रामलाल कार्की पार्टीको उपसचिव हुनुभयो । तर, पार्टी विभाजन हुँदा पार्टी एकताको पक्षमा एकजना सदस्य लालबहादुर खड्काबाहेक अरू कोही पनि उभिएनन् । त्यसपछि एक कार्यकर्ता भेलाले पृष्ठभूमिमा ०४५ देखिका चुनाव, आन्दोलन र साह्रोगारोमा बाजुरा एमालेबाट टाढा नभएका कर्णबहादुर थापा सचिव र दयालबहादुर शाही उपसचिव रहेको जिल्ला सङ्गठन कमिटी ०५४ फागुन २९ गते गठन गऱ्यो । सुविधाको पदमा तिमी बस, जनतालाई दुःख नदेऊ, इमानदार भई जनताको सेवा गर भन्ने युवा कमरेडहरू पार्टी शून्य भएपछि आफ्नो उच्चशिक्षा अध्ययन गर्ने धोको अधूरै छोडी जीवनमरणको दोसाँधमा पुगेको पार्टी एमालेको उद्धारमा जुटे । ०५० को दासढुङ्गा हत्याकाण्ड, नौमहिने शासन देखी नसहेर गरिएको ०५२ भदौ १२ को अदालतको 'कु'ले मात्र नपुगेर देशी-विदेशी प्रतिक्रियावादीको इसारामा पार्टी टुक्र्याइएको यथार्थ जनसमक्ष बताउँदा बाजुरेली जनसमुदायको अथाह सहानुभूति एमालेले प्राप्त गऱ्यो । यद्यपि, ०४८ पछि तयार भएका ८० प्रतिशत अगुवा कार्यकर्ता, सांसद, सभापति, उपसभापति र बहुमत जिविस सदस्य, १० गाविसका अध्यक्ष र उपाध्यक्षलगायत जनप्रतिनिधिहरू फुटको चक्रव्यूहमा पर्दा पनि न्यायप्रेमी बाजुरेली जनसमुदायले भने, 'हामी कमरेड मनमोहनलाई छोड्दैनौं । मदनका सपनालाई साकार पारिछाड्छौं । सूर्य छोड्ने कुरा होइन । अग्लो ठाउँमा लाग्ने, होचो ठाउँमा लाग्ने, मन्दिरमा लाग्ने र फोहोर गरेका ठाउँमा पनि लाग्ने सूर्य वास्तवमा न्याय र समानताको प्रतिमूर्ति हो । हामी जस्ताको तस्तै छौं । खै कहाँ फुट्यौं भनेर दृढतापूर्वक एमालेकै पक्षमा उभिए ।'

बाजुरा एमालेको अस्तित्व नै सङ्कटमा परेको बेला सङ्गठन कमिटीका सचिव, उप-सचिवसहित सदस्यहरू लालबहादुर ओली, लालबहादुर खड्का, डम्बर महत, चन्द्रबहादुर थापा, जयबहादुर थापा, वीरबहादुर बूढा, गगनबहादुर बोहरा, मीनबहादुर बिष्ट, भक्तबहादुर थापा, देवबहादुर थापा, पूर्णबहादुर बिष्ट र अजबहादुर मल्ल अहोरात्र खटी चरम कटुताको सामना गर्दै दोस्रो जिल्ला अधिवेशनमा जुटे । बाजुरामा देखापरेको फुटको राजनीतिलाई जरैदेखि उखेली वैचारिक, राजनीतिक र साङ्गठनिक जगमा पार्टीलाई उभ्याउने काम यसै सङ्गठन कमिटीले अघि बढायो । र, जिल्लामा अर्को वाम घटकसँगको विवाद र टकरावको पहिलोपटक सामना गर्दै ०५५ जेठ २८ र २९ गते दोस्रो जिल्ला अधिवेशन भव्यताका

साथ सम्पन्न गऱ्यो । अधिवेशनले कर्णबहादुर थापा सचिव र दयालबहादुर शाही उपसचिव रहेको जिल्ला कमिटी सर्वसम्मतिले छान्यो । लालबहादुर खड्का, पूर्णबहादुर बिष्ट, डम्बर महत, मीनबहादुर बिष्ट, भक्तबहादुर शाह, पदमबहादुर थापा, वीरेन्द्र रोकाया, अजबहादुर मल्ल, रामलाल बोगटी, दिलबहादुर रोकाया, देवबहादुर साउद, धनबहादुर राउत, भाने बूढा, वीरबहादुर बूढा सदस्य छानिनुभयो । सोही कमिटीकै नेतृत्वमा इलाका, गाउँ र वडासम्म कमिटीहरू गठन गर्ने काम सघन रूपमा अघि बढ्यो ।

यसैबीचमा, ०५६ जेठ ४ गते हुने निर्वाचनमा एमालेले कर्णबहादुर थापालाई उम्मेदवार बनायो । केन्द्रमा नेपाली काङ्ग्रेसको नेतृत्वमा सरकार रहेको र जिल्ला सरकार नेकपा (माले)को नेतृत्वमा रहेको अवस्थामा मातृभूमिका लागि उपवास बस्नसक्ने निर्लोभी युवाहरू सत्यको पक्षमा दृढतापूर्वक उभिएर सक्रिय रहे । अन्य पार्टीका प्रचार टोलीहरू गाउँमा पुग्दा ठेकेदार, उपभोक्ता समिति आदिको सत्कार पाइरहेका एमालेका आस्थाका इस्पातहरूले चिउरा र खाजा पनि नपाएर भोकभोकैजस्तो भविष्यको लडाइँ लडे । तर, पार्टी विभाजनको असरका कारण नेपाली काङ्ग्रेसका उम्मेदवार जनकराज गिरी २३ हजार १ सय २९ मत प्राप्त गरी विजयी बने । पार्टी कार्यकर्ताहरूको महत्वपूर्ण हिस्सा गुमाए पनि ११ हजार ६४ मत प्राप्त गरी नेकपा (एमाले) निकटतम प्रतिद्वन्द्वी बन्यो । मालेका उम्मेदवार हिक्मतबहादुर शाहीले ९ हजार १ सय १० मत प्राप्त गरे । नेपाली काङ्ग्रेसले तोली, कैलाशमाडौं, गुदुखाली, रुगीन, कोटिला र जगन्ननाथका बुथ कब्जा गऱ्यो भने मालेले पनि जुकोट, सापाटा र गोत्रीमा बुथ कब्जा गरेको थियो । यसैगरी, काङ्ग्रेस-माले मिलीभगतका कारण ब्रह्मतोला, बाह्रबीसे, कोल्टी र मार्तडीजस्ता एमालेको सघन प्रभाव भएका गाविसमा किचलो भई कम मत खस्ने स्थिति सिर्जना गरियो ।

पार्टी विभाजनबाट पाठ सिक्दै बाजुरा एमालेले पहिलेको तीक्ततातर्फ लागेका सहकर्मीसँग छलफल चलाउने नीति लियो । सांसद छउञ्जेल सम्मान दिए पनि सो पद नरहेपछि खालि रहेका हिक्मतबहादुर शाहीसहितको समूहलाई एमालेमा फर्काउने पहलकदमीस्वरूप ०५७ साल साउन ५ गते जुकोट- ५ स्थित हिक्मबहादुर शाहीको घरमा भएको वार्ता सफल भयो । त्यही वर्ष कार्तिकको अन्तिम सातामा सचिव कर्णबहादुर थापा र जिल्ला कमिटी सदस्य ताराचन्द्र रेग्मीले गरेको जुकोट भ्रमणले उहाँहरूको टाढिएको दूरीलाई घटाउने काम गऱ्यो । अन्ततः ०५८ जेठ १९ गते पार्टीको तत्कालीन सङ्गठन विभाग प्रमुख अमृतकुमार बोहराको नेतृत्वमा आत्मालोचनासहित हिक्मतबहादुर शाहीलाई एमालेमा प्रवेश गराउनुभयो । र, जिल्ला कमिटी सदस्यमा त्यसलगत्तै हिक्मतबहादुर शाही, कालीबहादुर शाही, अजबहादुर मल्ल र मनबहादुर बिष्टलाई मनोनित गरियो । सोही कमिटीले ०५८ असोज २६ र २७ गते तेस्रो जिल्ला अधिवेशन सम्पन्न गऱ्यो, जसले दयालबहादुर शाहीलाई सचिव र मीनबहादुर बिष्टलाई उपसचिव चयन गर्नुका साथै कर्णबहादुर थापा, हिक्मतबहादुर शाही, तेजबहादुर शाह, अजबहादुर मल्ल, कालीबहादुर शाही, ताराचन्द्र रेग्मी, मनीराम थापा, गगनबहादुर थापा, मनबहादुर बिष्ट, लोकेन्द्र हमाल, गगनबहादुर बोहरा, चन्द्रबहादुर थापा, पूर्ण अधिकारी र वीरेन्द्र रोकायालाई अधिवेशनले सदस्यमा चयन गऱ्यो । यसैबीच, नवनिर्वाचित जिल्ला कमिटीले ब्रह्मतोला, कुलदेवमाडौं, जुकोट, जगन्नाथ, वाई, बाँधु र कोल्टी गाउँ कमिटीका अधिवेशन र वडा कमिटी पुनःगठन अभियान तीव्र पाऱ्यो । ०५८ मंसिर ८ गते देशमा सङ्कटकाल घोषणा भइरहँदा एमाले बाजुरेली जनताको घरदैलोमा सक्रिय थियो । त्यसै अवस्थामा नेपाली काङ्ग्रेस केन्द्रमा र नेकपा (माले) चाहिँ जिविसको कार्यालयमा सीमित थिए । तर, नेकपा (एमाले)को दुर्भाग्य के भइदियो भने जिल्लास्तर गड्बडी थान्को लाग्छन्, केन्द्रबाट हुन्डरीले सङ्कट आइपुग्छ । जब केन्द्र सही ठाउँमा उभिन्छ, जिल्लामा आफ्नै किसिमको समस्याले विकराल रूप लिन्छ । सङ्कटकाल घोषणाको समयमा नवनिर्वाचित जिल्ला कमिटी सेना र माओवादीबाट हुनसक्ने दोहोरो मारबाट जनसमुदाय र कार्यकर्तापङ्क्तिलाई बचाउन प्राण हत्केलामा राखेर सक्रिय रहेको बेला बाजुरामा गड्बडी प्रकट भयो । त्यसपछि बाजुरा जिल्ला कमिटीका निर्वाचित सचिव दयालबहादुर शाही र उपसचिव मीनबहादुर बिष्टलाई हटाई अञ्चल कमिटीले तेजबहादुर शाह सचिव र ताराचन्द्र रेग्मीलाई उपसचिव तोक्यो । माओवादी र राजावादी उग्रपन्थीहरूले अराजकतावादी एवम् अधिनायकवादी भुइँचालो ल्याउने सङ्केत देख्दादेख्दै ०५६ को चुनावमा एमालेलाई हिरो पार्न सक्रिय नेताकार्यकर्ताहरूको गुनको बदला बैगनुले दिने काम भयो । परिणामस्वरूप, देशभरिका इस्पातहरूमाथि प्रतिशोध तीव्र पार्ने क्रममा बाजुरा एमालेले पनि दुर्भाग्य भोग्नुपऱ्यो । त्यसपछि ०६२ सम्मका महत्वपूर्ण चार वर्ष बित्नपुगे । अवसरवादीहरू राजावादी र माओवादी कित्तामा जाने प्रतिस्पर्धा गर्नथाले ।

त्यसै स्थितिमा ०६२ मंसिर १४ र १५ गते सम्पन्न जिल्ला अधिवेशनमा कार्यकर्ताहरूले कर्णबहादुर थापालाई सचिव चयन गरे । उक्त अधिवेशनबाट उपसचिवमा कालीबहादुर शाही चुनिनुभयो भने सदस्यहरूमा चन्द्रबहादुर थापा, लालबहादुर थापा, प्रकाश शाह, नन्दबहादुर शाही, तेजबहादुर शाह, अजबहादुर मल्ल, बसुन्धरा रोकाया, राधिका बोहरा, बलदेव रेग्मी, मानबहादुर कार्की, मजबहादुर बिष्ट, लोक जे हमाल, गगन थापा, रङ्ग रावल, भरतबहादुर थापा र वीरेन्द्र रोकाया चयन हुनुभयो । त्यस कमिटीले नेकपा (माओवादी)को सम्भावित चकचकीलाई दह्रो चुनौती दिने सतर्कता अपनायो । नेकपा (माओवादी)ले यसअघि नै पार्टी उपसचिव ताराचन्द्र रेग्मीको कायरतापूर्वक हत्या गरिसकेका थिए भने मीनबहादुर बिष्ट एमालेविरुद्धको शिखण्डी भइसकेका थिए । साथै, एउटा हुल राजाको कदममा लाग्यो र ऊ पुनः पार्टी एकताका साथ वैचारिक, राजनीतिक र साङ्गठनिक काममा अघि बढ्न सकेन । परिणामस्वरूप संविधानसभाको निर्वाचनमा एमाले उम्मेदवार कर्णबहादुर थापा १८ हजार ५ सय मत प्राप्त गरेर पनि झिनो मतको अन्तरले काङ्ग्रेस उम्मेदवार देवराज जोशीबाट पराजित हुनुपऱ्यो । नेपाली काङ्ग्रेसले गुदुसाती, तोलीलगायतका गाविसमा धाँधली गऱ्यो भने एनेकपा (माओवादी)ले रुगनी, विच्छ्या, सापटा, गोत्री, जगन्नाथ र कोटिलाजस्ता एमाले सघन प्रभाव भएका गाविसमा

धाँधली गरेर काङ्ग्रसको सहयोगीको काम गरिदियो । यसरी १३ हजार मत पाएर एनेकपा (माओवादी) बाजुरामा तेस्रो स्थानमा सीमित भयो । १८-१८ हजार मत पाउने सुदृढ पार्टी एमाले र काङ्ग्रेस भएको जिल्लामा माओवादीले प्राप्त गरेको ५० प्रतिशत मत धाँधलीको थियो भने अरू जिल्लामा धाँधलीको प्रकृति कस्तो थियो होला ?

चुनाव भिनो मतले हारेपछि बाजुरा एमाले स्वयम् अन्तरिम विवादमा फस्यो । तत्कालीन वैकल्पिक स्थायी समिति सदस्य अशोककुमार राई केन्द्रीय प्रतिनिधि भएपछि त्यो विवादको अन्त्य भयो । तर, गुट र फुटको १६ वर्ष लामो कहालीलाग्दो अभ्यासबाट बाजुरा एमालेले पार पाउने सार्थक प्रयत्न ०६६ मंसिर २२ देखि २६ गतेसम्म सम्पन्न पाँचौं जिल्ला अधिवेशनमा आएर साकार भएको छ । उपसचिवबाहेक सम्पूर्ण ६८ सदस्यीय जिल्ला कमिटी निर्विरोध हुनु बाजुरा एमालेको महामेलको सफल अभ्यासको परिणाम हो । बिहानीले दिउँसोलाई सङ्केत गर्दछ । १६ वर्षयताका घातप्रतिघातमाथि विजय प्राप्त गर्ने बाजुरा एमालेको अभ्यासले यसको सुरो र दह्रो चरित्रलाई बल पुऱ्याउने र दुई सशक्त प्रतिद्वन्द्वी नेपाली काङ्ग्रेस र एनेकपा (माओवादी)का खतरालाई सजिलै टार्ने आत्मविश्वास कार्यकर्तापङ्क्ति र न्यायप्रेमी जनसमुदायमा बढाएको छ । अध्यक्ष प्रकाश शाह, उपाध्यक्ष रङ्गमान शाही, सचिव बलदेव रेग्मी, उपसचिव बसुन्धरा रोकायासहित हिक्मतबहादुर शाही, कालीबहादुर शाही, नन्दबहादुर शाही, चन्द्रबहादुर थापा, वीरबहादुर शाही, दयालबहादुर शाही, रामलाल कार्की, लाकजे हमाल, लालबहादुर थापा, जनकबहादुर बोहरा, पुरबहादुर रावत, नरेशकुमार शाही, जनकबहादुर बिष्ट, जङ्गबहादुर बूढा, गगन थापा, अजबहादुर मल्ल, धनबहादुर विक, साइमल ल्वार, प्रताप आउजी, कालीबहादुर मल्ल, मनबहादुर बिष्ट, वीरेन्द्र रोकाया, कलबहादुर सिंह, लालबहादुर कार्की, तुलसी रोकाया, रामबहादुर बानियाँ, सुरेन्द्रजङ्ग शाही, जङ्गबहादुर बिष्ट, मानबहादुर कार्कीलगायत ६८ जनाको मिलेको र जुटेको यो जिल्ला कमिटी शोषितपीडित जनसमुदायको आशा र भरोसाको केन्द्रका रूपमा रहेको छ । सङ्घीय गणतन्त्र र लोकतन्त्र नेपालको रक्षा र जनआन्दोलनका उपलब्धिहरूको वैधानिकीकरण र दस्तावेजीकरण गर्नुपर्ने वखत यसअघिका सबल र सशक्त मातहत कमिटीको सर्त बाजुरा एमालेले पालना गर्ने जनअपेक्षा रहेको छ ।
❑

# युद्धको राजनीतिले भन् पछाडि पारेको पीडा

**❑ चित्रसिंह गाउँले**

निरङ्कुश पञ्चायती शासनको अन्त्यपछि भर्खरमात्र प्रतिस्पर्धात्मक बहुदलीय राजनीतिक व्यवस्थासँग सुशासनको सुभारम्भ भएको कालीकोटमा २०५२ फागुनदेखि नै माओवादीले हिंसात्मक सङ्घर्ष सुरुआत गऱ्यो । केही मुट्ठीभर व्यक्तिहरूले यस जिल्लाको गरिबी, सामाजिक, शैक्षिकलगायत हरेक क्षेत्रमा पछाडि पारिएको अवस्थालाई सदुपयोग गर्नसके माओवादी पार्टी विकसित हुनसक्छ भन्ने ठानी त्यस बाटोमा अग्रसर भए । माओवादी गतिविधिको हावा फैलिन थालेदेखि नै कालीकोटबासीको भोक-निद्राहरण हुने क्रम थालनी भयो । नेपाली काङ्ग्रेस र राप्रपाजस्ता पुँजीवादी पार्टीहरूबाट गरिँदै आएको शोषण-दमनको अन्त्य गर्दै कम्युनिस्टहरूबाट मात्र नेपाली जनताको मुक्ति हुन्छ भन्ने छाप यस जिल्लाबासीमा पारिसकेको नेकपा (एमाले)लाई माओवादी गतिविधिले निकै क्षति पुऱ्यायो ।

०५१ को मध्यावधि निर्वाचनमा यस जिल्लामा पहिलोपटक एमालेलाई जिताएका कालीकोटबासी नौमहिने (एमाले) नेतृत्वको लोकप्रिय सरकारबाट जिल्लाको विकास निर्माणमा तीव्रता आउन थालेपछि ०५१ को मध्यावधि निर्वाचनमा यस जिल्लामा पहिलोपटक एमालेलाई जिताएका कालीकोटबासी नौमहिने (एमाले) नेतृत्वको लोकप्रिय सरकारबाट जिल्लाको विकास निर्माणमा तीव्रता आउन थालेपछि सुखका दिन फर्केको महसुस गर्नथालेकै समयमा यस जिल्लामा हिंसाको हिमायती पार्टी खुल्यो । काङ्ग्रेस, राप्रपा, नेमकिपाजस्ता पार्टीका क्रियाकलापबाट नेकपा (एमाले)ले नै जनतालाई मुक्ति दिलाइरहेको, भोकमरीमा पिल्सिरहने अवस्थाबाट छुटकारा दिलाउन गाउँगाउँमा हेलिकोप्टरबाट सरकारी अनुदानप्राप्त चामल ढुवानी भइरहेको, हरेकखाले विकृति र विसङ्गति अन्त्य हुन थालिसकेकोमा माओवादी पार्टीले मात्र जनताको मुक्ति गर्छ ठान्नु भ्रम थियो । नौमहिने शासनकालमा जिल्लाको पादमघाट, थिर्पू र खल्लागाडमा खाद्यान्न डिपो स्थापना गरियो । प्रत्येक गाविसमा विद्यालय, खानेपानी, बाटोघाटोलगायतका जनताका आवश्यकताहरू परिपूर्ति गरिन थालेपछि अन्य कम्युनिस्ट पार्टी छाडेर समूहगत रूपमा नेकपा (एमाले)मा प्रवेश गर्ने क्रम चल्न थालेको थियो । त्यसै समयमा माओवादी पार्टीबाट विध्वंसपूर्ण राजनीति सुरुआत गरिँदा जिल्लामा जनतालाई माओवादी बेगरको पार्टीमा आस्था राख्न नपाउने अवस्था सिर्जियो । माओवादीबाट विचार र सिद्धान्तको राजनीतिभन्दा पनि प्रतिशोधको राजनीतिक लाद्ने काम थालनी भयो । पञ्चायतमा भैं सङ्कीर्ण र निषेधकारी ज्ञान सिद्धान्तको रूपमा

जिल्लाका गाउँघरमा प्रशिक्षित गर्न थालियो । विशेषगरी, दलितहरूको अगुवाइमा जातीय रूपमा नारा चर्काएर युद्धलाई अगाडि बढाउने कार्य भयो । यसले गर्दा जिल्लामा राज्य र माओवादी दुवै पक्षबाट गरी ५३९ जनाको अनाहकमा जीवनहरण भयो भने जिल्लाको जनसंख्याको ठूलो हिस्सा विस्थापित हुनपुग्यो । जिल्ला प्रशासन कार्यालय कालीकोटबाट दुई सय ५२ घर परिवारले विस्थापितबापत्को राहत बुझेको पाइन्छ तर खास विस्थापित संख्या यसभन्दा अझै बढिरहेको छ । अङ्गभङ्ग भई अर्धमृतकको जीवन बिताइरहेकाहरू थुप्रै छन् । सार्वजनिक धनसम्पत्तिको क्षति २ अर्बभन्दा बढी रहेको छ । व्यक्तिगत सम्पत्तिको लुटपाट कतिसम्म गरिएको छ भन्ने यकिन हुनै नसक्ने अवस्था छ ।

काङ्ग्रेस, राप्रपाजस्ता पुँजीवादी पार्टीबाट कैयौं अफवाह फैलाउने गरिंदा पनि तिनलाई पन्छाएर जनताको मन जित्न सफल भएकै कारण माओवादी प्रभावकै बीचबाट ०५४ को स्थानीय निकाय निर्वाचनमा जिल्लाका ३० मध्ये एमालेले १८ वटा गाविसमा विजय हाँसिल गऱ्यो । ०५६ को मध्यावधि निर्वाचनमा पार्टी विभाजन भएकै अवस्थामा पछि जनताले नेकपा (एमाले)लाई विजयी गराए । जिल्लामा एमालेको नेतृत्वमा जनताको पक्षमा आन्दोलन नै क्षति पुऱ्याउने गरी अघि बढ्यो । माओवादीहरूलाई ज्यादतीपूर्ण घटना बढाउने र भौतिक आक्रमणमा अग्रसर हुने कुरामा नेपाली काङ्ग्रेसले विशेषगरी मलजल गर्ने काम गर्दै आयो । 'जुत्ता लगाई तुना कसौं, बन्दुक समाई जङ्गल पसौं' भन्ने नाराका साथ बलपूर्वक सत्ताकब्जाको नीतिमा उद्यत् माओवादीका ज्यादतीपूर्ण क्रियाकलापबाट जनधनको क्षति र हरेक क्षेत्रमा असर परेको छ ।

**हिंसात्मक युद्ध र ज्यादतीपूर्ण घटना**

तत्कालीन जनमोर्चा र हाल एकीकृत माओवादीले सशस्त्र युद्धतर्फ अग्रसर हुने उद्घोषका साथ काङ्ग्रेस सरकारसमक्ष केन्द्रमा ४० सूत्रीय मागहरू प्रस्तुत गरेदेखि नै कालीकोटमा संसदीय व्यवस्थाबाट नभई 'जनयुद्ध'बाट अघि बढ्नुपर्छ भनेर केही व्यक्तिहरू लाग्नथालेका थिए ।

तत्कालीन समयमा कोटवाडा माविका शिक्षक सिंहराज शाही (माल्कोट) माल्कोट प्राविका शिक्षक खड्कबहादुर विश्वकर्मा (माल्कोट) र रमेशकुमार बिष्ट (माल्कोट)ले ०५२ फागुन १ गतेबाटै भूमिगत भई पार्टी गतिविधि बढाउनथाले । खड्गबहादुर विक हाल माओवादी सभासद् तथा पोलिटब्युरो सदस्य रहेका छन् भने बिष्ट माओवादी भेरी-कर्णाली राज्य समितिमा र शाही पुनःगठित नेकपा (माओवादी, मातृका यादव) समूहमा संलग्न छन् । विशेषतः तीनजना नेता ती पनि माल्कोट गाविसबाटै लागेको हिंसात्मक राजनीतिको डढेलोले सिङ्गो कालीकोट जिल्लालाई ध्वंस गर्न काम गऱ्यो । यतिमात्र नभई सिङ्गो कर्णाली अञ्चलमै युद्धका गतिविधिको विस्तार कालीकोटबाटै भयो । वि.सं. १८४६ मा नेपाल एकीकरण अभियानको क्रममा जुम्ला सिन्था राज्यमाथि विजय हासिल गर्नुपूर्व जुम्लाकेन्द्रित विकासले गर्दा कालीकोट जिल्ला निकै पछाडि रहेको, त्यसपछि पनि राजनीतिक नेतृत्वमा कालीकोटका व्यक्तिले कर्णालीको नेतृत्व गरे पनि कालीकोटमा हरेक समस्या ज्यूँका त्यूँ रहेको भन्दै माओवादीहरू जिल्लाबासीलाई 'सपनाका तारा' बाँड्दै हिँड्न थाले । 'तराईका पहाड, पहाडका तराई, गोठालो मन्त्री, मन्त्री गोठालो' हुनुपर्ने अवस्था आउनेछ भन्ने सपना बाँड्ने माओवादी क्रियाकलापले सोझासिधा गरिब युवाहरू कठीन तथा विनासकारी युद्धको बाटोमा लम्के ।

त्यसैक्रममा माओवादीबाट यस जिल्लामा पहिलो लुटपाटको घटना कुमालगाउँ गाविस- ५ का मणिराम भट्टराईको घरबाट सुरु गरियो । गाविस सचिव रहेका काङ्ग्रेस समर्थक भट्टराईको घर ०५४ माघ ३० गते माओवादीले लुटे । सुरुमा लुटपाटबाट अघि बढेको राजनीति ०५४ साल चैत २६ गतेबाटै ज्यादतीको मार्गमा अग्रसर भयो । त्यसक्रममा जिल्लामा पहिलो रक्तपातपूर्ण अमानवीय घटना माल्कोट गाविसको पिथेडाँडामा घटाइयो । कुमालगाउँ गाविसबाट गएको प्रहरी गस्ती टोली र माल्कोट गाविसका महिलाबीच त्यस दिन सोही गाविसको चौथामा भएको झडपले भीडन्तकै रूप लियो । त्यस घटनामा एकजना प्रहरीको मृत्यु र एकजना कोटवाडा गाविस- ७ का माओवादी कार्यकर्ता कालो विकको गोली लागी मृत्यु भयो । माओवादीले एउटा राइफल र एक पिस्तोल कब्जामा लिए भने प्रहरीलाई भीरबाट ढुङ्गा खसाली मार्ने प्रयास माओवादीले गरे । त्यतिमात्र नभई भिरमा लुकेको अवस्थामा मेलामा आगो लगाई जलाएर मार्ने अमानवीय कार्य पनि गरियो ।

त्यतिखेरको त्यस घटनाबाट कालीकोट निरन्तर अमानवीय रक्तपातलाई डोरिन पुग्यो र त्यसबाट अन्य राजनीतिक दलहरूप्रति आस्था राखेका कारण र चन्दा नदिएकै कारण जीवन गुमाउनुपर्ने क्रम सुरु भयो । यसरी माओवादीबाट विचार र सिद्धान्तभन्दा बललाई प्रमुख ठानी अघि बढाइएको खुकुरी, बञ्चरो र भाटे कारबाहीको राजनीतिबाट हाम्रो पार्टीका निम्न होनाहार कमरेडहरूले समेत सहादत प्राप्त गर्नुपऱ्यो ।

**पर्वलाल शाही**

माओवादी कार्यकर्ताले आफूलाई कम्युनिस्ट पार्टीका कार्यकर्ता ठान्ने गरे पनि उनीहरू वैचारिक रूपमा खण्डन-मण्डन गरेको सहन सक्दैनन् भन्ने कुरा कमरेड पर्वलाल शाहीलाई थाहा थियो । त्यति मात्र नभई आफ्नो पार्टीलाई भनेजति चन्दा दिने, तिम्रै पार्टी ठिक छ भनेर घरबाट एक न एक सन्तान भूमिगत गराइदिए कट्टर राजावादीको पनि उनीहरू सेवा गर्छन् भन्ने उहाँलाई राम्रै ज्ञान नभएको होइन । कालीकोट जिल्ला छाप्रे गाविस- ४ का कमरेड शाहीले यी सबै कुरा थाहा पाउँदा-पाउँदै पनि नेकपा (एमाले)को झन्डालाई झुक्न सङ्गठनलाई खुम्चिन नदिएका कारण माओवादीबाट अमानवीय ढङ्गले शरीर टुक्रा-टुक्रा पारेर मारिनुभयो । ०५४ सालको स्थानीय निर्वाचनमा गाविस अध्यक्षमा निर्वाचित जनता र पार्टीका लोकप्रिय कार्यकर्ता ६८ वर्षीय वृद्ध शाहीलाई घरमा सुतिरहेको अवस्थामा उठाएर लछार-पछार गर्दै ०५७ फागुन

१३ गते तिला नदीको छालमा हत्या गरे । ०५५ साल असार १२ गते एकपटक अपहरण परी चन्दा दिने सर्तमा मुक्त हुनुभएका उहाँको हत्याले कालीकोटमा नेकपा (एमाले)लाई ठूलो क्षति भएको छ ।

**नवराज शर्मा 'वसन्त'**

सिप्खाना गाविस निवासी बुद्धिजीवी परिषद्का जिल्ला अध्यक्ष एवम् पत्रकार महासङ्घ कालीकोट शाखाका संस्थापक सभापति स्थानीय कदम साप्ताहिकका प्रकाशक/सम्पादक नवराज शर्मा 'वसन्त'को हत्या माओवादीबाट गरिएको नृशंस अपराध हो । गलत विचारको खण्डन र सही विचार-सिद्धान्तको पक्षपोषण गरेकै कारण जिल्लाकै एक बौद्धिक खम्बाको रूपमा परिचित शर्मालाई माओवादीबाट ०५९ वैशाख १९ गते सान्नीगाड जलविद्युत् आयोजनाको विद्युत् गृहमा लगी टुक्राटुक्रा पारी हत्या गरियो । कम्युनिस्ट पार्टीको झन्डा बोकेर निहत्था सोझासिधा व्यक्तिहरू, त्यसमा पनि वर्गीय रूपमा एउटै वर्गका व्यक्तिहरूको गला रेट्ने माओवादीको गतिविधिको सिकार बन्नुभएका उहाँले पार्टीमा अत्यन्त ठूलो योगदान गर्नुभएको थियो । सिप्खाना गाविसमा जन्मिनुभएका शर्मा शिक्षक पनि हुनुहुन्थ्यो र उहाँकी पत्नी रीता शर्माको केही समयअघि निधन भएपछि छोराछोरीहरू सहाराविहीन भएका छन् ।

**ऐनबहादुर शाही**

माओवादी हत्याहिंसाको राजनीतिले चर्को रूप लिइरहेको समयमा ०५८ पुस १ गते उनीहरूको सिकार हुनुभयो ऐनबहादुर शाही । छाप्रे गाउँ कमिटी सचिव भई गाविसको पार्टी नेतृत्व गरिरहनुभएका पार्टीका इमानदार सिपाही शाहीलाई निडरताका साथ पार्टी गतिविधिमा सक्रिय भएकै कारण माओवादी तारो बन्नुपरेको थियो । पार्टीले चलाएको सङ्गठन सुदृढीकरण अभियानमा सक्रिय रूपमा लागू नभएका उहाँलाई घरनजिकैको खेतमा लगी कुटीकुटी हत्या गरेर लास खेतमै फालिएको थियो । जनताका छोराछोरीलाई मर्न र मार्न मात्रै सिकाएर रगत नबगाई इतिहास बन्दैन भन्ने मूर्खताबाट वशीभूत भएर अघि बढेको माओवादीसँग कालीकोटबासी यी घटनाको उत्तर मागिरहेका छन् । यस घटनाले कालीकोटमा पार्टीलाई निकै क्षति पुऱ्याएको छ । 'रोमियो' र 'किलो शेरा टु'जस्ता अप्रेसन चलाउने काङ्ग्रेस र राप्रपाजस्ता पार्टीका कार्यकर्ताको घरमा बसेर भतेर गर्ने तर मृत्युको राजनीति गर्नुहुँदैन भन्दै उल्टै जिल्लामा थुनिएका माओवादीहरूलाई जमानी बसेर गाउँतिर सुरक्षित पठाउने एमालेका कार्यकर्ताको हत्या गर्ने माओवादीसँग उहाँको हत्या किन गरियो भन्ने कुनै उत्तर छैन ।

**राजबहादुर मल्ल**

स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनको पूर्वसन्ध्यामा सुर्खेतमा पार्टीका एक होनाहार विद्यार्थीको हत्या भयो । पाखा गाविस- ४ कालीकोटका १८ वर्षीय राजबहादुर मल्लको ०६५ चैत ६ गते स्ववियु निर्वाचनको क्रममा फागुन २६ गते नै सुर्खेत बसपार्कमा माओवादीबाट हत्या गरियो । जनउच्च मावि सुर्खेतमा कक्षा १२ मा अध्ययन गर्ने मल्ल कालीकोटमै क्याम्पस/उच्च मावि हुँदाहुँदै राम्रो शिक्षाप्राप्तिका लागि सुर्खेत पढ्न पुग्नुभएको थियो र अनेरास्ववियु प्रारम्भिक कमिटीको सहसचिव पनि हुनुहुन्थ्यो । तर, चैते देशैंमा छोरा घर किन आएन ? भनेर बाटो हेरिरहेका मल्लका आमाबाबुले युवक छोराको लास घरनजिक आएको देख्नुपऱ्यो । छुरा हानेर उहाँको हत्या गरिएपछि कालीकोटमा पार्टीको एउटा दरिलो खम्बा ढलेको अनुभूति भएको छ । उक्त हत्याको अनेरास्ववियु र पार्टीले जति नै विरोध गरे पनि माओवादीले उल्टै कमरेड मल्लको हत्याको घटनाको विरोध गरेको, उनको परिवारलाई मद्दत पुऱ्याएको भन्दै हाम्रो पार्टीका अरू नेता कार्यकर्तामाथि समेत खनिन छाडेनन् ।

कालीकोटमा माओवादी ज्यादतीको सिकार उल्लिखित चारजना मात्र नभई अरू धेरै कमरेडहरू उनीहरूका खुकुरी, भाला, काठे मुसलबाट पिटिएर/काटिएर मारिनुपरेको छ । रकु गाविस- ४ का पार्टी कार्यकर्ता अग्र गिरीलाई माओवादीले ०५७ मंसिरमा हत्या गरे । स्युना गाविस- ७ का पार्टी शुभचिन्तक रत्न रोकायालाई पनि उनीहरूले नृशंस तरिकाले मारे । माओवादीको विरोधमा नउत्रे पनि भिन्न पार्टीमा आस्था राखेकै कारण माओवादीबाट हाम्रो पार्टीका कमरेडहरू चिल्खाया- ९ का धनबहादुर शाही, फुकोट- ३ का रम बोगटी, खड्ग बोगटी, लालबहादुर बोगटी, जसबहादुर शाही, मुम्रा गाविसका चन्द्रप्रसाद सिम्खडा र कृपाराम धामी, मान्म गाविस- ३ का विष्णुप्रसाद बराल, फुकोटका हंशराज शाहीले उनीहरूको भौतिक कारबाहीबाट सहादत प्राप्त गर्नुभयो ।

युद्ध चलिरहेको समयमा यसरी माओवादीबाट हाम्रा कार्यकर्ता मारिंदा पार्टीलाई निकै ठूलो क्षति हुनपुगेको छ । माओवादीले त हत्याको शृङ्खला बढाएको थियो । सेना प्रहरीबाट पनि हाम्रो पार्टीका होनहार कार्यकर्ता अनाहकमा मारिनुपरेको छ । सुरक्षागस्तीका क्रममा अछाम मङ्गलसेन आक्रमणको घटनापछि कालीकोट आएको टोलीको आक्रमणमा ०५८ फागुन १७ गते सुकाटिया गाविसमा हाम्रो पार्टीका कार्यकर्ता डिल्ली आचार्यको गोली हानी हत्या गरियो । उहाँ निर्वाचित वडाअध्यक्ष पनि हुनुहुन्थ्यो । त्यसैक्रममा सोही गाविस वडा नं.- १ का हाम्रो पार्टीको कार्यकर्ता रतनबहादुर शाही, टेकबहादुर शाही र वडा नं.- २ का हस्त चौलागाईं, ७ का रवि बोहोरा पनि सुरक्षाकर्मीबाट मारिनुभयो । कुनै सोधपुछ नै नगरी उहाँहरूलाई माओवादीकै आरोप लगाएर गोली ठोक्ने सुरक्षाकर्मीको रबैयाबाट उहाँहरू मात्र नभई कोटवाडा गाविसका हाम्रो जिम्मेवारी कमरेडहरू रत्न बिष्ट, पङ्ख बिष्ट, परेकबहादुर बिष्ट, कुमार बिष्ट, जङ्ग बिष्ट, अमर बिष्ट, जनक बिष्ट, फुकोटका हुकुम शाही र मालती शाहले पनि सहादत प्राप्त गर्नुभयो । तत्कालीन काङ्ग्रेस सरकारले चलाएको किलो शेरा र रोमियो अप्रेसनमा हाम्रो पार्टीप्रति आस्था राखेर गाउँमा बसेका कार्यकर्ता तथा शुभचिन्तकहरूले अनाहकमा ज्यान गुमाउँदा पार्टीलाई ठूलो क्षति भयो । यसरी हत्या-हिंसाको राजनीतिले यस जिल्लालाई

केही दिनुभन्दा पनि गुमाउनुमात्रै परेको छ। भर्ता- १ का कमरेडहरू धर्म धिताल र कल्ल विक पनि सुरक्षाकर्मीको गोलीबाट मारिनुभयो।

हाम्रो पार्टीका मात्र नभई कालीकोटमा माओवादीबाट नेपाली काङ्ग्रेसका जिल्लास्तरका कार्यकर्ता मनसिंह शाही (भर्ता), ज्ञानबहादुर बिष्ट (कोटवाडा)लगायत दुई दर्जनभन्दा बढी व्यक्तिको हत्या गरिएको छ। कालीकोटमा यो शृङ्खला ०५६ जेठमा मालकोटका शेरबहादुर शाहीको हत्या गरी सुरुआत गरिएको थियो। त्यसपछि काङ्ग्रेस शुभचिन्तक एवम् स्युमा गाविसका सचिव तेजबहादुर शाहीको पनि माओवादीले पासविक तरिकाले हत्या गरेका थिए।

माओवादीतर्फका महत्वपूर्ण कार्यकर्तासमेत युद्धको क्रममा सुरक्षा गस्तीमा मृत्यु भएको छ। उच्च मावि मान्माका शिक्षक डिल्ली आचार्य माओवादीका वरिष्ठ नेताको ०५६ फागुन २६ गते र सुकाटियामा माओवादीनिकट शिक्षक सङ्गठनका अर्का नेता दानबहादुर सिंहको ओदानकु गाविस- ६ देखि नियन्त्रणमा लिई चिल्खाया गाविसमा आफैं खाडल खन्न लगाई नृशंस तरिकाले हत्या गरिएको थियो। यस जिल्लामा हत्याहिंसाको राजनीतिले जसरी अन्य पार्टीलाई क्षति पुग्यो, त्यसभन्दा माओवादी पक्षको क्षति बढिरहेको छ। हिंसाको राजनीतिबाट एमाले, काङ्ग्रेस र राप्रपाले पनि आफ्ना थुप्रै कार्यकर्ता गुमाउनुपरेको छ।

**सर्वसाधारणको हत्या**

हत्या-हिंसाले सीमा नाघ्दै जाँदा कालीकोटमा दुईथरि बन्दुकको चेपुवामा परेर सर्वसाधारण धेरैले अनाहकमा जीवन गुमाउनुपरेको छ। यसको सबैभन्दा विभत्स उदाहरण कालीकोट कोटवाडा सुनथरलीस्थित विमानस्थल निर्माणमा संलग्न ठेकेदार तथा कामदारको हत्या बनेको छ। सेनाले त्यस विमानस्थलमा हेलीकोप्टर अवतरण गराउन खोज्दा उहाँहरूको हत्या गरेको थियो। यस्तै, माओवादीले सर्वसाधारणको पनि हत्या गर्ने काम भएको छ। सुनथरली विमानस्थलमा ०५८ फागुन १२ गते सङ्कटकालको समयमा सेनाको हेलिकोप्टर बस्नखोज्दा कामदारहरू त्यहाँ विमानस्थल निर्माणका लागि ढुङ्गा फ्याँक्ने, खन्ने र खम्बा गाड्ने काम गरिरहेका थिए। उनीहरूलाई सेनाले एकाएक गोली ठोकेर मारेको थियो। त्यतिखेर त्यहाँ धादिङको जोगीमारालगायत सोलुखुम्बु, मकवानपुर, भोजपुर, गोरखाबाट काम गर्न गएका २९ जनाको हत्या भएको थियो। यस्तै, गस्तीका क्रममा जिल्लाका धेरैजसो ठाउँमा सुरक्षाफौजबाट माओवादीको नाममा मारिनेहरूमा कतिपय सर्वसाधारण पनि परेका छन्। माओवादीले चन्दा नदिएको, आफ्नो सत्ता अस्वीकार गरेको, सत्ताले प्रतिबन्धित गरेका गतिविधिहरूमा संलग्न रहेको भनेर कथित जनअदालतबाट कारबाही गराउनेक्रममा सर्वसाधारणले ज्यादतीपूर्ण कारबाही भोग्नेक्रममा जीवन आहुति दिनुपरेको छ। गेला गाविस- ७ का भाने कामीलाई साधराण चोरीको आरोपमा माओवादीले कुटीकुटी ०५९ भदौ ११ गते हत्या गरे।

ओदानकु गाविस- १ का ६५ वर्षीय हस्ते कामीलाई बुहारीसँगको अनुचित आरोपको झुटो मुद्दा लगाई स्थानीय गाउँ जनसत्ताका पदाधिकारीहरूले ०५९ मा हत्या गरे। जुनसुकै बहाना गरे पनि व्यक्तिको जिन्दगी नै सिध्याइदिने र बाँच्न पाउने अधिकार समाप्त पारिदिने यस्तो कार्य जिल्लामा माओवादीबाट अत्याधिक रूपमा भएको पाइन्छ। प्रहरी टोलीले रकु गाविसको कर्णाली नदी छालमा बिहानै माछा मार्न लागेका सोही गाविसका २७ वर्षीय वीरबहादुर बिष्टलाई माओवादी आरोप लगाई हत्या गरेको थियो। द्वन्द्वरत दुवै पक्षबाट सर्वसाधारण तथा राजनीतिक कार्यकर्ताको कस्तो हो भन्ने चिन्ने प्रयत्न नै नगरी हत्या गरिदिने कार्यले जिल्लामा सर्वसाधारण नागरिकको मारिने, लुटिने र कुटिने क्रम बढी मात्रामा भएको देखिन्छ। शान्ति र विधिको शासनको वकालत गर्दा उल्टै अन्य पार्टीको तुलनामा हाम्रो पार्टीका नेता, कार्यकर्ताले निकै ठूलो पीडा खेप्नुपरेको छ।

**एमाले नेतृत्वमाथिको हमला**

'बाठा अरूसित सक्छन्, लाटा बाबुसित' भनेजस्तै यस जिल्लामा माओवादीले अरूलाई भन्दा हाम्रो पार्टी नेकपा (एमाले) र यसका नेताहरूलाई भौतिक रूपमै सिध्याइदिने नीति अख्तियार गर्‍यो। पार्टीका पूर्वसचिव कमरेड तुलाराज बिष्ट, सचिवालय सदस्य तिलबहादुर शाही, मानबहादुर मल्ल र पार्टीका वर्तमान अध्यक्ष कुर्मराज शाहीलाई ०६० असारमा अपहरण गरे, मर्नु र बाँच्नुको दोसाँधमा पुर्‍याए। अध्यक्ष शाही ०६६ जेठ ३१ गते माओवादीको निर्घात कुटपिटबाट बाँच्न सफल हुनुभयो भने पूर्वसचिव बिष्टलाई ०६४ मा स्युना गाविसको खापरमाँडुमा मार्ने षड्यन्त्रसाथ गरिएको हमलाबाट धन्न बाँच्न सफल हुनुभयो। कमरेड मानबहादुर मल्ल तीन महिनाभन्दा बढीको अपहरण र निरन्तरको अमानवीय यातना (हातखुट्टा पिसाइ)बाट बाँच्न सफल भएकोमा हाम्रो पार्टीले उहाँहरूलाई जिउँदा सहिद मान्ने गरेको छ। पार्टीका लोकप्रिय नेताहरूमाथि हमला गरेर कसैले पनि नेकपा (एमाले)लाई साथ नदिऊन् र कालीकोट माओवादीको बनोस् भनेर माओवादीले हाम्रो पार्टी नेतृत्वलाई समाप्त पार्न तल्लीन रह्यो। गाउँ विकास समितिको निर्वाचनमा अत्याधिक मतले जितेका थुप्रै अध्यक्ष/उपाध्यक्षहरूलाई पनि माओवादीले निशाना बनायो। यसैक्रममा भर्ता गाविसको अध्यक्षमा निर्वाचित कमरेड भरत धितालको नेतृत्वमा १ सय जनाभन्दा बढीलाई कालीकोटदेखि जुम्लाको पाथरखोला पुर्‍याएर लाइन लगाई भौतिक कारबाही गरियो। नानीकोट गाविस अध्यक्ष निर्वाचित चन्द्रबहादुर शाहीलाई माओवादी गतिविधि बढेदेखि नै लखेट्ने, नियन्त्रणमा लिने र भौतिक कारबाही गर्नेजस्ता दुर्व्यवहारहरू भए। अहिले पनि एमालेमाथिको आक्रमणमा केन्द्रित रहेको छ। तर, माओवादीका गलत विचार जनताले बुझ्दै गएका छन् र उनीहरूले माओवादीलाई छोड्दै जानथालेका छन्। माओवादी सँगसँगै सेना तथा प्रहरीले पनि एमाले नेता-कार्यकर्तालाई आक्रमणको निशाना बनाएको दुःखद् विडम्बना हाम्रो पार्टीले भोग्नुपरेको छ।

**भीषण आक्रमणका घटना**

माओवादीबाट कालीकोट जिल्लामा देशका अन्य जिल्लाको तुलनामा ठूलाठूला र चर्चित आक्रमण गरेको देखिन्छ । यसक्रममा दौहा गाविस- ८ को पिली सैनिक बेसक्याम्पमा ०६२ साउन २२ गते राती उनीहरूले गरेको आक्रमण मानवीय क्षति र हतियार लुटपाटका दृष्टिले देशकै ठूलो घटना थियो । त्यतिमात्र नभएर माओवादीले उक्त घटनामा सफलता पाएपछि देशमा फेरि युद्धविराम र छबुँदे सहमति हुँदै दिल्लीमा १२ बुँदे समझदारीको वातावरण बनाउने स्थिति सिर्जिएको थियो ।

यस आक्रमणमा सेनातर्फ ५२ जना र माओवादीतर्फ पनि ६० जनाको मृत्यु भयो । माओवादी नियन्त्रणमा ठूलो संख्यामा सेना लिइए पनि करिब एक महिनापछि जाजरकोट जिल्लाबाट मानवअधिकारकर्मीको जिम्मामा छोड्ने काम भयो । कालीकोटको दौहा गाविसका तलसेरा पिलीकोट र तिसेली मसानघाटमा परिणत हुनपुगे । यस्तै, माओवादीबाट अन्य ठूला आक्रमणहरूमध्ये इलाका प्रहरी कार्यालय, कोटवाडामा भएको आक्रमणलाई पनि लिने गरिन्छ । उक्त घटनामा प्रहरी सहायक निरीक्षकसहित ११ जना सुरक्षाकर्मीहरूको मृत्यु भएको थियो । ०५७ मंसिर १४ गते भएको त्यस घटना माओवादीले चौकीबाट सबै हतियार लुटेको थियो । यस्तै, गस्तीतर्फ जाने सुरक्षाकर्मीको टोलीमाथि लुकिछिपी आक्रमण र एम्बुस विस्फोटमा मानवीय क्षति पुऱ्याउने काम पनि पटकपटक भएका थिए ।

माओवादीकै एम्बुसमा परी रकु र कोटबाडा गाविसबीचको सिमाना अँधेरीखोलामा चितवन भरतपुर नगरपालिका- १० घर रहेका ३५ वर्षीय प्रहरी नायव उपरीक्षक (डीएसपी) कैलाशकुमार क्षेत्रीको मृत्यु भएको थियो । ०५६ साउन २८ गते भएको उक्त घटनामा प्रहरी जवान जयबहादुर सियानको हात चुडिएर भुइँमा खसेको थियो । यस्तै प्रहरी चौकी मुम्रामा ०५५ चैत १० गते आक्रमण गरिंदा प्रहरी जवान भूपनारायण चौधरी र स्थानीय प्रहरी भान्से एमाले समर्थक मुम्रा- १ का कृपाराम धामीको मृत्यु भयो । यस्तै, प्रहरी चौकी पादमघाटमा ०५६ जेठ २८ गते भएको आक्रमणमा प्रहरी जवान कृष्णराज जोशीको मृत्यु भएको थियो । सुरक्षाफौजको आक्रमणबाट जिल्लाको कोटवाडा गाविसमा माओवादी तथा सर्वसाधारणसमेतको गरी दुई दर्जन घर ध्वस्त भएका थिए । सेनाको पिली बेसक्याम्प कब्जा गरे पनि माओवादीले जिल्ला सदरमुकाममा आक्रमणको आँट गर्न सकेन । कारागार, जिल्ला स्वास्थ्य र वन कार्यालय आदि नियन्त्रण गरे र केही व्यक्तिहरूलाई सदरमुकाममै आई हत्या गरे पनि जिल्ला सदरमुकाम भने सुरक्षित रह्यो । जिल्लाका ठूला सरकारी कार्यालयहरू पनि सुरक्षित नै रहे ।

**भौतिक सम्पत्तिको क्षति**

माओवादीको विध्वंसकारी राजनीतिले कालीकोटमा जनताले निकै सास्ती र क्षति व्यहोर्नुपऱ्यो । जिल्लामा भौतिक पूर्वाधारतर्फ २ अर्बबराबर क्षति भएको अनुमान गरिएको छ । सङ्कटकाल नलाग्दै यस जिल्लाका कर्णाली र तिला नदीको बीचमा रहेको महत्वपूर्ण झोलुङ्गे पुलहरू रेगोल, शेरीघाट भात्तडी, राराघाट, जारकोट, लालीघाटलाई तेजाब होली रेत र आरा लगाई उनीहरूले काटेर नदीमा खसालिदिए । करोडौं रुपियाँको लगानीमा भर्खरमात्रै निर्माण भएका ती पुलहरू काट्नुअघि माओवादीले कुनै सोचविचार नै गरेनन् । ०५७ र ०५८ को बीचमा ती पुलहरू काटिएदेखि ०६४ सम्म जिल्लाबासीहरू पुल काटिनुपूर्व एक घण्टामै पुग्न सकिने स्थानमा पुग्न दुई दिन लगाई हिँड्नुपर्ने बाध्यता सिर्जना भयो ।

सुरक्षाफौजलाई गस्तीका लागि आउन कठिन होस् र आफूहरूलाई नभेटोस् भनेर आत्मसुरक्षाका लागि पुल काटिँदा पुनःनिर्माणमा फेरि जिल्लाको बजेट खर्चिनुपऱ्यो । ‘सडेगलेको राज्यसत्तालाई ध्वस्त गरी नयाँ राज्यसत्ता निर्माण गर्ने’ भन्ने माओवादी अभीष्ट यस्तै पुलपुलेसा ध्वंस गर्ने, गाविस भवनमा क्षति पुऱ्याउने, स्वास्थ्य चौकीसमेत ध्वस्त पार्नेजस्ता क्रियाकलापमा केन्द्रित भयो ।

जिल्लाभित्र पूर्वाधार निर्माणका कार्यक्रमहरू सञ्चालनमा पूरै प्रतिबन्ध लगाउने काम गरेका माओवादीले जसले पार्टीलाई सहयोग गऱ्यो उसैलाई गाउँमा गतिविधि गर्न दिए । पछिल्लो समयमा पुनःनिर्माणका काम गर्न थाल्दा माओवादीहरूलाई निर्माण समितिका अध्यक्ष र कोषाध्यक्षजस्ता पद चाहियो । फलामे झोलुङे पुलमा माओवादीले काठका फल्याक ओच्छ्याएर जनतालाई तिनकै सहारामा हिँड्नुपर्ने बाध्यतामा पुऱ्याए ।

एक त विकास निर्माणमा सदियौं पछाडि रहेको जिल्ला, त्यसमा पनि माओवादीको सशस्त्र युद्धले थिलथिलो पारेर दशकौं पछाडि धकेलियो । कालीकोटका ३० मध्ये २१ वटा गाविस भवन युद्धकालमा ध्वस्त पारिए । केही गाविसका स्वास्थ्य चौकी भवन र जिल्लाका आठवटै प्रहरी चौकी भवन क्षतिग्रस्त भए । जिल्लामा भौतिक पूर्वाधारतर्फको क्षतिअन्तर्गत सबैभन्दा बढी क्षति महत्वपूर्ण पुलहरू ध्वस्त पारिएकोलाई लिइन्छ । पुल नभएकै कारण तुइन र डुङ्गाबाट नदी तर्न खोज्दा सर्वसाधारणको ज्यानसमेत गएको छ ।

नाम ‘जनयुद्ध’ राखेर जनताको इच्छाविपरीतका गतिविधिमा प्रखर रूपमा लागेको माओवादीले पुल काट्दा जनताले आँखाबाट आँसु नै झारेका थिए । खच्चड र भरियाबाट सामान बोकाई व्यापार-व्यवसाय गर्नेहरू मात्र नभई सदरमुकामबाट वर्षेनी खाद्यान्न लिई छाक टार्ने विशेषगरी जिल्लाको सुख्खा क्षेत्र पलाताका जनतालाई पुल काटिएपछि ठूलो सङ्कट परेको थियो । यसरी माओवादीबाट भौतिक पूर्वाधारको क्षति गरिएको घटनालाई कालीकोटको इतिहासमै बिर्सन सकिँदैन । मन्त्री भएर तिनले केही गरेनन् ।

माओवादी शान्ति प्रक्रियामा आएपछि कालीकोटका खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड) र नवीन विश्वकर्मा मन्त्री हुँदा जिल्लावासीहरूले माओवादी युद्धमा आफ्नो तर्फबाट भएको दुःखकष्टको कदर हुने र जिल्लाले केही महत्वपूर्ण उपलब्धि हासिल हुने ठानेका थिए तर त्यसो भएन । उल्टै (प्रकाण्ड) मन्त्री भएको समयमा कालीकोट महिला विकास कार्यालयमा रिक्त रहेको दरबन्दीमा परीक्षा दिएकाहरू मन्त्रीको आदेशमा रिजल्ट रोकिएर अहिलेसम्म नै दरबन्दी खाली राखिएको छ ।

जिल्ला प्रशासनको सिफारिसमा कञ्चनपुरमा पढ्दै गरेका द्वन्द्वपीडित असहाय बालबालिकाहरूलाई मन्त्रीकै आदेशमा त्यहाँबाट फिर्ता गरियो । मन्त्री भएका नेताहरू हाल पजेरोमा हुइँकिने र राजधानीमा महल खडा गर्न उद्यत् रहेका छन् । तर, माओवादीलाई सहयोग गरेका साधारण कार्यकर्ता र शुभचिन्तकहरूको 'न धन रह्यो, न जिउ रह्यो कलस्याका कुल्लको' जस्तै भएको छ ।

माओवादी सरकार हुँदा शान्ति मन्त्रालयले दिने राहत पनि विभिन्न तरिका मिलाएर जिल्लाको नेतृत्व तहका नेता र सैन्य क्षेत्रका कमान्डरहरूले मात्रै प्राप्त गरे । उपभोक्ता समिति बनाएर मोटरबाटो, विद्यालय, गाविस भवन, पुल आदि बनाउने भागबण्डा गरिंदा पनि माओवादीका ठूलाठूला नेताहरूले जिल्लाको बजेट हत्याउने काम गरे । तर, जिल्लाको विकास निर्माणमा सामान्य परिवर्तनसम्म पनि भएन । अहिले पनि कालीकोटबाट प्रत्यक्ष र समानुपातिक गरी दुईजना सभासद् रहेका छन् तर जिल्लामा खाद्यान्न सङ्कट, मोटरबाटोलगायत हरेक समस्या समाधानका लागि सभासद्हरू भन्दा जिल्लाकै एमाले-काङ्ग्रेसलगायतका पार्टीहरू सक्रिय छन् । आफूहरूले पहलकदमी नलिने र अन्य दलको पहलमा पारिएका विकास योजनाहरू सञ्चालनमा समेत अवरोध सिर्जना गर्नेजस्ता गतिविधि कालीकोटको विकासमा बाधक रहेका छन् । ❐

# गुरुप्रसाद बुर्लाकोटी

## अध्यक्ष, नेकपा (एमाले) धादिङ

गुरुप्रसाद बुर्लाकोटी पञ्चायती कालरात्रिमा होस् या माओवादीको आतङ्कपूर्ण दमनका बखत, ती कठोर दिनमा निरन्तर मुकाबिला गर्दै आफ्नो काममा दत्तचित्त भएर लागेको योद्धा हो । जो सङ्घर्षका कठोर र चुनौतीपूर्ण दिनदेखि नै नलरबराई बाटोमा हिँडिरहेको छ । पद-प्रतिष्ठा प्राप्त गर्ने कुनै तीव्र महत्वाकाङ्क्षा छ, न त त्यस्ता अवसर नै पाएको छ तर पनि संघर्षको बाटोमा नधरमराई अनुशासित रूपमा निरन्तर अघि बढेको छ । त्यस्ता योद्धा देखिनुहुन्छ, बुर्लाकोटी ।

धादिङको कम्युनिस्ट आन्दोलनलाई फर्किएर हेर्दा गुरु बुर्लाकोटी नामजस्तै सबैका गुरुजस्तै हुनुहुन्छ । अर्थात् जिल्लामा पार्टी स्थापना गर्ने संस्थापक सदस्यमध्ये एक हुनुहुन्छ- गुरु । कम्युनिस्ट आन्दोलनका दौरान उहाँ कहिले विद्यार्थीका गुरु बनेर प्रकट हुनुभयो त कहिले राजनीतिका गुरु ! अनेक रूप र आवरणमा उहाँको अभिभावकत्व धादिङका जनताले प्राप्त गरिरहेका छन् । अहिले पनि उहाँ नेकपा (एमाले)को जिल्ला अध्यक्ष हुनुहुन्छ । अर्थात्, पार्टी कार्यकर्ताहरूका नेता र गुरु !

मध्यम किसान परिवारमा जन्मिनुभएका गुरुलाई कम्युनिस्ट बन्न मार्क्सवादी दर्शनले प्रेरित गरेको होइन । बरु उहाँलाई कम्युनिस्ट बन्ने प्रेरणा आफैंलाई पढाउने गुरु लोकनाथ लोहनीको व्यवहार र कार्यशैलीले मिलेको थियो । कम्युनिस्ट पार्टीमा पटकपटक कार्यशैलीको मुद्दा बहसमा आइरहन्छ । विश्वकम्युनिस्ट आन्दोलनमा चामत्कारिक ढङ्गले अघि बढेको चिनियाँ क्रान्तिका प्रणेता माओत्सेतुङले गरिब किसानको बस्तीमा गएर हात मिलाउँदा एउटा किसानले महिनौंसम्म हात धोएनन् तर अहिलेका हाम्रा कतिपय नेता टाढैबाट नमस्कार भन्दा पनि हात उठाउँदैनन् । भद्दा बुर्जुवा संस्कृतिले गाँजेको त्यस समयका लागि लोहनी एउटा सत्प्रेरणा हुनुहुन्थ्यो । अर्थात्, जनताका निम्ति प्रिय लाग्ने सबै गुण र वशेषताहरूले भरिभराऊ । त्यसैले त लोहनीले पढाएका विद्यार्थीहरू पञ्चायती व्यवस्थाविरुद्ध कम्युनिस्ट आन्दोलनमा होमिए । र, कमरेडी कार्यशैलीबाट प्रभावित हुने क्रममा गुरु पनि बाल्यकालदेखि नै 'कम्युनिस्ट हुँ' भन्दै हिँड्नुभयो ।

राजधानीको पश्चिम सिमानामा अवस्थित धादिङको चैनपुर- ५ सालबासमा ०१३ असोज १२ गते प्रेमनाथ र भजकुमारीका सन्तानका रूपमा उहाँ जन्मिनुभएको थियो । उहाँ बाल्यकालीन समयहरू हजुरआमा र बूढी हजुरआमाका आँखा छल्दै मस्तेखोला र आँखु नदीमा पौडी खेल्ने, माछा मार्ने, ऐंसेलु, काफल टिप्ने र खाने तथा गाईबाखाको गोठालो बनेरै बिते । विद्यालय पुग्न घरदेखि एक घण्टा लाग्थ्यो, त्यसैले 'स्कुल टाढा छ' भनेर पढ्नलाई न कसैले उत्प्रेरित गऱ्यो, न त उहाँ आफैं तयार बन्नुभयो । ९ वर्षको भएपछि मात्रै उहाँ रणपलेक चैनपुरको ज्वाला प्राविमा भर्ना भई पढ्न थाल्नुभयो तर उहाँको पढाइको गति छलाङयुक्त रह्यो । ९ वर्षको उमेरदेखि पढ्न सुरु गरे पनि १६ वर्षकै उमेरमा उहाँले एसएलसी उत्तीर्ण गर्नुभयो । उहाँ अब्बल विद्यार्थीहरूका दर्जामा पर्नुहुन्थ्यो । त्यसबीचमा उहाँले भीमोदय मावि आरुघाट गोर्खा र साल्बास निमावि रणपलेकमा पढ्नुभयो तर ९ र १० कक्षा भने काठमाडौंको गणेशथानस्थित शान्तिनिकुञ्ज माविमा पढ्नुभयो र ०३१ सालमा उहाँले एसएलसी गर्नुभयो ।

'कम्युनिस्ट' शब्द उहाँले सुन्ने मौका गाउँमै पाउनुभयो । त्यो पनि आफ्ना गुरु लोकनाथ लोहनीको व्यवहार र कार्यशैलीको प्रशंसा भइरहेको बेला । 'लोकनाथ सर कम्युनिस्ट हुनुहुन्छ भनेर हामीले सुन्यौं । उहाँप्रति हाम्रो अगाध आस्था हुन्थ्यो', उहाँ विगत सम्झिँदै भन्नुहुन्छ । उहाँकै कारणले गोरखाको आरुघाट माविमा भएको स्ववियु चुनावमा गुरु कम्युनिस्टको पक्षमा लाग्नुभयो रे ! उहाँ शान्ति निकुञ्ज माविमा पढ्न काठमाडौं आएको बेला 'लेण्डुप दोर्जे'ले सिक्किम भारतलाई बुझाएको विरोधमा भएको आन्दोलनमा सहभागी बन्दै गर्दा घण्टाघर र न्युरोडमा भएको झडपमा प्रहरीको डण्डा भेट्नुभयो । यसरी उहाँ परिपक्व कम्युनिस्ट बन्ने अभियानमा अग्रसर हुँदै जानुभयो ।

०३२ मा उहाँ लैनचौरस्थित सरस्वती क्याम्पसमा भर्ना हुनुभयो । तर, बीचमै पढाइ छोडेर शङ्खादेवी निमावि ज्यामरुङको प्राचार्य भई छ महिना पढाउनुभयो । तर, जिशिअसँग झगडा भएपछि पुनः ०३३ मा सानोठिमी क्याम्पसमा

कृषि विषय लिएर पढ्न थाल्नुभयो । त्यसबेला उहाँको सङ्गत वाम आन्दोलनमा सङ्गठित विद्यार्थीहरू प्रेम भट्टराई, नारायण धमलालगायतसँग हुनथाल्यो । त्यो समूह झापा आन्दोलनबाट प्रभावित थियो । चारु मजुमदारको लाइन ठिक हो भन्ने यस्तै समूहको सङ्गतले उहाँ तत्कालीन नेकपा (माले)को सम्पर्कमा पुग्नुभयो । त्यसैबेला उहाँ भूमिगत ढङ्गले पञ्चायतद्वारा बर्जित पुस्तकहरू 'रेडबुक' र 'राल्फाली गीतहरू' लुकीलुकी पढ्न र सुन्न थाल्नुभयो । 'हामीलाई झापा र मोहनचन्द्र अधिकारीको नाम सुन्दा नै गर्वबोध हुन्थ्यो, क्रान्तिका कुरा सुन्दा कपालका रौं नै तात्थे', उहाँले सम्झिनुभयो ।

सानैदेखि गुरु बुर्लाकोटी राम्रो गीत गाउने कला भएको प्रतिभावान् विद्यार्थी हुनुहुन्थ्यो । सानोठिमी क्याम्पसमा हुने कार्यक्रमहरूमा उहाँले गीत नगाएको अवसर नै हुँदैनथ्यो । कार्यक्रम भयो कि गुरु खोई भनेर सबैले गीत गाउन लगाउँथे । उहाँ मायाप्रेमका गीतहरू यसरी गाउनुहुन्थ्यो,

*'जान्छु म त साइँलीलाई लिनलाई !*
*दहीको ठेकी कुखुरा दिनलाई !!'*

त्यसबेला अन्तर कयाम्पस लोकगीत प्रतियोगितामा उहाँले प्रथम स्थान हासिल गर्नुभएको थियो, जुन प्रतियोगिताका मूल्याङ्कनकर्ताहरूमा रेडियो नेपालका हस्ती एवम् बीबीसी नेपाली सेवाका पत्रकार खगेन्द्र नेपाली, बीबी सिंह र रामशरण नेपाली आदि हुनुहुन्थ्यो । त्यसबेला उहाँको स्वरबाट प्रभावित भएर बीबी सिंहले रेडियो नेपालमा स्वर परीक्षा दिन उहाँलाई बोलाउनुभयो । ०३३ मा उहाँ र गायक भक्तराज आचार्यले एकै दिन स्वर परीक्षा दिनुभएको थियो । त्यो कुरा साथीहरूले थाहा पाएपछि उहाँलाई बुर्जुवा संस्कृतिबाट प्रभावित हुनुहुँदैन भन्ने सल्लाह दिए । त्यतिबेला रेडियो नेपाल स्वाभाविक रूपमा पञ्चायतको जयजय गान गर्ने संस्था थियो । सबैले रेडियोमा गीत गाउनुहुन्न भनेपछि उहाँ त्यहाँ जानुभएन । तर, उहाँसँगैका साथी भक्तराज आचार्य भजनशिरोमणिका रूपमा सबैले चिन्ने एउटा चर्चित गायक बन्नुभयो । कम्युनिस्ट पार्टीसँग सम्बद्ध साथीभाइहरूको उठबसले त्यसपछि उहाँले राल्फाली गीतहरू गाउन थाल्नुभयो । तर, उहाँलाई गीतसङ्गीतभन्दा राजनीतिको नशाले बढी छोइरहेको थियो । क्रमशः गीत गाउनु उहाँका निम्ति इतिहासको मिठो सम्झना मात्र हुनपुग्यो ।

०३५ मा प्रमाणपत्र तह उत्तीर्ण भएपछि गुरु शिक्षक बनेर पुनः आफ्नै जिल्ला फर्किनुभयो । र, अचने निमावि खहरेमा ५ महिना पढाउँदापढाउँदै स्थायी हुनुभयो । अनि त्यहाँबाट सरुवा भएर आफैं पढेको सल्वास निमाविको शिक्षक बन्नुभयो । ०३६ मा मुलुकमा शिक्षक आन्दोलन सुरु भयो । त्यसबेला शिक्षक सङ्गठनको तदर्थ समिति हुँदै उहाँ कार्यसमितिमा रहनुभएको थियो । त्यसपछि सदस्य, उपसचिव हुँदै उहाँ सङ्गठनको सचिव पनि बन्नुभयो । ०३६ मा उहाँहरूको पहलमा धादिङमा नेकपा (माले), जिल्ला पार्टी सक्रिय दल गठन भयो । सोही वर्ष कात्तिक १६ गते गजुरीस्थित पुण्डरी दिदीको घरमा विधिवत् रूपमा जिल्लामा पार्टी स्थापना गरिएको थियो । त्यस घरमा आदर्श माविका शिक्षक एवम् हाल पोलिटब्युरो सदस्य राजेन्द्र पाण्डेको डेरा थियो । त्यसबेला गुरुले बुनेको हँसिया-हथौडा अङ्कित झन्डा टाँगेर पार्टी गठन भयो । जसका संस्थापक सदस्यहरू राजेन्द्र पाण्डे, गुरु बुर्लाकोटी, जगन्नाथ नेपाल, टङ्कनाथ शर्मा, भीमप्रसाद ओझा हुनुभयो भने केन्द्रबाट युवराज कार्की अतिथिका रूपमा जानुभएको थियो ।

तर, धादिङमा यसरी पार्टीको निर्माण गर्ने काम लामो र कष्टसाध्य अभ्यासपछि मात्रै सम्भव भएको थियो । 'एमटी'का नामले परिचित कमरेड सुरेश कार्की पहिलोपटक सङ्गठन निर्माण गर्ने उद्देश्यका साथ धादिङ पुग्नुभएको थियो ।

पार्टी गठन गरेपछि उहाँहरू सङ्गठन निर्माणमा जुट्नुभयो । उहाँहरूले 'शिक्षकको आवरणमा पार्टी राजनीतिलाई अगाडि बढाउने' निर्णय भएको थियो । त्यसैको परिणाम ०३७ मा भएको शिक्षक सङ्गठनको चुनावमा वामपन्थीहरूले विजय हासिल गरे र दोस्रोपटक तत्कालीन नेकपा (माले)को एकल समूहले सङ्गठनमा एकछत्र विजय हासिल गऱ्यो । गुरु भन्नुहुन्छ, 'त्यही विजयको उत्साह नै हाम्रा लागि पार्टी निर्माणको जग बन्यो ।'

'टीका'का नामले चिनिने गुरुले ०३७ मा पार्टी सदस्यता लिनुभयो । धादिङकै इतिहासमा पहिलो पार्टी सदस्यमा राजेन्द्र पाण्डे तथा दोस्रोमा उहाँ र जगन्नाथ नेपाल पर्नुहुन्छ । ०४२ मा हाल पार्टी महासचिव ईश्वर पोखरेल 'विश्वास' पार्टी इन्चार्जका रूपमा धादिङ जानुभयो । तर, त्यसै वर्ष काठमाडौंमा भएको बमकाण्डको सनसनीसँगै उहाँ दोलखामा केही दस्तावेजसहित पक्राउ पर्नुभयो । 'जिल्लाको सबै गतिविधिका प्रमाणहरू उहाँसँगै थिए, ती सामग्री प्रहरीले फेला पारेपछि हामी डरायौं', उहाँ भन्नुहुन्छ । त्यसपछि पार्टीले युवराज पञ्चायतविरुद्ध जनमत निर्माणमा उहाँहरू जुट्दै जानुभयो ।

०४२ असोजमा पञ्चायतविरुद्धका गतिविधिमा संलग्न भएको प्रशासनले थाहा पाएर उहाँको दोलखाको हिमालय सरस्वती निमावि खोपाचागुमा सरुवा भयो जो गौरीशङ्कर हिमालको फेदीमा पर्दछ । तर, त्यसका विरुद्ध विद्यार्थी, शिक्षक तथा अभिभावक जुटिसकेको थाहा पाएर पञ्चायतले रमाना दिने आँट गरेन । बरु दरबन्दीको तलब रोक्का गरिदियो । तर, स्कुलको कोषबाट उहाँलाई १८ महिना तलब दिएर राखियो । त्यसपछि भएको स्थानीय चुनावमा उहाँलाई जनपक्षीय उम्मेदवारका रूपमा खडा गरियो । उहाँ उम्मेदवार बन्ने भएपछि शिक्षण पेसाबाट बिदा हुनु त भयो तर प्रशासनले उहाँको उम्मेदवारी नै खारेज गरिदियो । 'हामीले भित्रभित्रै अर्को वैकल्पिक उम्मेदवारको व्यवस्था गरिसकेको हुनाले चुनाव चाहिँ जित्नसक्यौं', उहाँ भन्नुहुन्छ । त्यसबेला जिल्लामा जनपक्षीय उम्मेदवारका रूपमा तत्कालीन नेकपा (माले)ले प्रधानपञ्च जितेको थियो । ०४४ मा भएको जिल्ला पञ्चायतको चुनावमा जनपक्षीय उम्मेदवार बनेर खडा हुनुभएका राजेन्द्र पाण्डेले सभापतिमा जित्नुभयो । त्यो पञ्चहरूको अन्तरकलह र मालेका नवजवानहरूको सङ्गठन गर्ने कौशल र सक्रियताको परिणाम थियो । देशमै पाण्डे एक्लो वामपन्थी सभापति बन्नुभयो ।

जिल्ला पञ्चायतको परिणामले चुनावी शासकहरू आतङ्कित बन्न थालिसकेका थिए । त्यसबेला उहाँहरू विजयसभा गर्दै गाउँ पस्नुभयो । विजयसभाको उद्घोषक गुरु बन्नुहुन्थ्यो । अनि, उहाँलाई शान्तिसुरक्षा ऐनअन्तर्गत जेल हालियो । जेलबाट मुक्त भएपछि उहाँ एउटा भूमिगत प्रशिक्षणमा सहभागी भइरहनुभएको थियो । त्यहींबाट पञ्चायतले तत्कालीन सभापति राजेन्द्र पाण्डेलाई पक्रियो । त्यसको विरोधमा पर्चा वितरण र पम्प्लेटिङ हुनथाल्यो । त्यस आन्दोलनको अगुवाइ गर्ने नेताकार्यकर्ताहरूलाई पनि प्रशासनले वारेन्ट जारी गर्‍यो । त्यसपछि ०४५ मा धादिङमा पार्टीको पहिलो जिल्ला अधिवेशन सम्पन्न भयो । धुन्साको स्यादुलमा २ दिन २ रातसम्म चलेको अधिवेशनले राजेन्द्र पाण्डेको नेतृत्वमा पाँच सदस्यीय नयाँ नेतृत्व चयन गर्‍यो । जसको उद्घाटन हालका प्रधानमन्त्री माधवकुमार नेपालले गर्नुभएको थियो । नवनिर्वाचित सोही कमिटी जिल्लामा ०४६ को जनआन्दोलन हाँक्ने तयारीमा जुट्यो । तयारीकै क्रममा जिल्लाको चैनपुर पुगेका बेला गुरुलाई प्रहरीले पक्रियो र सदरमुकाम पुर्‍याई जेल चलान गर्‍यो । यसरी ०४६ को जनआन्दोलनमा उहाँ जति सक्रिय बन्नुपर्थ्यो, जेल परेकाले बन्न सक्नुभएन ।

जनआन्दोलनपछि जब पार्टी खुला परिवेशमा आयो, त्यसपछि धादिङको कम्युनिस्ट आन्दोलन सफलताको उत्कर्षतर्फ लाग्यो । किनभने, ०४८ को आमनिर्वाचनमा एमालेले दुई सिटमा विजय हासिल गर्‍यो । ०५१ मा पनि एमालेले २ सिट नै जित्यो । ०५६ को चुनावमा एमालेले १ सिटमा विजय हासिल गर्‍यो । मूलतः पार्टी विभाजनको दुःखद् स्थितिसँगै पार्टी परिणाममा त्यसरी खुम्चिनुपरेको थियो । अन्ततः मुलुकमा भएको माओवादी सशस्त्र युद्धले धादिङमा एमालेलाई कमजोर बनाउने स्थिति बन्यो र संविधानसभाको चुनावले त्यसको पुष्टि गर्‍यो । तर, गुरु यो कुरा मान्न तयार हुनुहुन्न । उहाँको दावा छ, 'माओवादीले यो परिणाम बुथ लुटेर-कुटेर र आतङ्क मच्चाएर ल्याएको हो । हाम्रै पार्टी नेता एवम् उम्मेदवार राजेन्द्र पाण्डेलाई मार्ने उद्देश्यले आक्रमण गरियो । आफ्नो निर्वाचन क्षेत्रका १४ वटा गाविसमध्ये ७ वटामा मात्रै उहाँले खुट्टा टेक्न पाउनुभयो । अरू गाविसमा पस्नै दिइएन ।'

माओवादीको युद्धकालमा जुधेरै बचाएको सङ्गठन र मतदाताहरू संरक्षण गर्न नसकिएको परिणाम संविधानसभामा अनपेक्षित परिणाम भोग्नुपरेको उहाँको ठम्याइ छ । धादिङले माओवादीको युद्धमा एक जिल्ला कमिटी सदस्यसहित १३ जना होनहार योद्धा गुमाएको छ । ०५४ देखि नेतृत्वमा रहेर जिल्लाको पार्टी काम निरन्तर हाँकिरहनुभएका गुरुले धादिङमा पार्टी कमजोर हुनुका पछाडि दुई वटा कारण रहेको देख्नुभएको छ । एउटा, पार्टी विभाजनले आन्तरिक जीवनमा पारेको मनोवैज्ञानिक असर र दोस्रो माओवादी युद्धकालमा गाउँले सहरलाई घेर्ने रणनीतिबमोजिम अगाडि बढेको माओवादी योजना । ०५८ सम्म गाउँ अधिवेशन भइरहेका ठाउँमा त्यसपछि माओवादीले पाइला टेक्न दिएन । दुईवटा राजमार्गले छोएको धादिङलाई राजधानी आतंकित पार्न माओवादीले भरपूर प्रयोग गर्‍यो । 'अरू दलहरूले ग्राउन्ड छोडिसकेका थिए तर हामी जनताकै बीचमा थियौं । त्यसकारण स्वाभाविक रूपमा माओवादीको निसाना नेकपा (एमाले) भयो', उहाँले औंल्याउनुभयो ।

नेकपा (एमाले) समाज विज्ञानको नियमअनुसार मार्क्सवादी ढङ्गले अगाडि बढे पनि आठौं महाधिवेशनबाट लोकतान्त्रिक प्रतिस्पर्धाको नाममा अगाडि बढेको भनिएको प्रक्रियालाई गुरुले मन पराउनुभएको छैन । यसलाई उहाँ 'लोकतान्त्रीकरणको नाममा बढी हौसिएको' बताउनुहुन्छ । पार्टीका पूर्वमहासचिव माधवकुमार नेपालले महाधिवेशनमा मियो बनेर सहमतिका लागि भूमिका खेलेको भए आठ पदाधिकारीहरूमा सहमति हुन्थ्यो भन्ने उहाँलाई लागेको थियो । लोकतान्त्रीकरणको नाममा बढी हौसिनाले नै पार्टीमा दुःख गरेका कैयौं नेताहरू त्यत्तिकै थन्किएर वा जिम्मेवारीविहीन भएर बस्नुपरेको उहाँको मूल्याङ्कन रहेको छ । 'त्यस्ता व्यक्तिहरूलाई जिम्मेवारी दिनुपर्नेबारेमा पार्टीले तत्काल उचित ध्यान दिनुपर्छ ।'

जनमतको हिसाबले एमाले मुलुकको प्रमुख शक्ति रहेको दाबी गर्दै गुरु भन्नुहुन्छ, 'नेतृत्व एकताबद्ध भएको कार्यकर्ताहरूले सुन्न पाए मात्रै पार्टीको धेरै कुरा ठीक भइहाल्छ ।' उहाँ नेताहरूलाई सुझाव दिंदै भन्नुहुन्छ, 'कमरेडहरू ! ठूलो, बलियो र एकताबद्ध पार्टीको सामान्य नेता हुनु गौरवको विषय हो । सानो-मसिनो पार्टीको ठूलो नेता हुनु राम्रो होइन । त्यसले गौरवपूर्ण बन्ने दिशामा नै लाग्नुस् ।' जीवनका सुन्दर दिनहरू पार्टी निर्माणमा गुजारेको हुनाले आफूले व्यक्तिगत रूपमा केही लाभ र सुविधा नपाए पनि पार्टी छ भन्ने बोधको स्थिति हुँदा पनि खुसी लाग्छ उहाँलाई ।

उहाँको सिङ्गो परिवार राजनीतिक परिवार हो । ०२६ सालमा १३ वर्षको उमेरमा बिन्दा बुर्लाकोटीसँग वैवाहिक बन्धनमा बाँधिनुभएका गुरुका एक छोरा र तीन छोरी छन् । उहाँका छोरा डा. अर्जुन बुर्लाकोटी र बुहारी डा. रक्षा क्षेत्री अस्ट्रेलियामा बस्नुहुन्छ । छोरीहरू कल्याणी, बिना र क्रान्ति बुर्लाकोटीको पनि विवाह भइसकेको छ । छोरी क्रान्ति युवासङ्घको केन्द्रीय सदस्य हुनुहुन्छ ।

उहाँ पञ्चायतकालमा २२ पटक र राजतन्त्रविरोधी आन्दोलनका क्रममा छपटक प्रहरी हिरासतमा बस्नुभएको छ । पार्टीको आठौं महाधिवेशनमा गुरु थोरै मतअन्तरले वैकल्पिक केन्द्रीय सदस्यमा पराजित हुनुभयो । तर, जिल्लाको अधिवेशनबाट अध्यक्षमा निर्वाचित हुनुभएको छ । उहाँले जिल्ला अध्यक्ष पदमा आफूसँग पराजित उम्मेदवारलाई सचिवालय सदस्य र पदाधिकारीमा पराजित अरू तीन नेताहरूलाई जिल्ला कमिटीमा समेटेर उपयुक्त जिम्मेवारी सुम्पिनुभएको छ । र, उहाँहरू सङ्गठन सुदृढीकरणको अभियानमा केन्द्रित हुनुहुन्छ । धादिङका ५० गाविसहरूमध्ये ३७ वटामा गाउँ अधिवेशन गरिसक्नुभएको छ । महाधिवेशनताका २ हजार ३ सय सदस्य रहेको धादिङमा जिल्ला अधिवेशनसम्म आउँदा २ हजार ९ सय सदस्यता पुगेको थियो । उहाँको एउटै अठोट छ, यसबीचमा एमालेले जेजे घाटा

ब्यहोरेको छ त्यसको फछ्र्योट गर्ने र त्यसैले देखाउने ।' त्यसैले गुरु भन्नुहुन्छ, 'त्यसका लागि प्रतिबद्ध छौं र धादिङलाई पार्टीको लालकिल्लामा पुनःस्थापित गर्न सफल भई छाड्नेछौं ।'

❒ **लोकेन्द्र केसी**

# उपाध्यक्ष कमरेडलाई आत्मालोचना गर्न निर्देशन

नेकपा (एमाले) स्थायी कमिटीको ०६७ वैशाख २७ गते बसेको बैठकले पार्टी उपाध्यक्ष कमरेड वामदेव गौतमद्वारा प्रस्तुत 'ज्ञापनपत्र'का बारेमा विस्तृत छलफल गरेको छ । बैठकले वैशाख १९ गते उपाध्यक्ष कमरेड गौतमको अगुवाइमा अध्यक्ष कमरेडसमक्ष इमेलमार्फत प्रस्तुत भएको ज्ञापनपत्रको सम्बन्धमा बैठकको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

'उक्त ज्ञापनपत्र र त्यसको सेरोफेरोमा सार्वजनिक सञ्चारमाध्यमबाट उहाँले व्यक्तगर्नु भएका विचारहरु पार्टीको नीति, निर्णय, हित र पद्धतिविपरीत छन् । तसर्थ, यस बैठकले कमरेड वामदेव गौतमलाई उहाँले गर्नुभएको उपरोक्त बमोजिमको गल्तीका निम्ति गम्भीर आलोचना गरेको र गल्ती महसुस गरी आत्मालोचना गर्न निर्देशन दिएको छ । साथै, आइन्दा पार्टीको नीति, निर्णय र पद्धतिलाई दृढतापूर्वक अनुशरण र परिपालना गर्न निर्देशन दिने निर्णय गरेको छ ।

यस विषयलाई पार्टीको केन्द्रीय अनुशासन आयोगले आफ्नो एजेन्डा बनाएर कार्य आरम्भ गरिसकेको हुनाले केन्द्रीय अनुशासन आयोगको सिफारिसपश्चात् पार्टी केन्द्रीय कमिटीले अनुशासनात्मक कारबाहीको सम्बन्धमा आवश्यक निर्णय लिनेछ । बैठकले आफ्नो कार्य यथाशीघ्र सम्पन्न गर्न केन्द्रीय अनुशासन आयोगलाई अनुरोध गर्ने निर्णय पनि गरेको छ', बैठकपछि केन्द्रीय सचिवालयका सचिव युवराज ज्ञवालीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । उहाँले वैशाख १९ गते नै एक विज्ञप्तिमार्फत प्रस्ट्याउनुभएको थियो, 'आआफ्नै किसिमले वक्तव्य दिने, आफ्ना निजी विचारहरु समूहगत रुपमा सार्वजनिक गर्ने, सञ्चारमाध्यममा ज्ञापनपत्र बुझाउनेजस्ता क्रियाकलापहरु पार्टीको विधान र प्रक्रियासँग मेल खाँदैनन् । कुनै पनि नेतालाई जथाभावी बोल्ने अधिकार छैन । त्यसैले कमरेड वामदेव गौतमलगायतका केही कमरेडबाट सार्वजनिक भएको उक्त कुराको भ्रममा नपर्न तथा पार्टीका आधिकारिक निर्णयका आधारमा एकताबद्ध भएर अघि बढ्न पार्टीका सम्पूर्ण नेता-कार्यकर्ताहरुमा हार्दिक अपिल गर्न चाहन्छु ।'

वैशाख २० गते बसेको केन्द्रीय अनुशासन आयोगको बैठकले उपाध्यक्ष कमरेड वामदेव गौतमले सार्वजनिक गुर्नभएको 'ज्ञापनपत्र' र यता केही दिनदेखि सञ्चारमाध्यमहरुमा आएका उहाँका अभिव्यक्तिहरु पार्टी विधान, विधि र पद्धतिविपरीत रहेको जनाउँदै पार्टीको वैधानिक परिधिभित्र रहेर आफ्ना विचार र फरक मत राख्ने यति धेरै अवसर र छुट हुँदाहुदै उहाँले किन त्यस्तो गलत तरिका र बाटो अवलम्बन गर्नुभयो, त्यसबारे सचेत पार्दै आयोगलाई अविलम्ब सविस्तार आफ्नो भनाइ प्रस्ट पार्न आग्रह गर्ने निर्णय गरेको' थियो ।

# ४ जेठ २०६४ को प्रतिनिधिसभा घोषणा

## ❒ सुवासचन्द्र नेम्वाङ

निरङ्कुशताविरोधी सफल शान्तिपूर्ण जनआन्दोलनलाई संस्थागत गर्ने क्रममा पुनःस्थापित प्रतिनिधिसभा र त्यसपश्चात् व्यवस्थापिका-संसद्ले गरेका निर्णय तथा काम-कारबाहीहरू राजतन्त्रलाई समाप्त गर्ने र गणतन्त्र स्थापित गर्ने आधारहरू थिए । निरङ्कुशताविरुद्ध विभिन्न महत्त्वपूर्ण कार्यहरू गर्दै मुद्दा खारेजी, कारागारमुक्ति, रेड कर्नर नोटिसको खारेजीलगायतका कार्य गर्दै अविलम्ब नेकपा (माओवादी)सँग वार्ता सुरु गर्न निर्देश गर्ने र राजनीतिक मुद्दामा सिङ्गो मुलुकलाई एक बनाउँदै संविधानसभाको विकल्प नभएको घोषणासहितको सङ्कल्प गर्ने पुनःस्थापित प्रतिनिधिसभाको सर्वसम्मत निर्णय यसक्रममा भएका प्राथमिक र महत्त्वपूर्ण कार्यहरू थिए । घोषणाका बाबजुद विगतमा संविधानसभाले मूर्त रूप प्राप्त गर्न नसकेको तीतो यथार्थलाई दृष्टिगत गरेर यसपटक सुरुदेखि नै व्यवस्थित ढङ्गले निरङ्कुशताका आधार

तथा अवशेषहरू समाप्त गर्ने र समावेशी आधारहरू स्थापित गर्दै जनतालाई सबल र निरङ्कुशतालाई कमजोर बनाउने कार्यहरू भएका थिए । प्रस्तुत सन्दर्भमा संसद्‌बाट राजदण्ड तथा राज-सिंहासन हटाउने, लालमोहरसम्बन्धी राजाका अधिकार समाप्त गरी सभामुखले कानुनको प्रमाणीकरण गर्ने, राजाको सेनाको परमाधिपतिको हैसियत समाप्त गर्ने र ०६३ जेठ ४ गतेको ऐतिहासिक घोषणापत्रलगायतका ऐतिहासिक निर्णय तथा काम-कारबाहीहरू गरेर राजालाई पूर्णतः अधिकारविहीन बनाउने काम भए । यसक्रममा विगत ४८ वर्षसम्म संशोधन नगरिएको सैनिक ऐनलाई आमूल परिवर्तन गरियो ।

प्रतिनिधिसभा घोषणाले नेपाल अधिराज्यको संविधान- ०४७ जारी हुँदा तत्कालीन नेकपा (माले) का तर्फबाट महासचिव मदनकुमार भण्डारीले प्रस्तुत गर्नुभएका आलोचनाका २७ बुँदाका धेरै पक्षलाई बोकेको छ । ती बुँदाहरूका साथै इतिहासको समग्र अनुभव र अभ्यासको शिक्षा हाम्रो दिमागमा थियो । त्यसै अनुभवमा आधारित हुँदै हामीले प्रतिनिधिसभा घोषणाको मस्यौदा गरेका थियौं ।

हामीलाई लाग्छ- आलोचनाका २७ बुँदाअनुरूप ऐन-ऐन मौकामै ०४७ को संविधानलाई संशोधन गरेर अघि बढ्न सकेको भए उपयुक्त हुन्थ्यो । तर त्यतिखेर त्यस संविधानको 'कमा' र 'फुलस्टप' पनि छुनुहुँदैन भन्ने प्रवृत्ति देखिए । यदि संविधानमा समयसापेक्ष ढंगले जनभावनालाई बोक्न र समेट्न सकेको भए अन्ततः त्यो संविधान नै फ्याँकिने अवस्था आउँदैनथ्यो । यस कुरालाई मध्यनजर गरेर नै पुनः स्थापित प्रतिनिधिसभाको घोषणाले राजसंस्थालाई शासकीय मामिलामा सम्पूर्ण रूपले अलग गऱ्यो । यो निकै महत्वपूर्ण उपलब्धि थियो ।

प्रतिनिधिसभा घोषणा गरिरहँदाको पृष्ठभूमि चर्चा गर्दा सम्बन्धित कतिपय महत्त्वपूर्ण र रोचक प्रसङ्गहरूको स्मरण हुन्छ । विगतको अभ्यास र व्यवस्थाविपरीत मैले राजासमक्ष शपथ नखाएर संसद्‌मार्फत जनतासमक्ष सभामुखको शपथग्रहण गरेको थिए । त्यसो गर्न खोज्दा 'वैधताको प्रश्न' उठ्ला भनी धेरैले मलाई सचेत गराएका थिए । शपथग्रहणपश्चात् मैले 'हाम्रो शक्ति, औचित्य र वैधता नेपाली जनता हुन्' भनी बैठकबाटै धन्यवाद दिने क्रममा प्रस्ट पारेको थिएँ । यसरी नै पुनःस्थापित प्रतिनिधिसभाको ऐतिहासिक घोषणाको दिन पछिल्लोपटक जेठ १ बाट ४ गते सारिएको थियो । घोषणा रोक्न तत्कालीन शाही नेपाली सेनाले सिंहदरबार घेराउ गर्ने रे भन्ने व्यापक हल्ला चलाइएको थियो । सेनाले संसद् घेरेको संसारको अनुभव सुनाउँदै पत्रपत्रिकाले जिज्ञासा राख्दा त्यस्तो अवस्थामा जनताले सेनालाई घेराउ गरेको विश्वको अनुभव पनि छ भनी मैले जवाफ दिएको थिएँ । साथै, संसद्‌को बैठकमा राजदण्ड प्रवेशको प्रचलन समाप्त गर्ने दिन व्यापक हस्तक्षेपको चर्चाबीच बैठक ४ घन्टा ढिलो मात्रै सुरु भएको थियो । पुनःस्थापित प्रतिनिधिसभाले निरङ्कुशतालाई कमजोर बनाउँदै जनतालाई सबल बनाउन गरेका उल्लिखित निर्णय तथा काम-कारबाहीहरू तत्कालीन संसद्‌ले गर्न मिल्दैन, गर्न सक्दैन, संविधानसभालाई पर्खनुपर्छ भनी सार्वजनिक रूपमा समेत गरिएका टिप्पणीहरू प्रस्तुत सन्दर्भका केही थप प्रसङ्गहरू हुन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको शान्तिपूर्ण कार्यान्वयनको जगमा यस्ता थुप्रै प्रसङ्गहरू छन्, जुन महत्त्वपूर्ण र अविस्मरणीय रहेका छन् ।

विगतमा राजासँग शपथ खाने सेनाका प्रमुखले पहिलोपटक जनताका प्रतिनिधि सभामुखसमक्ष शपथग्रहण गरे । सङ्क्षेपमा राजासँगको सम्पूर्ण सम्बन्धविच्छेद गरी शाही नेपाली सेनालाई नेपाली सेनामा रूपान्तरण गरिएको छ । मुलुकमा समावेशीका आधारहरू स्थापित गर्दै निरङ्कुशताका आधार तथा अवशेषहरू समाप्त गर्दै अगाडि बढ्ने क्रममा व्यवस्थापिका-संसद्‌को विशेष अधिवेशनले विधिसम्मत रूपमा गणतन्त्र स्थापनाबारे सरकारलाई निर्देश गऱ्यो र यही आधारमा उभिएर गणतन्त्र स्थापनाको प्रक्रियाले ०६४ पुस १३ गते उत्कर्ष प्राप्त गऱ्यो ।

व्यवस्थापिका-संसद्‌ले नेपालको अन्तरिम संविधान, ०६३ मा ०६४ पुस १३ गते तेस्रो संशोधन गर्दै 'नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ' भन्ने घोषणा गऱ्यो । तेस्रो संशोधनले 'गणतन्त्रको कार्यान्वयन' संविधानसभाको पहिलो बैठकबाट हुने व्यवस्था गर्दै तत्काल निम्न अनुसारको संवैधानिक व्यवस्था गऱ्यो :

- मुलुकको शासन व्यवस्थासम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन ।
- मुलुकको शासन व्यवस्था र सोको सञ्चालनसम्बन्धी सम्पूर्ण काम प्रधानमन्त्रीले गर्नेछ ।
- गणतन्त्र कार्यान्वयन नभएसम्मका लागि राष्ट्रप्रमुखले गर्ने सम्पूर्ण काम प्रधानमन्त्रीले गर्नेछ ।
- स्वर्गीय राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरूका परिवारको सम्पत्ति नेपाल सरकारको मातहतमा ल्याई ट्रस्ट बनाएर राष्ट्रहितमा प्रयोग गरिनेछ ।
- राजाको हैसियतले राजा ज्ञानेन्द्रलाई प्राप्त भएका सबै सम्पत्तिहरू जस्तैः (विभिन्न स्थानका दरबारहरू, वन तथा निकुञ्जहरू, ऐतिहासिक र पुरातात्त्विक महत्त्वका सम्पदाहरू आदि) राष्ट्रियकरण गरिनेछ ।

जेठ १५ को सङ्घीय लोकतान्त्रिक गणतन्त्रको शान्तिपूर्ण कार्यान्वयन नेपाली जनताको निरन्तर र व्यवस्थित अभियानको परिणाम थियो । पुनःस्थापित प्रतिनिधिसभाले उल्लिखित निर्णय तथा काम-कारबाहीहरू नगरेको भए र राजतन्त्रलाई त्यस हदसम्म कमजोर नतुल्याइएको भए लोकतान्त्रिक गणतन्त्रको रक्तपातविहीन कार्यान्वयन सायदै सम्भव हुने थियो !

०६५ जेठ १५ गतेभन्दा अगाडिसम्म मुलुकभित्र र बाहिर सबैको चासो तथा सरोकारको एउटा महत्त्वपूर्ण विषय 'गणतन्त्रको कार्यान्वयन' गर्नु रहेको थियो । सबै शान्तिपूर्ण ढङ्गले गणतन्त्र कार्यान्वयन भएको हेर्न चाहन्थे । तर, धेरैको मनमा यस सम्बन्धमा जिज्ञासा, आशङ्का तथा अन्योल कायम थियो । कतिपय सञ्चारकर्मीको प्रश्नमा मैले पटक-पटक र जेठ १४ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा पत्रकार सम्मेलनमार्फत पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको संवैधानिक घोषणा भइसकेको र संविधानसभा निर्वाचनमार्फत यो विषय जनताबाट अनुमोदन भइसकेको पृष्ठभूमिको उल्लेख गर्दै 'आफूहरू पूर्णतः तयार रहेको र गणतन्त्र सजिलै कार्यान्वयन हुने' बताएको थिएँ । गणतन्त्र 'सजिलै कार्यान्वयन हुने' दाबी सबैलाई सुपाच्य भएको थिएन ।

अन्ततः ०६५ जेठ १५ गते सम्पन्न संविधानसभाको पहिलो बैठकद्वारा 'नेपाल आजैका मितिदेखि एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् परिणत भएको' घोषणा गर्दै गणतन्त्रको शान्तिपूर्ण कार्यान्वयन भयो । साथै, तत्काल व्यवस्थापिका-संसद्को हैसियतमा बसेको संविधानसभाको पहिलो बैठकले नेपालको अन्तरिम संविधान, ०६३ मा चौथो संशोधन गर्दै प्रस्तावनामार्फत 'राजतन्त्रको विधिवत् अन्त्य गरी नेपाल एक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको' घोषणा गरेको छ र राष्ट्राध्यक्षका रूपमा राष्ट्रपतिको संवैधानिक व्यवस्थासमेत गरेको छ । संविधानसभाको निर्णयपश्चात् पूर्वराजा ज्ञानेन्द्रले दरबार छोडिसकेका छन् र संविधानसभाको घोषणा अनुरूप ०६५ असार १ गते सार्वजनिक समरोहका बीच राष्ट्रिय झन्डा फहराउँदै 'नारायणहिटी राजदरबार सङ्ग्रहालय'को घोषणासमेत भइसकेको छ । मुलुकले अहिले विधिसम्मत ढङ्गले राष्ट्रपति तथा उपराष्ट्रपतिसमेत प्राप्त गरिसकेको छ । यसरी एकदमै शान्तिपूर्ण ढङ्गले विधिवत् रूपमा सहजै गणतन्त्रको कार्यान्वयन भएको छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको यस प्रकार सहज कार्यान्वयन कसरी भयो ? रक्तपातको धम्की र अनेकौं आशङ्काका बाबजुद सङ्घीय लोकतान्त्रिक गणतन्त्रको शान्तिपूर्ण कार्यान्वयन कसरी सम्भव भयो ? सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सफल कार्यान्वयनअघिसम्म धेरैले कार्यान्वयनमा आशङ्का गरेका थिए र त्यस्तो प्रयास गरेमा रगतको खोला बग्नेसम्मको चर्चा पनि व्याप्त थियो ।

निरङ्कुशताविरुद्धको सफल शान्तिपूर्ण संयुक्त जनआन्दोलन, जनआन्दोलनपछिको सङ्क्रमणको अवधि र सफल संविधानसभा निर्वाचन हुँदै संविधानसभाको पहिलो बैठकसम्मका अवधिमा पुनःस्थापित प्रतिनिधिसभा तथा व्यवस्थापिका-संसद्का निर्णय र काम-कारबाहीहरू एवम् त्यसका परिणामहरूलाई आकलन गरेमा प्राप्त हुने निष्कर्ष निर्विवाद छ । यसबाट उल्लिखित अस्पष्टता पनि धेरै हदसम्म प्रस्ट हुन्छ भन्ने लाग्छ । वास्तवमा गणतन्त्रको स्थापनाको प्रक्रिया त पहिले नै सुरु भइसकेको हो र संविधानसभाको ०६५ जेठ १५ गतेको पहिलो बैठक सम्पन्न हुँदा राजतन्त्रको ढुकढुकी मात्र बाँकी थियो । यो ढुकढुकी संविधानसभाको सङ्घीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनसम्बन्धी औपचारिक निर्णयको पर्खाइमा थियो । संविधानसभाको पहिलो बैठकले ऐतिहासिक निर्णय गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयनलाई औपचारिकता प्रदान गऱ्यो र यससम्बन्धी नेपाली जनताको आन्दोलनलाई निष्कर्षमा पुऱ्यायो ।

अन्तमा, हाम्रासामु उपलब्धिहरू धेरै छन् र यसक्रममा संविधानसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न भई पहिलो बैठकबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र कायम भइसकेको छ । तर, यसले स्थायी आधार प्राप्त गरिसकेको छैन, अन्तिम निष्कर्ष प्राप्त गरिसकेको छैन । मुलुकको लोकतान्त्रिक प्रक्रिया र शान्तिप्रक्रियाले निष्कर्ष प्राप्त गर्ने आधार अझै तयार भइसकेको छैन । स्वायत्ततासहितको सङ्घात्मक शासन प्रणाली, समावेशी र सहभागिताका आधारहरूको सुनिश्चितता, धर्मनिरपेक्षता, कानुनको शासन, लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, समुन्नत नेपालको आधार र आईएलओ महासन्धि १६९ तथा संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजाति अधिकारसम्बन्धी घोषणापत्रका अक्षर र भावनालाई समेट्दै नयाँ नेपालको आधार तयार गर्न समयमै संविधान निर्माण गर्नुपर्ने आजको आवश्यकता र प्रमुख जिम्मेवारी रहेको छ । यसो गरेर मात्रै सङ्घीय लोकतान्त्रिक गणतन्त्रको शान्तिपूर्ण कार्यान्वयनले सुनिश्चितता प्राप्त गर्नेछ । यसका लागि राजनीतिक दलहरूबीच उच्चस्तरको समझदारी र तराई-मधेसदेखि हिमालसम्मका सबै जाति, भाषा, धर्म र संस्कृतिका जनताबीच सुदृढ एकताको आवश्यकता छ । आमजनसमुदाय र राजनीतिक दलहरू एकताबद्ध हुँदा अप्ठ्यारा र चुनौतीहरू अवसर र उपलब्धिमा रूपान्तरण भएको विगतको हाम्रो आफ्नै अनुभव छ । त्यसो हुँदा प्राप्त उपलब्धिलाई संस्थागत गर्न शान्तिप्रक्रियाको पूर्णता, राज्यको पुनःसंरचना र नयाँ संविधान निर्माण गर्नु अत्यावश्यक छ । त्यसनिम्ति राजनीतिक दलहरूले जिम्मेवारीबोधका साथ सहमति र सहकार्य गर्दै अघि बढ्नुपर्छ । र, ४ जेठ ०६४ को प्रतिनिधिसभा घोषणा गरेजस्तै अगाडि बढ्ने अनुकूलताहरू सिर्जना गर्दै परिपक्व, जिम्मेवार र दूरदर्शी भूमिका निर्वाह गर्नु आवश्यक छ । तबमात्रै इतिहासले सुम्पेको जिम्मेवारी पूरा गर्न सकिनेछ । ❐